




वि.सं. १९५८ देखि निरन्तर प्रकाशित, गणतन्त्र नेपालको बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।।

निरोगी सबै हुन् सबै हुन् सुखीया ।
सबै वेस देखुन् नहुन् क्वै दुखीया ।।

GORKHAPATRA DAILY

राष्ट्रिय संस्करण








| वर्ष ११९ | अङ्क १९६ | २०७६ साल मङ्सिर १० गते मङ्गलबार | मार्ग कृष्ण औँसी | नेपाल संवत् ११४० कछलागाः १५ | 2019 November 26 Tuesday | Website : www.gorkhapatraonline.com | पृष्ठ : १६+४ | मूल्य : दस रुपियाँ


प्रधानमन्त्रीको निर्देशन

## काम नसक्ने ठेकेदारलाई हटाऊ



प्रधानमन्त्री केपी शर्मा ओली चौमासिक समीक्षा बैठकलाई सोमबार सम्बोधन गर्नुहुँदै । तस्बिर : विकास द्वारे

■ प्रकृति अधिकारी

काठमाडौँ, मङ्सिर ९ गते । प्रधानमन्त्री केपी शर्मा ओलीले निर्धारित समयमा भौतिक संरचना निर्माण गर्न नसक्ने ठेकेदारलाई तत्काल हटाउन मन्त्री तथा सचिवहरूलाई निर्देशन दिनुभएको छ ।

चालू आर्थिक वर्ष २०७६/७७ को चौमासिक समीक्षा बैठकलाई सोमबार सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री ओलीले स्पष्ट शब्दमा भन्नुभयो, "आगामी बैठकमा पनि तिनै ठेकेदारले जिम्मा लिएका आयोजना पूरा नभएको विवरण सुन्नु नपरोस् । विकास खर्च २० प्रतिशत मात्र हुनु विकासका नाममा तमासा हो ।"

उहाँले तीन वटासम्म ठेक्काको जिम्मेवारी दिन सामर्थ्य भएका ठेकेदारहरूलाई ५० भन्दा बढी ठेक्का दिने प्रवृत्ति रहेको उल्लेख गर्दै त्यस्तो प्रवृत्तिलाई अन्त्य गर्नुपर्ने बताउनुभयो । "कुन ठेक्काको

**आगामी बैठकमा पनि तिनै ठेकेदारले जिम्मा लिएका आयोजना पूरा नभएको विवरण सुन्नु नपरोस् । विकास खर्च २० प्रतिशत मात्र हुनु विकासका नाममा तमासा हो ।**

अवधि कति छ ? रकम कति खर्च भएको छ ? अब सम्पन्न गर्न कति समय लाग्छ ? लगायतका विवरण आगामी १५ दिनभित्र तयार गर्नुहोस्," उहाँले भन्नुभयो, "धेरै ठेक्का लिएर काम अलपत्र पार्नेलाई योग्य ठहऱ्याउन मिल्दैन । त्यस्तालाई हटाई अर्को सक्षमलाई सो ठेक्काको जिम्मेवारी दिनुहोस् ।" उहाँले कानुनअनुरूप ठेक्का पाए/नपाएका बारेमा पुनरवलोकन गर्न नेपाल सरकारका सचिवहरूको ध्यानाकर्षण गराउनुभयो ।

प्रधानमन्त्री ओलीले नीति एकातर्फ, बजेट र कार्यक्रम अर्कोतर्फ रहेको प्रवृत्ति औँल्याउँदै स्रोत निश्चित नभएका, नीति तथा कार्यक्रम र बजेटमा नपरेका परियोजनामा खर्च गर्ने तथा बजेट विनियोजन भएका कार्यक्रमका रकम अलपत्र पार्ने प्रवृत्ति दोहोरिन नदिन सचेत गराउनुभयो । उहाँले स्रोतको सुनिश्चित नभएका कार्यक्रमहरूमा खर्च गर्दा वित्तीय समस्या झेलिरहनु परेको तितो पोख्नुभयो ।

प्रधानमन्त्री ओलीले सुशासन र विकासमार्फत मुलुकमा आएको राजनीतिक परिवर्तनको अनुभूति जनतामा गराउनु सक्नुपर्छ भन्नुहुँदै सामाजिक, आर्थिक लगायतका सम्पूर्ण क्षेत्रमा देखिने गरी सुधार गर्नुपर्ने बताउनुभयो । उहाँले सुधार गर्दा कसैलाई पनि कुनै कानुनले नरोक्ने प्रस्ट गर्नुभयो ।

प्रधानमन्त्री ओलीले अनुदानको सदुपयोग भए/नभएको यकिन गर्न निर्देशन दिँदै भन्नुभयो, "जसले पाउनुपर्ने हो, उसले अनुदान प्राप्त गरून् । दिइएको अनुदानका कारण रोजगारी सिर्जना र उत्पादकत्व बढ्नुपर्दछ । धान वा उखुमा मात्र नभई उत्पादन बढाउने सबै कृषिबालीमा समान रूपमा अनुदान दिनुपर्दछ ।" उहाँले कृषि उत्पादनमा मूल्य समायोजन पनि आवश्यक रहेको बताउनुभयो ।

सो कार्यक्रममा चालू आर्थिक वर्षमा नीति, कार्यक्रम तथा बजेटले अगाडि सारेका योजनाको उपलब्धिका बारेमा सम्बन्धित मन्त्रालयका सचिवहरूले प्रस्तुति दिनुभएको थियो । बितेको चार महिनामा लक्ष्य प्राप्ति र बजेट खर्च कति भएको र त्यसबाट उपलब्धि कति हासिल भएको विवरण सचिवहरूले प्रस्तुत गर्नुभएको थियो । उहाँहरूले आगामी दिनमा कार्यान्वयन गरिने योजनाको प्रतिबद्धता पनि सुनाउनुभएको थियो ।

## उत्तरतिरबाट पनि पेट्रोलियम पाइपलाइन

■ भउचप्रसाद यादव

काठमाडौँ, मङ्सिर ९ गते । जनस्तरमा उत्तरतिरको छिमेकी मित्रराष्ट्र चीनबाट नेपालमा पेट्रोलियम पाइपलाइन विस्तार गरिनुपर्ने माग भइरहेको छ तर समयमै ठोस नीति बनाउन नसक्दा चीनबाट सहज किसिमले पेट्रोलियम पदार्थ आयात गर्ने केरुङदेखि काठमाडौँसम्म पाइपलाइन विछ्याउने योजना अगाडि बढ्न सकेको छैन ।

केरुङदेखि काठमाडौँसम्म प्रस्तावित पाइपलाइन विछ्याउने योजना अगाडि बढ्दा भारतसँगको निर्भरतामा सन्तुलन आउन सक्नेछ । प्रधानमन्त्री केपी शर्मा ओलीको पहिलो कार्यकालमा भएको चीन भ्रमणको क्रममा समेत पेट्रोलियम आपूर्तिबारे छलफल र सहमति भएको थियो ।


**केरुङदेखि काठमाडौँसम्म प्रस्तावित पाइप लाइन विछ्याउने योजना अगाडि बढ्दा भारतसँगको निर्भरतामा सन्तुलन आउन सक्नेछ ।**

चार वर्षअघि २०७२ सालको भूकम्पसँगैको भारतीय नाकाबन्दीपछि पाइप लाइनमार्फत चीनबाट पेट्रोलियम पदार्थ ल्याउनका लागि अध्ययनसमेत भएको थियो । भूकम्पसँगै भारतको नाकाबन्दीका बेला भारतको विकल्पमा करिब ३३ प्रतिशत उहाँले बताउनुभयो ।

चीनको केरुङदेखि रसुवागढी, नुवाकोट हुँदै काठमाडौँसम्म पाइपलाइन विस्तारको योजना रहेको निगमले जनाएको छ । राष्ट्रिय महत्त्वको यस कार्यका लागि स्पष्ट 'फ्रेमवर्क' आवश्यक रहेको निगमका नायब कार्यकारी निर्देशक भट्टराईको धारणा छ ।

नेपाल आयल निगम, इन्जिनियरिङ विभागका उपनिर्देशक मनोज ठाकुरले चीनबाट नेपालमा सहज किसिमले पेट्रोलियम पदार्थ आयात गर्न चीनको केरुङदेखि काठमाडौँसम्म पाइपलाइन विछ्याउन सकिने बताउनुभयो । उहाँले भन्नुभयो, "पाइपलाइन विछ्याउने योजनालाई अगाडि बढाउन निगम तयार छ, यस सम्बन्धमा निगमको तालुक मन्त्रालयले अहिलेसम्म कुनै पनि ठोस नीति तथा कार्यक्रम अगाडि ल्याउन सकेको छैन, मन्त्रालयको निर्देशन नआएसम्म निगम एक्लै यस दिशामा अगाडि बढ्न सक्दैन ।"

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता दिनेश भट्टराईले



इन्धन अन्य मुलुकबाट ल्याउन सक्ने निर्णयसमेत सरकारले गरेको थियो ।

नेपाल आयल निगमका नायब कार्यकारी निर्देशक सुशील भट्टराईले निगमको नीति तथा कार्यक्रममा पाइपलाइन विछ्याउने कार्य समावेश गरिए पनि निगमको तालुक मन्त्रालयबाट यसबारे अहिलेसम्म कुनै कार्यक्रम अगाडि बढ्न नसकेको बताउनुभयो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले नीति र निर्देशनबिना निगमले दीर्घकालीन रणनीतिक महत्त्वको कार्यक्रम अगाडि बढाउन नसक्ने उहाँले स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "यस कार्यका लागि दुई मुलुकबीच सरकारी तहमा नै गहन छलफल र संवादको आवश्यकता छ, संस्थागत प्रयासले यो कार्य अगाडि बढ्न सक्दैन ।" पेट्रोलियम पाइपलाइन निर्माणबारे अध्ययन गर्नका लागि नेपाल आयल निगमले समेत चालू आर्थिक वर्षको नीति तथा कार्यक्रममा राखेको छ । सोका लागि बजेटसमेत छुट्याइएको चीनबाट पेट्रोलियम पदार्थको सहज आपूर्तिका लागि चीनको केरुङदेखि काठमाडौँसम्म पाइपलाइन विछ्याउने मन्त्रालयको नीति तथा कार्यक्रम रहे पनि अहिले यस सम्बन्धमा कुनै पनि तयारी नरहेको जानकारी दिनुभयो ।

चीनबाट पेट्रोलियम पदार्थको सहज आपूर्तिका लागि थप अध्ययन गर्ने विषयमा समेत दुई मुलुकका प्रधानमन्त्रीबीच सहमति नै भएको थियो भने नेपाल आयल निगम र चीन सरकारले तोकेको चिनियाँ पेट्रोलियम कम्पनीबीच समझदारीपत्र (एमओयू) मा हस्ताक्षरसमेत भइसकेको छ । सो सहमतिपछि नेपाल आयल निगमले चीनबाट एक हजार टन पेट्रोलसमेत आयात गरेको थियो । सन् २०१६ मार्चमा भएको प्रधानमन्त्री ओलीको चीन भ्रमणका क्रममा चीन र नेपाल इन्धन व्यापार सहमति हुनुका साथै भ्रमणका क्रममा नेपाल र चीनले जारी गरेको १५ बुँदे संयुक्त वक्तव्यमा दुई मुलुकबीच इन्धन व्यापार गर्नेबारे उल्लेख गरिएको थियो ।

यसभित्र

बढ्यो लगानी आकर्षण



» अर्थबजार


## रुसका राष्ट्रपतिलाई नेपाल भ्रमणको निम्ता

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । नेपाल सरकारले रुसका राष्ट्रपति भ्लादिमिर पुटिनलाई नेपाल भ्रमणको औपचारिक निम्ता पठाएको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले रुसका राष्ट्रपति पुटिनलाई नेपाल भ्रमणको औपचारिक निमन्त्रणा गर्नुभएको हो ।

रुस भ्रमणमा रहनुभएका परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले सो निमन्त्रणापत्र रुसी विदेशमन्त्री सर्गेइ लाभ्रोभलाई सोमबार हस्तान्तरण गर्नुभयो । त्यस्तै प्रधानमन्त्री केपी शर्मा ओलीले रुसका प्रधानमन्त्री दिमित्री मेडभेदेभलाई नेपाल भ्रमणको निम्ता गर्नुभएको छ । औपचारिक निमन्त्रणापत्र मन्त्री ज्ञवालीले विदेशमन्त्री लाभ्रोभलाई सोमबार नै हस्तान्तरण गर्नुभयो ।

नेपालमा रुसी राष्ट्रपति पुटिनको उच्चस्तरीय भ्रमणको चर्चा चल्दै गर्दा यसरी औपचारिक निम्ता पठाइएको हो । दुई देशबीचको उच्चस्तरीय भ्रमणको आदानप्रदानले आपसी सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउन सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । परराष्ट्रमन्त्री ज्ञवालीसहितको उच्च प्रतिनिधि मण्डलले सोमबार रुसका विदेशमन्त्री सेर्गेइ लाभ्रोभसँग भेटवार्ता गर्नुभएको छ । उहाँ नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै



शनिबार रुस र सर्वियाको भ्रमणका लागि त्यसतर्फ प्रस्थान गर्नुभएको थियो ।

"रुसी विदेशमन्त्री लाभ्रोभसँग निकै नै फलदायी भेटवार्ता भयो," उहाँले भेटका बारेमा भन्नुभयो, "लामो समयपछि भएको द्विपक्षीय बैठकमा धेरै क्षेत्रमा आपसी सहयोग विस्तारसहित मैत्रीपूर्ण सम्बन्धका बारेमा ठोस विचार आदानप्रदान भयो ।" भेटवार्तालगत्तै भएको संयुक्त पत्रकार सम्मेलनमा उहाँले नेपालले आफ्नो पुरानो मित्रसँगको सम्बन्ध थप घनिष्ट बनाउन चाहेको उद्घोष गर्नुभयो । "एक स्थिर सरकार जुन दुई दशकपछि बनेको छ, वर्तमान सरकार समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न प्रतिबद्ध छ," मन्त्री ज्ञवालीले थप्नुभयो । यो समय रुस र नेपालका लागि जनताको हितमा सँगै काम गर्न उपयुक्त समय भएको उहाँले बताउनुभयो ।

## चौबीस घन्टाभित्र अतिरिक्त शुल्क फिर्ता गर्न निर्देशन

**सरकारले तोकेकोभन्दा बढी रकम विद्यार्थीलाई फिर्ता गर्न पुनः निर्देशन**




■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । गृह मन्त्रालयले चिकित्साशास्त्र सङ्कायमा अध्ययनरत विद्यार्थीबाट उठाइएको अतिरिक्त शुल्क २४ घन्टाभित्र फिर्ता गर्न निर्देशन दिएको छ । फिर्ता नदिने मेडिकल कलेजलाई कारबाहीको चेतावनी दिइएको छ ।

गृहमन्त्री रामबहादुर थापा, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेल, महान्यायाधिवक्ता अग्नि खरेल र प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाललगायत सम्बद्ध अधिकारी उपस्थित बैठकले रकम फिर्ता नगर्ने कलेजलाई कारबाहीको निर्णय गरेको हो । "सरकारले तोकेकोभन्दा बढी रकम विद्यार्थीलाई फिर्ता गर्न पुनः निर्देशन भएको छ," गृहमन्त्री थापाका प्रेस संयोजक किरण भट्टराईले भन्नुभयो, "फिर्ता नगर्नेलाई बैठकले नै कारबाही गर्ने निर्णय गरेको छ ।"

यसअघि असोज र कात्तिकमा गृह मन्त्रालयमा बसेको बैठकले सुरुमा एक महिना, त्यसपछि थप १५ दिनको समयसीमा तोकी बढी लिएको रकम फिर्ता गर्न वा समायोजन गर्न पत्राचार गरेको थियो । सरकारले दिएको १५ दिनको समयसीमा सोमबार सकिएको छ ।

त्यस्तै मन्त्रिपरिषद् बैठकले बढी शुल्क लिएका मेडिकल कलेजविरुद्ध सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन सकिने निर्णय गरेको छ । पीडितले दिएको उजुरीमाथि आवश्यक कानुनी कारबाही गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई मन्त्रालयले निर्देशन दिएको छ ।

भ्रमण वर्ष २०२० को योजना

## रङ्गशालाबाट शुभारम्भ, पर्यटकलाई 'सरप्राइज'

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । भ्रमण वर्ष २०२० सुरु हुन एक महिना बाँकी रहँदा यसको औपचारिक उद्घाटन स्थलको टुङ्गो लागेको छ । सोमबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा बसेको भ्रमण वर्षको मूल आयोजक समितिको बैठकले राजधानीको दशरथ रङ्गशालामा जनवरी १ मा औपचारिक उद्घाटन गर्ने निर्णय गरेको हो ।

राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गर्नुहुने उक्त कार्यक्रममा ४० भन्दा बढी देशका पर्यटन मन्त्रीलाई समेत अतिथिका रूपमा आमन्त्रण गर्ने तयारी गरिएको छ । काठमाडौँका विभिन्न स्थानबाट एकैपटक झाँकी प्रदर्शनी पनि हुने योजना बनाइएको छ । कार्यक्रममा विभिन्न देशका मेयरलाई पनि अतिथिका रूपमा निम्तो दिइनेछ ।

राजधानीबाहेक देशैभर प्रदेश र स्थानीय तहमा पनि औपचारिक उद्घाटन कार्यक्रम गर्ने निर्णय समितिले गरेको छ । भ्रमण वर्षका अवसरमा नेपाल भित्रिने पर्यटकलाई अलि फरक तरिकाबाट स्वागत गर्ने निर्णय पनि समितिले गरेको छ । खासगरी काठमाडौँको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भित्रिने पर्यटकलाई हात्ती प्रयोग गरेर स्वागत गर्ने योजना बनाइएको छ ।

समितिको बैठकले भ्रमण वर्षको तयारी स्वरूप केही योजनाहरूमा पनि निर्णय गरेको छ । बैठकले विदेश जाने नेपालीलाई प्रचारप्रसार सामग्री वितरण गर्ने, नेपालभित्र उत्पादन हुने वस्तु र

**विश्वकै अग्लो बुर्ज खालिफा टावरमा भ्रमण वर्षको प्रस्तुति राख्ने योजना पनि तयार भएको छ । विदेशका औपचारिक कार्यक्रममा सरकारको तर्फबाट जाँदा अनिवार्य रूपमा कोसेली लिएर जानुपर्ने निर्णय पनि समितिले गरेको छ ।**




सार्वजनिक यातायातमा भ्रमण वर्षको लोगो प्रयोग गर्ने, सार्वजनिक स्थलमा पुरातात्त्विक महत्त्व नबिग्रने गरी 'लाइटिङ' गर्ने निर्णय गरेको छ ।

भ्रमण वर्षसँग सम्बन्धित गीत तयार गर्ने, नेपाल भित्रिने जहाजमा नेपालबारे जानकारी दिने अडियो प्रस्तुत गर्ने, बाह्रै महिना सरसफाइ कार्यक्रम चलाउने, सम्भव भए विश्वकै अग्लो बुर्ज खालिफा टावरमा भ्रमण वर्षको प्रस्तुति राख्ने योजना पनि तयार भएको छ । त्यस्तै विदेशका औपचारिक कार्यक्रममा सरकारको तर्फबाट जाँदा अनिवार्य रूपमा कोसेली लिएर जानुपर्ने निर्णय पनि समितिले गरेको छ ।

यस्तै विदेशमा नेपालको कूटनीतिक उपस्थिति रहेका ठाउँमा जनवरी ७ मा औपचारिक रूपमा भ्रमण वर्षको उद्घाटन कार्यक्रम राखिने भएको छ । भ्रमण वर्षका लागि तयार गरिएका योजनाका विषयमा सम्बन्धित निकायले सक्रिय रूपमा काम गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले जानकारी दिनुभएको छ ।

सबैलाई आफ्नो जिम्मेवारीअनुसार काम गरेर भ्रमण वर्ष सफल बनाउन मन्त्री भट्टराईले आग्रह गर्नुभयो । सरकारले २० लाख पर्यटक भित्र्याउने लक्ष्यसहित सन् २०२० लाई भ्रमण वर्ष घोषणा गरेको छ ।

# माघसम्ममा रानीपोखरी तयार

■ शान्ति लामा

काठमाडौँ, मङ्सिर ९ गते । केही दिनदेखि उदयपुरका २७ वर्षीय नेत्र मगर रानीपाखेरीमा इँटा बिछ्याइरहेको भेटिनुहुन्छ । विगत १० वर्षदेखि डकर्मीको रूपमा निर्माण क्षेत्रमा काम गर्नुभएका उहाँको सम्पदा निर्माण अनुभव भने फरक छ । “अरूमा नक्सा हेरेर खुरुखुरु काम गर्नसकिन्थ्यो । यहाँ धेरै कुरा सोधेर, ध्यान पुऱ्याएर मात्र गर्नुपर्ने रहेछ ।” रानी पोखरी निर्माणको अनुभव सुनाउँदै मगरले भन्नुभयो ।

मगरजस्तै १० जना कामदारले बिहान ७ बजेदेखि बेलुका ५:३० बजेसम्म काम गरिरहेका छन् । निकै सावधानीका साथ परम्परागत प्रविधिबाट काम भइरहेको रानीपोखरीको पुनर्निर्माण उपभोक्ता समितिका सचिव रोशनकाजी तुलाधरले बताउनुभयो ।



तस्बिर : सुजन गुरुङ

### पोखरीमा माअप्पा बिछ्याइँदै

केही दिनयता रानीपोखरीमा कालो माटो र माअप्पा अर्थात् ठूलो आकारको इँटा ओछ्याउने काम धमाधम भइरहेको छ । पोखरीको सबैभन्दा भित्री घेराको पाँच फिट चार इन्च पर्खाल यसअघि नै भक्तपुरका कामदारले पानी नचुहिने बनाइसकेका छन् । अहिले भने पोखरीको सतहमा कालो माटो र माअप्पा बिछ्याउने काम भइरहेको छ । “पहिले प्राकृतिक रूपमा नै पोखरीमा पानी जम्मा हुन्थ्यो । अहिले प्राकृतिक रूपमा पानी रिचार्ज नहुने भएकाले बाहिरबाट हालिएको पानी अड्याउन कालो माटोको सतह बनाउनुपरहेको हो,” सचिव तुलाधरले भन्नुभयो ।

भक्तपुरको जनशक्तिले परम्परागत तरिकाबाट हातले माटो बिछ्याएर काम गरिरहेका थिए । हातले माटो ओछ्याउँदै काम गर्दा रानीपोखरीको निर्माण अवधि र लागत बढ्ने भन्दै उनीहरूलाई बिदाइ गरियो । त्यसपछि अहिले डोजरले माटो बोकेर राख्ने प्रविधि अपनाइएको छ । डोजरले मुछेर सतहमा राखेको माटो सम्याउने र मिलाउने काम भने कामदारले हातले नै गर्दै आइरहेको छ ।

पोखरीको सतहमा १५ देखि १८ इन्च बाक्लो कालो माटो बिछ्याइएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका इन्जिनियर राजुमान महर्जनले बताउनुभयो । कालो माटोमाथि इँटाको सतह बनाइएको छ । पोखरीमा पानी अड्याउनका लागि यो विधि अपनाइएको इन्जिनियर महर्जनले जानकारी दिनुभयो । दुई लाख २० हजार वर्ग फिटको रानीपोखरीमा पानी अड्याउने जिम्मा उपभोक्ता समितिलाई दिइएको छ ।

सचिव तुलाधरका अनुसार खोकना, भक्तपुरलगायत ठाउँबाट कालो माटो ल्याएर बिछ्याइरहेको हो । बिछ्याउनका लागि छ लाख इँटा चाहिने अनुमान छ । उहाँका अनुसार माघसम्म पोखरी तयार हुनेछ । उपभोक्ता समितिलाई नौ करोड ५० लाख रुपियाँमा पोखरी बनाउने जिम्मा दिइएको हो ।

### पुलको काम दुई तिहाइ सकियो

रानीपोखरीको पुनर्निर्माण दुई प्याकेजमा हुँदैछ । पोखरीको भित्री सतह र गाह्रो उपभोक्ता समितिले बनाउँदैछ । पोखरीभित्रको बालगोपाल मन्दिर, पुल र बाहिरी घेराको निर्माण १५ करोड रुपियाँको ठेक्कामा निर्माण व्यवसायीमार्फत भइरहेको छ ।

सीएम-तुलसी जेभीले अहिले बालगोपाल मन्दिरको जग उठाउने काम भइसकेको जनाएको छ । सुर्की, चुना, ढुङ्गा, काठ, विभिन्न प्रकारका इँटाको प्रयोग गरी मन्दिरको निर्माण हुँदैछ । मन्दिरको जगको काम सकिएको छ । कतल्लो पेटीमा ढुङ्गाको गारो लगाउने काम अन्तिम चरणमा पुगेको निर्माण कम्पनीले जनाएको छ ।

पोखरी किनारदेखि बालगोपाल मन्दिरसम्म जाने पुलको दुई तिहाइ काम सकिएको निर्माण व्यवसायीका प्रतिनिधि देवरत्न महर्जनले बताउनुभयो । पुलको २० वटा आर्कमध्ये छवटा आर्क तयार भइसकेका छन् । चाहिए जति इँटा लगायतका सामग्री नपाइएका कारण पुल निर्माण सुस्त भइरहेको उहाँले बताउनुभयो ।

पुल र मन्दिरको आधारको काम सकेकाले अबको चार महिनामा पुल र बालगोपाल मन्दिर निर्माण सम्पन्न हुने अनुमान रहेको महर्जनले बताउनुभयो । विज्ञहरूको टोलीले दिएको सुझावअनुसार मल्लकालीन ग्रन्थकुट शैलीमा बालगोपाल मन्दिरको पुनर्निर्माण हुँदैछ ।

पोखरीको बाहिरी घेराको सौन्दर्यीकरण पनि निर्माण व्यवसायीले नै गर्नेछन् । बाहिरी घेराका पर्खालहरूमा फिसबोन स्टाइलमा इँटा बिछ्याएर ट्र्याक बनाइनेछ । शौचालय, बस्नका लागि पानी पर्ने बेलामा समेत बस्न ओतसहितको आठवटा विश्रामस्थल पनि डिजाइन गरिएका छन् । पहिलेजस्तो बन्द नभई खुला रानीपोखरी हुनेछ । तर पोखरीको बीचमा रहेको बालगोपालेश्वर मन्दिर भने भाइटीकाको बेला मात्र खुल्नेछ । बत्तीहरू, विभिन्न किसिममा बिरुवा लगाएर हरियाली बनाइनेछ ।

आउँदो चैतसम्ममा सम्पन्न गरिसक्नुपर्ने भए पनि कामको गति हेर्दा निर्धारित अवधिमा रानीपोखरीको सम्पूर्ण पुनर्निर्माणको काम सक्न मुस्किल देखिन्छ ।

### वर्षात्को पानीबाट रिचार्ज

पोखरीको सहत मात्र नभई भित्री तहको पर्खालमा पानी १८ इन्च कालोमाटो छापेर त्यसमाथि इँटाको गारो लगाइएको छ । पानी थेग्नका लागि त्यो गारोको कालोमाटोमा चिस्यान आवश्यक पर्छ । माटो सुकेको खण्डमा चर्किएर पोखरीको माटो चुहिने सम्भावना हुन्छ । त्यसकारण बाहिरबाट पनि माटो भिजाइराख्न ‘रेन वाटर हार्भेस्टिङ’ प्रविधि जडान गरिने प्राधिकरणका इन्जिनियर मानन्धरले बताउनुभयो । वर्षातको पानीले अन्यबेला पनि पोखरीको बाहिरी तहलाई भिजाइराखेर पानी अड्याउन सहयोग गर्नेछ ।

# कहाँबाट आउँछन् अवैध हतियार ?

■ देवबहादुर कुँवर

**प्रत्येक वर्ष करिब छ सय अवैध हतियार बरामद हुने गर्छन् । तीमध्ये लामो हतियारको सङ्ख्या बढी छ । छोटो हतियारमा कट्टुवा पेस्तोल र स्वचालित पेस्तोल भेटिने गरेको छ ।**

काठमाडौँ, मङ्सिर ९ गते । मेडिकल कलेजहरूले विद्यार्थीबाट अतिरिक्त शुल्क लिएको विषयमा आन्दोलन चर्किरहेको बेला शुक्रबार चितवन मेडिकल कलेजको होस्टेल बाहिर चौरमा हतियार फेला पऱ्यो ।

त्यसको २० दिनअघि नेपालगन्जमा पनि बा १८ च ४२११ नम्बरको निजी कारबाट प्रहरीले हतियार बरामद गऱ्यो । रेस्टुराँ नजिकै पार्किङमा राखेको सन्दीपजङ्ग शाहको कारको सिटमुनि हतियार रहेको विशेष सुराकीका आधारमा बरामद भएको दाबी प्रहरीको छ ।

विशेष सुराकीका आधारमा हतियार बरामद भएका यी दुई घटना रहस्मय छन् । प्रहरीले कसैलाई ‘फसाउन’ षडयन्त्रपूर्ण ढङ्गले हतियार राखेको हो वा साच्चै सुराकी लगाएर अवैध हतियार बरामद गरेको हो, अनुसन्धान जारी छ । चितवन जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एकनारायण कोइराला मेडिकल कलेज हतियार कान्डका विषयमा चारजना सुरक्षागार्डमाथि अनुसन्धान भइरहेको बताउनुहुन्छ । तर विद्यार्थीहरू भने आन्दोलन दबाउन हतियारको षड्यन्त्र रचेको आरोप लगाएका छन् ।

नीलो रङ्गको झोलाभित्र मेड इन यूएसए लेखिएको एकथान पेस्तोल, त्यसमा प्रयोग हुने गोली, म्यागजिन, एसएलआर हतियारमा प्रयोग भइसकेको गोलीको खोका छ राउन्ड र डेटोनेटर तार बरामद घटना आफैमा रहस्यमय छ । प्रवेशद्वारमा सुरक्षागार्ड र चौरमा सीसी क्यामेरा हुँदा पनि प्रहरीले हतियार राख्ने व्यक्तिको पहिचान गर्न सकेको छैन । अज्ञात सुराकीले दिएको सूचनाका आधारमा झोलामा लुकाइराखेकोहतियारबरामदगरेको प्रहरीले स्वीकारेको छ । त्यस्तै, नेपालगन्ज घटनामा पनि कारधनी सन्दीपजङ्गले दशैँ-तिहारमा खसी उपहार नदिएको रिसमा इलाका प्रहरी कार्यालय कोहलपुरका प्रमुख प्रहरी नायव उपरीक्षक हेमबहादुर शाहीले फसाउन हतियार लुकाइ दिएको आरोप लगाएका छन् । उक्त रहस्यमय घटनाका अभियुक्त सन्दीपजङ्गलाई जिल्ला अदालत बाँकेले पुर्पक्षाका लागि थुनामा पठाएको छ भने खसी मागेको आरोप लागेका प्रहरी नायव उपरीक्षक शाहलाई विभागीय कारबाहीको सिफरिस भएको छ ।

नेपाल प्रहरीका एक पूर्वअधिकारी खराब आचारण भएका प्रहरीले सर्वसाधारणलाई फसाउन यस्तो षडयन्त्र रच्न सक्ने बताउनुहुन्छ । हतियार बरामद हुने भनेको नियमित सुरक्षा जाँच तथा सुराकीका आधारमा नै हो । जबरजस्ती हतियार भिराई ‘हतियारसहित मान्छे पक्राउ परेको’ केही घटनामा स्वयम् प्रहरीको संलग्नता भेटिएका छन् । महानगरीय प्रहरी परिसर काठमाडौँको प्रमुखमा रमेश खरेल हुँदा ठमेलमा भएको घटना विवरण सुनाउँदै प्रहरी नायव निरीक्षक (सई) लाई कारबाही भएको स्मरण सुनाउनुभयो ।

तर केन्द्रीय प्रहरी प्रवक्ता विश्वराज पोखरेल प्रहरीबाट त्यस्तो अपराध हुनै नसक्ने बताउनुहुन्छ । “कहिलेकाहीँ प्रहरी अधिकारीले नै हतियार तथा लागूऔषध राखेर सर्वसाधारण फसाएको हल्ला सुन्नमा आउँछ तर त्यसमा सत्यता हुँदैन,” उहाँले थप्नुभयो । राष्ट्रिय मानव अधिकार आयोगको मानव अधिकार हनन्सम्बन्धी उजुरी शाखामा प्रहरीले हतियार तथा लागूऔषध जबरजस्ती राखी फसाइदिएको भन्दै पीडितका आफन्त निवेदन लिएर आयोगमा आउने गरेका पाइएको छ ।

आयोगका सूचना अधिकारी एवं निर्देशक डा. टीकाराम पोखरेल निवेदन आएको पुष्टि गर्नुभयो । तर निवेदनकै आधारमा यथार्थ हो भन्न नमिल्ने भन्दै उहाँले थप्नुभयो । “ त्यस विषयमा अनुसन्धान हुन्छ, प्राप्त प्रमाणका आधारमा आयोगले सत्यतथ्य बाहिर ल्याउँछ ।”

प्रहरी प्रधान कार्यालयका अनुसार प्रत्येक वर्ष करिब छ सय अवैध हतियार बरामद हुने गर्छन् । तीमध्ये लामो हतियारको सङ्ख्या बढी छ । छोटो हतियारमा कट्टुवा पेस्तोल र स्वचालित पेस्तोल बढी भेटिने गरेको छ । चालू आर्थिक वर्षको असोजसम्ममा लामो ४२ थान, छोटो ३७ थान, गोली चार हजार ८६९ राउन्ड बरामद भएको छ । बरामद हतियारसँगै एक सय तीनजना पक्राउ परेका छन् ।

आर्थिक वर्ष २०७४/७५ मा लामा एक सय २१ थान, छोटा ८७ थान र गोली ३३८ राउन्डसहित दुई सय २८ जना र आर्थिक वर्ष २०७५/०७६ मा १९६ लामा र ९५ छोटा र दुई हजार २१८ राउन्ड गोलीसहित २५६ जना पक्राउ परेका छन् ।

# नयाँ बसपार्कमा मदिरा निषेध

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । राजधानीको गोँगबुस्थित नयाँ बसपार्क परिसरलाई मदिरा र धूमपान निषेधित क्षेत्र घोषणा गरिएको छ । मदिरा बेचबिखन र पिउन पूर्णरूप निषेध गरिएको छ भने धूमपान निश्चित स्थानबाहेक जथाभावी खान र चुरोटका ठुटा फाल्न रोक लगाइएको छ ।

प्रहरी प्रभागका बसपार्कस्थित प्रमुख सन्तोष दाहालले नमुना बसपार्क बनाउने प्रयासका लागि यी कामहरू भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, “बसपार्कभित्र चोरी, डकैती, पकेटमारी र अश्लील क्रियाकलाप पनि पूर्णरूपमा नियन्त्रण गरिएको छ । यो काममा सबैको साथ छ ।”

सुर्तीजन्य पदार्थ पानगुट्खा, पानसुपारी, खैनी र चुरोट खाएर यत्रतत्र थुक्ने, फोहोर फाल्ने कार्य रोक्न फोहोर फ्याक्ने भाँडोको व्यवस्था गरिएको छ । तर पनि प्रयोगमा थप कडाइ नगर्दा बसपार्कको सडक भित्ता, गमला र भवनको पर्खाल फोहोर हुने गरेका छन् ।

बसपार्क व्यवस्थापनको ठेक्का लिएका लोत्से बहुउद्देश्यीय प्रालिका प्रमुख इन्जिनियर दीपक कुँवरले बसपार्क व्यापार व्यवसायको हबभन्दा सर्वसाधारण यात्रुको सुविधाका लागि हुनुपर्ने भावनामा काम भइरहेको बताउनुभयो ।

बसपार्कलाई हरियाली वातावरण मैत्री उद्यानहरू, सार्वजनिक शौचालयको सुविधायुक्त र प्रदेश अनुसार टिकट काउन्टर सञ्चालन गर्ने तयारी भइरहेको छ । लोत्सेका प्रमुख इन्जिनियर कुँवरका अनुसार, केही महिनामा नै यी सम्पूर्ण निर्माण कार्यहरू सम्पन्न हुनेछन् ।

सवारी चालक, सहचालक, सञ्चालक, काउन्टरमा कार्यरत कर्मचारीको स्वास्थ्य उपचार र नियमित स्वास्थ्य जाँचका लागि चिकित्सकसहितको क्लिनिक र औषधि पसल सञ्चालनको तयारी अन्तिम चरणमा पुगेको छ ।

### सफाइको व्यवस्था हुँदै

बस पार्किङमा यात्रु बोकेर आएका सवारी साधनहरू सरसफाइ र प्राविधिक परीक्षण हुने छ । पार्किङस्थानबाट सरसफाइ तथा प्राविधिक परीक्षण गरिआएका सवारीहरू मात्र बसपार्क प्रवेश गर्न पाउने छन् । त्यस क्रममा सवारी चालकको समेत स्वास्थ्य परीक्षण गरी गन्तव्यमा निष्काशन अनुमति प्रदान गरिने छ ।

नयाँ बसपार्कबाट हाल दैनिक एक हजार बसहरू आवात जावत हुने गरेका छन् । यसका लागि पनि अलग्गै पार्किङस्थल अनिवार्य भएको छ । लोत्सेले यस विषयमा काठमाडौँ महानगरपालिकासँग छलफल भइरहेको बताएको छ । नयाँ बसपार्क लोत्सेले महानगरपालिकासँग २८ वर्षका लागि भाडामा लिएको हो । तर लोत्सेको नमुना बसपार्क बनाउने अभियानप्रति यातायात व्यवसायी भने अझै विश्वस्त हुन सकेका छैनन् ।

# आख्यानकार सिंह पुरस्कृत

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । आख्यानकार पद्मावती सिंहलाई १५ हजार रुपियाँ सहितको शङ्कर कोइराला स्मृति पुरस्कारद्वारा सम्मान गरिएको छ । दायित्व वाङ्मय प्रतिष्ठानले सो पुरस्कार प्रदान गरेको हो ।

पुरस्कार अर्पण गर्दै साहित्यकार रोचक घिमिरेले भन्नुभयो, “शङ्कर कोइरालाजस्ता शालीन शिष्ट र प्रचारबाजी नचाहने कर्तव्यनिष्ठ साहित्यकारलाई सम्झेर दायित्वले स्मृतिमा जुन काम गरिरहेको छ, त्यो आफैमा स्तुत्य छ । यसैको निरन्तरता स्वरूप यस पटक आख्यान क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनुभएकी सिंहलाई पुरस्कार प्रदान गरेर नारीको सम्मान पनि गरेको छ ।”

दायित्व द्वैमासिकको शङ्कर कोइराला : कथा-नाटक विशेषाङ्क र रामप्रसाद पन्तद्वारा लिखित ‘सप्तरङ्गी यत्रा’ नियात्रासङ्ग्रहको पनि सोही अवसरमा लोकार्पण गरिएको छ । पुरस्कृत साहित्यकार सिंहले कोइराला जस्ता कर्मयोगी आख्यानकारको नाममा स्थापित पुरस्कार ग्रहण गर्न पाउँदा अत्यन्त हर्षित भएको बताउनुभयो ।

# मतदानका दिन सवारी चलाउन रोक

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । निर्वाचन आयोगले मङ्सिर १४ गते शनिबार उपनिर्वाचन हुने निर्वाचन क्षेत्रमा बिहान ५ देखि साँझ ७ बजेसम्म सवारी पास अनुमतिपत्र प्राप्त गरेका बाहेक अन्य सवारी साधन सञ्चालनमा रोक लगाएको छ ।

उपनिर्वाचन हुने निर्वाचन क्षेत्रमा राष्ट्रिय मानव अधिकार आयोग, संवैधानिक निकाय, कूटनीतिक नियोगका अवलोकनकर्ता, संयुक्त राष्ट्र सङ्घीय नियोग र नेपालका विकास साझेदार संस्थालाई मतदानको दिन तोकिएको मापदण्डभित्र रही सवारी अनुमतिपत्र निर्वाचन आयोगबाटै उपलब्ध हुने छ ।

आयोगका प्रवक्ता राजकुमार श्रेष्ठका अनुसार, मानवीय उद्धार एवं सहायतामा प्रयोग गरिने सवारी साधनको हकमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीको अनुमति लिई प्रयोग गर्न सकिने छ ।

कामको प्रकृति हेरी सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीबाट एउटा जिल्लाभन्दा बढी जिल्लाका लागि पनि सवारी पास जारी गर्न सकिने आयोगले जनाएको छ । उपनिर्वाचन हुने क्षेत्र भएर एउटा वडाबाट अर्को वडामा वा एउटा स्थानीय तहबाट अर्को स्थानीय तहमा वा एउटा जिल्लाबाट अर्को जिल्लामा आवत जावत गर्नका लागि बीचमा रोक्न नपाइने गरी सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीबाट अनुमति लिनुपर्ने छ ।

सवारी पासका लागि मङ्सिर १२ गतेसम्ममा निर्वाचन आयोग वा सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिई सक्नुपर्नेछ । अत्यावश्यक सेवा (एम्बुलेन्स, खानेपानीको ट्याङ्कर, दमकल, दूरसञ्चार सेवा, शव वाहन, अस्पताल सेवा तथा विद्युत् सेवाको हकमा सवारी अनुमतिपत्र लिइरहनु नपर्ने जानकारी आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले दिनुभयो । मतदानका दिन सञ्चारकर्मीले समेत आधिकारिक पास लिएर मात्र समाचार सङ्कलन गर्न पाउने बताइएको छ ।

GOVERNMENT OF NEPAL (GoN)
MASTER GENERAL OF ORDNANCE (PROVISION)
NEPALI ARMY HEADQUARTERS, BHADRAKALI, KATHMANDU, NEPAL

**Re-Invitation for Bids for Mattress**

First Date of Publication: 16 July 2019
Second Date of Publication: 26 November 2019

1. The Master General of Ordnance (MGO) (Provision), Nepali Army Headquarters invites electronic bids from eligible bidders for the procurement of the following items required for the Nepali Army under International Competitive Bidding (ICB) procedures specified in Public Procurement Act and Regulations:

| S.N. | Description of Item | Quantity | Price of Bid Document NRs | Bid Bond Amount NRs | Bid Validity | Pre-bid Meeting | Last date of Bid submission | Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Mattress | 20,000 Pcs | 3,000.00 | 1,85,000.00 | 90 Days | 1100 hours NST of 02 December 2019 | 1200 hours NST of 17 December, 2019 | 1300 hours NST of 17 December, 2019 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the Office of MGO (Provision), Nepali Army Headquarters, Bhadrakali, Kathmandu, Nepal (Tel. +977-1-4244059) during office hours or, may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.
3. Fee of bidding document must be deposited in Account Name Master General of Ordnance (Provision.), Name of the Bank: Nepal Bank Ltd., Bhugol Park Kathmandu, Office Code No: 345013563, Revenue Account No: 00101000000001001001 & Revenue Title (Rajaswa Shirshak) no: 14229

**बोलपत्र आब्हानको सूचना**

**श्री स्वदेश उपशारवा, सैनिक सामाग्री प्राप्ती निर्देशनालय, संभाररथी विभाग, जंगी अड्डा**
**सैनिक अस्पताल, ईटहरीको लागी आवश्यक मेडिकल सामग्रीहरू खरिदको लागी बोलपत्र आव्हान सुचना**
(General Medicine (Nursing) Items दोश्रो पटक प्रकाशित मिति २०७६/०५/१७ गते)
(प्रकाशित मिति २०७६/०८/१० गते)

१. सैनिक अस्पताल, ईटहरीको लागी आवश्यक मेडिकल सामग्रीहरु शिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्न आवश्यक भएको हुंदा ईच्छुक योग्य बोलपत्रदाताहरुको लागी यसै सुचनाद्धारा यो बोलपत्र आव्हान गरिएको छ ।

| ठेक्का नं. | सामानको विवरण | परिमाण | बैक जमानि पेश गर्नुपर्ने अंक नें.रु. | बोलपत्र दस्तुर नें.रु. | बोलपत्र मान्य हुने अवधि | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| २१२ | General Medicine (Nursing Items) | विभिन्न | ३,००,०००।- | ३,०००।- | ९० दिन | २०७६।०८।१६ गतेको कार्यालय समयभित्र | २०७६।०८।१७ गतेको १२:०० बजेभित्र | २०७६।०८।१७ गतेको १३:०० बजे | |

२. वोलपत्रदाताहरुले यस सम्बन्धि थप जानकारीको लागि यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन् ।
खरिदकर्ताको नाम : श्री स्वदेश उपशाखा, सैनिक सामाग्री प्राप्ती निर्देशनालय, संभाररथी विभाग, जंगी अड्डा, काठमाण्डौ ।
फोन नं. : ०१-४२४१७१९, फ्याक्स नं. : ०१-४२२६०३९, इमेल : mgo-swodesh@nepalarmy.mil.np
३. माथी उल्लेखित ठेक्का गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट विड गर्नु पर्ने ।
४. योग्य बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरु यस बिभागबाट रितपूर्वकको लिखित निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन् । निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि र बोलपत्र सम्बन्धी कागजातको दस्तुर पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी गरिएको बोलपत्र श्री स्वदेश उपशाखा, सैनिक सामाग्री प्राप्ती निर्देशनालय, संभाररथी विभाग, जंगी अड्डा, काठमाण्डौमा खोलुवा हुने दिनको १२०० बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त बोलपत्र स्वीकार गरिने छैन ।
६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट पेश गर्ने तथा खोल्ने अन्तिम मिति कायम हुनेछ ।
७. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने अधिकार खरिदकर्तामा निहित रहने छ ।
८. टेण्डर खरिद गरे वापतको रकम तपशिलमा उल्लेख भएनुसारको खातामा बुझाउन सकिने छ ।
(क) बैंकको नाम : नेपाल ईन्भेष्टमेण्ट बैंक लिमिटेड, काठमाण्डौ ।
(ख) खातावालाको नाम : नेपाली सेना कल्याणकारी कोष, जंगी अड्डा ।
(ग) खाता नं. : ००१०१०१०२६४१८१
९. धरौटी खातामा जम्मा गर्नु पर्ने रकम राजश्व खातामा जम्मा भएमा कार्यालयबाट कुनै कारवाही नहुने ।

# विपक्षी अत्तालिए : प्रचण्ड




■ शान्ता अधिकारी

चितवन, मङ्सिर ९ गते । नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले यही मङ्सिर १४ गते हुने उपनिर्वाचनको पछिल्लो चुनावी आँकलनले विपक्षी दलहरू अत्तालिएको बताउनुभएको छ । "कति अत्तालिएका छन् भन्ने कुरा पोखरामा काँग्रेस सभापतिको अभिव्यक्तिले प्रस्ट पारेकै छ," उहाँले भन्नुभयो ।

अध्यक्ष प्रचण्डले एक साताअघि सरकारले लिएको अडानमा आफ्नो साथ छ भनेर समर्थन जनाएको काँग्रेस सभापतिले पोखराको चुनावी सभामा प्रधानमन्त्रीले भारतसँग सल्लाह गरेर नक्सा छाप्न लगाएको जस्ता आरोप लगाउनु अत्तालिएको अभिव्यक्तिको उदाहरण भएको बताउनुभयो ।

नेकपाको कार्यकारी अध्यक्ष बनेर पहिलोपल्ट सोमबार गृहजिल्ला चितवन आउनुभएका प्रचण्डले भरतपुर-१६ मङ्गलपुरको विजयनगर बजारमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै उक्त कुरा बताउनुभएको हो । तत्कालीन नेकपा (एमाले) बाट वडाध्यक्ष निर्वाचित चतुरमान गुरुङको मृत्युपछि रिक्त रहेको उक्त वडामा यही मङ्सिर १४ गते उपनिर्वाचन हुँदैछ ।

जनता सार्वभौम भएको यो अवस्थामा जनता नै निर्णायक भएको र आफैँ फैसला गर्नसक्ने अवस्थामा रहेको बताउँदै अध्यक्ष प्रचण्डले भन्नुभयो, "नेपाली जनता धेरै चेतनशील र जागरुक भइसकेका छन् । यस्ता उट्पट्याङ कुरा नगर्न म काँग्रेसका नेताहरूलाई आग्रह गर्दछु । सार्वभौम नेपाली जनताले कतिबेला कसलाई घोडाबाट खसाल्नुपर्छ र कसलाई कतिबेला आफ्ना प्रतिनिधिका रूपमा राख्न सकिन्छ, आफैँ निर्णय गर्नसक्ने अवस्थामा पुगेका छन् ।"

प्रचण्डले वर्तमान उपनिर्वाचन बाध्यताको निर्वाचन भएको बताउँदै आफूहरूले आफ्ना प्रतिनिधि यसअघि नै निर्वाचित गरिसकेको प्रसङ्ग जोडनुभयो । उहाँले यसअघि कम्युनिस्ट पार्टीले जित हासिल गरेको सबै स्थान र अन्य पनि ८० प्रतिशत स्थानमा चुनाव जितिने भरपर्दो रिपोर्ट आएको दाबी गर्नुभयो । उहाँले वडा नम्बर १६ का जनतालाई दिवङ्गत चतुरमानप्रति श्रद्धा र अहिलेका उम्मेदवार भक्तराज हमालप्रति भरोशा गर्न र मतको सुरक्षा गर्न मतदातालाई अनुरोध गर्दै अग्रिम बधाई दिनुभयो ।

शान्ति प्रक्रियादेखि हालसम्म आइपुग्दा जनताले प्रश्न राख्दै आएका र आफूहरूले ती सबै काम सम्पन्न गर्दै आएको दाबी गर्दै पार्टी एकताको काम सबै टुङ्गिइसकेको उहाँले बताउनुभयो । प्रधानमन्त्रीले सरकार चलाउने र अध्यक्षले पार्टी सञ्चालन गर्ने विषयमा निर्णय भइसकेकाले अब कामको रफ्तार अझै बढी हुने उहाँले दाबी गर्नुभयो ।

विकासका काम गर्ने आफूले प्रतिनिधि सभाको चुनावको समयमा आश्वासन बाँडेको र ती वाचा पूरा गर्ने भन्दै चितवनको विकासमा कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता उहाँले जनाउनुभयो । प्रचण्डले कुनै पनि स्थानमा चुनाव हार्ने छुट नभएको बताउँदै पार्टीले समर्थन गरेका सबका सब उम्मेदवारलाई जिताउन आफ्नो ठाउँबाट पहल गर्न कार्यकर्तालाई निर्देशन दिनुभएको थियो ।

# राष्ट्रियताको रक्षार्थ एकता आवश्यक : देउवा

■ दाङ समाचारदाता



दाङ, मङ्सिर ९ गते । नेपाली काँग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले मुलुकको राष्ट्रियताको रक्षार्थ एकता आवश्यक रहेको बताउनुभएको छ । नेपाली काँग्रेस दाङले सोमबार श्रीगाउँमा आयोजना गरेको चुनावी सभालाई सम्बोधन गर्दै सभापति देउवाले राष्ट्रिय स्वाधीनताको रक्षाका लागि सबै नेपालीबीचमा एकता आवश्यक रहेको बताउनुभयो ।

भारतले हालै नेपालीभूमि मिच्ने गरी जारी गरेको नक्साप्रति विरोध जनाउँदै उहाँले सीमा रक्षामा वर्तमान सरकारको पहल सन्तोषजनक नभएको टिप्पणी गर्नुभयो । उहाँले प्रधानमन्त्रीको राष्ट्रवाद कालापानीमा लम्पसारवादमा परिणत भइसकेको दाबी गर्नुभयो । राष्ट्रियता र लोकतन्त्रको रक्षाका लागि काँग्रेसको विजय जरुरी रहेको भन्दै सभापति देउवाले काँग्रेसजस्तो समावेशी पार्टी अरू नभएको बताउनुभयो । "काँग्रेस मुलुकको राष्ट्रियता र लोकतन्त्रको रक्षाका लागि लडेको पार्टी हो । हामीजतिको लोकतान्त्रिक पार्टी अरू हुन सक्दैनन्," सभापति देउवाले भन्नुभयो, "हामी सबैभन्दा समावेशी छौँ । दलित, महिला, जनजाति सबैलाई समावेश गरेका छौँ ।"

सभालाई सम्बोधन गर्दै काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले सरकारले जनताका सपना पूरा गर्न नसकेको आरोप लगाउनुभयो । सरकारले दुई तिहाइको दुरुपयोग गरिरहेको भन्दै नेता पौडेलले यसका विरुद्ध काँग्रेस एकताबद्ध भएर लागिरहेको बताउनुभयो । काँग्रेस महामन्त्री शशाङ्क कोइरालाले बीपी कोइरालाको मेलमिलापको सिद्धान्तबाट मात्रै मुलुकको समृद्धि हुने बताउनुभयो ।

दाङ क्षेत्र नम्बर ३ 'ख'मा प्रदेश सभा सदस्यका लागि हुन लागेको उप-निर्वाचनलाई ध्यानमा राख्दै नेपाली काँग्रेस दाङले आयोजना गरेको सभामा काँग्रेसका केन्द्रीय नेताहरूले सम्बोधन गर्नुभएको थियो ।

## नयाँ नक्सा सार्वजनिक गर्न आग्रह

यसैबीच **पोखरा समाचारदाता**का अनुसार नेपाली काँग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले सरकारलाई तीन दिनभित्र नेपालको नक्सा सार्वजनिक गर्न आग्रह गर्नुभएको छ । नेपाल प्रेस युनियन कास्कीले पोखरामा सोमबार आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उहाँले कालापानी, लिपुलेक र लिम्पियाधुरालाई समेटेर सरकारले नक्सा सार्वजनिक गर्न नसक्ने हो भने प्रतिपक्षीलाई त्यसको जिम्मा दिन आग्रह गर्नुभयो ।

प्रवक्ता शर्माले शनिबार पोखरामा पार्टी सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री ओलीकै सल्लाहमा भारतले नक्सा सार्वजनिक गरेको अभिव्यक्तिलाई सच्याउँदै सभापति देउवाको आशङ्का मात्रै रहेको भनी बचाउ गर्नुभएको थियो । प्रवक्ता शर्माले भन्नुभयो, "पार्टी सभापतिले राष्ट्रियताको सबालमा पटक-पटक सरकारलाई अनुरोध गर्दा सरकारको आधिकारिक भनाइ पनि बाहिर नआउने र राजनीतिक तवरबाट पनि अगाडि नबढ्दा शङ्का गर्नु स्वाभाविक हो ।"

उहाँले थप्नुभयो, "राष्ट्रियताको सबालमा नेपाली काँग्रेस सरकारलाई ढुक्क भएर अगाडि बढ्न सहयोग गर्छ । दुई तिहाइको सरकारलाई काँग्रेसले समर्थन गरेपछि शतप्रतिशत पूरा भयो, अब सरकारले राष्ट्रियताको सबालमा किन खुट्टा कमाउने ?"

प्रवक्ता शर्माले भन्नुभयो, "सरकारले देउवालाई जवाफ दिइरहनु पर्दैन, सीधै मोदीसँग कुरा गरे हुन्छ, आशङ्का राख्न पाउने प्रतिपक्षीको अधिकार हो । विगतमा कालापानीमा मार्च गर्ने युवा नेताहरू अहिले मन्त्री भएका छन्, सीमा नक्साका बारेमा किन मौन ?" उहाँले कास्की-२ को चुनाव नेपाली काँग्रेसले जित्ने दाबी पनि गर्नुभयो ।

# प्रेस सङ्गठनको एकता टुङ्गियो

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । प्रेस चौतारी नेपाल र प्रेस सेन्टर नेपालबीच एकीकरण भई बनेको प्रेस सङ्गठन नेपालले एकता प्रक्रियाका सबै कार्य टुङ्गो लगाएको छ । नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को एकतापछि प्रेस चौतारी नेपाल र प्रेस सेन्टर नेपालबीच समायोजन भएको थियो ।

प्रेस सङ्गठनले केन्द्रीय कमिटी, आयोग, प्रदेश कमिटी, जिल्ला कमिटीका संयोजक तथा सहसंयोजकको टुङ्गो लगाएको छ । सङ्गठनका संयोजक महेश्वर दाहालका अनुसार प्रेस सङ्गठन नेपालको केन्द्रीय कमिटीको सङ्ख्या २३५ सदस्यीय कायम गरिएको छ । संयोजकमा तत्कालीन प्रेस सेन्टरको तर्फबाट दाहाल रहनुभएको छ भने सहसंयोजकमा तत्कालीन प्रेस चौतारीबाट गणेश बस्नेत रहनुभएको छ ।

त्यस्तै तत्कालीन प्रेस चौतारीका तर्फबाट १२४ जना र प्रेस सेन्टर नेपालबाट १०९ जनालाई केन्द्रीय सदस्यमा राखिएको छ । भौगोलिक र गैरभौगोलिक गरी १० वटा प्रदेश कमिटी निर्माण गरिएको छ । जसमा सात भौगोलिक, उपत्यका तथा प्रतिष्ठान र एसोसिएट प्रदेश रहेका छन् । भौगोलिक संरचनाअनुसारका ७७ जिल्ला कमिटी निर्माण गरिएको छ । प्रतिष्ठान प्रदेशमा आबद्ध प्रतिष्ठान शाखा र एसोसिएट प्रतिष्ठानमा आबद्ध शाखा जिल्ला कमिटीसरह हुने संयोजक दाहालले जानकारी दिनुभएको छ । एउटा सङ्गठनबाट जिल्ला संयोजक भएको स्थानमा अर्को सङ्गठनबाट सहसंयोजक रहने मापदण्ड अनुसार नै जिम्मेवारी तोकिएको छ ।

सङ्गठनको बैठकले प्रदेश इन्चार्जमा लीलाराज भट्टराईलाई प्रदेश १, लालबाबु शेखलाई प्रदेश २, विश्वमणि सुवेदीलाई प्रदेश ३, गणेश पाण्डेलाई गण्डकी प्रदेश, मनोज घर्ती मगरलाई प्रदेश ५, ध्रुव बुढाथोकीलाई कर्णाली प्रदेश, नरेन्द्र साउदलाई सुदूरपश्चिम प्रदेश, सुरोजङ्ग पाण्डेलाई उपत्यका, रामकुमार एलनलाई प्रतिष्ठान र सइन्द्र राईलाई एसोसिएटको जिम्मेवारी दिएको छ ।

त्यस्तै प्रदेशको संयोजक र सहसंयोजक पनि तय गरेको छ । त्यसमा प्रदेश १ को संयोजकमा राजन केडी र सहसंयोजकमा गणेश पोखरेल, प्रदेश २ को संयोजकमा हीरालाल चौधरी र सहसंयोजकमा फणिदेव महत, प्रदेश ३ को सहसंयोजकमा सुनिल खड्का, गण्डकी प्रदेशको संयोजक रामकृष्ण शर्मा र सहसंयोजक त्रिभुवन पौडेल, प्रदेश ५ को संयोजकमा सविन प्रियासन (चौधरी) र सहसंयोजकमा मानसिंह विक, कर्णाली प्रदेशको संयोजकमा वीरबहादुर गिरी र सहसंयोजकमा प्रतीक इच्छुक शर्मा तथा सुदूरपश्चिम प्रदेशको संयोजकमा रामसिंह ठगुन्ना र सहसंयोजकमा नवराज भण्डारी, उपत्यका संयोजकमा नवराज दाहाल, सहसंयोजकमा प्रकाश सिलवाल, प्रतिष्ठान संयोजकमा वीरेन्द्र वली तथा सहसंयोजकमा हरिबल्लभ नेपाल, एसोसिएट संयोजकमा ध्रुव लम्साल र सहसंयोजकमा केशव खनाल रहनुभएको छ ।

त्यस्तै; सङ्गठनले दुईवटा आयोग पनि गठन गरेको छ । त्यसमध्ये अनुशासन आयोगको संयोजकमा सन्तोष पौडेल र सहसंयोजकमा केशव अधिकारीलाई राखिएका छ भने लेखा आयोगको संयोजकमा विक्रम लुइँटेल र सहसंयोजकमा राजु लामा राखिएको सङ्गठनद्वारा जारी गरिएको विज्ञप्तिमा उल्लेख छ ।

प्रदेश १ अन्तर्गतको पाँचथर, उदयपुर, तेह्रथुम, धनकुटा, खोटाङ, ताप्लेजुङ, झापा र मोरङ जिल्ला कमिटीको संयोजक चौतारीबाट र ओखलढुङ्गा, इलाम, भोजपुर, सोलुखुम्बु, सङ्खुवासभा र सुनसरी जिल्ला कमिटीको संयोजक सेन्टरबाट राखिएको छ । प्रदेश २ अन्तर्गतको सिरहा, सर्लाही, रौतहट, बारा र महोत्तरीको संयोजक चौतारी तथा सप्तरी, धनुषा र पर्सा जिल्ला कमिटीको संयोजकमा सेन्टरबाट राखिएको छ ।

प्रदेश ३ अन्तर्गतका रामेछाप, सिन्धुपाल्चोक, मकवानपुर, नुवाकोट, काभ्रे, ललितपुर, भक्तपुर र रसुवाको संयोजकमा चौतारीबाट तथा दोलखा, सिन्धुली, चितवन, धादिङ र काठमाडौँका संयोजक सेन्टरबाट राखिएको छ । गण्डकी प्रदेशका स्याङ्जा, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, बागलुङ र पर्वतका संयोजकमा चौतारीबाट तथा गोरखा, म्याग्दी, लमजुङ र नवलपुरका संयोजकमा सेन्टरबाट राखिएको सङ्गठनबाट जारी विज्ञप्तिमा उल्लेख छ ।

प्रदेश ५ का रूपन्देही, पाल्पा, गुल्मी, रुकुम, बर्दिया र अर्घाखाँचीको संयोजकमा चौतारीबाट तथा कपिलवस्तु, बाँके, रोल्पा, प्युठान, दाङ र नवलपरासीका संयोजकमा सेन्टरबाट राखिएको छ भने कर्णाली प्रदेशका कालीकोट, जुम्ला, डोल्पा, मुगु र दैलेखका संयोजकमा चौतरीबाट तथा सुर्खेत, सल्यान, रुकुम, हुम्ला र जाजरकोटको संयोजकमा सेन्टरबाट राखिएको छ । सुदूरपश्चिम प्रदेशको संयोजकमा बाजुरा, बझाङ, दार्चुला, कञ्चनपुर र डडेल्धुराका संयोजकमा चौतारीबाट र कैलाली, बैतडी, डोटी तथा अछामका संयोजकमा सेन्टरबाट राखिएको छ । सङ्गठनको जिम्मेवारी पाउनेहरूलाई चाँडै नै शपथ गराएर सङ्गठनलाई क्रियाशील गरिने संयोजक दाहालले बताउनुभयो ।

# अधिकार प्रयोगबारे परामर्शमा उपसभामुख

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । सभामुखको अनुपस्थितिमा अधिकार प्रयोगबारे निरन्तर परामर्शमा रहनुभएकी उपसभामुख डा. शिवमाया तुम्बाहाङ्फेले सोमबार संसदीय समितिका सभापतिसँग राय लिनुभएको छ । संघीय संसद्का दुवै सदनका उपलब्ध सभापतिहरूसँग उपभामुखले परामर्श लिनुभएको हो । सभामुखको अनुपस्थितिमा केही विधेयक प्रमाणीकरणसहित समितिको अनुगमन लगायतका कामकाज रोकिएका छन् ।

विधेयक प्रमाणीकरणबारे उपसभामुख तुम्बाहाङ्फेले यसअघि कानुनविद्हरूसँग परामर्श गरिसक्नु भएको छ । यस्तै, सङ्घीय संसद्का केही कानुनी पृष्ठभूमिका सदस्यहरूसँग पनि उहाँले परामर्श गरिसक्नु भएको छ । परामर्शको शङ्खलामा उहाँले सोमबार सभापतिलाई बोलाउनुभएको थियो ।

राष्ट्रियसभामा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति सभापति रामनारायण बिडारीले सभामुखले समितिका काम कारबाही लगायतका विषयमा जानकारी लिएको बताउनुभयो । बिडारीले भन्नुभयो, "हामीलाई समितिको कामकाज लगायतका विषयमा राय परामर्शका लागि बोलाउनुभएको थियो । कतिपय अन्य कामकाजका विषयमा पनि समीक्षा भयो । खासगरी सभामुखको अनुपस्थितिमा कार्यविधि कानुनले तोकेका विषयमा काम गर्न बाधा नभए पनि अन्य विषयमा काम नगर्न सल्लाह दियौँ ।"

छलफलमा उपस्थित कतिपय सभापतिहरूले भने सभामुखले प्रयोग गर्ने सम्पूर्ण अधिकार प्रयोग सकिने सुझाव पनि दिएका थिए । अर्थ समिति सभापति कृष्णप्रसाद दाहाल, महिला तथा सामाजिक समिति सभापति निरुदेवी पाललगायतले काम ठप्प हुने अवस्थामा राजनीतिक परामर्श समेत गरेर अधिकार प्रयोग गर्न सुझाव दिनुभएको थियो । तर, सभापति बिडारी लगायतले विधेयक प्रमाणीकरणबारे संविधान स्पष्ट रहेको भन्दै सभामुखको अधिकार प्रयोग गर्न नमिल्ने सुझाव दिनुभएको थियो । यसअघि उपसभामुख तुम्बाहाङ्फेलाई राष्ट्रियसभा सदस्य राधेश्याम अधिकारी लगायतका सचिवालयको कानुन शाखाले पनि विधेयक प्रमाणितको अधिकार प्रयोग गर्न नमिल्ने राय दिएको थियो ।



उपप्रधानमन्त्री उपेन्द्र यादव सोमबार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सम्हाल्दै । तस्बिर : विकास द्वारे

# आठ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । कृषि विकास बैङ्क स्वयम्भूका शाखा अधिकृत केदारप्रसाद गौतमलगायत आठ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रतिव्यक्ति ३३ करोड ९३ लाख रुपियाँ बिगो मागदाबीसहित सोमबार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

> **अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रतिव्यक्ति ३३ करोड ९३ लाख रुपियाँ बिगो मागदाबीसहित सोमबार विशेष अदालतमा मुद्दा दायर**

गौतमसहित शाखा प्रबन्धक भरतबहादुर बानियाँ, सम्झना पोखरेल, जेनी श्रेष्ठ, सुमन भुजेल, सूर्यबहादुर लिम्बू, सन्दीप गुप्ता र कृष्णहरि थापाविरुद्ध मुद्दा दायर गरिएको छ । गौतमले २०७१ साल असोजदेखि २०७२ साल असारसम्मको अवधिमा गैरकानुनी रूपमा ३३ करोड ९३ लाख रुपियाँ निकाली बैङ्कलाई हानिनोक्सानी पुर्‍याएको आरोप लगाइएको छ ।

प्रबन्धक बानियाँलाई बैङ्कको रेमिट समेतको आर्थिक कारोबार, कर्मचारीको रेखदेख र नियन्त्रण, अभिलेख जाँच र व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी र दायित्व गम्भीरतापूर्वक बहन गर्न नसकेको आरोप लागेको छ । गौतमले झुठा विवरण तथा नक्कली नागरिकता बनाई रेमिटबाट आएको फर्जी कारोबार देखाई रकम जम्मा र रकमान्तर (ट्रान्सफर) गरेको देखिएको छ । गौतमले बैङ्कका विभिन्न शाखा कार्यालय र अन्य विभिन्न बैङ्कबाट इलेक्ट्रोनिक चेक किलिरियङमार्फत भुक्तानी लिएका थिए ।

उहाँले नक्कली नाम तेजबहादुर थापा खडा गरी सोही नामबाट नागरिकता तथा राहदानीसमेत बनाउनुभएको थियो । नक्कली राहदानी प्रयोग गरी विदेश फरार हुने योजनाअनुरूप भारत गएर बसेको र योजनाबद्ध ढङ्गबाट पासवर्ड चोरी गरी चलाखीपूर्ण तरिकाले कार्यालय समयदेखि बाहेकका समयमा कार्यालयमा लकर बैङ्किङ सिस्टम दुरुपयोग गरी बैङ्कलाई नोक्सानी पुर्‍याइएको आरोपपत्रमा उल्लेख छ । गौतमकी पत्नी सम्झना पोखरेल गौतमले आफ्ना पति तेजबहादुर थापा भन्ने केदारप्रसाद गौतमले बैङ्कबाट अनियमित तबरबाट निकालेको रकमबाटै कर्जा तिर्ने गरेको अनुसन्धानबाट खुल्न आएको अख्तियारको दाबी छ । उक्त रकमबाट कारोबार गर्न बैङ्क खाता खोल्ने र बन्द गर्ने काममा समेत उहाँको प्रत्यक्ष संलग्नता रहेको र आफ्नो नाममा भएको जग्गाजमिन सबै बेची अनियमित तरिकाबाट प्राप्त भएको रकम लुकाउन भारततर्फ बसाइ सरेका थिए ।

यसैगरी गौतमकी कान्छी श्रीमती जेनी श्रेष्ठ गौतमले पतिलाई नेपालबाट फरार गराएर विदेश जाने काममा सहयोगीको भूमिका निर्वाह गरेको र उक्त कसुरबाट प्राप्त रकम लुकाउन संलग्न देखिएको अख्तियारद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । गौतमले कसुरबाट प्राप्त रकमबाट गाडी खरिद गरेको, भुजेल जग्गाको कारोबारमा संलग्न रहेको, गुप्ताले केदारप्रसाद गौतमले बैङ्कबाट अनियमित तवरले निकालेको रकम बैङ्कको खातामा जम्मा गरिदिनुका साथै भारत पठाउनसमेत सहयोग गरेको पाइएको छ ।

सूर्यबहादुर लिम्बूले वसन्त राई भनी किर्ते नागरिकता बनाई गौतमले बैङ्कबाट अनियमित तवरले निकालेको रकम खातामा जम्मा गरिदिएका थिए । यसैगरी गौतमलाई भारत पठाउन सहयोग गरेको र कृष्णहरि थापाले राजीव थापाको नाममा नक्कली नागरिकता बनाई प्रस्तुत कसुरको मुख्य योजनाकार केदारप्रसाद गौतमसँग मिलेमतो गरी विभिन्न व्यक्तिको नाममा नक्कली नागरिकता बनाउन, भारतमा बसी उक्त रकमको व्यवस्थापनमा प्रत्यक्ष संलग्न रही फरार रहेको आरोपपत्रमा दाबी गरिएको छ ।

**Mid-Western University**
**Faculty of Engineering**
**Central Campus of Engineering**
**Surkhet, Karnali Province, Nepal.**


**Invitation for Bids**

**(First Date of Publication: 2076/08/10)**

1. The **Office of Central Campus of Engineering, Mid-Western University, Surkhet** invites bids from eligible bidders for the following Goods as shown in table below.
Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Central Campus Of Engineering, Mid-Western University, Surkhet, **Phone no: 083-523284**.
2. A complete set of Bidding Documents may be purchased from the Office of **Central Campus of Engineering, Mid-Western University**, Surkhet by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as mention in table below or may deposit in bank in following address
**Bank Name: Nepal Bangladesh Bank Ltd., Surkhet;**
**Dharauti Khata No: 028004581C**
**Name of office: Central Campus Of Engineering, Mid-Western University, Surkhet**
3. Sealed bids must be submitted to the Central Campus Of Engineering, Mid-Western University, Surkhet by hand/courier before following Time and date as mention in table below . Bids received after this deadline will be rejected.
4. Sealed bids shall be opened in the presence of Bidders' representatives who choose to attend at **the specified date and time as shown in table below** at the Central Campus Of Engineering, Mid-Western University, Surkhet. Bids must be valid for a period of 90 days for NCB after bid opening and must be accompanied by a bid security amounting to a minimum of as shown in table below, which shall be valid for 30 days beyond the validity period of the bid (120 days for NCB).
5. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
6. The employer reserves the right to accept or reject, wholly or partly all the bids without assigning the reason, whatsoever
7. Any provisions which are not mentioned in this notice will be consistent with Public Procurement Act (PPA), 2063/Public Procurement Regulations (PPR), 2064 and other prevailing Nepalese Laws.

| SN | Contract Identification No. | Brief Description of Goods/Works | Bid Security Amount (Rs) | Deadline for Bid Document purchase | Deadline for Bid submission | Bid Opening Date and Time | Bid Document Fee (Rs) |
|---|---|---|---|---|---|---|---|
| 1 | CCoE /076-77/ Goods/NCB/01 | Procurement of Electronics Device & Circuits lab Equipments and Data Communication lab Equipments | 52,000/- | 2076-09-09 17:00 Hrs | 2076-09-10 12:00 Hrs | 2076-09-10 14:00 Hrs | 3,000/- |
| 2 | CCoE /076-77/ Goods/NCB/02 | Procurement of Surveying Lab Equipments | 88,000/- | 2076-09-09 17:00 Hrs | 2076-09-10 12:00 Hrs | 2076-09-10 14:00 Hrs | 3,000/- |
| 3 | CCoE /076-77/ Goods/NCB/03 | Procurement of Electro-Mechanical Lab Equipments | 71,000/- | 2076-09-09 17:00 Hrs | 2076-09-10 12:00 Hrs | 2076-09-10 14:00 Hrs | 3,000/- |

**अब्राहम लिङ्कन**



प्रजातन्त्र जनताका लागि जनताद्वारा गरिने शासन पद्धति हो।

## सम्पादकीय


# महिला हिंसाविरुद्ध अभियान

आजबाट लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु भएको छ। संयुक्त राष्ट्रसङ्घको आह्वानमा नोभेम्बर २५ देखि डिसेम्बर १० सम्मको १६ दिनलाई महिलामाथि हुने हिंसाविरुद्धको अन्तर्राष्ट्रिय दिवसका रूपमा विश्वभर मनाइने गरिएको छ। क्यारेबियन मुलुक डोमिनिकन गणतन्त्रमा राजनीतिक कार्यकर्ता तीन दिदीबहिनीको हत्याविरुद्ध अन्तर्राष्ट्रिय ऐक्यबद्धतास्वरूप यो दिवस विश्वभर मनाइने गरिएको छ। नेपालमा पनि २०५४ सालदेखि लैङ्गिक हिंसाविरुद्ध विविध सचेतनामूलक कार्यक्रम गरी अभियान मनाउन सुरु गरिएको हो। यस वर्ष नेपालले पनि अन्तर्राष्ट्रिय नारा 'समानताको पुस्ता : बलात्कारविरुद्ध ऐक्यबद्धता' साथ १६ दिने अभियान मनाउँदै छ। यस वर्ष (२०७६)लाई 'लैङ्गिक हिंसाविरुद्ध वर्ष' मनाउन सातै प्रदेश, ७७ जिल्ला समन्वय समिति, ७५३ स्थानीय तह, सबै वडा र विभिन्न सङ्घसंस्थालाई आह्वान गरिएको छ। महिलामाथि हुने हिंसाविरुद्ध सबै पक्षको सहयोग र सहभागिता आवश्यक रहेको स्पष्ट गर्दै सरकारले गरेको आह्वानलाई सबै पक्षले इमानदारीका साथ कार्यान्वयन गरी विद्यमान अवस्थामा परिवर्तन गर्न योगदान दिन सक्छन्। निश्चय नै १६ दिने अभियानले लैङ्गिकताका आधारमा हुने सबै प्रकारका हिंसा र अपराधलाई अन्त्य गर्न प्रचारात्मक र नैतिक साहस प्रदान गर्दै आएको छ तर दुई हप्ते अभियानले मात्र समाधान हुन नसक्ने भएकाले यस्ता पहललाई निरन्तरता दिँदै संस्कृतिमा रूपान्तरण गर्नु आवश्यक हुन्छ। पछिल्ला पहलबाट हिंसामा परेका महिलाले कानुनी उपचारका लागि प्रतिरोध गर्न पनि नसक्ने अवस्थामा सुधार ल्याई खुलेर बोल्नसक्ने बनाएको छ। अझै हाम्रा पहल पुगेका छैनन् भन्ने वर्तमान अवस्थाले पुष्टि गर्छ। हाल सञ्चालन गरिएका अभियान र दिवसको सार्थकता आगामी दिनमा देखिने छन् तर अपेक्षित परिणामका लागि सरकार र विभिन्न निकायबाट विषयको गाम्भीर्य बुझेर अभियानमैत्री योजना तथा कार्यक्रम लागू गर्नुपर्ने देखिन्छ। लैङ्गिक हिंसा महिलाको मात्र नभएर राष्ट्रिय र अन्तर्राष्ट्रिय समस्या भएकाले यसको समाधानमा पनि सबै पक्षको पहल आवश्यक देखिन्छ।

लैङ्गिक हिंसालाई व्यापक सन्दर्भमा बुझ्नु आवश्यक छ। यो यौनशोषण मात्र नभएर महिलाविरुद्ध हुने सामाजिक सांस्कृतिक विविध विभेद नै समग्रमा लैङ्गिक हिंसा ठहर्ने भएकाले यस्ता विभेदको अन्त्य गर्न नेपालले विभिन्न पहल गर्दै आएको छ। नेपालको संविधानले महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक प्रदान गरेको छ। महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिए कानुनबमोजिम दण्डनीय हुने संवैधानिक व्यवस्था र विभिन्न कानुनले महिलालाई सुरक्षित गरेको छ तर व्यवहारमा अहिले पनि महिलामाथि घरेलुदेखि सामाजिक रूपमा हिंसा भइरहेका घटना सार्वजनिक हुने गरेकाले महिलालाई घर, आफन्त र पराइबाट सुरक्षित राख्न चुनौती कायमै देखिएको छ।

यस्ता चुनौतीको सामना गर्न सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालले महिला सशक्तीकरणका लागि विभिन्न अभ्यास र अभियान गर्दै आएको छ। संविधानले व्यवस्था गरेअनुसारको समावेशीकरणले नेपाली महिलालाई राष्ट्रका सम्मानित, मर्यादित र निर्णायक तहको जिम्मेवारीमा पुऱ्याएको छ। यसैगरी वडादेखि सङ्घीय संसद्सम्म महिला सहभागिता सुरक्षित गरिएकाले अधिकार र दायित्व निर्वाहमा महिला भूमिका बढ्दै छ। आगामी दिनमा महिलालाई आर्थिकदेखि सामाजिक जीवनमा परनिर्भरता कम गर्दै आत्मनिर्भर बनाउन सक्दा महिलाविरुद्ध हुने घरेलु हिंसालाई परास्त गर्न सकिने छ। सहभागिताले सशक्तीकरण ल्याउने भएकाले महिलाविरुद्ध हुने विभिन्न प्रकारमा विभेद तथा हिंसा अन्त्य गर्न अबको नेपालले सहभागिता र सशक्तीकरणलाई कानुन र सिद्धान्तका साथै व्यवहारमै उतार्नु जरुरी छ। अभियानका सन्दर्भमा सन्देश दिँदै प्रधानमन्त्री केपी शर्मा ओलीले गरिबी र अशिक्षाका कारण नेपाली दिदीबहिनीले प्रताडन भोग्नुपरेकाले यस्ता प्रवृत्तिको अन्त्य गर्नुपर्ने आवश्यकतामा जोड दिनुभएको छ। यसका लागि हाम्रा धेरै समस्याको जड गरिबी र विपन्नतालाई पराजित गर्दै सभ्य समाज स्थापना गर्न महिलाविरुद्ध हुने सबै प्रकारका विभेद समाप्त गर्नुछ। संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्र नेपालले अनुमोदन गरेका महिलामैत्री सबै अन्तर्राष्ट्रिय प्रावधानको कार्यान्वयनमा सरकार र नागरिकले संयुक्त पहल गर्नुपर्ने आवश्यक छ।■

## १०० वर्ष अघिको


बालनाच
येहि गयाका ज्येष्ठ २३ गते बृहस्पति बारकादिन रातो शिमला पहाडका लाठ-भवनमा बालनाचको उत्सव ठूलो समारोह पूर्बक सम्पन्न भयो. धौलपुर, शिरमौर र रतलामका महाराज, जावराका नवाव, पटियालाका कुंवर साहेब, कपूरथलाका टीका साहेब आदि कैएक देशी राजन्यवर्ग पनि खूब सजधजका साथ बालनाचका उदघाटनमा सम्मिलित भयेका थिये.

### बालनाच.

येहि गयाका ज्येष्ठ २३ गते बृहस्पति बारकादिन रातो शिमला पहाडका लाठ-भवनमा बालनाचको उत्सव ठूलो समारोह पूर्बक सम्पन्न भयो. धौलपुर, शिरमौर र रतलामका महाराज, जावराका नवाव, पटियालाका कुंवर साहेब, कपूरथलाका टीका साहेब आदि कैएक देशी राजन्यवर्ग पनि खूब सजधजका साथ बालनाचका उदघाटनमा सम्मिलित भयेका थिये.

सम्बत १९७० साल आषाढ ३ गते सोमबार

## चिन्तन

यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः।
यत्रैतास्तु न पूज्यन्ते सर्वास्तत्राऽफलाः क्रियाः॥

जहाँ नारीको सम्मान गरिन्छ, त्यहाँ देवता प्रसन्न हुन्छन्। जहाँ नारीको सम्मान गरिँदैन, त्यहाँ सम्पूर्ण कार्य निष्फल हुन्छन्।

– मनुस्मृति

लेख र प्रतिक्रियाका लागि
gopafeature@gmail.com

गोरखापत्रमा लेख रचना पठाउँदा लेखकको सङ्क्षिप्त परिचयसहित पठाउनु हुन अनुरोध गरिन्छ।

# सीमा विवादबारे केही तथ्य

## अहिलेको सरकारप्रतिको भरोसा जनतामा अझै केही देखिन्छ



प्रा. डा. राजकुमार पोखरेल

नेपालमा अहिले सीमा विवादको चर्चा फेरि चलिरहेको छ। एकथरी मानिस सीमा विवाद अहिले नै उठेको हो र यो सरकारको लापरवाही, वर्तमान सरकारको राष्ट्रवाद नाङ्गिएको, सरकारले सीमा रक्षा गर्न नसकेको भनेर चर्को रूपमा प्रस्तुत हुँदै आएका छन्। इतिहासमा कहिल्यै "विस्तारवाद" नबोल्ने सङ्घ, सङ्गठनहरू यसबेला राष्ट्रवादी बनेर विस्तारवाद मुर्दावाद भन्दै सडकमा देखिएका छन्।

### सीमा विवादको इतिहास

नेपाल र भारतबीच सीमा इतिहासको कुनै कालखण्डमा नभए पनि भारतीय मौर्य सम्राट समुद्रगुप्तको प्रयाग प्रशस्तिअनुसार नेपाल जमुना उत्तर पूर्वमा कामरूपा र पश्चिममा कात्रीपुर (काश्मिर) भन्ने उल्लेख छ। गोरखा राज्यले नेपाल एकीकरण गर्दा पूर्वमा टिष्टा र पश्चिममा सतलजसम्म नेपालको सिमाना विस्तार भयो। सन् १८१६ मा भएको सुगौली सन्धिले नेपालको सिमाना मेची र महाकाली कायम हुन गयो। सुगौली सन्धिले गुमेको नेपालको तराईपछि राप्ती पूर्व र कोशी पश्चिम अङ्ग्रेजले फिर्ता गरे भने राप्ती र महाकालीबीचको तराई जङ्गबहादुरको शासनको समयमा सन् १८६० को सन्धिबाट प्राप्त भयो।

नेपाल–भारतबीच सिमानामा विवाद पुस्तान्तरमा उठिरहेको छ। सुगौली सन्धिपछि सन् १८१८ मा अङ्ग्रेजले नेपाल र भारतबीच पूर्वमा मेचीदेखि कोशीसम्म सीमा स्तम्भहरू गाड्यो। सबभन्दा पहिले भद्रपुर मेचीपारि गलगलियाको बोर्डरमा पिलर गाडियो र त्यसलाई पिलर नं १ भनिएको छ (जसको फोटो दिइएको छ)। भद्रपुरदेखि कोशीसम्म सीमास्तम्भ गाड्न अङ्ग्रेजले नेपाललाई आग्रह गरे पनि नेपाल सरकार जान अस्वीकार गरेकाले अङ्ग्रेजले त्यस क्षेत्रमा एकतर्फी सीमा स्तम्भहरू बनायो भन्ने कुराका आधिकारिक प्रमाण भेटिन्छन्। उत्तरमा मेची बङ्गाल सिक्किम बोर्डरमा सिमाना छुट्याउन जाँदा सिक्किमेहरूको दबाबका कारण नेपाली भूमि गुम्न जाने खतरा देखेपछि नेपाल सरकारले लक्ष्यवीर शाही, उदयानन्द पण्डित र हेमदल थापालाई त्यसतर्फ पठायो। नेपाल र सिक्किमको बीच मतभेद भएमा त्यसको फैसला अङ्ग्रेजले गर्ने भन्ने सुगौली सन्धिमा उल्लेख भएअनुसार नकलबन्धा (झापा) देखि ताप्लेजुङसम्मको सिक्किम र नेपालको सिमाना निर्धारण गर्दा पदमतोलादेखि च्याङ्थापुसम्मको छलफलमा नेपाली प्रतिनिधिहरूले आफ्नो मातृभूमिका लागि प्रमाणसहित प्रस्तुत भएर भूमिको रक्षाका लागि लडेका कुरा ऐतिहासिक पत्रहरूमा पढ्न पाइन्छ।

जङ्गबहादुरको शासनको समयमा जब पश्चिमको नयाँ मुलुक नेपालमा समावेश हुन आयो, त्यसबेला नेपाल र अङ्ग्रेजबीच फेरि सीमारेखा कोरियो। दाङको तुलसीपुर क्षेत्रमा त्यसबेला स्यामयुअलले तयार पारेको नक्सामा सिमाना मिलाउन खोज्दा जङ्गबहादुरले प्रतिरोध गरेको मौलिक चिठीपत्रहरू तथ्यका रूपमा अहिले पनि सुरक्षित छन्। जङ्गबहादुरले ताप्लेजुङदेखि लिम्पियाधुरासम्म ९९८ वटा सिमानाका स्तम्भहरू पुरानालाई मर्मत र नयाँलाई गाड्ने काम गरे भन्ने कुरा जे. आर. भी. प्रेसकटले आफ्नो कृति "म्याप्स एण्ड मेन लेण्ड एसिया बाई ट्रिटी" मा उल्लेख गरेका छन्। त्यसैले नेपाल भारत सिमानामा गाडिएका मौलिक स्तम्भहरूलाई जङ्गे पिलर भनिन्छ। जे. भी. टासिनले नेपालको सिमाना लिम्पियाधुरा भएको नक्सा प्रस्तुत गरिसकेका छन्।

### मेची जङ्गे पिलर

२०५३ सालमा मेचीमा सीमा विवादको विषय उठ्यो। नकलबन्धामा २०४४ सालमै उठिसकेको थियो। २०४४ सालमा भारतले सीमा मिच्यो भन्नेमा तत्कालीन राष्ट्रिय पञ्चायत सदस्य द्रोणचार्य क्षेत्री हुनुहुन्थ्यो। त्यसबेलाको सीमाङ्कनले नेपालीहरू कुलप्रसाद उप्रेती, ध्रुव राई, परवल चौधरीलगायत धेरैलाई रातारात भारतीय बनायो। तिनीहरूले भारतको बङ्गाल राज्यको पट्टापुर्जा र नेपालतर्फको धनीपुर्जा दुवै हातमा राखे। नेपालको धनीपुर्जा काम नलाग्ने भयो र उनीहरूको जमिनमा भारतले खेती गर्नबाहेक अन्य प्रयोजनमा चलाउन नपाउने गरी आदेश दियो। ती कुरा "नेपालको पूर्वी सिमानामा भारतीय अतिक्रमण" नामक पुस्तकमा सप्रमाण प्रस्तुत गरिएका छन्। २०५३ सालमा पिलर गाड्ने क्रममा यो विवाद भद्रपुर आइपुग्यो। त्यसबेला जनताले गरेको विरोधलाई साम्य पार्न सत्तापक्ष र प्रमुख प्रतिपक्ष दुवै मिलेर झापा पुगे। तत्कालीन नेपालका नापी विभागका प्रमुखले त्यहाँ प्रस्तुत गरेको नक्सा ऐतिहासिक पत्रहरू र प्रमाणसङ्गत नभएको देखाएपछि उनी नाजवाफ बनेका थिए। राष्ट्रिय पञ्चायतका उपाध्यक्षसमेत भइसकेका गोपालचन्द्र सिंह राजवंशीकै अधीनमा भएको महेशपुरको १८ बिघा जमिन पनि भारततिर पारियो। अचम्म त सत्ता र प्रतिपक्ष दुवै पक्षले यसबेला सिमाना नमिचिएको भन्ने कुरा बोलिरहेका थिए। यसको कारण त सिमानाको सम्झौतामा सबैको ल्याप्चे सहीछाप भइसकेको रहेछ !



मेची जङ्गे पिलर

### सिमानाको सम्झौता

भारतले नेपालको उत्तरी सिमानामा राखेको भारतीय चेकपोष्ट हटाउने कदम नेपालले अघि सारेपछि दक्षिण, पूर्व पश्चिम सबैतिर सीमा मिच्ने क्रम जारी राख्यो। त्यसैबेला राखेको लिपुलेकको पोष्ट नेपाली सरकारी अधिकारीहरूको अनुपस्थितिका कारण हटाइएन। सुस्ताको भूमि पनि सन् १९६२ मा भारतले अतिक्रमण गऱ्यो। सन् १९६२ मा चीन–भारत युद्ध हुँदा नेपाल दरबार र नेपाली राजनीति पनि शान्त थिएन। भारतीय भूमिमा बसेर नेपालमा सशस्त्र विद्रोहको काम नेपाली काँग्रेसले गरिरहेको थियो। नेपाल आन्तरिक झमेला र भारत चीनसँगको युद्ध, सरकारी निकायको अनुपस्थिति र भारतीय नियतका कारण उक्त चेकपोष्ट बेवास्तामा पर्न गयो। तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्ट भारतका लागि पाच्य हुनुहुन्थेन। २०३५ सालमा नेपालमा आन्दोलन चर्कियो। राजा वीरेन्द्रले जनमत सङ्ग्रहको घोषणा गर्नुभयो। त्यसबेला दरबारमा रहेका अनुदारवादी, भारतीय पक्ष तथा प्रधानमन्त्री सूर्यबहादुर थापा सबै पञ्चायती व्यवस्थाको पक्षमा थिए। बीपी कोइरालाको भारतविरोधी अडान राखेर नेपाल फर्किएको घटनाले पञ्चायती व्यवस्थाको पक्षमा भारत उभिएको भनेर एक भारतीय अधिकारीले यस लेखकसँग भनेको कुरा सार्वजनिक गरिसकिएको छ। यसैबेला सन् १९८० मा नेपाल र भारतबीच सिमाना पुनरवलोकन गर्ने भनेर एक सम्झौता भयो। नेपालका राजनीतिमा पञ्चहरूलाई पनि पञ्चायतलाई जिताउनु थियो। पञ्चायतलाई जिताउने अभियानले उनीहरूको राष्ट्रवाद "भारतले मागे जति दिएर सधैंका लागि विवाद हल गर्ने' मानसिकतामा राष्ट्रिय हित तुहेर गयो।

सूर्यबहादुर थापाको समयमा भएको यो सम्झौताको अर्को विडम्बना के थियो भने सम्झौता गर्दा नापी विभागका प्राविधिक कर्मचारी विज्ञ मानिए। तर ऐतिहासिक चिठीपत्रहरू अध्ययन गर्ने, इतिहासविद्, भूगोलविद्, राजनीतिशास्त्र विज्ञ तथा कूटनीतिज्ञ कसैलाई पनि यस विषयमा जानकारी भएन। यसरी फरक फरक विज्ञता र ज्ञानलाई समावेश नगरी गरिएको निर्णयले नेपालको ठूलो भूमि भारतमा पर्न गयो। त्यही सम्झौतालाई त्यसपछिका सरकारको नेतृत्व गर्ने लोकेन्द्रबहादुर चन्द, मरिचमान सिंहदेखि शेरबहादुर देउवासम्मले सकार्दै गए। त्यही कुरालाई पछिल्ला प्रजातान्त्रिक भनिएका नेताहरूले पनि स्वीकार गर्नु मुलुकका लागि अर्को दुर्भाग्य बन्यो।

तेस्रो कुरा, विवादित स्थानलाई थाती राखेर आफ्नो भूमि दिएर सम्झौता गर्नु अर्को गलत पक्ष थियो। त्यही परिणाम हो आजको कालापानी विवाद। किनकि भारतले दाबी गरेर लिन खोजेको धेरै ठाउँ लिइसकेको थियो। सिमानामा नेपाली बसोबासका कारण झापाको महेशपुर २०२७ सालमा लिन सकेन। पछि त्यही कुरा सरकारसँग सम्झौता गरेर लियो। यसरी हेर्दा नेपाल भारतबीचको सीमा विवाद नयाँ देखिँदैन र सिमानाको इतिहास र विवादलाई हेर्दा स्वतन्त्र भारतका शासकहरू भन्दा साम्राज्यवादका शासनभित्रका अङ्ग्रेजहरू धेरै उदार र आदर्शबाट प्रेरित भएका देखिन्छन् किनकि उनीहरू एकपल्ट सुल्झिसकेको कुरालाई पटक पटक विवादमा ल्याउन चाहँदैनथे।

अहिले राजनीति र कूटनीतिमा धेरै पानी बगिसकेको छ। सन् २०१५ सम्ममा नेपालको सुरक्षा र परराष्ट्र सम्बन्धलाई आफ्नो अधीनमा राख्ने भारतीय योजना फेल भइसकेको छ। नेपाली जनतामा खासगरी युवापङ्क्तिमा दलीय घेराभन्दा बाहिर रहेर आएको देशभक्तिपनको विकासको चेतनास्तर जुन देखिएको छ त्यो प्रशंसनीय छ। नेपालमा संविधान जारी गर्दा नाकाबन्दी लगाएर सरकारविरुद्ध नेपाली जनतालाई आन्दोलित गराउने भारतीय चाल असफल हुनुमा नेपाली युवामा आएको चेतना पनि एक प्रमुख कारण थियो। तराईमा उत्पात मच्चाएर नेपाली भूमिको विखण्डन खोज्ने प्रयास पनि सफल भएन। २०७२ सालमा भूकम्प गएको समयमा गरिएको नाकाबन्दीले नेपाली जनतामा जुन भावनाको विकास भयो, त्यो भारतीय व्यवहारका कारणले भएको हो। नाकाबन्दीको समयमा नेपाल सरकारले लिएको अडान र संविधान संशोधनको विषयमा देखिएको कदम त्यसबेलाका प्रधानमन्त्री केपी ओली र तत्कालीन नेकपा (एमाले)को लोकप्रियताको कवच बन्यो। प्रतिकूल परिवेशमा निर्वाचन हुँदा पनि स्थानीय निर्वाचनमा एमाले ठूलो पार्टी बन्नु त्यसैको एउटा परिणाम थियो। त्यसबेला चर्चामा आएका परराष्ट्रमन्त्री कमल थापा राष्ट्रियताको मुद्दालाई छोडेर थोरै दिनको सरकारमा सामेल भएको घटनाले जनताको मनबाट छिटै विस्थापित भएको पनि देखियो।

विगतका यी पाटालाई हेर्दा अहिलेको सरकारप्रतिको भरोसा जनतामा अझै केही देखिन्छ। तर यस बीचका केही काम कारबाहीले अन्योल पनि सिर्जना गरेको छ। भारतीय नीति भने नेपाललाई आफ्नो कब्जामा पार्ने नै छ। लिम्पियाधुराको सिमानामा तर्क गर्ने प्रमाण अहिले पनि मेटिएका छैनन्। कूटनीतिक समाधान खोज्ने प्रशस्त आधार छन्। सरकारले सबै क्षेत्रका विज्ञहरू सम्मिलित टोली राखेर प्रमाण जुटाउने काम गर्नुपर्छ। बलियो प्रमाणका आधारमा दुईपक्षीय छलफल गर्ने र त्यसबाट पनि टुङ्गो नलागे अन्तर्राष्ट्रिय समुदायमा जानुपर्ने हुनसक्छ। २०४७ सालपछिका सरकारमध्ये राष्ट्रियताको मुद्दामा बलियो अडान ओली नेतृत्वकै समयमा देखिएको पनि छ। सिमानाको कूटनीतिमा सरकार सफल भयो भने यो ऐतिहासिक उपलब्धि हुन्छ। यसपल्ट उठेको सीमा विवादको सवाल नागरिक चेतना र आकाङ्क्षाका दृष्टिले हेर्दा पहिलेको भन्दा निकै फरक छ। सरकार चुकेमा फेरि मातृभूमिको भारले थिच्ने र जनताको विश्वासबाट झर्ने खतरा पनि उत्तिकै छ।

(लेखक इतिहास विषयका प्राध्यापक हुनुहुन्छ।)

# सूचनाको हक र प्रयोग



शिवलाल पाण्डेय

सूचना नै शक्ति हो। आजको विश्वमा सूचनाका क्षेत्रको विकासले विश्व एउटा गाउँजस्तै भएको छ। सूचना र सञ्चारको यो युगमा सूचनाले नै क्षणभरमै विश्वमा उथलपुथल ल्याइदिन सक्छ। त्यसैले सूचनाको महत्त्वपूर्ण स्थान छ।

सूचना पाउनु नागरिकको हक हो। यो हकको सुरुवात गर्ने मुलुक स्वीडेन हो। स्वीडेनको प्रेस स्वतन्त्रतासम्बन्धी ऐन, १७६६ कानुनलाई सूचना स्वतन्त्रताको सन्दर्भमा कोसेढुङ्गा मान्ने गरिन्छ। त्यहाँको सूचना स्वतन्त्रतासम्बन्धी ऐनले सूचना माग गरेको २४ घण्टाभित्र उपलब्ध गराउनुपर्ने र दिन नमिल्ने सूचना भए लिखित रूपमा दिन नसकिने कारण खुलाई दिनुपर्ने व्यवस्था गरेको छ। त्यहाँ कुनै पनि कर्मचारीले कार्यालयको सूचना सोझै प्रेसलाई दिनसक्छ। अमेरिकामा सन् १९४६ पहिले सूचना माग्ने व्यक्तिले आवश्यकताको पुष्टि गर्न सक्नुपर्थ्यो तर सर्वप्रथम प्रशासकीय कार्यविधि ऐन, १९४६ ले सूचनाको हक सम्बन्धमा व्यवस्था गरी प्रशासकीय कार्य र कार्यविधि सार्वजनिक चासोका विषय हुन् भन्ने स्वीकार गरेको थियो। सूचनाको स्वतन्त्रतासम्बन्धी ऐन, १९६६ ले सूचनाको हकलाई व्यवस्थित बनाएको थियो।

सन् १९९० सम्म १३ मुलुकले सूचनाको हकसम्बन्धी कानुन निर्माण गरेका थिए। हाल विश्वका १०० भन्दा बढी मुलुकले सूचनाको हक सम्बन्धमा कानुन बनाएका छन्। ५९ मुलुकले आफ्ना संविधानका धारामा सूचनाको हक सम्बन्धमा व्यवस्था गरेका छन्। कसैले सूचना मागेमा त्यसको प्रमाणको भार सूचना प्रदायकको हुन्छ भन्ने मान्यताबाट सूचनाको हकसम्बन्धी कानुनको विकास भएको पाइन्छ। सूचना माग गर्नेले किन सूचना माग गरेको भनी कारण खुलाइरहनु पर्दैन। समयको परिवर्तनसँगै शासनप्रणालीमा पनि परिवर्तन गर्नुपर्छ। सरकारी तथा सार्वजनिक निकायले आफ्नो काम कारबाहीसँग सम्बन्धित रेकर्ड खुला राख्नुपर्छ भन्ने मान्यताका साथ 'सनसाइन ल' को अवधारणा अगाडि आयो। यसै सन्दर्भमा सूचनाको हकसम्बन्धी कानुनले विश्वभर मान्यता पाउन थालेको हो।

सूचनाको हक भन्नाले सार्वजनिक सरोकार र चासोका सूचना माग गर्ने र प्राप्त गर्नेसम्बन्धी हक भन्ने बुझिन्छ। यो निजी व्यक्तिगत सूचनाको सन्दर्भमा लागू हुने हक नभई सार्वजनिक निकायमा रहेका सार्वजनिक सरोकार र चासोका सूचनाको हकमा आकर्षित हुने हक हो। यसमा सूचना माग गर्नेको हक र अधिकार निहित हुन्छ भने सूचना प्रवाह गर्नुपर्ने दायित्व सिर्जना भएको हुन्छ।

नेपालको सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ ङ मा सूचनाको हक भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचना माग्ने र पाउने अधिकार सम्झनुपर्छ। सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्त्वको निर्माणकार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमुना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत प्राप्त गर्ने अधिकारसमेतलाई जनाउँछ भनी परिभाषित गरेको छ।

अतः सूचनाको हक भन्नाले सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्त्वको सूचना माग गर्ने र त्यस्तो सूचना प्राप्त गर्ने अधिकार भन्ने बुझिन्छ। राज्यका काम कारबाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउने, सार्वजनिक महत्त्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउने, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्ने र नागरिकको सुसूचित हुने हकलाई संरक्षण गराउने सूचनाको हकको उद्देश्य छ।

आजको युगमा सूचनाबिनाको समाजको परिकल्पना गर्न सकिँदैन। व्यक्तिगत विकासदेखि समग्र मुलुकको विकासमा सूचनाको महत्त्वपूर्ण भूमिका हुन्छ। वैयक्तिक स्वतन्त्रता र मानव अधिकारको रक्षाको सम्मान गर्न, सुशासनको प्रवर्द्धन गर्न, स्रोत साधनको परिचालनको अवस्था बारेमा सर्वसाधारणमा जानकारी भई दुरूपयोग हुन नदिन, प्रशासन संयन्त्रलाई जवाफदेही र उत्तरदायी बनाउन, समाजमा शान्ति, सुव्यवस्था कायम गर्न, अत्यावश्यक कानुनको निर्माण र कार्यान्वयन गर्न, सार्वजनिक सेवाप्रवाहलाई छिटोछरितो र प्रभावकारी तुल्याउन, प्राकृतिक प्रकोप र सङ्कट व्यवस्थापन गर्ने कार्यमा सूचनाको हकको महत्त्वपूर्ण भूमिका हुन्छ।

नेपालमा सूचनाको हक सम्बन्धमा भएको विकास र अभ्यासलाई हेर्दा अभिलेख संरक्षण ऐन, २०४६ मा हेर्न निषेध गरिएका अभिलेखबाहेक अरू अभिलेख जोसुकैले दस्तुर तिरी लिनसक्ने व्यवस्था छ। सूचनाको हक प्रदान गर्ने दक्षिण एसियाली मुलुकमा नेपाल पहिलो हो। नेपाल अधिराज्यको संविधान, २०४७ ले सूचनाको हकको सम्बन्धमा व्यवस्था गरी सूचनाको हकलाई आत्मसात् गरेको थियो। उच्चस्तरीय प्रशासन सुधार आयोग, २०४९ को प्रतिवेदनमा कर्मचारीतन्त्रलाई पारदर्शी, उत्तरदायी एवं प्रभावकारी बनाउन प्रशासनयन्त्रले आफूले पुऱ्याउने सेवाको बारेमा जनतालाई अग्रिम सूचना उपलब्ध गराउनुपर्ने व्यवस्था गर्न सिफारिस गरेको थियो। अन्तरिम संविधान, २०६३ को धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ, व्यवस्था थियो। नेपालको संविधानको धारा २७ मा सोही व्यवस्था गरी निरन्तरता दिइएको छ। सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४ मा नागरिक बडापत्र, सार्वजनिक सुनुवाइको व्यवस्था, प्रशासनिक कार्यको व्यवस्थापकीय परीक्षण आदिको व्यवस्था गरिएको छ। पारदर्शिताको सन्दर्भमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सार्वजनिक निकायको परिभाषा गरेको, सूचनाको हकको परिभाषा गरेको, सूचना, लिखतको सार्वजनिक महत्त्व खुलाएको, गोप्य सूचनाको स्पष्ट उल्लेख गरी सार्वजनिक गर्न रोक लगाएको, गोप्य सूचना बाहेकका अन्य सूचनाको प्रवाह सरल र सहज रूपमा गर्ने व्यवस्था गरेको छ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सार्वजनिक रूपमा प्रवाह नगरिने सूचनाका बारेमा उल्लेख छ। जसमा नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने, अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने, आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैङ्किङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने, विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्षरूपमा खलल पार्ने, व्यक्तिगत गोपनीयता र व्यक्तिको जिउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुऱ्याउने खालका सूचना छन्।

नेपालमा सूचनाको हक सम्बन्धमा उल्लेखित कानुनी व्यवस्था भए पनि परम्परागत कार्यशैली, सूचनाको संस्कृतिको विकास नहुनु, समयमा सार्वजनिक गर्न मिल्ने र नमिल्ने सूचनाको वर्गीकरण हुन नसक्नु, नागरिक सचेतनाको अभाव रहनु, सबै सार्वजनिक निकायमा सूचना प्रविधिको प्रयोग हुन नसक्नु वा दक्ष जनशक्तिको अभाव हुनु समस्याका रूपमा छन्। यस्तै सूचनाप्रदायक निकायको संस्थागत स्मरण कमजोर रहनु, सूचना छरिएर रहनु, व्यवस्थापन सूचना प्रणाली प्रभावकारी नहुनु, सबै सार्वजनिक निकायले सूचना अधिकारी नतोक्नु, सूचनाको महत्त्व बुझ्न–बुझाउन नसकिनु, सूचनासम्बन्धी ऐन, नियमको कार्यान्वयन प्रभावकारी नहुनु आदि समस्या देखिन्छ।

कुनै पनि सूचना सम्प्रेषण गर्ने वा प्रकाशन गर्ने व्यक्ति वा निकायले सार्वजनिक सूचना प्रकाशन गर्ने जनतालाई सुसूचित गर्ने, जनताले थाहा नपाएको सूचनाबारे थाहा जानकारी गराउने सत्यतथ्य लुकेको छ भने त्यसलाई उजागर गर्ने, कुनै विषयमा लामो खोज अनुसन्धान गरेर सत्यतथ्य पत्ता लगाउने कार्य सञ्चारक्षेत्रले गर्दछ। त्यसैले यसलाई राज्यको चौथो अङ्गका रूपमा लिइन्छ। सञ्चारमाध्यम र सञ्चारकर्मीको काम लुकेको तथ्य उजागर गर्ने हो। कुनै अनुसन्धान, अभियोजन र फैसलाका बारेमा मूल्याङ्कन गर्ने, ठीक बेठीक भन्ने होइन। त्यो छुट्याउन कानुनले छुट्टै निकाय र अधिकारीको व्यवस्था गरेको छ। कानुनले सबै निकाय, अधिकारी, व्यक्तिका हक अधिकारको व्यवस्था गरेको छ। सबैले आफ्नो अधिकारको सीमारेखा र मर्यादाको पालना गरेमा मात्र मुलुकमा विधिको शासन कायम हुनसक्छ।

(लेखक कञ्चनपुर जिल्ला अदालतका जिल्ला न्यायाधीश हुनुहुन्छ।)

# बैङ्किङ क्षेत्रका उपलब्धि र चुनौती



प्रेमलकुमार खनाल

मुलुकमा ४० को दशकदेखि अवलम्बन गरिएको वित्तीय उदारीकरणको नीतिबाट उपलब्धिसँगसँगै चुनौती पनि खडा भएका छन्। यो नीतिबाट बैङ्किङ प्रणालीमा गुणात्मकभन्दा सङ्ख्यात्मक रूपमा उल्लेखनीय वृद्धि भएको छ। ४० को दशक अगाडिसम्म दुई वाणिज्य बैङ्कहरू– नेपाल बैङ्क लिमिटेड र राष्ट्रिय वाणिज्य बैङ्कले मात्र मुलुकको बैङ्किङ प्रणालीमा योगदान पुर्‍याउँदै आएकोमा अहिले देशभर आठ हजार २०५ वटा बैङ्क तथा वित्तीय संस्थाका शाखाहरूले सेवा पुर्‍याउँदै आएका छन्। यसरी शाखा विस्तारको हिसाबले प्रतिबैङ्क शाखा तीन हजार ५६० जनसङ्ख्याले बैङ्किङ सेवा प्राप्त गरिरहेका छन्। बैङ्क तथा वित्तीय संस्थाहरूमा दुई करोड ५६ लाख ५८ हजार सङ्ख्यामा बैङ्कमा निक्षेप खाता रहेको पाइन्छ भने कर्जा खाता सङ्ख्या १३ लाख ६० हजार रहेको छ।

उदारीकरणको नीतिले बैङ्किङ प्रणालीमा नयाँ प्रविधिको विकास र विस्तार गरेको छ। खासगरी नगद जम्मा र भुक्तानी प्रणालीमा आधुनिक विधिको प्रयोगले बैङ्किङ क्षेत्रमा क्रान्ति नै ल्याइदिएको छ। एक ठाउँबाट अर्को ठाउँमा पैसा पठाउन तथा एक बैङ्कको शाखामा जम्मा गरेको रकम अर्को बैङ्ककै शाखाबाट भुक्तानी लिन सजिलो भएको छ। यसले घन्टौँसम्म लाइनमा बसेर ग्राहक वर्गले सेवा लिनुपर्ने अवस्था करिब–करिब अन्त्य भएको छ। तर, कतिपय बैङ्कमा टोकन प्रणालीबाट भुक्तानी लिने वा नगद जम्मा गर्ने परिपाटी भए पनि एक घन्टासम्म नै पट्यारलाग्दो अवस्थामा प्रतीक्षामा बस्नुपर्ने अवस्था छ। विगतमा बैङ्कका शाखाहरू जिल्ला सदरमुकाममा मात्र हुँदा दुर्गम भेगका जनताले दुई/तीन दिनसम्म धाएर बैङ्किङ सेवा लिनुपर्ने अवस्था थियो, अब गाउँघरसम्म मोटरबाटोको पहुँच पुग्न थालेको छ। हरेक गाउँपालिकासम्म बैङ्कका शाखा विस्तार गर्ने नीतिले पूर्णता पाउँदै छ। यसले अब बैङ्क कारोबार गर्न दुई/तीन दिनसम्म धाउनुपर्ने स्थितिको अन्त्य हुँदै छ।

जनतालाई बैङ्किङ आदत बसाउन र आर्थिक कारोबारलाई बैङ्किङ प्रणालीभित्र आबद्ध गर्न बैङ्कमा बचत खाता खोल्न विगतमा धेरै नै झन्झट थियो। न्यूनतम पाँच सय, एक हजार, दस हजारसम्म रकम जम्मा नगरी बैङ्क खाता नै खोल्न नपाइने परिपाटी परिवर्तन भएको छ। बैङ्कहरूले न्यून रकममै बैङ्क खाता खोल्न ग्राहक वर्गलाई प्रेरित गर्दै आएका छन्। अहिले त टोल, बस्ती तथा गाउँघरसम्म नै बैङ्क कर्मचारीहरू पुगेर खाता खोल्न बचतकर्तालाई आह्वान गरिरहेका छन्। सरकारले पनि हरेक व्यक्तिका लागि बैङ्क खाता खोल्ने राष्ट्रिय अभियानको सुरुवात गरेको छ। अर्थतन्त्रको मौद्रीकरण गर्नका लागि पहिलो सर्त भनेको जनतालाई बैङ्किङ आदत बसाल्न र निष्क्रिय अवस्थामा रहेको बचत रकमलाई निक्षेपका रूपमा सङ्कलन गरी राष्ट्रिय पुँजी निर्माण गर्नु हो। यस कार्यमा अहिले त स–साना सहकारी संस्थाहरूले घर–घरमा पुगी दैनिक रूपमा १०० देखि एक/दुई हजारसम्म रकम सङ्कलन गर्ने गरेका छन्। यो अत्यन्तै सकारात्मक उपलब्धिका रूपमा देखिन्छ।

यति हुँदाहुँदै पनि अझै झन्डै ४० प्रतिशत जनताले औपचारिक बैङ्किङ प्रणालीबाट सेवाप्राप्त गर्न नसकिरहेको भन्ने तथ्यहरू बाहिर आएका छन्। यसले वित्तीय पहुँच विस्तारमा अझै गम्भीर ढङ्गले सोच्न जरुरी भइसकेको छ। बैङ्किङ प्रणालीको विस्तारले बैङ्क कर्जामा माध्यमबाट लाखौँ मानिस स्वरोजगार बनेका छन् तर यो स्वरोजगारी कति दिगो र फलदायी बनिरहेको छ ? भन्ने अध्ययन हुन सकेको छैन। बैङ्क सेवामा पनि तीन दशक अगाडि २५/३० हजारमात्र रोजगारी गरिरहेको स्थिति थियो भने अहिल्यै वाणिज्य बैङ्क, विकास बैङ्कबीच कम्पनी वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरू र गाउँघरसम्म फैलिएका सहकारी संस्थाहरूमा गरी झन्डै दुई लाखको हाराहारीमा कर्मचारीहरू प्रत्यक्ष रोजगारीमा संलग्न भएको पाइन्छ।

बैङ्किङ प्रणालीमा जुन ढङ्गले आमूल सुधार र परिवर्तन भइरहेको छ, यसले साँच्चिकै मुलुकको आर्थिक विकासमा नयाँ ढङ्गले नै क्रान्ति ल्याउनुपर्ने हो तर त्यस्तो हुन सकिरहेको छैन। बर्सेनि पाँच लाखको हाराहारीमा श्रम बजारमा पदार्पण हुने श्रम शक्तिका लागि आयमूलक रोजगारीका अवसर नहुँदा ४०/५० लाख मानिस विदेशतिर भौँतारिन बाध्य छन्। यसरी बैङ्कहरूको विस्तार हुँदा पनि किन मानिस विदेशतिर रोजगारी गर्न जान बाध्य हुँदै छन् ? हाम्रो बैङ्किङ प्रणाली जुन ढङ्गले विस्तार भएको छ, तदनुरूप युवा बेरोजगार लक्षित बैङ्क कर्जाको सेवाले उनीहरू कति स्वरोजगार भई आर्थिक रूपले सक्षम भइरहेका छन् वा छैनन् ? विचारणीय छ। अहिले बैङ्किङ प्रणालीबाट प्रवाह भएको कुल कर्जाको झन्डै ८५/९० प्रतिशत कर्जा कर्पोरेट हाउस र ठूला कम्पनीमा प्रवाह भएको चर्चा छ। यस्तो स्थिति हो भने लक्षित वर्गका लागि बैङ्किङ सेवा पुर्‍याउन अझै ध्यान दिनुपर्दछ। प्रायः सबै बैङ्कहरू अहिले राम्रो नाफामा सञ्चालनमा छन्। कतिपय बैङ्कहरूले त तीन/चार अर्बसम्म मुनाफा कमाउन थालेका छन्। एक हिसाबले भन्ने हो भने अहिले बैङ्किङ उद्योग फस्टाएर जान थालेको छ। यसरी बैङ्कहरू मुनाफामा जानुमा के कारण हो ? सर्वत्र जिज्ञासा छ। खासगरी बैङ्कहरूले निक्षेपकर्तालाई निक्षेपबापत दिने व्याजदर रकम न्यून छ भने त्यस अनुपातमा कर्जाको व्याज भने महँगो छ। मूल्यवृद्धिको अनुपातभन्दा कम दरको निक्षेपको व्याजदर हुँदा स्वाभाविक रूपमा निक्षेपकर्ताले उचित प्रतिफल प्राप्त गर्न सक्दैन। यसले गर्दा निक्षेपकर्ताहरू बैङ्कमा निक्षेप राख्न लालायित हुँदैनन्। बैङ्किङ प्रणालीमा निक्षेप भित्रिन नसक्दा बैङ्किङ प्रणालीमा तरलताको समस्या उत्पन्न गर्नुको साथै राष्ट्रिय पुँजी परिचालनमा समेत नकारात्मक प्रभाव पार्छ।

यस्तै बैङ्कहरूबाट प्रवाह हुने गरेको कर्जाको औसत व्याजदर १२/१३ प्रतिशत छ। अझ सहकारीतर्फ त १७/१८ प्रतिशतसम्म कर्जाको व्याज हुने गरेको छ। यसरी निक्षेपमा अत्यन्तै न्यून दरको प्रतिफल प्रदान गर्ने तर कर्जा भने महँगो दरको व्याज निर्धारण गर्ने परिपाटीले वित्तीय बजारमा नयाँखाले शोषणलाई संस्थागत गरेको छ। मौद्रिक कारोबारको सम्पूर्ण नियमन, अनुगमन र व्यवस्थापन गर्ने केन्द्रीय बैङ्कको भूमिकालाई वित्तीय उदारीकरण नीतिका माध्यमबाट कमजोर बनाउने काम भएको छ।

बैङ्किङ क्षेत्रबाट प्रवाह हुने गरेको कुल कर्जामा एकातिर कर्पोरेट हाउसको वर्चश्व हुनु अर्कोतिर प्रवाह गरिएको कर्जा उत्पादनशील क्षेत्रभन्दा व्यक्तिगत खाँचो टार्न, घर–जग्गा कारोबार, सेयर धितो, मोटरसाइकल खरिदजस्ता क्षेत्रमा ठूलो परिणाममा कर्जा प्रवाह हुने गरेको छ। फलस्वरूप अहिले सवारीसाधनको आयात बढ्नुका साथसाथै पार्टपुर्जा र इन्धन आयात गर्नुपर्दा व्यापार घाटा वृद्धि गर्दै लगेको छ। यसरी हेर्दा मुलुकमा व्यापार घाटा वृद्धि हुनुमा बैङ्किङ क्षेत्रबाट प्रवाह भएको अनुपत्पादक क्षेत्रको कर्जा पनि मुख्य कारकहरूमध्येमा एक भएको छ। यस्तै बैङ्किङ प्रणालीमा एक बैङ्कबाट कर्जा लिने अनि भाखा नाघेपछि पुनः अर्को बैङ्कबाट त्यही कर्जा सारेर नयाँ कर्जामा रूपान्तरण गर्ने (स्वाप कर्जा कारोबार) को परिपाटीले उत्पादन र रोजगारी बढाउन मद्दत पुर्‍याएको पाइँदैन। बैङ्कहरूले आफूखुसी तवरले व्याजदर निर्धारण गर्ने गरेकाले वित्तीय प्रणालीमा गम्भीरखालको समस्या सिर्जना गरी निक्षेपकर्ता र उपभोक्ताको हित हुन सकेको छैन। यसतर्फ सरकार र केन्द्रीय बैङ्कको गम्भीर रूपमा ध्यान जान जरुरी देखिन्छ। यस सन्दर्भमा मुलुकमा उत्पादन बढाउन कृषि क्षेत्रमा भने अझै पनि कर्जा वृद्धि हुन सकेको छैन। मुलुकमा व्यापार घाटा वृद्धि गर्न बैङ्किङ क्षेत्रबाट प्रवाह भइरहेको अनुत्पादक क्षेत्रको कर्जा पनि चुनौतीका रूपमा छ। यस विषयमा गम्भीरतापूर्वक सोच्न जरुरी भइसकेको छ।

वित्तीय संस्थाहरूको जसरी विकास र विस्तार जसरी नै वित्तीय क्षेत्रमा अपराधजन्य घटनाहरू पनि भइरहेका छन्। सर्वसाधारण जनताको नासोका रूपमा निक्षेप राख्ने बैङ्कहरूमा भइरहेका अपराधहरूले वित्तीय संस्थाहरूको विश्वसनीयतामा प्रश्नचिह्न उठ्छ। एक तथ्याङ्कअनुसार अहिले वित्तीय प्रणालीभित्र बैङ्किङ कसुर गरेबापत करिब ३६ अर्ब बिगो दाबीसहितका १८० वटा वित्तीय अपराधका घटनाहरू दर्ता भई कारबाही भइरहेको विषय सार्वजनिक भएको छ। वित्तीय क्षेत्रमा सङ्गठित, असङ्गठित हिसाबले अपराध गर्न व्यक्तिहरू लागिरहेका छन्, बैङ्क सञ्चालक समितिका पदाधिकारी तथा कर्मचारीहरू बैङ्कमा नक्कली ग्राहक बनेर आउने व्यक्तिहरू र कर्मचारीहरू मिलिभगत गरी यस्ता अपराधहरू गरिरहेका छन्। यस सन्दर्भमा बैङ्कको सञ्चालक समिति र व्यवस्थापनलाई बढी व्यावसायिक बनाउने, सक्षम योग्य व्यक्तिहरू स्वतन्त्र बैङ्किङ सेवा आयोगबाट खुला प्रतिस्पर्धाबाट मात्र भर्ना गर्ने नीति अवलम्बन गर्न सकेमा अपराधका घटनामा न्यूनीकरण हुन सक्छ।

बैङ्किङ प्रणालीमा एकातिर सक्षम जनशक्ति भर्ना गर्न स्वतन्त्र ढङ्गको वित्तीय सेवा आयोगको गठन गर्न आवश्यक छ भने अर्कोतिर बैङ्किङ सेवामा कार्यरत कर्मचारीहरूको सेवा सुरक्षा, वृत्ति विकास र समायोचित आर्थिक सुविधा वृद्धि गर्ने नीतिलाई कडाइका साथ लागू गर्नुपर्दछ। अहिले निजी क्षेत्रका बैङ्कहरूमा अन्य कर्मचारीभन्दा ८/१० गुणा बढी तलब कार्यकारी प्रमुखहरूलाई दिने र सहायक र निम्नस्तरका कर्मचारीलाई न्यूनतम तलब सुविधा पनि प्रदान नगर्नेखालको अभ्यासको अझै अन्त्य हुन सकेको छैन। सबै बैङ्क तथा वित्तीय संस्थाहरूमा सेवा सुरक्षा, वृत्ति विकास र आर्थिक सुविधाका न्यूनतम श्रम मापदण्डलाई एकरूपताका साथ अनिवार्य रूपमा लागू गर्न सकियो भनेमात्र श्रम शोषणको मात्रालाई कम गराउन सकिन्छ। यसबारेमा नियमनकारी निकायको हिसाबले केन्द्रीय बैङ्कको गम्भीर रूपमा ध्यान जान जरुरी छ।

मुलुकमा अनौपचारिक अर्थतन्त्र मौलाउँदै गएको छ। एक दशकअगाडि विश्व बैङ्कले सार्वजनिक गरेको एक प्रतिवेदनले कुल राष्ट्रिय आयमा अनौपचारिक अर्थतन्त्रको हिस्सा २८ प्रतिशत रहेको सार्वजनिक गरेको थियो। वैदेशिक रोजगारीबाट प्राप्त हुने आय हुन्डीमार्फत रकमान्तर गर्ने, कर छली गर्ने, अवैधानिक ढुकुटी कारोबारजस्ता गैरकानुनी कारोबारले अनौपचारिक अर्थतन्त्र मौलाइरहेको छ। तसर्थ, यस्तो अनौपचारिक अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा रूपान्तरित गर्न उपयुक्त वित्तीय नीति अवलम्बन गर्नु बैङ्किङ क्षेत्रको चुनौतीका रूपमा रहेको छ।

**(लेखक बैङ्किङ क्षेत्रका अनुभवी हुनुहुन्छ।)**




> निक्षेपमा अत्यन्तै न्यून दरको प्रतिफल प्रदान गर्ने तर कर्जा भने महँगो दरको व्याज निर्धारण गर्ने परिपाटीले वित्तीय बजारमा नयाँखाले शोषणलाई संस्थागत गरेको छ।

# विश्वव्यापीकरण र ह्रासोन्मुख नैतिकता



योगेन्द्र तिमिल्सिना

खुला अर्थतन्त्र भन्नाले वस्तु र सेवाको आन्तरिक तथा बाह्य बजारलाई सामान्यतः सरकारले नियन्त्रण नगरी खुला राखेको भन्ने बुझिन्छ। वस्तु र सेवाको मूल्य निर्धारण पनि माग र आपूर्तिको बजार प्रक्रियाद्वारा स्वचालित हुन्छ भनिन्छ। कट्टर साम्यवादी वा एकतन्त्रीय राज्य व्यवस्थामा भने वस्तु र सेवाको व्यापार सरकारद्वारा नियन्त्रित हुन्छ। त्यसलाई राज्यले मुलुकको आवश्यकता र औचित्य हेरी नियन्त्रण गरेको हुन्छ। त्यस्तो राज्य व्यवस्थामा वस्तु र सेवाको बजारमूल्य पनि बजारको सिद्धान्तले भन्दा शासकीय तजबिजबाट मुलुकको आवश्यकता हेरी निर्धारण गरिएको हुन्छ। लोकतन्त्रमा वाक् स्वतन्त्रता र प्रेस स्वतन्त्रतामा कुनै अङ्कुश लगाउनुहुँदैन भनेजस्तै खुला अर्थतन्त्रमा पनि वस्तु र सेवाको ओसारपसारमा खुलापन ल्याउने सरकारी नीति हुन्छ। सबैखाले राज्य व्यवस्थाका आफ्नै नीति र प्रक्रिया हुन्छन्। वास्तवमा कस्तो व्यवस्था समाजका निम्ति उपयुक्त हुन्छ भनेर ठ्याक्कै भन्न सजिलो छैन।

हामी अहिले राजनीतिमा लोकतन्त्र र अर्थनीतिमा खुलापनको नीतिलाई लिएर हिँडिरहेका छौँ। लोकतन्त्रमा वाक् स्वतन्त्रता र प्रेस स्वतन्त्रताको कुनै सीमा छ, छैन भन्ने प्रश्न पनि बेलाबखत आइरहने गर्छ। लोकतन्त्रमा प्रत्येक नागरिकको अभिव्यक्तिको स्वतन्त्रता भएकाले जुनसुकै नागरिकले पनि जे पनि मनको कुरा बोल्न पाउने, लेख्न पाउने, आफ्ना कुण्ठालाई लिएर भाषण गर्न पाउने, मन नपरेको मानिसलाई गाली गर्न पाइनेजस्ता सबैखाले अधिकार पर्छन् कि पर्दैनन् ? कसैको विचार र सुझावलाई स्वतन्त्रतापूर्वक वक्तव्य, लेख तथा कुनै सञ्चारमाध्यममार्फत प्रस्तुत गर्नुलाई अभिव्यक्तिको स्वतन्त्रता भनिन्छ। कसैले जानीजानी अरूको चरित्र वा प्रतिष्ठामा चोट पुग्नेगरी झुटो वा कसैलाई भ्रममा पार्नेगरी अभिव्यक्तिको स्वतन्त्राको प्रयोग गर्नुहुँदैन। प्रेसको स्वतन्त्रताको हकमा पनि यही लागू हुन्छ। यसबाट के स्पष्ट हुन्छ भने अभिव्यक्ति स्वतन्त्रताको प्रयोग मर्यादापूर्वक शिष्ट भाषामा गरियो भने लोकतन्त्रलाई मर्यादित र व्यवस्थित बनाउन सकिन्छ। भारत ठूलो लोकतान्त्रिक मुलुक हो। त्यहाँ अभिव्यक्ति स्वतन्त्रताको प्रयोग कसरी गरिन्छ हामी सबैले जानेकै कुरा हो। हो, लोकतन्त्रमा यस्ता कुराहरू हेर्ने अदालतलगायत अनेक संयन्त्र हुन्छन्। तर, त्यसले सर्वसाधारणलाई झमेला र राज्यलाई बोझ थप्नेमात्र हो। त्यसैले अभिव्यक्ति स्वतन्त्रतामा नागरिक आफैँ सचेत भैदिए मुलुकले सहज निकासको बाटो पाउँछ।

विगत तीस वर्षमा हामीले मुलुकभित्र अस्थिरताको सामना गर्‍यौँ। हामीले आफ्नो हित संरक्षणका निम्ति सङ्गठन गर्न सिक्यौँ, विरोध र नारा–जुलुस गर्न सिक्यौँ। भत्काउन सिक्यौँ तर निर्माण गर्न सिकेनौँ। यस अवधिमा हामीले मुलुकको हितका लागि हाम्रो कर्तव्य र दायित्व के हो भन्ने कुरा सिक्न सकेनौँ। अनुशासन सिकेनौँ, किनभने त्यसबेला हामीलाई सिकाउने कोही भएन। अब हामीले खोजेको लोकतन्त्र स्थापित हुँदै छ। भनिन्छ, यसको विकल्प छैन। केही दिन अझै धैर्य गरौँ, तुरुन्त विकल्प नखोजौँ। वास्तवमा हामीले धेरै विकल्प हेरिसकेका छौँ, भोगिसकेका छौँ।

अब अर्थनीतिमा खुलापनको कुरा गरौँ। अघि नै भनियो लोकतन्त्रमा वस्तु र सेवाको व्यापार पनि राज्य नियन्त्रित हुनुहुँदैन, बजार नियन्त्रित हुनुपर्छ। बजारलाई उन्मुक्त छोडियो भने बजारमा वस्तु र सेवाको माग र आपूर्तिका आधारमा बजारले आफैँ मूल्य निर्धारण गर्छ। तर, हाम्रोजस्तो मुलुकमा के त्यस्तो सम्भव होला ! बजारमा वस्तु र सेवाको आपूर्ति नै पर्याप्त छैन। आपूर्तिमा कमी आउनेबित्तिकै माग पक्षले उपभोक्तामाथि घोडा चढ्छ। व्यापारीले जति पैसा माग्छ उपभोक्ताले निरीह भई त्यति नै मूल्य तिरी सरसामान खरिद गर्नुपर्ने हुन्छ। बजारमा छेलोखेलो सामान उपलब्ध भए पो मूल्य घट्नु। त्यसैले आपूर्ति बढाउने दायित्व लोकतन्त्रमा पनि राज्यकै हुन्छ।

लोकतान्त्रिक व्यवस्था वा आर्थिक खुलापनको अवस्थामा उपभोक्ताले विश्वमा उपलब्ध हुने जुनसुकै सेवा पनि माग गर्न सक्छ। त्यस्तो सेवा उपलब्ध गराउन विश्वबजार तयार छ। त्यसैले हाम्रो मुलुकमा अमेरिका, जापान, चीन, सिङ्गापुर, कोरिया, भारत र अन्य मुलुकबाट पैठारी गरिएका वस्तु र सेवाहरू उपलब्ध छन्। हामी पनि ती देशका ग्राहकलाई ऊनका गलैँचा, सुतीका कपडा, हस्तकलाका सरसामान, पस्मिना, चिया, अलैँची आदि मागबमोजिम बेच्ने गर्छौं। यस्तो अवस्थालाई खुलापन र विश्वव्यापीकरण (ग्लोबलाइजेसन) भनिन्छ। अर्थात् आज बजार सङ्कुचित छैन, विश्वभर फैलिएको छ। त्यसो भन्दैमा बजार अनियन्त्रित भने हुनुहुँदैन। अमेरिकाजस्तो खुलाबजार अवलम्बन गर्ने देशले पनि आफ्नो हितअनुकूल बजारलाई नियन्त्रण गरेकै छ। त्यसैले जतिसुकै खुलापन भने पनि अभिव्यक्ति स्वतन्त्रताको कुरा होस् अथवा वस्तु र सेवाको ओसारपसार कुरा होस्, हरेक मुलुकले आफ्नो देशको हितअनुकूल नियन्त्रण गरिराखेकै हुन्छ। छाडापनले मुलुकको विकासमा विग्रह ल्याउँछ। मुलुक बनाउने हो भने अनुशासन आवश्यक पर्छ। अधिकारको प्रयोगमात्र होइन, अनुशासनको पालना पनि उत्तिकै आवश्यक पर्ने हुँदा राज्यमा नागरिकका गतिविधि माथि उपयुक्त नियन्त्रण आवश्यक हुन्छ।

विद्युतीय सञ्चारमाध्यमबाट हरेक कुरा अनियन्त्रित हुँदै गएको देखिन्छ। विश्वको एउटा कुनामा घटेको एउटा घटना क्षणभरमा हरेक मुलुकको कुनासम्म पुगिसकेको हुन्छ। कुनै दृश्य, विचार वा घटनाको गुण वा दोष केलाइरहने फुर्सद कसैलाई छैन। इन्टरनेटको प्रयोगबाट मोबाइल, ल्यापटप र ट्याब्लेटजस्ता विद्युतीय सामग्री र अन्य सामाजिक सञ्जाल संसारभर प्रिय हुँदै गएका छन्। यस्ता सामग्रीको प्रयोगबाट व्यापारमा समेत सहजता आएको छ। त्यसो भनेर यस्ता सामग्रीले के समाजमा सकारात्मक सन्देशमात्र दिएका छन् त ? यस्ता सामग्रीको प्रयोग गरी स्कुले विद्यार्थी अश्लील भिडियो हेर्छन् तथा पुरुष र महिलाबीचमा हुने प्राकृतिक तथा नैतिक, यौनिक सम्बन्धलाई उच्छृङ्खल, कृत्रिम र अपराधजन्य क्रियाकलापमा परिणत गर्छन्।

> छाडापनले मुलुकको विकासमा विग्रह ल्याउँछ। मुलुक बनाउने हो भने अनुशासन आवश्यक पर्छ। अधिकारको प्रयोगमात्र होइन, अनुशासनको पालना पनि उत्तिकै आवश्यक पर्ने हुँदा राज्यमा नागरिकका गतिविधि माथि उपयुक्त नियन्त्रण आवश्यक हुन्छ।

सामाजिक सञ्जालको प्रयोगबाट पति–पत्नीबीचमा हुने प्राकृतिक यौन आनन्दको सम्बन्धसमेत हराउँदै गएको छ। यसले मनमुटाव बढ्ने र सम्बन्धविच्छेदको अवस्थासमेत आउने गरेको देखिएको छ। फेसबुक र मेसेन्जरको बढ्दो प्रयोगबाट युवकयुवती नजिकिँदै जाने, होटल, लजमा भेट्ने र बिस्तारै गलत सम्बन्धलाई अघि बढाउँदै लगी यौनसम्बन्ध समेत राख्ने गरेको समाचार आउने गरेका छन्। अनि दुवैको स्वच्छाले भएको यौन सम्बन्धलाई मान्यता दिनुपर्ने कुरा छ। अर्कातिर बौद्धिक भनिएका केही महिला एउटी महिलाले अर्की महिलालाई शोषण गरेको र पीडित बनाएको दोष पितृसत्तात्मक समाजलाई दिने गरिएको छ। समाजमा एउटी महिलाले सासुलाई घरबाट निकालेको, अर्की महिलाले बुहारीलाई दुःख दिएको, बुहारीले ससुरालाई पिटेको र ससुराले बुहारीलाई घरबाट निकालेको, छोरीले अर्की छोरीलाई दुर्व्यवहार गरेकाजस्ता अनेकौँ समस्या छन्। तर, आपराधिक क्रियाकलापलाई जोडेर रात–दिन पितृसत्तात्मक समाजतर्फ महिलाले औँलो ठड्याउँदै लैङ्गिक विद्वेश निम्त्याउने प्रयासमा छन्। अपराधलाई अपराधकै रूपमा हेरौँ। समाजमा नैतिक बन्धनरूपी डोरी पूर्ण रूपमा चुँडियो भने पारिवारिक सम्बन्धसमेत छताछुल्ल हुन्छ।

सूचना विश्वव्यापीकरण भएको र नकारात्मक सूचनामा मानिस बढी सुसूचित हुँदै गएकाले नैतिकताका दृष्टिकोणले समाज ह्रासोन्मुख छ। सन्तान मैले जन्माउने अनि बाबुको नाम किन चाहियो ? यौन स्वतन्त्र हुनुपर्छ, यौनका निम्ति विवाह आवश्यक छैन, लिभिङ टुगेदरलाई मान्यता दिनुपर्छ। छोराको चूडाकर्म व्रतबन्धमा कपाल किन खौरनुपर्‍यो ? विवाहको एक दिन अगाडि व्रतबन्ध गरे भइहाल्यो नि ! बाबुआमाको क्रियाकर्म नगरे पनि हुन्छ। बाबुको श्राद्धमा कपाल किन खौरनु ? आदि समाजका प्रश्न र माग हुन्। जसका आधारमा नैतिक दृष्टिकोणले समाज ह्रासोन्मुख हुँदै गएको छ।

**(लेखक आख्यानकार तथा स्वतन्त्र लेखक हुनुहुन्छ।)**

## पाठक आवाज

### जनताका पीडामाथि ठट्टा !

पहिलेको खाद्य संस्थान र हालको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले काठमाडौँ गोदाममा राखेको ठूलो परिमाणको चामल कुहिएर फाल्नुपर्ने अवस्थामा रहेको समाचार सञ्चारमाध्यममार्फत प्रकाशनमा आएको छ। समाचारअनुसार ५० लाख बढी मूल्य पर्ने चार सय क्वीन्टलभन्दा बढी चामल कर्मचारीको लापरबाहीका कारण कुहिन पुगेको हो। म स्वयम् खाद्य संस्थानमै काम गरी अवकाशप्राप्त कर्मचारी हुँ। चलनअनुसार त्यसरी गोदाममा राखेका खाद्यान्न खाद्य प्राविधिकसहितको टोलीले कम्तीमा प्रत्येक छ महिनामा अनुगमन र निरीक्षण गर्नुपर्ने हुन्छ। गोदाम भरिएका खाद्यान्नमा कम्तीमा छ महिनासम्म नकुहिने, नसड्ने औषधियुक्त व्यवस्था मिलाइएको हुन्छ। अहिले त्यहाँको कुरा सुन्दा कर्मचारीहरूले लामो समयदेखि गोदाम निरीक्षण नगरेको स्पष्ट हुन्छ। नत्र यत्रो परिमाणको चामल कुहिने अवस्था नै आउँदैनथ्यो। फेरि काठमाडौँको थापाथलीस्थित गोदाम भनेको कम्पनीको केन्द्रीय अड्डाको सबैभन्दा नजिकको गोदाम हो। त्यहींको चामल कुहिनु, साँच्चिकै दुःखलाग्दो कुरा हो। यी कर्मचारीको लापरबाही र गैरजिम्मेवारीको पराकाष्ठा हो।

आज मुलुकका दूरदराजका मात्र होइन, सहर–बजारकै उपभोक्तासमेत महँगी र खाद्यान्न अभावले प्रताडित छन्। त्यही कम्पनीको पूर्वकर्मचारीको नाताले मैले त अझ हुम्ला, जुम्लालगायतका दुर्गम क्षेत्रका जनसाधारण एक किलो चामलका लागि दिन रात लाइनमा बस्नुपरेको र त्यति गर्दा पनि चामल नपाएर निराश फर्कनुपरेको यथार्थ प्रत्यक्ष देखेको छु। यस्तो अवस्थाको बाबजुद राजधानीका गोदाममा थन्क्याइएका चामल कर्मचारीको लापरवाही र मनपरिका कारण कुहिएर खेर जानु भनेको त्यस्ता निसहाय र गरिबीले पिल्सिएका जनताको पीडामाथिको निर्मम ठट्टा हो। वास्तवमा यो चानचुने घटना होइन तर पनि यस विषयमा हालसम्म सम्बन्धित कम्पनी र तालुकवाला मन्त्रालयले चुँसम्म बोल्दैन किन ? त्यस्ता गैरजिम्मेवार कर्मचारी र अधिकारीलाई तत्काल कठघरामा उभ्याउनुपर्ने होइन ?

**देवेन्द्र ढकाल**
**नेपालगन्ज**

### फेरि ग्यासको कृत्रिम अभाव

यतिबेला बजारमा फेरि खाना पकाउने ग्यासको अभाव देखिन थालेको छ। छिमेकी मुलुक भारतले नेपाली भू–भाग नै समेटेर आफ्नो देशको राजनीतिक नक्सा सार्वजनिक गरेपछि मुलुकभर भइरहेको विरोधका पृष्ठभूमिमा सम्भावित नाकाबन्दीको त्रास देखाउँदै व्यापारीले ग्यासको कृत्रिम अभाव सिर्जना गरिरहेका छन्। अहिले पसलमा खाना पकाउने ग्यास खरिद गर्न जाने उपभोक्तालाई व्यापारीले ग्यासका लागि केही दिन कुर्नुपर्ने भन्ने जवाफ दिँदै फर्काउने गरेका छन्। जब कि नेपाल आयल निगमले बजारमा ग्यासको कुनै अभाव नभएको र नेपालले पर्याप्त ग्यास खरिद गरेको जनाउ बारम्बार दिइरहेको छ। तथापि व्यापारीहरूको क्षुद्र स्वार्थका कारण उपभोक्ता भने ग्यासको अभावले पीडित छन्। मुलुकमा अहिले न त कुनै बन्द–हडताल छ, न त ग्यासको मूल्यवृद्धिको कुनै सम्भावना नै छ। तर पनि ग्यासको कृत्रिम अभाव सिर्जना हुनुका कारण के हो ? यसमा व्यापारीको स्वार्थबाहेक अन्य कुनै कारण छैन। हुन त हामी उपभोक्तामा पनि अलिकति हल्लाकै भरमा ग्यासलगायत पेट्रोलियम पदार्थ आवश्यकताभन्दा बढी सङ्कलन गर्ने खराब बानीले घर गरेको छ। उपभोक्ताको खराब आदत र मनोविज्ञान राम्ररी बुझेका व्यापारीले बढी पैसा असुल्ने स्वार्थका कारण ग्यासको कृत्रिम अभाव सिर्जना गरेका हुन् भन्ने कुरा बुझ्न गाह्रो छैन। साढे तीन वर्ष अघिमात्र नेपालमाथि अनाहकमा नाकाबन्दी थोपरेर पछि तीन बल्ड्याङ खाएको भारतले पक्कै पनि अब चेतिसकेको हुनुपर्छ। त्यसैले अहिले नाकाबन्दीको कुनै गुञ्जायस नै छैन। यस अवस्थामा ग्यासको कृत्रिम अभाव निर्माण गर्न खोज्ने व्यापारीलाई उपभोक्ताले पनि ज्याखर्‍याख्ती पार्न सक्नुपर्दछ। त्यसैगरी, व्यापारीको यस्तो कर्तुत छताछुल्ल भइसकेपछि वाणिज्य विभागले अब बजार अनुगमन त थाल्नुपर्‍यो नि। उपभोक्ता तर्साउने र शोषण गर्ने व्यापारीहरूलाई त्यसै नछाडौँ।

**पवित्रा थपलिया**
**मधुमारा, विराटनगर**

### ब्रुमरले धूलो सफा गर्न सकेन

राजधानीको धूलो सफा गर्ने प्रयोजनले काठमाडौँ महानगरपालिकाले झन्डै डेढ वर्षअघि एकैपटक पाँचवटा ब्रुमर खरिद गर्‍यो। त्यसलगत्तै चीन सरकारले अनुदानस्वरूप थप दुईवटा ब्रुमर महानगरलाई उपलब्ध गरायो। महानगरसँग सातवटा ब्रुमर भएपछि हामी काठमाडौँवासीलाई पनि लाग्यो– अब भने महानगरले सरसफाइका सवालमा काँचुली नै फेर्ने भयो। डेढ वर्ष बित्यो, त्यत्रो करोडौँ लगानी गरेर ब्रुमर भित्र्याउनुको कुनै अर्थ र उपादेयता देखिएन।

महानगरको धूलो कम हुनु त परै जाओस् बरु बढ्दो छ। अचम्मचाहिँ के भने तिनै ब्रुमरले बढार्दा विदेशमा बाटाघाटा सफा, चिल्ला र धूलोमुक्त हुने तर हामीकहाँ झन् धूलो किन बढ्ने ? होइन हामीले भित्र्याएका ब्रुमरले नै काम नगरेका हुन् कि, हामीले ब्रुमर चलाउने नजानेको हो ? केही गर्दा पनि सफा नहुने हाम्रो महानगर कस्तो हो ? प्रयोजन नै थिएन भने करोडौँ खर्च गरेर ब्रुमर किन खरिद गर्नुपरेको होला ? सुरुका दिनमा त महानगरका मुख्य सडकहरूमा ब्रुमर गुडाउँदै गरेको देख्न सकिन्थ्यो तर हिजोआज त तिनको मुखसम्म देख्न पाइँदैन। होइन, ती ब्रुमर सजाउन ल्याइएका हुन् कि धूलो सफा गर्न ल्याइएका हुन् ? जे उद्देश्यका लागि ल्याइएको हो, यदि सोअनुसार काम नहुने हो भने ती ब्रुमर सम्बन्धित कम्पनीलाई नै फिर्ता गरिए उचित होला। होइन भने देखाउनकै लागि त ब्रुमरको के काम ?

**माणिकराज जोशी**
**असन, काठमाडौँ**

### विष्णुमती पनि सफा गरौँ

काठमाडौँ उपत्यकाको पवित्र धार्मिक नदी बागमतीको वातावरणीय स्थिति बिग्रेर गएकोमा चिन्ता लिएर नदीलाई सफा बनाउन निरन्तर काम गरिरहेका सबै अभियन्ताहरूलाई प्रशंसा गर्नुपर्छ। यस कार्यमा हामी सबैले आ–आफ्नो ठाउँबाट सहयोग गर्नुपर्छ। सबैले तत्काल गर्न सक्ने काम प्लास्टिकको झोलाको प्रयोग बन्द गर्ने वा कम गर्ने हो। बजार जाँदा घरबाट एउटा ठूलो झोला लिएर गए हरेक पसलबाट प्लास्टिकको झोला लिनुपर्दैन। बागमतीको प्रमुख सहायक नदी विष्णुमतीलाई सफा नगरीकन बागमती कहिले पनि सफा हुँदैन। आखिर विष्णुमतीको फोहोर सबै बागमतीमा मिसिन जान्छ। अहिले सरकारको ध्यान बागमतीमा मात्रै छ। विष्णुमती नदी सफा गर्ने अभियान पनि सुरु गरौँ।

**केआर तुलाधर**
**काठमाडौँ**

भारतको महाराष्ट्र प्रदेशका मुख्यमन्त्री देवेन्द्र फादनाभिस सोमबार मुम्बईस्थित भारतीय जनता पार्टीको बैठकमा प्रवेश गर्नुअघि पार्टीका नेता तथा कार्यकर्तालाई अभिवादन गर्नुहुँदै । तस्बिर : रासस/एपी



# चीन–जापान सम्बन्ध मजबुत : राष्ट्रपति सी

(रासस/सिन्ह्वा)



बेइजिङ, मङ्सिर ९ गते । चीन र जापानबीचको उच्चस्तरीय परामर्श संयन्त्रलाई चीनका राष्ट्रपति सी चिनफिङ र जापानी प्रधानमन्त्री सिन्जो आबेले बधाई दिनुभएको छ ।

चीनको राजधानी बेइजिङमा सोमबार सो संयन्त्रको बैठक बसेको छ । त्यसमा दुवै देशका कूटनीतिक अधिकारीहरूको सहभागिता छ । उक्त बैठकको पूर्वसन्ध्यामा चिनियाँ राष्ट्रपति सी चिनफिङ र जापानी प्रधानमन्त्री सिन्जो आबेले बधाई सन्देश पठाउनुभएको थियो ।

दुई देशबीचका जनताको तहमा सम्पर्क विस्तार गर्न र आपसमा सांस्कृतिक विकास र आदानप्रदान गर्न सो संयन्त्र सहयोगी सिद्ध हुने बताइएको छ । सो अवसरमा चिनियाँ राष्ट्रपति चिनफिङले चीन र जापानले विगत लामो समयदेखि आफ्नो गहिरो र मजबुत सम्बन्धको विकास गर्दै आएका उल्लेख गर्नुभएको छ ।

उहाँले चीन र जापानका नागरिकले कम्तीमा पनि दुई हजार वर्ष यतादेखि आफ्नो सांस्कृतिक र अन्य सम्बन्धको विकास गर्दै आएका उल्लेख गर्नुभएको छ । साथै यस सम्बन्धका कारण यी दुई देश आपसमा सहयोगी रहिआएको पनि सो पत्रमा उल्लेख गर्नुभएको बताइएको छ ।

उक्त संयन्त्र जापान र चीनबीचको सांस्कृतिक तथा जनसम्पर्कका कार्यहरूको आपसी आदानप्रदान हुने धारणा जापानी प्रधानमन्त्री आबेले राख्नुभएको छ ।

दुई देशबीचको आपसी तथा पारस्परिक सहयोग र सुमधुर सम्बन्धको विकासका क्षेत्रमा थप सहयोगी सिद्ध होस् भनेर गएको जुन महिनामा भएको आबे र चिनियाँ राष्ट्रपति सीको भेटका क्रममा सो प्रस्ताव गरिएको उहाँले बताउनुभयो ।

गत जुन महिनामा उहाँहरूबीच जापानको ओसाकामा भएको भेटका क्रममा यस्तो खालको संयुक्त संयन्त्र निर्माण गर्ने र आपसी सहयोग र सद्भाव विकासका लागि काम गर्ने भन्दै यो संयन्त्र निर्माण गर्ने प्रस्ताव जापानले गरेको थियो । सोही प्रस्तावबमोजिम स्थापित यस संयन्त्रको पहिलो बैठक सोमबार बेइजिङमा सुरु भएको छ । सो बैठकमा दुवै देशका उच्च कूटनीतिज्ञहरूको सहभागिता छ ।

यस उच्चस्तरीय संयुक्त संयन्त्रले यी दुवै देशका बीचमा समयसमयमा देखा पर्ने असमझदारीहरू हटाउन पनि सहयोग पुर्‍याउने बताइएको छ ।

# राष्ट्रसङ्घद्वारा काबुल घटनाको निन्दा

रासस/सिन्ह्वा

काबुल, मङ्सिर ९ गते । अफगानिस्तानमा कार्यरत संयुक्त राष्ट्रसङ्घीय मिसनमाथि भएको हिंसात्मक हमलाको संयुक्त राष्ट्रसङ्घले निन्दा गरेको छ । काबुलमा भएको बम हमलामा परी अफगानिस्तानमा कार्यरत राष्ट्रसङ्घीय मिसनका कर्मचारीको निधन भएको थियो । उक्त हमलाको निन्दा गर्दै संयुक्त राष्ट्रसङ्घले सोमबार प्रकाशन गरेको विज्ञप्तिमा ती आक्रमणकारीलाई कानुनबमोजिम कारबाही गर्न आग्रह गरेको छ । आइतबार साँझ एक जना व्यक्तिले राष्ट्रसङ्घका कर्मचारी यात्रा गरिरहेको सवारीसाधनमा हमला गरेको थियो । सो हमलामा परी केही कर्मचारीको ज्यान गएको थियो भने अरू केही घाइते भएका थिए । उक्त हिंसात्मक हमलाको कुनै पनि समूहले जिम्मेवारी लिएको छैन ।

अफगानिस्तानमा शान्ति स्थापनाको कार्यमा कार्यरत राष्ट्रसङ्घीय मिसनका कर्मचारीहरूमाथि यहाँ समयसमयमा यस्तै हिंसात्मक हमला हुने गर्छ । यसका कारण यहाँ कार्यरत अमेरिकी तथा नेटो सैन्य र अन्य कर्मचारीहरूको पनि ज्यान जाने गरेको छ ।


नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पर्यटन विभाग
भृकुटीमण्डप, काठमाडौं

**आशयको सूचना**

सूचना प्रकाशित मिति : २०७६/०८/१०

यस विभागबाट मिति २०७६/०६/१३ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचनाअनुसार निम्न ठेक्काका लागि रितपूर्वक दर्ता हुन आएका बोलपत्रमध्ये तपशिल अनुसारको बोलपत्रदाताहरूले पेश गरेको बोलपत्र सारभूत रूपमा प्रभावग्राही तथा न्यूनतम मूल्यांकित समेत भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | ठेक्काको विवरण | शिलबन्दी बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक रु. (मू.अ.करसहित) |
|---|---|---|---|
| १. | DOT/NCB/CW-05/076/077 Project: Bhairabsthan-Mulabari-Bhakunde View Tower - Baudhha Gumba-Resha Gajako Daha Trail. Site: Bharabsthan -Bhankunde-Bakhunde-Baudhha Gumba -Gajako Daha (Baglung) | मनकामना कन्सट्रक्सन बालाजु, काठमाडौं | ३२,५३,८७०।०० |
| २. | DOT/NCB/CW-06/076/077 Project: Beni-Todke-Dhaulagiri Base Camp Trail, Site: Beni-Pulashram-Todke, Myagdi | मनकामना कन्सट्रक्सन, बालाजु, काठमाडौं | २४,८२,२५३।०० |
| ३. | DOT/NCB/CW-07/076/077 Project: Construction and Improvement of Pancha Bhaiya Trail Lamjung District Site: Ram Chowk Phaat - Hiletaksar (Ch0+000 -5+000) | हिमान्जय कन्सट्रक्सन संखमुल, काठमाडौं | १९,१७,४७७।०० |
| ४. | DOT/NCB/CW-08/076/077 Project: Jaisarkunda-Somdang-Ganesh Himal Trail, Site: Jaisarkunuda-Somdang-Ganesh Himal (Ch0+000 -5+000), Rasuwa Dhading District | हिमान्जय कन्सट्रक्सन संखमुल, काठमाडौं | २४,३९,०१६।०० |
| ५. | DOT/NCB/CW-09/076/077 Project: Pancha Koshi-Bhairavi Trail, Site: Kotila Shirsthan - Navirsthan-Dullu (Ch0+000 -4+600), Dailekh | एन.के. थापा कन्सट्रक्सन प्रा.लि., बानेश्वर, काठमाडौं | १९,९१,५८२।०० |
| ६. | DOT/NCB/CW-10/076/077 Project: Construction of Library Block In chatradham, Site: Chatradham, Sunsari | नामगेल कन्सट्रक्सन बबरमहल, काठमाडौं | ३२,९२,७८६।०० |



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सार्वजनिक खरिद अनुगमन कार्यालय
ताहाचल, काठमाडौँ

**कालोसूचीमा राखिएको सूचना**

सूचना प्रकाशित मिति : २०७६।०८।१० गते

तपसिलका सार्वजनिक निकायहरूबाट लेखी आए बमोजिम यस कार्यालयको मिति २०७६।०८।०६ गतेको निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) बमोजिम यो सूचना प्रकाशित भएको मितिदेखि लागू हुने गरी तपसिलका निर्माण व्यवसायी/आपूर्तिकताहरूलाई देहायको अवधिसम्म कालोसूचीमा राखिएकोले उक्त निर्माण व्यवसायी/आपूर्तिकर्ताहरूले कालोसूचीमा राखिएको अवधिभर सार्वजनिक निकायको कुनै पनि खरिद कारवाहीमा भागलिन नसक्ने व्यहोरा सम्बन्धित सबै सार्वजनिक निकायहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | कालोसूचीमा राख्न लेखी पठाउने सार्वजनिक निकायहरूको नाम, ठेगाना | कालोसूचीमा राखिएका निर्माण व्यवसायी/आपूर्तिकर्ताहरूको नाम, ठेगाना | कालोसूचीमा राखिएको समयावधी |
|---|---|---|---|
| १. | श्री पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पोखरा, कास्की । | श्री होराइजन बिल्डर्स पोखरा म.न.पा.-१७, कास्की । | १ (एक) वर्ष |
| २. | श्री स्वास्थ्य निर्देशनालय, राजपुर, डोटी । | श्री तिवारी मेडिसिन डिष्ट्रिब्युटर, धनगढी, कैलाली । | २ (दुई) वर्ष |
| ३. | श्री नेपाली सेना, संग्राम शार्दुल गुल्म, पानकोट व्यारेक, बझाङ्ग । | श्री श्रीकृष्ण कन्स्ट्रक्सन/त्याडी निर्माण सेवा जे.भी., बझाङ्ग । | १ (एक) वर्ष |
| ४. | श्री सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय, सशस्त्र प्रहरी महानिरीक्षकको सचिवालय, हलचोक, काठमाडौँ । | श्री ॐ श्री ॐ इण्टरप्राइजेज, मिनभवन, काठमाडौँ । | १ (एक) वर्ष |



**Kathmandu Metropolitan City**
**Office of the Municipal Executive**
JDA Complex, Sundhara, Kathmandu, 3 No. Province, Nepal

**Invitation for BID**

**Notice No: 14/076/077**
**Date of Publication : 2076-08-10**

1. Kathmandu Metropolitan City Office has allocated funds from its own resources towards the cost of following works and intends to apply the funds to cover eligible payments under the contract and is open to all eligible Nepalese Bidders.
2. Kathmandu Metropolitan City Office invites sealed or electronic bids from eligible bidders for the following works.

| Package No. | Description of Work | Cost of Bidding Document (NRs.) | Bid Bond Amount (NRs.) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time | Estimate Amount (NRs.) (Without all Taxes and Contingencies) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 51/ 076/077 | Painting ,Maintenance and Greenery works in various community School of KMC (Ward No.1 and 3 to 9 ) | 10,000/- | 600,000.00 (Six Lakhs Only) | 2076-09-10 12:00 hour 2019-12-26 | 2076-09-10 14:00 hour 2019-12-26 | ----- | Only Electronic Bids |
| 52/ 076/077 | Painting, Maintenance and Greenery Works in Various Community School of KMC (Ward No.10 to 15 and 22) | 10,000/- | 900,000.00 (Nine Lakhs Only) | 2076-09-10 12:00 hour 2019-12-26 | 2076-09-10 14:00 hour 2019-12-26 | ----- | Only Electronic Bids |
| 53/ 076/077 | Painting, Maintenance and Greenery Works in Various Community School of KMC (Ward No.16 to 23 ) | 10,000/- | 630,000.00 (Six Lakhs Thirty Thousand Only) | 2076-09-10 12:00 hour 2019-12-26 | 2076-09-10 14:00 hour 2019-12-26 | ----- | Only Electronic Bids |
| 54/ 076/077 | Painting ,Maintenance and Greenery Works in Various Community School of KMC (Ward No. 24 to 32) | 10,000/- | 1,110,000.00 (Eleven Lakhs Ten Thousand Only ) | 2076-09-10 12:00 hour 2019-12-26 | 2076-09-10 14:00 hour 2019-12-26 | ----- | Only Electronic Bids |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Procurement Department, Kathmandu Metropolitan City Office, JDA Complex, 6th Floor Sundhara, Kathmandu, Nepal during office hours or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the Nabil Bank, Kathmandu Metropolitan City Revenue Account No.: 0306017500147.
5. Pre-bid meeting shall be held at Procurement Department, Kathmandu Metropolitan City Office, JDA Complex, 6th Floor, Sundhara, Kathmandu, Nepal **12:00 hours on 2076-08-30.**
6. Electronic bids must be submitted to the office Procurement Department, Kathmandu Metropolitan City Office, JDA Complex, 6th Floor Sundhara, Kathmandu, Nepal through PPMO website www.bolpatra.gov.np/egp_on or before above mentioned date and time. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on above mentioned date and time at the office of Procurement Department, Kathmandu Metropolitan City Office, JDA Complex, 6th Floor, Sundhara, Kathmandu, Nepal. Bids must be valid for a period of 90 days after bid opening (45 days for Sealed Quotation) and must be accompanied by a scanned copy of the bid security in pdf format in case of e-bid, amounting to as mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
8. The bid security may either be in the form of a bid security issued by authorized Financial Institution according to format provided in Bid Document or cash deposited in Kathmandu Metropolitan City Deposit account, Nepal Rastra Bank Thapathali, Account No. 1204708001030524.
9. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to Bidders.

**Procurement Department**



शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र
बाँसबारी, काठमाडौँ
(प्रकाशित मितिः २०७६।०८।१०)

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

यस केन्द्रको लागि निम्नलिखत औषधीहरू खरिद गर्न विभिन्न मितिको गोरखापत्र दैनिकमा E-Biding मार्फत बोलपत्र पेस गर्ने सूचनाअनुसार तपसिलका खरिदको लागि दर्ता भएका बोलपत्रहरूमध्ये सारभूत रूपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | बोलपत्र नं. | लट नं. १ आइटम नं. | विवरण | छनोट गरिएको बोलपत्रदाता | कुल रकम रु |
|---|---|---|---|---|---|
| 1 | 24/ 2076/77 | 108, 245, 310,311 | Medicine | Advance Medicine Distributors Pvt. Ltd. | 1973000.00 |
| 2 | 24/ 2076/77 | 1, 7, 65,138, 139, 240, 363, 366, 373, 395 | Medicine | Axadeep Pharma Distributors Pvt. Ltd. | 964645.00 |
| 3 | 24/ 2076/77 | 31, 32, 33, 47, 102, 120, 121, 136, 156, 160, 174, 205, 213, 215, 387, 392, 423, 466, 467, 473 | Medicine | CTL Pharmaceuticals Pvt. Ltd. | 807470.50 |
| 4 | 24/ 2076/77 | 6, 25, 125, 142, 230, 287, 341, 361, 367, 368, 437, 447, 448, 480, 481, 482, 501, 507, 521, 524 | Medicine | DKM Pharmaceuticals Pvt. Ltd. | 9357097.00 |
| 5 | 24/ 2076/77 | 21, 22, 39, 40, 43, 95, 100, 115, 127, 131, 135, 152, 284, 385 | Medicine | Jay Maa Medical | 2804771.50 |
| 6 | 24/ 2076/77 | 251 | Medicine | Kox Med & Lab Nepal Business Pvt. Ltd. | 4176000.00 |
| 7 | 24/ 2076/77 | 55, 56, 406 | Medicine | Omnica Laboratories Pvt. Ltd. | 5536.00 |
| 8 | 24/ 2076/77 | 4, 8, 11, 16, 17, 23, 24, 26, 27, 28, 29, 41, 46, 48, 49, 62, 63, 64, 66, 67, 77, 78, 82, 83, 86, 87, 89, 90, 96, 97, 98, 101, 104, 105, 109 ,110, 111, 113, 114119, 223, 126, 128, 129, 134, 140 ,145, 146, 147, 148, 149, 150, 154, 155, 158, 165, 166, 167, 169, 170, 177, 182, 183, 185, 186, 191, 194, 196, 199, 201, 204, 207, 214, 217, 222, 223, 224, 225, 226, 227, 228, 229, 241, 243, 267, 268, 271, 272, 274, 279, 289, 296, 305, 306, 323, 334, 336, 343, 344, 345, 346, 347, 351, 358, 359, 360, 371, 374, 375. 376. 377. 379. 382. 397. 401. 403. 408. 409. 411 412. 413. 417, 425, 427, 429, 430, 444, 452, 454, 460, 461, 463, 468, 469, 474, 477, 479, 492, 494, 495, 496, 497, 498, 499, 500, 505, 506, 512, 514, 517, 522, 529, 532, 534, 536, 537, 541 | Medicine | Pharmakon Medisales | 31378692.15 |
| 9 | 24/ 2076/77 | 30, 58, 178, 179, 192, 197, 216, 237, 238, 298, 299, 301, 302, 304, 325, 326, 327, 329, 330, 465, 484, 486, 538 | Medicine | Quest Pharmaceuticals Pvt. Ltd. | 303063.00 |
| 10 | 24/ 2076/77 | 2, 3, 5, 362, 364, 365 | Medicine | Sangrila Super Concern Pvt. Ltd. | 566240.00 |
| 11 | 24/ 2076/77 | 9, 13, 14, 231, 255, 256, 262, 285, 340, 357, 396, 410, 431, 432, 446, 464, 508, 509, 510 | Medicine | Sarathi Medicine Suppliers Pvt. Ltd. | 24657696.00 |
| 12 | 24/ 2076/77 | 10, 19, 34, 53, 54, 61, 75, 76, 92, 93, 94, 117, 132, 133, 163, 164, 172, 173, 176, 180, 187, 259, 260, 265, 266, 269, 270, 278, 293, 294, 303, 320, 321, 332, 348, 349, 350, 369, 370, 383, 384, 398, 399, 401, 404, 415, 416, 433, 519 | Medicine | Sky Pharma Pvt. Ltd. | 3606696.7 |
| 13 | 24/ 2076/77 | 252, 253, 254 | Medicine | Sun Medical Concern Pvt. Ltd. | 13847940.00 |
| 14 | 24/ 2076/77 | 20, 143, 144, 211, 249, 487 | Medicine | Synergy Medisales Pvt. Ltd. | 2019567.00 |
| 15 | 24/ 2076/77 | 18, 57, 59, 112, 130, 171, 188, 281, 283, 300, 314, 315, 318, 356, 378, 424, 440, 449, 450 | Medicine | Qmed Formulation Pvt. Ltd. | 40470.00 |
| 16 | 24/ 2076/77 | 35, 60, 159, 218, 219, 290, 291, 292, 295, 316, 317, 331, 386, 451, 483, 485, 539, 540 | Medicine | Vega Pharmaceuticals Pvt. Ltd. | 85715.00 |
| 17 | 24/ 076/77 | 15, 36, 37, 42, 124, 137, 153, 168, 175, 206, 220, 239, 261, 276, 282, 319, 324, 335, 342, 372, 380, 381, 420, 421, 422, 438, 439, 445, 456, 462, 502, 504, 533 | Medicine | United Pharmaceuticals Distributors | 685935.00 |
| 18 | 24/ 076/77 | 44, 99, 391, 442, 443, 513 | Medicine | Sandesh Medico Concern Pvt. Ltd. | 132691.5 |
| 19 | 24/ 076/77 | 12, 88, 103, 106, 107, 116, 198, 208, 242, 280, 333, 354, 390, 516 | Medicine | Sumy Pharmaceutical Pvt. Ltd. | 156360.00 |



# सीमा स्तम्भको अनुगमन बढाइने



नगरप्रमुख आचार्य

■ बिर्तामोड समाचारदाता

बिर्तामोड, मङ्सिर ९ गते। मेचीनगर नगरपालिकाका प्रमुख विमल आचार्यले पूर्वी सीमामा रहेको भारतीय भूमिसँग जोडिएको क्षेत्रमा रहेका सीमा स्तम्भहरूको मर्मतसम्भार र निगरानी बढाइने बताउनुभएको छ।

नगरप्रमुख आचार्यले पत्रकार सम्मेलनको आयोजना गरी मेची नगरपालिका क्षेत्रमा मात्रै ३४ किलोमिटर सीमा क्षेत्र रहेकाले त्यसमा नापनक्सा गरी सङ्घीय सरकारको समेत ध्यानाकर्षण गर्ने तयारी थालिएको जानकारी दिनुभयो। नगरपालिका प्रमुख आचार्यले नगरको विकास निर्माणका काम र समृद्ध नगर बनाउन हरेक क्षेत्रको सहयोग उत्तिकै आवश्यक रहेको बताउनुभएको छ।

अहिले सांसददेखि हरेक जनप्रतिनिधि आफूले जस पाउने काममा मात्र व्यस्त रहेको टिप्पणी गर्दै नगरप्रमुख आचार्यले आफूले मात्र जस लिने प्रवृत्तिका कारण नगरका धेरै योजना अपहरणमा परेको बताउनुभयो ।

नगरपालिकाको पहलमा ल्याएको योजना मैले ल्याएको भन्दै होडबाजी चलेको र प्रचारमुखीमा लागिपरेको उहाँको आरोप छ।

अहिले पनि नगरमा विकास निर्माणका काम धेरै

### नापनक्सा गरी सङ्घीय सरकारको समेत ध्यानाकर्षण गर्ने तयारी

अधुरा रहेकाले आवश्यक परे केन्द्रीय सरकार, क्षेत्र नं. १ का सङ्घीय सांसद, प्रदेश सभा सदस्यहरूसँग पनि समन्वय गरिने बताउनुभयो। नगरका हरेक योजनामा उत्पन्न असमझदारी, अन्योल, ढिलासुस्तीका बारेमा सम्बन्धित निकायको ध्यानाकर्षण गराएर छिटोछरितो तरिकाले काम सम्पन्न गराउने योजना रहेको नगरप्रमुख आचार्यले बताउनुभयो।

आचार्यले पर्यटन वर्ष–२०२० लाई सफल पार्न नगरस्तरीय समिति गठन, मङ्सिर महिनाभित्र प्रत्येक वडामा स्वास्थ्य सुविधाको व्यवस्था गर्ने, नवनिर्मित मेची पुलका कारण विस्थापित मेचीडाँडावासीलाई उचित राहत उपलब्ध गराउने, मेचीनगरको विभिन्न क्षेत्रमा देखिएको रैथाने हात्तीको आतङ्क नियन्त्रण गर्ने, खानेपानीको उचित प्रबन्ध मिलाउने, फोहोर व्यवस्थापनमा लाग्ने, साइन्स सिटी, एन्फासँगको सहकार्यमा हुने प्रशिक्षण केन्द्रका बारेमा तयारी थालिएको आचार्यले बताउनुभयो।

# ‘बालअधिकारलाई व्यावहारिक बनाउन जरुरी’




प्रदेश प्रमुख सोमनाथ अधिकारी प्यासी (माला लगाएका) बालअधिकार समारोहका मञ्चमा अन्य अतिथिसँग । तस्बिर : नवराज कट्टेल

■ रङ्गेली समाचारदाता

विराटनगर, मङ्सिर ९ गते। खानपिन र नकारात्मक प्रभाव बढ्दै गएका कारण गर्भावस्थादेखि नै बालबालिकाको स्वास्थ्यमा असर पुग्दै गएको भन्दै चिन्ता व्यक्त गरिएको छ।

बालअधिकार क्षेत्रमा काम गर्दै आएको सिविन नेपालको ३२औँ वार्षिक उत्सवको अवसरमा सोमबार बोल्ने अधिकांश वक्ताले बालबालिकामा नकारात्मक प्रभाव अभिभावककै कारण बढ्दै गएको बताएका हुन्।

संयुक्त राष्ट्रसङ्घ बालअधिकार महासन्धिको ३०औँ वार्षिकोत्सवसमेत पारेर आयोजित कार्यक्रममा प्रदेश १ का प्रदेश प्रमुख सोमनाथ अधिकारी प्यासीले बालअधिकारलाई व्यावहारिक बनाउन आवश्यक रहेको बताउनुभयो। उहाँले कानुन निर्माण गर्दै बालबालिकाको शारीरिक वृद्धिमा असर नपुग्ने किसिमका खाद्यवस्तुको प्रयोग बढाउन बाध्यकारी नियमको व्यवस्था गरिनुपर्ने बताउनुभयो।

गलत कामप्रतिको मनोभाव विकास हुँदै गएका कारण धनाढ्य परिवारमा जन्मेका बालबालिका समेत कुलतमा फस्दै गएकोप्रति प्रदेश प्रमुख प्यासीले चिन्ता व्यक्त गर्नुभयो। उहाँले स्वस्थ र सादा खानेकुरामा बालबालिकाको स्वभावलाई बानी पार्न प्रत्येक नागरिकका भान्सामा सुधार गर्नु आवश्यक रहेको बताउनुभयो। विद्यालय उमेर समूहका बालबालिकामा जङ्क फुडको प्रयोग बढ्नुले मानसिक तथा शारीरिक वृद्धिमा नकारात्मक प्रभाव बढेको उहाँले बताउनुभयो।

कार्यक्रममा सामाजिक विकासमन्त्री जीवन घिमिरेले अभिभावकले समस्या पहिचान गर्न नसक्दा बालबालिकाले कुसंस्कार र कुलतको बाटो रोज्ने गरेको बताउनुभयो। उहाँले प्रदेश १ मा १८ लाख बालबालिकाको सङ्ख्या रहेको जानकारी गराउँदै त्यस्ता बालबालिकालाई असल शिक्षा आवश्यक रहेको बताउनुभयो। प्रदेश सरकारले बालअधिकारको रक्षाका लागि मात्रै नभई बालबालिकाको विकासका लागि कानुन बनाएरै नयाँ योजना ल्याउने मन्त्री घिमिरेले जोड दिनुभयो।

यसैगरी उपसभामुख सरस्वती पोखरेलले किशोरी शिक्षासँगै बढ्दो सामाजिक सञ्जालको प्रयोग गर्न बालबालिकालाई सजग गराउनुपर्नेमा जोड दिनुभयो। समाज विकाससँगै बालबालिका जोखिममा पर्ने क्रम बढ्दो रहेको बताउँदै त्यसलाई रोक्नका लागि अभिभावकलाई सचेत गराउनुपर्ने उहाँले बताउनुभयो।

यसैगरी प्रदेश योजना आयोगका उपाध्यक्ष सुबोधराज प्याकुरेलले प्रत्येक स्थानीय तहमा आवधिक योजना बनाएर निश्चित अवधिभित्र बालबालिकाको क्षेत्रमा गरिनुपर्ने कामको खाका तयार गरिनुपर्ने बताउनुभयो। उहाँले बालबालिकालाई असल शिक्षा दिन नसकिए समाजको नेतृत्वमा असर पर्ने धारणा राख्नुभयो।

# ‘हिंसाविरुद्ध निरन्तर अभियान’



हिंसाविरुद्धको १६ दिने अभियानमा सहभागी महिला तथा बालिका। तस्बिर : विष्णु पोखरेल

■ नवराज कट्टेल

विराटनगर, मङ्सिर ९ गते। निरन्तर अभियानले मात्रै महिला तथा बालबालिका अधिकार सम्पन्न हुने प्रदेश सभा उपसभामुख सरस्वती पोखरेले बताउनुभएको छ।

महिला हिंसाविरुद्धको १६ दिने अभियानको विराटनगरमा उद्घाटन गर्नुहुँदै उपसभामुख पोखरेलले संविधानमा लेखिएका अधिकार प्राप्ति गर्न अभियान आवश्यक रहेको बताउनुभएको हो।

‘असमानताको पुस्ता : बलात्कारविरुद्धको ऐक्यबद्धता’ भन्ने नारासहित यो वर्षको महिला हिंसाविरुद्धको १६ दिने अभियान सुरु भएको छ। प्रदेश १ सामाजिक विकास मन्त्रालयको आयोजनामा सोमबार सरोकारवाला पक्षसहितको प्रभातफेरीले बजार परिक्रममा पछि कोणसभा आयोजना गरेको थियो।

महिलामाथि हुने हिंसा अन्त्यका लागि अधिकार स्थापित हुन आवश्यक छ, उपसभामुख पोखरेलले कोणसभालाई सम्बोधन गर्दै भन्नुभयो, आमाको नामबाट नागरिकता प्राप्त हुने कानुनको कार्यान्वयन निर्विवाद हुनुपर्दछ। महिला अधिकारका क्षेत्रमा बनेका कानुन कार्यान्वयनमा चुनौती देखिएको स्मरण गराउँदै त्यसका लागि सरकारलाई दबाब सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रमका अध्यक्ष सामाजिक विकासमन्त्री जीवन घिमिरेले सरकारी तवरबाट प्रारम्भ भएको कार्यक्रमलाई नागरिकस्तरमा लैजान अभियानकर्मीले निरन्तर लाग्नुपर्नेमा जोड दिनुभयो। दमक समाचारदाताका अनुसार झापाको दमकमा विभिन्न क्षेत्रका अगुवा महिला तथा सरोकारवालाहरूले लैङ्गिक हिंसा रोक्न आफूहरू सधैँ तत्पर रहेको लिखितरूपमा नै सार्वजनिक प्रतिबद्धता गरेका छन्।

दमक नगरपालिका उपप्रमुख गीता अधिकारीले लैङ्गिक हिंसा एउटा जटिल समस्याका रूपमा रहेको जनाउँदै अहिले पनि यस विषयमा महिलाहरूले मुख नखोलेको बताउनुभयो। इलाका प्रहरी कार्यालय दमकका प्रमुख विजयराज पण्डित, दमक अपाङ्ग सहयोग समितिका सचिव मदन बोहोरा, सहकारीकर्मी अगुवा महिला चन्द्रा खड्का लगायतका व्यक्तिले महिलालाई आत्मनिर्भर र आर्थिक रूपमा सम्पन्न बनाउँदै लैजाँदा हिंसा न्यूनीकरण हुँदै जाने कुरामा जोड दिनुभएको थियो।

### जिल्लाभरि नै अभियान

इनरुवा समाचारदाताका अनुसार सुनसरी सदरमुकाम इनरुवासहित जिल्लाभरि नै लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्धको १६ दिने अभियान सुरु भएको छ। सोमबार सरकारी तथा गैरसरकारी संस्थाहरूले लैङ्गिक हिंसाविरुद्धको सचेतना कार्यक्रम गर्दै अभियान सुरु गरेका हुन्। जिल्लाको सदरमुकाम इनरुवा–९ अनौपचारिक क्षेत्र इन्सेकसहितका विभिन्न मानव अधिकारवादी संस्थाको समन्वय र सहकार्यमा ‘न्यायमा पहुँच’को विषयमा अन्तर्क्रिया गर्दै अभियान सुरु गरेका हुन् । त्यसैगरी रामधुनीमा सेतो रिबन वितरण गरिएको छ। दुहबी, कोसी, गढी र बराह क्षेत्रमा प्रभातफेरी र अन्तर्क्रिया गरिएको छ।

### बलात्कारविरुद्ध ऐक्यबद्धता

बिर्तामोड समाचारदाताका अनुसार बिर्तामोडमा बलात्कारविरुद्धको ऐक्यबद्धता भन्ने मूल नाराका साथ महिला हिंसाविरुद्धको १६ दिने अभियान सुरु गरिएको छ। कन्काई नगरपालिकाको आयोजना तथा स्थानीय दुई दर्जन सङ्घसंस्थाको सहआयोजनामा झापा सुरुङ्गामा अभियान सुरु गरिएको हो। नगरपालिकाकी उपप्रमुख मञ्जु प्रसाईंको सभापतित्व तथा ज्येष्ठ महिला सदस्य निर्मला चाम्लिङ राईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा महिला हिंसाविरुद्धको नारा र प्लेकार्ड लिएर नगर परिक्रमा गरिएको थियो।


## बोलपत्र आह्वानको सूचना

**श्री स्वदेश उपशाखा, सैनिक सामाग्री प्राप्ती निर्देशनालय, संभाररथी विभाग, जंगी अड्डा**
**नेपाली सेनाको लागी आवश्यक विभिन्न सामग्रीहरू खरिदको लागि बोलपत्र आव्हान सूचना**

(Mattress(Coir) प्रथम पटक प्रकाशित मिति २०७६/०७/०१ गते)
(प्रकाशित मिति २०७६/०८/१० गते)

१. नेपाली सेनाको लागी आवश्यक पर्ने विभिन्न सामग्रीहरु e-GP सिष्टमको माध्यमबाट खरिद गर्न आवश्यक भएको हुंदा ईच्छुक योग्य बोलपत्रदाताहरुको लागी यसै सुचनाद्वारा यो बोलपत्र आव्हान गरिएको छ ।

| ठेक्का नं. | सामानको विवरण | परिमाण | बैंक जमानि पेश गर्नुपर्ने अंक ने.रु. | बोलपत्र दस्तुर ने.रु. | बोलपत्र मान्य हुने अवधि | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | कै |
|---|---|---|---|---|---|---|---|---|
| २०६ | Mattress (Coir) | विभिन्न | ४३,७०,०००।- | १०,०००।- | १२० दिन | २०७६।०८।२५ गतेको १२:०० बजेभित्र | २०७६।०८।२५ गतेको १३:०० बजे | |
| २०७ | Equipment for EME RBW (GM, Vehicle & Engine Overhaul Shop) | विभिन्न | १०,८०,०००।- | ५,०००।- | ९० दिन | २०७६।०९।१० गतेको १२:०० बजेभित्र | २०७६।०९।१० गतेको १३:०० बजेभित्र | |
| २०८ | Equipment for EME RBW (Machinery Shop) | विभिन्न | ३,३०,०००।- | ३,०००।- | | | | |
| २०९ | Spare Parts for MPV | विभिन्न | ९०,०००।- | ३,०००।- | | | | |
| २१० | Quality checking-measuring equipment | विभिन्न | ५८,०००।- | ३,०००।- | | | | |
| २११ | Equipment for Textile & Boot Quality Control Lab | विभिन्न | १,१०,०००।- | ३,०००।- | | | | |

२. वोलपत्रदाताहरुले यस सम्बन्धि थप जानकारीको लागि यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन् ।
खरिदकर्ताको नाम : श्री स्वदेश उपशाखा, सैनिक सामाग्री प्राप्ती निर्देशनालय, संभाररथी विभाग, जंगी अड्डा, काठमाण्डौ ।
फोन नं. : ०१-४२४१७१९, फ्याक्स नं. : ०१-४२२६०३९, इमेल : mgo-swodesh@nepalarmy.mil.np
३. माथी उल्लेखित ठेक्काहरु “विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका २०७४” अनुसार www.bolpatra.gov.np/egp सिष्टम मार्फत् विड गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट पेश गर्ने तथा खोल्ने अन्तिम मिति कायम हुनेछ ।
५. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने अधिकार खरिदकर्तामा निहित रहने छ ।
६. राजश्व दाखिलाको लागी कार्यालय कोड नं.३४५०१३५६३, राजश्व शिर्षक नं.१४२२९ र राजश्व खाता नं.००१०१०००००००१००१००१ नेपाल बैंक लिमिटेड, भूगोलपार्क ।
७. धरौटी दाखिलाको लागी कार्यालय कोड नं.३४५०१३५६३ र धरौटी खाता नं.००२०२००००००००३००००१, नेपाल बैंक लिमिटेड, भूगोलपार्क ।
८. धरौटी खातामा जम्मा गर्नु पर्ने रकम राजश्व खातामा जम्मा भएमा कार्यालयबाट कुनै कारवाही नहुने ।



## नेपाल विद्युत प्राधिकरण
काठमाडौं क्षेत्रीय कार्यालय
बानेश्वर वितरण केन्द्र

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

प्रथमपटक प्रकाशित मिति: २०७६।०८।१०

यस वितरण केन्द्रअन्तर्गत तपसिलअनुसारका कार्यहरू गर्न नेपाल सरकारबाट सम्बन्धित कार्यको इजाजतप्राप्त मू.अ.कर (भ्याट)मा दर्ता भएका, आयकर तिरेका रजिष्टर्ड फर्महरूबाट बोलपत्रमा उल्लेखित सर्तहरूको अधीनमा रही सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। साथै उल्लेखित दरभाउपत्र तथा सोसँग सम्बन्धित अन्य आवश्यक कुराहरू विस्तृत रूपमा बुझ्नुपरेमा कार्यालय समयभित्र सम्बन्धित कार्यालयबाट बुझ्न सकिनेछ।

**तपसिल**

| सि. नं. | दरभाउपत्र नं. | कार्यको विवरण | दरभाउपत्र उपलब्ध हुने, दर्ता हुने एव खोलिने कार्यालयको नाम, ठेगाना एवं सम्पर्क नं. | दरभाउपत्र अन्तिम बिक्री मिति र समय | दरभाउपत्र दाखिला मिति र खोलिने समय | दरभाउपत्रको मुल्य रु. | बैंक तथा धरौटी खाता नं., ठेगाना | बिडबण्ड रकम रु. | बिडबण्ड अवधि | अनुमानित लागत रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | NEA/BDC-2076/077-SQ-02 | Supply and delivery of printing and stationary materials. | दरभाउपत्र बिक्री हुने/गरिने कार्यालयहरू: बानेश्वर वितरण केन्द्र (फोन नं ०१४४७४०९७) । साथै खरिद गरिएका दरभाउपत्रहरू दर्ता एवं खोलिने स्थान (बानेश्वर वितरण केन्द्र) बत्तिसपुतली काठमाडौँ, फोन नं : ०१४४७४०९७ | मिति: २०७६।०८।२४ (अफिस समयभित्र) | मिति: २०७६।०८।२५ गते दिनको १२:०० बजेभित्र दाखिला तथा खोलिने सोही दिन, दिनको २:०० बजे | १,०००।०० | नेपाल विद्युत प्राधिकरण, बानेश्वर वितरण केन्द्रको नाममा रहेको नेपाल इन्भेष्टमेन्ट बैंक, बत्तिसपुतली शाखा, धरौटी खाता नं. : ०१९०१०३००२२८०८ मा जम्मा गरेको बैंक भौचर वा ‘क’ वर्गको वाणिज्य बैंकबाट ने.वि.प्रा.को नाममा तोकिएअनुसारको रकम र अवधि भएको बैंक ग्यारेन्टी र बिडबण्ड | ४९,०००।०० | ७५ दिन (दरभाउपत्र दर्ता गर्ने अन्तिम दिनबाट) | १९,५०,९१६।७५ (भ्याटसहित) |
| २ | NEA/BDC-2076/077-SQ-03 | Supply and delivery of Electrical Acessories. | दरभाउपत्र बिक्री हुनेरगरिने कार्यालयहरू : बानेश्वर वितरण केन्द्र (फोन नं ०१४४७४०९७) । साथै खरिद गरिएका दरभाउपत्रहरू दर्ता एवं खोलिने स्थान (बानेश्वर वितरण केन्द्र) बत्तिसपुतली काठमाडौँ, फोन नं : ०१४४७४०९७ | मिति: २०७६।०८।२४ (अफिस समयभित्र) | मिति: २०७६।०८।२५ गते दिनको १२:०० बजेभित्र दाखिला तथा खोलिने सोही दिन, दिनको २:०० बजे | १,०००।०० | नेपाल विद्युत प्राधिकरण, बानेश्वर वितरण केन्द्रको नाममा रहेको नेपाल इन्भेष्टमेन्ट बैंक, बत्तिसपुतली शाखा, धरौटी खाता नं. : ०१९०१०३००२२८०८ मा जम्मा गरेको बैंक भौचर वा ‘क’ वर्गको वाणिज्य बैंकबाट ने.वि.प्रा.को नाममा तोकिएअनुसारको रकम र अवधि भएको बैंक ग्यारेन्टी र बिडबण्ड | ५०,०००।०० | ७५ दिन (दरभाउपत्र दर्ता गर्ने अन्तिम दिनबाट) | १९,८८,२१४।०० (भ्याटसहित) |

**नोट: ने.वि.प्रा. बा.वि.के.को फुटकर काउन्टरमा कार्यालय समयभित्र (१० बजेदेखि २ बजेसम्म) रु.१००० जम्मा गर्न सकिने छ ।**



## डिभिजन वन कार्यालय
नवलपुर

**राशन ठेक्का सम्बन्धी सूचना**

**प्रकाशित मिति २०७६।०८।१०**

डिभिजन वन कार्यालय नवलपुर र मातहतका सब डिभिजन वन कार्यालयहरुमा कार्यरत स्वीकृत दरवन्दी अनुसारका कर्मचारीहरु १०९ जना (पछि थपघट भए सोही बमोजिम हुने गरी ) को लागि २०७६ माघ १ गतेदेखि २०७७ पौष मसान्तसम्मको लागि राशन ठेक्का वन्दोवस्त गर्नपर्ने भएकोले ३० दिने यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । रासन आपुर्ति सम्बन्धी व्यवसाय गर्न सम्बन्धित निकायमा दर्ता भएका ईच्छुक नेपाली आपुर्तिकर्ताहरुबाट ३०औं दिनको कार्यालय समय खरिद गरी ३१औं दिनको १२:०० बजे सम्म बोलपत्र दर्ता गराउनुहुन र विस्तृत जानकारीको लागि कार्यालय समयमा यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।




# विवाहपञ्चमी महोत्सवको तयारी तीव्र

■ धर्बेन्द्र झा

जनकपुरधाम, मङ्सिर ९ गते। प्रदेश २ को राजधानी जनकपुरधाममा प्रत्येक वर्ष सप्ताहव्यापी रूपमा मनाइने श्रीसीताराम विवाहपञ्चमी महोत्सवको तयारी तीव्र गतिमा भइरहेको छ।

जानकी मन्दिरका उत्तराधिकारी महन्थ तथा मूल समरोह समितिका अध्यक्ष रामरोशन दास वैष्णवले सोमबार जानकी मन्दिरमा आयोजना गर्नुभएको पत्रकार सम्मेलनमा तयारी अन्तिम चरणमा रहेको जानकारी दिनुभयो।

उहाँले महोत्सवमा सहभागी हुन भारतबाट गत साता हिँडेको जन्ती ११ गते जनकपुरधाम आउने जानकारी दिनुभयो। पाँच वर्षको अन्तरालमा भारतको अयोध्याबाट जन्ती आउने परम्पराले यस पटक पनि निरन्तरता पाएको छ।

भारतको अयोध्यासहित रामजानकी मन्दिर रहेको भारतको विभिन्न स्थानबाट बाजागाजा तथा झाँकीसहित पाँच सयको सङ्ख्यामा विशिष्ट साधुसन्तहरू जन्तीको रूपमा जनकपुरधाम आउन लागेको कारण उहाँहरूको स्वागतसँगै वैवाहिक कार्यक्रमको तयारी जोडदार रूपमा भइरहेको हो।

विश्व हिन्दू परिषद्का मन्त्री राजेन्द्र पङ्कजको अगुवाइ तथा रामजन्मभूमि अयोध्याका सदस्य एवं महन्थ कमलनयन दासजी महाराजको नेतृत्वमा जन्ती रामजानकी विवाहपञ्चमी महोत्सवमा सहभागी हुन लागेकोले तयारी तीव्र पारिएको जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख लालकिशोर साहले जानकारी दिनुभयो।

जन्तीको स्वागत तथा जानकी मन्दिरमा विशेष पूजाअर्चना एवं सम्बोधनका लागि १३ गते राष्ट्रपति विद्यादेवी भण्डारी पनि जनकपुरधाम आउने कार्यक्रम तय भएका कारणले जनकपुरको सुरक्षा व्यवस्था अहिलेदेखि नै कडा पारिएको छ।

सप्ताहव्यापी विवाह महोत्सवअन्तर्गत १३ गते स्वयंवर हुने कार्यक्रम रहेको र त्यसको तयारी पनि जनकपुरधामको बाह्र बिघा रङ्गभूमि मैदानमा नै गरिएको छ। १५ गते विवाह उत्सव रहेको र त्यस दिन जनकपुरभरि नै नेपाली सेनाको हेलिकप्टरले पुष्पवृष्टि गर्ने कार्यक्रम रहेको जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले बताउनुभयो।

सप्ताहव्यापी विवाहपञ्चमीमा १० लाख स्वदेशी तथा विदेशी भक्तजन सहभागी हुने विश्वास मूल समारोह समितिको दाबी रहेको छ। विवाहपञ्चमीमा आउनेहरूका लागि आवास, भोजन तथा स्वच्छ खानेपानी उपलब्ध गराउनका लागि सरकारी, निजी तथा संस्थागत रूपमा व्यवस्थापनको कामकाज भइरहेको जनकपुरधाम उपमहानगरपालिका नगर उपप्रमुख रीता झाले बताउनुभयो।

विवाहपञ्चमी महोत्सवअन्तर्गत मङ्सिर १० गते नगर दर्शनसँगै रामजानकी विवाह महोत्सवको शुभारम्भ हुने छ। ११ गते फूलबारी लीला, १२ गते धनुष यज्ञ, १३ गते स्वयंवर, १४ गते मटकोर, १५ गते शुभविवाह तथा १६ गते रामकलेवासँगै विवाहपञ्चमीको समापन गरिने कार्यक्रम रहेको महान्थ दासले बताउनुभयो।

# सामूहिक कन्या पूजन गरिने

■ जनकपुर समाचारदाता

जनकपुरधाम, मङ्सिर ९ गते। जनकपुरधाममा मनाइने विवाहपञ्चमीको अवसर पारेर विश्व हिन्दू परिषद्ले सामूहिक कन्यादान तथा कन्या पूजन कार्यक्रम आयोजना गर्नेभएको छ। परिषद्ले जनकपुरधामको ऐतिहासिक स्थलको रूपमा रहेको जनकपुरधाम उपमहानगरपालिका–१३ मा रहेको मणिमण्डमा (रामजानकीको विवाह भएको स्थल) सो कार्यक्रमको आयोजना गर्ने परिषद्का धनुषा जिल्ला अध्यक्ष सन्तोषकुमार साहले जानकारी दिनुभयो।

मङ्सिर १६ गते हुने सामूहिक विवाहमा भारत र नेपालका गरी १०८ जना बेहुला बेहुलीको विवाह हुने भएको आयोजकले जनाएको छ। भारतको बेहुला तथा नेपालको बेहुली नभएको खण्डमा नेपालकै बेहुलाबेहुली रहने आयोजकले जनाएको छ। यसैगरी ७५१ जना कन्याको सामूहिक पूजा गर्नुका साथै उनीहरूलाई विद्यालयको व्याग, टिफिन व्यागसहितको सामग्री प्रदान गर्ने कार्यक्रम रहेको अध्यक्ष साहले जानकारी दिनुभयो। त्यसैगरी बेहुलाबेहुलीलाई विवाहका कपडा उपलब्ध गराउनुका साथै पारिवारिक जीवनका लागि भाँडावर्तन तथा ओढ्ने ओछ्याउने सामान पनि निःशुल्क रूपमा प्रदान गर्ने कार्यक्रम रहेको उहाँले बताउनुभयो।

# लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान

■ मलङ्गवा समाचारदाता

मलङ्गवा, मङ्सिर ९ गते। जिल्ला प्रहरी कार्यालय सर्लाहीले लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको सुरुवात गरेको छ। जिल्लामा महिला हिंसा न्यूनीकरणका लागि "समानताको पुस्ता, बलात्कारविरुद्धको ऐक्यबद्धता" को नारासहित १६ दिने अभियानको सुरुवात गरिएको हो।

महिलाहिंसा अन्त्य दिवसको अवसरमा जिल्ला प्रहरी कार्यालय सर्लाहीले जिल्लामा लैङ्गिक हिंसाविरुद्धमा १६ दिने अभियान सञ्चालन गरेको प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक प्रतीत सिंह राठौरले बताउनुभयो। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख, जिल्ला विकास समन्वयका उपाध्यक्षसहित सदरमुकामका विभिन्न विद्यालयका विद्यार्थी र शिक्षकलगायत करिब पाँच सय जनाको सहभागितामा ऱ्याली निकालिएको थियो।

ऱ्यालीपछि आयोजित कोण सभामा प्रमुख जिल्ला अधिकारी मोहन जिसीले लैङ्गिक हिंसा न्यूनीकरणका लागि जिल्लाका सबै स्थानीय निकायसँग समन्वय गरी क्षमतामूलक समाज निर्माणका पक्षमा आफू सदा तयार रहेको कुरा बताउनुभयो।

१६ दिने अभियानअन्तर्गत जिल्ला प्रहरी कार्यालयले विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ संस्थासँग समन्वय गरी जिल्लाको स्थानीय निकायहरूमा महिला तथा लैङ्गिक हिंसाविरुद्धका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिने प्रहरी उपरीक्षक गोपालचन्द्र भट्टराईले बताउनुभयो।

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**

**बोलपत्र स्वीकृत गर्ने आशयपत्र संसोधनको सूचना**

**प्रकाशनमिति- २०७६।०८।१०**

यस विभागबाट मिति २०७६।०८।०९ मा गोरखापत्रमा प्रकाशित बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा प्याकेज ३ Supply, Delivery of Printed Materials (NCB No. IRD/G/NCB/० ३/२०७६-७७) को बोलपत्रदाताको नाम र ठेगाना पि. एस. प्रिन्टिङ्ग प्रेस, बालकोट, भक्तपुर हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको छ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना (निजामती)**
हरिहरभवन, ललितपुर

visit nepal 2020 Lifetime Experiences

**जिन्सी मालसामानहरु लिलाम बिक्री गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७६/०८/१०**

यस विभागको जिन्सी खातामा मौज्दातमा रही प्रयोगमा नआएका जिन्सी मालसामानहरू (मेशिनरी औजार, फर्निचर, सवारी साधन र अन्य सामानहरू) को न्यूनतम कबोल रकम रू. ३,९१,९४०/०० (अक्षेरूपी तीन लाख एकानब्बे हजार नौ सय चालिस रूपैयाँ मात्र) मू.अ.कर सहितको २१ दिने विस्तृत विवरण सहितको सूचना यस विभागको सूचनापाटी र वेवसाइट www.pis.gov.np मा राखिएको छ। यस सम्बन्धी थप जानकारी चाहिएमा यस विभागको जिन्सी शाखामा सम्पर्क गरी हेर्न र बुझ्न सकिने छ। साथै, सो सम्बन्धी जानकारी फोन नं. ०१-५०१०१३८, ०१-५०१०२९८ बाट पनि लिन सकिने छ।

**High Court Patan**
**Lalitpur**

**Invitation for Bids No. 01/NCB/2076/077**

(Date of Publication: 2076/08/10)

1. High Court Patan invites electronic bids from eligible bidders for the following works:

| Contract No. | Description and location of work | Estimated Amount with VAT | Bid Security Amount | Document Fee |
|---|---|---|---|---|
| **01/NCB/BW/ 2076/077** | **Construction of Boundary Wall** | **57,42,163.40** | **150,000.00** | **3000.00** |

2. Deadline for bid Submission and Opening:

| Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|
| Date | Time | Date | Time |
| **2076/09/10** | **12:00** | **2076/09/10** | **13:00** |

3. Account details of Revenue and Deposit:

| | |
|---|---|
| Office code | **204913401** |
| Bank | **Nepal Bank Limited Gabahal Lalitpur** |
| **Details for Revenue** | |
| Revenue Head | **14229** |
| Office | **High Court Patan** |
| Account No. | **00101000000001001001** |
| **Details for Deposit** | |
| Office | **District Treasury Controller office Lalitpur** |
| Account No. | **180-51-16856** |

Eligible bidders may obtain further information at High Court Patan, Lalitpur (Tel 015010260) or may visit PPMO's website http://bolpatra.gov.np/egp

**Registrar**
High Court Patan

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Roads**
Planning and Monitoring Branch
**Highway Management Information System-Information & Communication Technology (HMIS-ICT) Unit**
Chakupat, Lalitpur

**Expression of Interest**

**Notice No. : DORHMISICT/76/77/04**
**Contract Identification Number: DORHMISICT/3371653/076/77/08**
First Date of Publication: 26th November, 2019 (10th Mangsir, 2076)

1. The Department of Roads (DoR) invites experienced and eligible local consultants to submit Expression of Interest (EoI) to provide consultancy services for **Consulting Services for Providing Support Services Including Operation and Maintenance of Data Center, Servers, Switches and Other ICT Equipment's of DoR; C.N: DORH-MISICT/3371653/076/77/08**
2. Further information and documents regarding the above mentioned service can downloaded from the website: : www.dor.gov.np or www.bolpatra.gov.np/egp
3. Expression of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np on or before **12:00 Noon 11th December, 2019 (25th mangsir, 2076)** and opening shall be on **13:00pm 11th December, 2019 (25th mangsir, 2076) within office hours.**
4. **Interested Consultant are requested to create egp account.**

**Unit Chief**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**कान्ति बाल अस्पताल**
महाराजगञ्ज, काठमाडौंको

**दरभाउपत्र स्वीकृत गरिएको आशयको सूचना**

प्रकाशित मिति : २०७६।०८।१०

मिति २०७६।०७।०१ गतेको राष्ट्रिय गोरखापत्रमा प्रकाशित सूचनाबमोजिम यस अस्पताललाई आवश्यक विभिन्न सामग्रीहरू खरिदका लागि सार्वजनिक बोलपत्र/दरभाउपत्र आह्वान गरिएकोमा यस अस्पतालमा तोकिएको समयभित्र दर्ता हुन आएका दरभाउपत्रहरूको आईटम वाईज मूल्याङ्कन गर्दा तपसिलमा उल्लेखित दरभाउपत्रदाताहरूको दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभुत रूपमा प्रभावग्राही भएको पाइएकोले अस्पतालको मिति २०७६।०८।०६ गतेको निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सवैको जानकारीको लागि आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का सूचना नम्बर | विवरण | स्वीकृतिका लागि सिफारिश दरभाउपत्रदाताको नाम र ठेगाना | स्वीकृत गरिने आईटम | स्वीकृत गरिने आइटमहरूको मू.अ.क. सहित जम्मा रकम रु. |
|---|---|---|---|---|
| १०-०७६/७७ | रेडियोलोजी सामग्री | जनरल मेडिकल सप्लायर्स, जावलाखेल, ललितपुर | २ Items | २८,२४,०००।०० |
| ११-०७६/७७ | सरसफाइसम्बन्धी सामग्री | बाबा पशुपति सप्लायर्स, नयाँसडक, काठमाडौं | ५३ Items | ११,८१,९९१।३० |
| १२-०७६/७७ | जनरल मेडिसिन | गौतम मेडिको फर्मा, लोकन्थली, भक्तपुर | ८६ Items | ४३,४७,९७४।५० |
| १३-०७६/७७ | मेडिकल गुड्स | डालिमा मेडिसेल्स, बबरमहल काठमाडौं | ८० Items | ५२,८८,५२९।९५ |

नेपाल सरकार
गृह मन्त्रालय
**प्रहरी प्रधान कार्यालय नक्साल**
**प्रहरी महानिरीक्षकको सचिवालय**
**(कानून शाखा)**

**हाजिर हुन आउने बारेको सूचना**

**सूचना प्रकाशित मितिः- २०७६।०८।१० गते।**

तपाई देहाय विवरणका प्रहरी कर्मचारीहरु देहायको मिति देखि आफूखुशी कार्यालयमा गैर हाजिर रहेको र खोजतलास गर्दा गराउँदा तथा प्रहरी नियमावली, २०७१ नियम ११५ को देहाय (२) बमोजिम प्रकृया पूरा गरी सूचना टाँस भई सक्दा समेत पनि कार्यालयको सम्पर्कमा नआउनु भएकोले हाजिर हुन आउने बारे यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक सात (७) दिनभित्र आफु गैर हाजिर रहनुको कारण खोली सन्तोषजनक स्पष्टिकरण जवाफ सहित यस कार्यालयमा हाजिर हुन आउनु होला, अन्यथा तपाईहरु उपर प्रहरी नियमावली, २०७१ को नियम ११३ (१) को खण्ड (च) को कसूरमा ऐ. नियमावलीको नियम १०९ को देहाय (ख) (१) बमोजिम सेवाबाट हटाउने कारवाही भइजाने हुँदा प्रहरी नियमावली, २०७१ को अनुसूची १४ को भाग ४ को प्रयोजनार्थ यसै सामूहिक सूचनाद्वारा तपाईहरुलाई सफाईको मौका प्रदान गरिएको व्यहोरा जानकारी गराइएको छ।

**निम्नः-**

| सि.नं. | दर्जा | नामथर | दरबन्दी | गैर हाजिर मिति | स्थायी वतन | बाबुको नाम | सूचना जारी गर्ने कार्यालय |
|---|---|---|---|---|---|---|---|
| १. | प्र.ह. | बिनोद कुमार यादव | प्र.चौ. नैन्ही, महोत्तरी | २०७५/०९/१३ | जि. सप्तरी, महादेवा गा.पा.-३ | भोगेन्द्र यादव | २ न.प्र.प्र.का, जनकपुर |
| २. | प्र.ह. | दिनानाथ महत्तो | ई.प्र.का. जानकीटोला, पर्सा | २०७६/०६/१४ | जि. बारा, देवताल गा.पा.-३ | शिवरत्न महत्तो | २ न.प्र.प्र.का, जनकपुर |
| ३. | प्र.ज. | शेर बहादुर गिरी | प्र.प्र.का.प्र.अ.दु.अ.ई.नक्साल | २०७६।०५।०६ | जि.बाँके, कोहलपुर न.पा.-६ | खडक प्रकाश गिरी | प्र.प्र.का. कानून शाखा |
| ४. | प्र.ज. | हरि शरण खड्का | रा.प्र.प्र.प्र.महाराजगंज डेमो गुल्म | २०७६/०५/३१ | जि. दोलखा, शैलुङ गा.पा.-७ | यज्ञ बहादुर खड्का | प्र.प्र.का. कानून शाखा |
| ५. | प्र.ज. | मनराज श्रेष्ठ | म.न.प्र.वृत महाराजगंज, काठमाण्डौ | २०७६/०५/०६ | जि. गोरखा, भिमसेन गा.पा.-८ | गोबिन्द बहादुर श्रेष्ठ | प्र.प्र.का. कानून शाखा |
| ६. | प्र.ज. | प्रमोद सिंह थापा | ई.प्र.का.बुढिनन्दा, बाजुरा | २०७६/०६/०४ | जि.दार्चुला, लेकम गा.पा.-३ | राम सिंह थापा | प्र.प्र.का. कानून शाखा |
| ७. | प्र.ज. | दोमनाथ सुवेदी | प्र.प्र.का.सवारी महाशाखा सवारी मर्मत उपशाखा,नक्साल | २०७६/०४/२७ | जि.झापा, शिबसताक्षी न.पा.-३ | ईन्द्र प्रसाद सुवेदी | प्र.प्र.का. कानून शाखा |
| ८. | प्र.ज. | सुजन कार्की | म.न.प्र.का. रानीपोखरी परिचालनकक्ष सवारी (CRV) | २०७६/०६/१३ | जि.ओखलढुंगा, सिद्धिचरण न.पा.-१२ | कुमार बहादुर कार्की | प्र.प्र.का. कानून शाखा |
| ९. | प्र.ज. | चरण सिंह चौधरी | दं.नि.प्र.गण नं.४ गुल्म कोहलपुर, बाँके | २०७६/०६/०५ | जि.दाङ, दंगीशरण गा.पा.-४ | करम बहादुर थारू | प्र.प्र.का.केन्द्रीय प्रहरी विशेष कार्यदल नक्साल |
| १०. | प्र.ज. | दिपेन्द्र बहादुर सिंह | ई.प्र.का. भजनी म.बा.बा.तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, कैलाली | २०७६/०६/१६ | जि.कञ्चनपुर, बेदकोट न.पा.-३ | पूर्ण बहादुर सिंह | प्र.प्र.का.केन्द्रीय प्रहरी विशेष कार्यदल नक्साल |
| ११. | प्र.ज. | भिम बहादुर पुन | प्र.प्र.का.विपद व्यवस्थापन महाशाखा कार्यदल-२ सामाखुशी | २०७६/०६/१५ | जि.रुपन्देही, सैनामैना न.पा.-७ | तुल बहादुर पुन | प्र.प्र.का.विपद व्यवस्थापन महाशाखा सामाखुशी |
| १२. | प्र.ज. | कृष्ण आले मगर | प्र.प्र.का.विपद व्यवस्थापन महाशाखा कार्यदल-२ सामाखुशी | २०७६/०६/१५ | जि.मोरङ, वि.म.न.पा.-१६ | धन बहादुर मगर | प्र.प्र.का.विपद व्यवस्थापन महाशाखा सामाखुशी |
| १३. | प्र.ज. | रेखा पराजुली | म.न.प्र.वृत लैनचौर, काठमाण्डौ | २०७६/०६/०८ | जि.काभ्रेपलाञ्चोक, मण्डनदेउपुर न.पा.-१२ | शेष बहादुर पराजुली | प्र.प्र.का. सशस्त्र प्रहरी गण नं.१ नक्साल |
| १४. | प्र.ज. | सौरभ सितान | रा.प्र.प्र प्रतिष्ठान डेमो गुल्म महाराजगंज | २०७६/०५/०२ | जि.ललितपुर, महांकाल गा.पा.-३ | ईन्द्र बहादुर सितान | रा.प्र.प्र प्रतिष्ठान,महाराजगंज |
| १५. | प्र.ज. | कृष्ण प्रसाद दुलाल | जि.प्र.का. दोलखा | २०७६/०६/१७ | जि.सि.पा, चौतारा साँगाचोकगढी न.पा.-७ | एक प्रसाद दुलाल | प्र.प्र.का. केन्द्रीय अनुसन्धान ब्युरो, महाराजगंज |
| १६. | प्र.ज. | शशिडोल्मा तामाङ | अन्तर्राष्ट्रिय बिमानस्थल सुरक्षा कार्यालय गौचर, काठमाण्डौ | २०७६/०५/२४ | जि.काभ्रे, चौरीदेउराली गा.पा.-९ | गुन्छा बहादुर तामाङ | म.न.प्र.का.रानीपोखरी |
| १७. | प्र.ज. | भरत बहादुर शाह | महानगरीय ट्राफिक प्रहरी महाशाखा,रामशाहपथ, काठमाण्डौ | २०७६/०५/३० | जि.कैलाली, टिकापुर न.पा.-१ | कुल बहादुर शाह | म.न.प्र.का.रानीपोखरी |
| १८. | प्र.ज. | उमेश धनुषे | म.न.सु.प्र.गण सिंहदरवार | २०७६।०६।१० | जि. बैतडी, पुर्चौडी न.पा.-१ | धन बहादुर धनुक | म.न.प्र.का.रानीपोखरी |
| १९. | प्र.ज. | मोहन कुमार राई | म.न.न.प्रहरी कार्यालय, भक्तपुर | २०७६।०६।०७ | जि.खोटाङ, केपिलाशगढी गा.पा.-१,हाल जि.सुनसरी ईटहरी उ.म.न.पा.-२ | गोकर्ण राई | म.न.प्र.का.रानीपोखरी |
| २०. | प्र.ज. | दिपक चन्द | म.न.प्र.परिसर, काठमाण्डौ | २०७६।०६।१७ | जि.बैतडी, द.न.पा.-४ | नर बहादुर चन्द | म.न.प्र.का.रानीपोखरी |
| २१. | प्र.ज. | बिनोद बिडारी | ई.प्र.का.फर्पिङ, काठमाण्डौ | २०७६।०६।२८ | जि.मकवानपुर, थाहा न.पा. -६ | कृष्ण प्रसाद बिडारी | म.न.प्र.का.रानीपोखरी |
| २२. | प्र.ज. | टेकराज गिरी | ई.प्र.का.फर्पिङ, काठमाण्डौ | २०७६।०६।२४ | जि.बाँके, बैजनाथ गा.पा.-६ | हिरा गिरी | म.न.प्र.का.रानीपोखरी |
| २३. | प्र.ज. | प्रकाश रानाभाट | म.न.प्र.परिसर, काठमाण्डौ | २०७६।०६।१६ | जि.तनहुँ, भानु न.पा.-४ | सुर्य बहादुर रानाभाट | म.न.प्र.का.रानीपोखरी |
| २४. | प्र.ज. | हिमाल पुन मगर | म.न.प्र.का.परिचालनकक्ष सवारी | २०७६/०४/२९ | जि.प्युठान, नौबहिनी गा.पा.-४ | मोतिलाल पुन मगर | म.न.प्र.का.रानीपोखरी |
| २५. | प्र.ज. | यज्ञ बहादुर श्रेष्ठ | प्र.स.प्र.गण नं.-२ गुल्म रानी,१ नं. प्रदेश | २०७६/०५/३० | जि.उदयपुर, कटारी न.पा.-४ | दल बहादुर श्रेष्ठ | १ नं.प्र.प्र.का. विराटनगर |
| २६. | प्र.ज. | बोधेन्द्र कुमार थान्दार | ई.प्र.का. मिर्चैया, सिरहा | २०७६/०५/१८ | जि.मोरङ, ग्रामथान गा.पा.-७ | कालुराम चौधरी | १ नं.प्र.प्र.का. विराटनगर |
| २७. | प्र.ज. | चतुरमान बि.क. | २ नं. प्र.प्र.का.जनकपुर | २०७६/०६/२१ | जि.उदयपुर, चौदण्डि न.पा.-३ | पूर्ण बहादुर कामी | १ नं.प्र.प्र.का. विराटनगर |
| २८. | प्र.ज. | सरोज भुजेल | का.सु.गार्ड सोलुखुम्बु | २०७६/०४/३० | जि.धनकुटा, पाख्रीबास न.पा.-९ | ईन्द्र बहादुर भुजेल | १ नं.प्र.प्र.का. विराटनगर |
| २९. | प्र.ज. | ओम प्रकाश राजबंशी | ई.प्र.का.बेल्टार, उदयपुर | २०७६/०६/०७ | जि.मोरङ, कटहरी गा.पा.-१ | बद्री नारायण राजबंशी | १ नं.प्र.प्र.का. विराटनगर |
| ३०. | प्र.ज. | बिजय राई | २ नं.प्रदेश विपद व्यवस्थापन गुल्म बिरगंज | २०७६/०६/०७ | जि.झापा, अर्जुनधारा न.पा.-२ | टेक बहादुर राई | २ नं.प्र.प्र.का. जनकपुर |
| ३१. | प्र.ज. | मनोज कुमार लामा | ई.प्र.का. भरतपुर, धनुषा | २०७६/०६/१२ | जि.सर्लाही, हरिवन न.पा.-५ | सोम बहादुर लामा | २ नं.प्र.प्र.का. जनकपुर |
| ३२. | प्र.ज. | चन्द्र प्रसाद रेग्मी | स.प्र.गुल्म काभ्रे | २०७६/०५/२८ | जि.पर्वत,जलजला गा.पा.-८ | लक्ष्मण उपाध्याय | ३ नं.प्र.प्र.का. हेटौडा |
| ३३. | प्र.ज. | प्रकाश चन्द्र महतो | म.न.प्र.वृत्त नयाँबानेश्वर, काठमाण्डौ | २०७६/०५/१९ | जि.नवलपरासी,मध्येबिन्दु न.पा.-१५ | गोकुल प्रसाद महतो | ३ नं.प्र.प्र.का. हेटौडा |
| ३४. | प्र.ज. | सुरेन्द्र बस्याल | गण्डकी प्र.स.प्र.गण १ नं.गुल्म पोखरा | २०७६/०७/०१ | जि.पाल्पा, बगनासकाली गा.पा.-८ | शालिकराम बस्याल | गण्डकी प्र.प्र.का. पोखरा |
| ३५. | प्र.ज. | सुनिल बि.क. | प्र.चौ.सिर्दीवास,गोरखा | २०७६/०५/०९ | जि.रुपन्देही,सैनामैना न.पा.-७ | सिबु सिंह बि.क. | गण्डकी प्र.प्र.का. पोखरा |
| ३६. | प्र.का.स. | रोशन पाण्डे | २ नं. प्र.स.प्र.गण गुल्म नं.३ जनकपुर | २०७६/०६/०४ | जि.खोटाङ,दिक्तेल रुपापोट मझुवागढी न.पा.-३ | धन बहादुर पाण्डे | २ नं.प्र.प्र.का. जनकपुर |

भूकम्पपछिको पुनर्निर्माण

# ठडिए सरकारी कार्यालय



जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रको भवन।

■ **चित्र मिजार**

सिन्धुपाल्चोक, मङ्सिर ९ गते। भूकम्पपछिको पुनर्निर्माणअन्तर्गत सिन्धुपाल्चोकका सरकारी कार्यालयहरू निर्माण हुन थालेका छन्। कोष तथा लेखा नियन्त्रक कार्यालय, जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र, मालपोत कार्यालय, डिभिजन वन कार्यालय, प्रमुख जिल्ला अधिकारी आवासलगायतका सरकारी कार्यालय निर्माण भएसँगै सेवा दिन थालिएको छ।

जिल्ला आयोजना कार्यान्वयन एकाइले दिएको जानकारीअनुसार वन कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय, प्रजिअ आवास एकै प्याकेजमा टेण्डर भई निर्माण सम्पन्न भएका हुन्। ती भवनहरू राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको नौ करोड ४६ लाख रुपियाँको लागतमा निर्माण भएका हुन्। मालपोत कार्यालयको भवन एक करोड ४६ लाख र कार्य सञ्चालन केन्द्र दुई करोड ३७ लाख रुपियाँको लागतमा निर्माण सम्पन्न भएको जानकारी दिइएको छ। अन्य १० वटा सरकारी भवन निर्माण अन्तिम चरणमा पुगेको एकाइले जनाएको छ।

पुनर्निर्माण भएका सबै भवन भूकम्प प्रतिरोधी, सुविधा सम्पन्न र आकर्षक छन्। उता सुविधा सम्पन्न भवनबाट सेवा दिन थालिए पनि सेवाग्राहीले सहज र छिटो सेवा नपाएको गुनासो भने बढेको छ। मालपोत कार्यालयमा जग्गापास गर्न पुग्नुभएका हेलम्बु गाउँपालिका ४ का वीरे शेर्पाले दुई दिनपछि सेवा पाएको गुनासो व्यक्त गर्नुभयो। प्रजिअ गोमादेवी चेम्जोङले सबै कार्यालयबाट प्रभावकारी सेवा दिन निर्देशन गरेको जानकारी दिनुभएको छ।

## साढे नौ लाख रुपियाँसहित २३ जुवाडे पक्राउ

■ **काभ्रे समाचारदाता**

काभ्रे, मङ्सिर ९ गते। जिल्ला प्रहरी कार्यालय काभ्रेले साढे नौ लाख रुपियाँसहित २३ जना जुवाडेलाई पक्राउ गरेको छ।

धुलिखेल नगरपालिका वडा नं. ९ रानाछापका महेश राउतको घरबाट नौ लाख ५७ हजार ८७० रुपियाँसहित २३ जुवाडे पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय काभ्रेका प्रहरी उपरीक्षक जयराज सापकोटाले जानकारी दिनुभयो।

प्रहरीले आइतबार राति धुलिखेल नगरपालिका ९ स्थित रानाछापका ३७ वर्षीय महेश रानाभाट, वडा नं. ३ नयाँगाउँका ४१ वर्षीय भीमसेन लामा, सोही स्थानका ३६ वर्षीय कृष्णकुमार तामाङ, नुवाकोट शिवपुरी गाउँपालिका ७ स्थित सुनखानी गाउँका २८ वर्षीय सन्तोष पाण्डे, दोलखा जिल्ला मेलुङ गाउँपालिका ३ को घ्याङटोलका २९ वर्षीय दीपक थोकरलगायतलाई पक्राउ गरेको हो।

उनीहरूलाई सोमबार जिल्ला प्रशासन कार्यालयबाट सात दिनको म्याद थपेर जुवा ऐनअन्तर्गत मुद्दा चलाइएको प्रहरी उपरीक्षक सापकोटाले जानकारी दिनुभयो।

# कक्षाकोठाको अभावमा पठनपाठन प्रभावित

■ **सिन्धुली समाचारदाता**

हायुडाँडा (सिन्धुली), मङ्सिर ९ गते। कमलामाई नगरपालिका ३, हायुडाँडास्थित प्रावि प्रतापेभञ्ज्याङमा शिक्षक कुमार चौलागाईं कक्षा ३ मा पढाइरहँदा त्यही कोठाको अर्को कुनामा रहेका कक्षा ४ का विद्यार्थी हल्ला गरिरहेका थिए। विद्यालयमा कक्षाकोठाको अभावमा विद्यार्थी एकै कोठामा राखेर पढाउँदा पठनपाठन कार्य प्रभावित हुँदै आएको उहाँले सुनाउनुभयो।

'विद्यालयमा कक्षाकोठाको अभावमा विद्यार्थी मिसाएर नपढाए सुखै छैन,' शिक्षक चौलागाईंले भन्नुभयो, 'एउटै कोठाको एउटा कुनामा एउटा कक्षा चलायो, अर्को कुनामा अर्को कक्षा चलायो। यसरी नै गुज्रिरहेका छौँ।' कक्षा १ देखि ५ सम्म पढाइ हुने उक्त विद्यालयको भवन भूकम्पले भत्काएपछि कक्षाकोठाको समस्या उत्पन्न भएको विद्यालयले जनाएको छ।

विद्यालयमा अहिले बालविकास केन्द्र र कक्षा १ एउटा कोठामा, दुई कक्षा एउटा कोठामा, कक्षा ३ र ४ एउटा कोठामा र कक्षा ५ छुट्टै कोठामा सञ्चालन हुँदै आएको शिक्षक चौलागाईंले जानकारी दिनुभयो।

विद्यालयका अनुसार भूकम्पपछि काम चलाउका लागि निर्माण गरिएको दुईवटा टीसीएल भवनका चार कोठामध्ये एउटा कोठा गोदामको रूपमा प्रयोगमा छ। राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइ(शिक्षा)ले बनाइदिएको दुई कोठे भवनको एउटा कोठामा कार्यालय र अर्कोमा कक्षा ५ को पढाइ सञ्चालन हुँदै आएको छ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइ (शिक्षा)ले दिएको दुई कोठे शौचालय निर्माण भइरहेको छ। अब दुई कोठे भवनसम्म बनाउन सके पठनपाठन कार्यमा सहजता आउने उहाँको भनाइ छ।

**शिक्षक र विद्यालय भवनका लागि नगरपालिकालगायतका निकायमा भन्दा पनि सुनुवाइ नभएको गुनासो**

४७ जना विद्यार्थी रहेको उक्त विद्यालयमा शिक्षकको पनि अभाव रहेको विद्यालयले जनाएको छ। विद्यालयको कक्षाअनुसार शिक्षकको व्यवस्था हुनुपर्ने शिक्षक चौलागाईंको तर्क छ।

'पाँच कक्षासम्म चलेको यो विद्यालयमा तीन जना स्थायी शिक्षक, एक जना बाल विकास कक्षा सहयोगी र एक जना विद्यालय कर्मचारी कार्यरत छन्,' उहाँले भन्नुभयो, 'छुट्टाछुट्टै कोठामा एकैचोटी पाँचवटै कक्षा सञ्चालन गर्न शिक्षक पनि पुग्दैनन्, अनि कक्षा सञ्चालन गर्न दुईवटा कक्षा मिसाउनुको विकल्प पनि छैन यतिखेर।'

शिक्षकको अभावमा विद्यालयका कर्मचारीलाई पनि आन्तरिक स्रोतबाट मासिक ८७५ रुपियाँ थपिदिएर पढाउन लगाएको उहाँले बताउनुभयो।

थप शिक्षक र विद्यालय भवनका लागि नगरपालिकालगायतका निकायमा भन्दा पनि सुनुवाइ नभएको विद्यालयले जनाएको छ।

भवन अनुगमनका क्रममा विद्यालयमा भेटिनुभएका राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइ(शिक्षा)का प्रमुख शिव सापकोटाले भन्नुभयो, 'एउटै गाउँमा धेरै विद्यालय चलाएर काम छैन, विद्यार्थी सङ्ख्या थोरै भएका आधारभूत विद्यालयलाई नजिकको माविमा गाभ्ने हो भने विद्यालयलाई राज्यले दिने पूर्वाधार निर्माण र शिक्षकको खर्च जोगिन्छ। त्यो खर्चले स्कुल बसको व्यवस्था गरिदिने हो भने सबै बालबालिकाले पढ्न पनि पाउँछन्।'

# अब हेटौँडाबाटै सवारी चालक अनुमतिपत्र

■ **मकवानपुर समाचारदाता**

हेटौँडा, मङ्सिर ९ गते। प्रदेश ३ को यातायात व्यवस्था सेवा कार्यालय, हेटौँडाले हेटौँडाबाट नयाँ सवारी चालक अनुमतिपत्र जारी गर्नेभएको छ।

कार्यालयलाई नयाँ सवारी चालक अनुमतिपत्र जारी गर्ने अधिकार प्राप्त भएसँगै सवारी चालक अनुमतिपत्र जारी गर्न तयारी थालेको हो।

सवारी चालक अनुमतिपत्रका लागि लिखित तथा प्रयोगात्मक परीक्षा स्थल ड्राइभिङ प्रशिक्षण केन्द्रका लागि निजी क्षेत्रबाट प्रस्ताव आह्वान गरेको कार्यालयले आगामी पुस महिनाबाट सवारी चालक अनुमतिपत्र प्रदान गर्ने गरी काम गरिरहेको कार्यालय प्रमुख पोषण थापाले जानकारी दिनुभयो।

**कार्यालयको स्वामित्वमा नभएकाले निजी क्षेत्रले निर्माण गरेको ड्राइभिङ प्रशिक्षण केन्द्र दुई वर्षका लागि प्रयोग गर्ने गरी ट्रायल सेन्टरमा व्यवस्थापन**

ड्राइभिङ प्रशिक्षण केन्द्र (ट्रायल सेन्टर) प्रस्ताव परेको बताउँदै उहाँले भन्नुभयो, केन्द्रको प्रस्तावमाथि प्राविधिक मूल्याङ्कन समितिको प्रतिवेदनको आधारमा काम अगाडि बढाइने छ। उहाँका अनुसार प्राविधिक मूल्याङ्कन समिति गठन गरी अध्ययन प्रक्रिया अगाडि बढाइएको छ।

कार्यालयको स्वामित्वमा नभएकाले निजी क्षेत्रले निर्माण गरेको ड्राइभिङ प्रशिक्षण केन्द्र दुई वर्षका लागि प्रयोग गर्ने गरी ट्रायल सेन्टरमा व्यवस्थापन गर्न लागेको हो।

केन्द्रका लागि कार्यालयलाई बजेट विनियोजन नभएको हुँदा सेवाग्राहीबाटै शुल्क लिई तत्काल सेवा प्रारम्भ गर्नुपर्ने अवस्था रहेको उहाँले जानकारी दिनुभयो।

प्रशिक्षण केन्द्र प्रयोग गरेबापत प्रतिव्यक्ति कति दररेट र ट्रायलमा प्रयोग हुने सवारी साधनको वर्गअनुसार प्रतिव्यक्ति सवारी साधन भाडा रकम ट्रायल दिन जानेले नै तिर्नुपर्नेछ।

केन्द्र सञ्चालनका लागि स्वीकृति प्राप्त भएसँगै प्रादेशिक संरचना गएपछि काठमाडौँ उपत्यका बाहिर प्रदेश ३ मा हेटौँडाबाट पहिलोपटक सवारी चालक अनुमतिपत्र प्रदान गरिने छ। मोटरसाइकल, कार, जीपलगायतका ठूला सवारी साधनको सवारी चालक अनुमतिपत्र कार्यालयले प्रदान गर्नेछ।

# बोक्सीको आरोप लगाउने पक्राउ

■ **दोलखा समाचारदाता**

चरिकोट, मङ्सिर ९ गते। दोलखाको बिगु गाउँपालिका ५ स्याँखुका रत्ननारायण श्रेष्ठलाई दुई दम्पतीलाई बोक्सीको आरोप लगाएको अभियोगमा जिल्ला प्रहरी कार्यालय दोलखाले पक्राउ गरेको छ।

गाउँका ५८ वर्षीय रत्नबहादुर श्रेष्ठ र ५६ वर्षीया कृष्णमाया श्रेष्ठ दम्पतीलाई बोक्सीको आरोप लगाई गालीगलौज तथा अमानवीय व्यवहार गरेको उजुरी परेपछि रत्ननारायणलाई पक्राउ गरिएको प्रहरी निरीक्षक रेशम बोहोराले जानकारी दिनुभयो। उहाँका अनुसार जेठा छोरा भाजुराम श्रेष्ठले रत्ननारायणलगायत नौ जनाविरुद्ध जाहेरी दर्ता गराउनुभएको छ। अन्यको खोजतलास भइरहेको छ भने अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको छ। बोक्सीको आरोप (कसुर र सजाय) ऐन २०७२ अनुसार मुद्दा दर्ता भएको छ।


**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

**परीक्षा नियन्त्रण कार्यालय**

**सानोठिमी, भक्तपुरको**

**डिप्लोमा/प्रमाणपत्र तहको शैक्षिक सत्र २०७६/०७७ को रजिष्ट्रेशन फाराम भर्ने बारेको अत्यन्त जरूरी सूचना**

**(सूचना प्रकाशित मिति : २०७६।०८।१०)**

यस परिषद्का आंगिक, साझेदारी, सरकारी/सामूदायिक विद्यालय र निजीस्तरमा कार्यक्रम सञ्चालनको सम्बन्धन स्वीकृति पाएका शिक्षण संस्थाहरूमा डिप्लोमा तथा प्रमाणपत्र तहको शैक्षिक सत्र २०७६/७७ का लागि लिइएको प्रवेश तथा पुनः प्रवेश परीक्षामा उत्तीर्ण भई भर्ना भएका विद्यार्थीहरूको रजिष्ट्रेशन फाराम २०७६ साल मङ्सिर ३० गतेभित्रमा नियमित शुल्कमा र २०७६ साल पुष १५ गतेभित्र विलम्ब शुल्कमा तपसिलअनुसारको प्रक्रिया पुऱ्याई परिषद् अन्तर्गतका प्रदेश कार्यालयहरूमा रजिष्ट्रेशन फाराम बुझाउनुहुन सम्बन्धित सम्पूर्ण शिक्षण संस्थाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको समयभित्र रजिष्ट्रेशन फाराम नबुझाएमा पछि रजिष्ट्रेशन नहुने व्यहोरासमेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**सर्तहरू:**

१. परीक्षा नियन्त्रण कार्यालयबाट शैक्षिक सत्र २०७६/७७ का लागि विभिन्न मितिमा लिइएको डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश तथा पुनः प्रवेश परीक्षामा सामेल भई डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका, २०७४ (दोस्रो संशोधन) वमोजिम भर्ना भएका विद्यार्थीहरूको मात्र रजिष्ट्रेशन फाराम भराउनु पर्नेछ।
२. परिषद्बाट स्वीकृत कोटाअनुसारको मात्र विद्यार्थी संख्या हुनु पर्नेछ।
३. परिषद्बाट निजीस्तरमा कार्यक्रम सञ्चालनको सम्बन्धन/स्वीकृति पाएका शिक्षण संस्थाहरूले रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. २५००।- र संस्थागत विकास शुल्क रु. २०००।- बुझाउनु पर्नेछ।
४. परिषद्का आंगिक, साझेदारी, सरकारी/सामूदायिक विद्यालय अन्तर्गत सञ्चालित शैक्षिक कार्यक्रममा अध्ययनरत विद्यार्थीहरूको हकमा रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. ५००।- लाग्नेछ।
५. **सम्बन्धित शिक्षण संस्थाहरूले रजिष्ट्रेशन शुल्क र संस्थागत विकास शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति २०७६ पौष ०१ गते तथा विलम्ब शुल्क बुझाउने अन्तिम मिति २०७६ पौष १६ गतेसम्म तोकिएको छ।**
६. प्रदेश नं १ को कार्यालय ईटहरी, सुनसरीको रा.वा.बैंक, इटहरी शाखाको च.हि.नं.२५५०००१२७८०१ मा, प्रदेश नं २ को कार्यालय जनकपुर, धनुषाको रा.वा.बैंक, जनकपुर शाखाको च.हि.नं.१५२०००२६९०१ मा, प्रदेश नं ३ को कार्यालय मकवानपुर, हेटौंडाको रा.वा.बैंक, हेटौडा शाखाको च.हि.नं.१३००००३६६९०१ मा, गण्डकी प्रदेशको कार्यालय पोखरा, कास्कीको रा.वा.बैंक, पार्दी, पोखरा शाखाको च.हि.नं.३५००००००२३४०१ मा, प्रदेश नं ५ को कार्यालय बुटवल, रूपन्देहीको रा.वा.बैंक, बुटवल शाखाको च.हि.नं.३३६००००३६१०१ मा, कर्णाली प्रदेशको कार्यालय वीरेन्द्रनगर, सुर्खेतको रा.वा.बैंक, सुर्खेत शाखाको च.हि.नं.४०८००१५५२८०१ मा, सुदूरपश्चिम प्रदेशको कार्यालय धनगढी, कैलालीको रा.वा.बैंक, धनगढी शाखाको च.हि.नं.४१७००००६५०८०१ मा शुल्क जम्मा गरेको सकल भौचर र विस्तृत विवरण उल्लेख गरेको पत्र रजिष्ट्रेशन फाराम साथ संलग्न गर्नु पर्नेछ।
७. **जेहेन्दार र वर्गिकृत छात्रवृत्ति अन्तर्गत छनोट भएका विद्यार्थीहरूको रजिष्ट्रेशन र संस्थागत विकास शुल्क लाग्ने छैन।**
८. रजिष्ट्रेशन फारामहरू **CTEVT** को **Web Based Online Integrated Training Management System (ITMS)** मा **Entry** गरी **Registration Form ITMS Online** मा **Submit** गर्नु पर्नेछ। परीक्षार्थीहरूको रजिष्ट्रेशन फाराम **ITMS Online** मा कार्यक्रमअनुसार **Submit** भएका रजिष्ट्रेशन समष्टिगत अनुसार मिलाई **Plastic Coated Index File** मा फाईल गरी पेस गर्नु पर्नेछ। कार्यक्रमअनुसारको रजिष्ट्रेशन समष्टिगत फारामको प्रमाणित **Hard Copy (Printed Copy)** समेत एक प्रति सोही फाईलमा संलग्न हुनु पर्नेछ।
९. रजिष्ट्रेशन फाराम साथ प्रवेश परीक्षाको नतिजाको प्रति, शैक्षिक योग्यताको प्रमाणपत्रहरू तथा नागरिकता/जन्म दर्ताको प्रमाणपत्र र प्रवेश परीक्षाको प्रवेशपत्रको प्रतिलिपि साथै प्राविधिक एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थीहरूको हकमा प्राविधिक एस.एल.सी. उत्तीर्ण गरेको प्रमाणपत्र र लब्धाङ्कपत्रको प्रतिलिपिसमेत अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।
१०. नेपाल बाहेक अन्य देशबाट एस.एल.सी./एस.ई.ई. वा सो सरहको परीक्षा उतीर्ण गर्ने विद्यार्थीहरूले **अन्य शैक्षिक प्रमाणपत्रका साथै समकक्षता प्रमाणपत्र र माईग्रेशन प्रमाणपत्रको सक्कल प्रति** पेस गर्नुपर्नेछ। राहदानी तथा प्रवेशाज्ञा आवश्यक पर्ने विदेशी मुलुकका परीक्षार्थीको हकमा राहदानी तथा प्रवेशाज्ञा एवं अध्ययन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ।
११. कुनै सरकारी वा गैह्र सरकारी निकाय तथा संघ, संस्थामा कार्यरत रही प्रवेश परीक्षामा उत्तीर्ण भई भर्ना हुने विद्यार्थीहरूको हकमा आफूले काम गर्ने कार्यालयको विभागीय स्वीकृतीपत्र पेस गर्नु पर्नेछ।
१२. यो सूचना, रजिष्ट्रेशन फाराम र फाईलिङ्गसम्बन्धी कार्य सूची (check list) परिषद्को वेबसाइट **www.ctevt.org.np** मा पनि उपलब्ध हुनेछ।

**नोट: CTEVT को Web Based Online Integrated Training Management System (ITMS) को User and Password को लागि परिषद्बाट सम्बन्धन प्राप्त डिप्लोमा तथा प्रमाणपत्र तहका शिक्षण संस्थाहरूले आफ्नो संस्थाको Letter Pad मा TSLC/डिप्लोमा तथा प्रमाणपत्र तह संचालन भईरहेका कार्यक्रमहरू तथा सम्पर्क व्यक्तिको नाम सम्पर्क नम्बर उल्लेख गरी ctevtoce.itms@gmail.com मा e-mail गर्नु पर्नेछ।**

**परीक्षा नियन्त्रक**



**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

**परीक्षा नियन्त्रण कार्यालय**

**सानोठिमी, भक्तपुरको**

**प्राविधिक एस.एल.सी. तहको रजिष्ट्रेशन फाराम भर्ने बारेको अत्यन्त जरूरी सूचना**

**(सूचना प्रकाशित मिति : २०७६।०८।१०)**

यस परिषद्का आंगिक, साझेदारी, सरकारी/सामूदायिक विद्यालय र निजीस्तरमा कार्यक्रम सञ्चालनको सम्बन्धन स्वीकृती पाएका शिक्षण संस्थाहरूमा प्राविधिक एस.एल.सी. तहको शैक्षिक सत्र २०७६/७७ का लागि लिइएको प्रवेश परीक्षामा उत्तीर्ण भई भर्ना भएका विद्यार्थीहरूको रजिष्ट्रेशन फाराम २०७६ साल मङ्सिर ३० गतेभित्रमा नियमित शुल्कमा र २०७६ साल पुष १५ गतेभित्र विलम्ब शुल्कमा तपसिलअनुसारको प्रक्रिया पुऱ्याई परिषद् अन्तर्गतका सम्बन्धित प्रदेश कार्यालयहरूमा रजिष्ट्रेशन फाराम बुझाउनुहुन सम्बन्धित सम्पूर्ण शिक्षण संस्थाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको समयभित्र रजिष्ट्रेशन फाराम नबुझाएमा पछि रजिष्ट्रेशन नहुने व्यहोरासमेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**सर्तहरू:**

१. परीक्षा नियन्त्रण कार्यालयबाट शैक्षिक सत्र २०७६/७७ का लागि विभिन्न मितिमा लिइएको प्राविधिक एस.एल.सी. तहको प्रवेश तथा पुनः प्रवेश परीक्षामा सामेल भई प्राविधिक एस.एल.सी. तहको प्रवेश परीक्षा सम्वन्धी प्रकाशित सूचनामा तोकिएको प्रक्रियाबमोजिम भर्ना भएका विद्यार्थीहरूको मात्र रजिष्ट्रेशन फाराम भराउनु पर्नेछ।
२. परिषद्बाट स्वीकृत कोटा अनुसारको मात्र विद्यार्थी संख्या हुनु पर्नेछ।
३. परिषद्बाट निजीस्तरमा कार्यक्रम सञ्चालनको सम्बन्धन स्वीकृति पाएका शिक्षण संस्थाहरूले रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. ५००।- र संस्थागत विकास शुल्क रु. ५००।- बुझाउनु पर्नेछ।
४. परिषद्का आंगिक, साझेदारी, सरकारी/सामूदायिक विद्यालय अन्तरगत संचालित शैक्षिक कार्यक्रममा अध्ययनरत विद्यार्थीहरूको हकमा रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. ५००।- लाग्नेछ।
५. **सम्बन्धित शिक्षण संस्थाहरूले रजिष्ट्रेशन शुल्क र संस्थागत विकास शुल्कबापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति २०७६ पौष ०१ गते तथा विलम्ब शुल्क बुझाउने अन्तिम मिति २०७६ पौष १६ गतेसम्म तोकिएको छ।**
६. प्रदेश नं १ को कार्यालय ईटहरी, सुनसरीको रा.वा.बैंक, इटहरी शाखाको च.हि.नं.२५५०००१२७८०१ मा, प्रदेश नं २ को कार्यालय जनकपुर, धनुषाको रा.वा.बैंक, जनकपुर शाखाको च.हि.नं. १५२०००२६९०१ मा, प्रदेश नं ३ को कार्यालय मकवानपुर, हेटौंडाको रा.वा.बैंक, हेटौंडा शाखाको च.हि.नं. १३००००३६६९०१ मा, गण्डकी प्रदेशको कार्यालय पोखरा, कास्कीको रा.वा.बैंक, पार्दी, पोखरा शाखाको च.हि.नं. ३५००००००२३४०१ मा, प्रदेश नं ५ को कार्यालय बुटवल, रूपन्देहीको रा.वा.बैंक, बुटवल शाखाको च.हि.नं. ३३६००००३६१०१ मा, कर्णाली प्रदेशको कार्यालय वीरेन्द्रनगर, सुर्खेतको रा.वा.बैंक, सुर्खेत शाखाको च.हि.नं. ४०८००१५५२८०१ मा, सुदूरपश्चिम प्रदेशको कार्यालय धनगढी, कैलालीको रा.वा.बैंक, धनगढी शाखाको च.हि.नं. ४१७००००६५०८०१ मा शुल्क जम्मा गरेको सकल भौचर र शिक्षण संस्थाको पत्रसाथ रजिष्ट्रेशन फारामसाथ संलग्न गर्नुपर्नेछ।
७. **जेहेन्दार र वर्गिकृत छात्रवृत्ति अन्तर्गत छनोट भएका विद्यार्थीहरूको रजिष्ट्रेशन र संस्थागत विकास शुल्क लाग्ने छैन।**
८. रजिष्ट्रेशन फारामहरू **CTEVT** को **Web Based Online Integrated Training Management System (ITMS)** मा भर्ना भएका परीक्षार्थीहरूको प्रवेश परीक्षाको फाराम **ITMS Online** मा **Entry** गरी **Registration Form ITMS Online** मा **Submit** गर्नु पर्नेछ। परीक्षार्थीहरूको रजिष्ट्रेशन फाराम **ITMS Online** मा **Submit** भएका रजिष्ट्रेशन समष्टिगत अनुसार मिलाई **Plastic Coated Index File** मा फाईल गरी पेस गर्नु पर्नेछ। कार्यक्रमअनुसारको रजिष्ट्रेशन समष्टिगत फारामको प्रमाणित **Hard Copy (Printed Copy)** समेत एक प्रति सोही फाईलमा संलग्न हुनुपर्नेछ।
९. रजिष्ट्रेशन फारामसाथ प्रवेश तथा पुनः प्रवेश परीक्षाको नतिजाको प्रति, शैक्षिक योग्यताको प्रमाणपत्रहरू तथा नागरिकता/जन्म दर्ताको प्रमाणपत्र र प्रवेश पुनः प्रवेश परीक्षाको प्रवेशपत्रको प्रतिलिपि अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।
१०. नेपाल बाहेक अन्य देशबाट एस.एल.सी./एस.ई.ई. वा सो सरहको परीक्षा उत्तीर्ण गर्ने विद्यार्थीहरूले **अन्य शैक्षिक प्रमाणपत्रका साथै समकक्षता प्रमाणपत्र र माईग्रेशन प्रमाणपत्रको सक्कल प्रति** पेस गर्नुपर्नेछ। राहदानी तथा प्रवेशाज्ञा आवश्यक पर्ने विदेशी मुलुकका परीक्षार्थीको हकमा राहदानी तथा प्रवेशाज्ञा एवं अध्ययन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ।
११. कुनै सरकारी वा गैह्र सरकारी निकाय तथा संघ, संस्थामा कार्यरत रही प्रवेश परीक्षामा उत्तीर्ण भई भर्ना हुने विद्यार्थीहरूको हकमा आफूले काम गर्ने कार्यालयको विभागीय स्वीकृतीपत्रको प्रतिलिपि पेस गर्नु पर्नेछ।
१२. LP/AH वा Veterinary Science कार्यक्रमको रजिष्ट्रेशन फाराम भराउँदा शिक्षण संस्थाले सम्बन्धन/स्वीकृतिपत्रको प्रतिलिपिसहित कार्यक्रम स्पष्ट रूपमा भर्नुपर्नेछ।
१३. सम्बन्धित शिक्षण संस्थाहरूले तोकिएको परिषद् अन्तर्गतका प्रदेश कार्यालयहरूमा उक्त रजिष्ट्रेशन फाराम दर्ता गराउनु पर्नेछ।
१४. यो सूचना, रजिष्ट्रेशन फाराम र फाईलिङ्ग सम्बन्धी कार्य सूची (Check list) परिषद्को वेभसाइट **www.ctevt.org.np** मा उपलव्ध हुनेछ।

**नोट: CTEVT को Web Based Online Integrated Training Management System (ITMS) को User and Password को लागि परिषद्बाट सम्बन्धन प्राप्त प्राविधिक एस.एल.सी. तहका शिक्षण संस्थाहरूले आफ्नो संस्थाको Letter Pad मा TSLC/Diploma तह सञ्चालन भइरहेका कार्यक्रमहरू तथा सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बर उल्लेख गरी ctevtoce.itms@gmail.com मा e-mail गर्नु पर्नेछ।**

**परीक्षा नियन्त्रक**

नेपाल सरकार
गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय, खोटाङ

# जग्गा अधिग्रहण गर्ने सम्बन्धि सूचना

अरुण-३ जलविद्युत आयोजना विकासको लागि आवश्यक पर्ने जग्गा अधिग्रहण गर्न विकास कर्ता एसजेभिएन अरुण-३ पावर डेभलपमेन्ट कम्पनी प्रा.लि. (SAPDC) को ४०० के.भी. प्रसारण लाईन आयोजना अन्तर्गतको निर्माणाधीन डिडिंग-ढल्केवर-बथनाहा ४०० के.भी. प्रशारण लाईनको खोटाङ जिल्लाको निम्न उल्लेखित गाउँपालिका र साविक वडा नं. हरुमा पर्ने टावरहरुको निर्माण गर्न तपशिलमा उल्लेखित जग्गा तथा जग्गामा रहेका घर, गोठ, टहरा तथा रुख विरुवा समेत स्थायी रुपमा अधिग्रहण गर्ने गरी जग्गा प्राप्ती ऐन, २०३४ को दफा ९ को उपदफा १ को प्रयोजन र जग्गाको स्वामित्वमा फरक पर्न गएको भएमा सो समेतका दाबीका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले बाटोको म्याद वाहेक १५ (पन्ध्र) दिन भित्र आफ्नो जग्गा प्राप्त नगर्नु पर्ने कुनै कारण भए त्यसको कारण खोली सोही ऐनको दफा ११ बमोजिम यस कार्यालय मार्फत गृह मन्त्रालयमा उजुरी गर्न सकिनेछ। सूचना प्रकाशित भएको मिति देखि नै अधिग्रहण गरिने जग्गाहरु रोक्का रहने हुदा उक्त क्षेत्रमा कुनै पनि संरचना थप्ने कार्य नगर्नु नगराउनु हुन जानकारी गराईन्छ। जुन जग्गाको कित्ता नम्बर हाल एकिन हुन नसकेको जग्गाको जग्गाधनीले आफु सँग भएको जग्गाको प्रमाण पेश गरेका खण्डमा सोही बमोजिमका कित्ता जग्गा एकिन हुनेछ। तोकिएको म्याद भित्र निवेदन नदिई म्याद गुजारेको खण्डमा कानुन बमोजिम हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ।

## अरुण-३ पावर डिवेल्पमैंट कम्पनी ४०० के. भी. प्रशारण लाईन को टावर फाउन्डेशनमा पर्ने खोटाङ जिल्लाका जग्गा तथा जग्गाधनिहरूको विवरण

| सि.नं. | गा.वि.स. | वडा नं. | जग्गा धनिको नाम | बाबु/पति | बाजे/ससुरा | कि.नं. | टावर न. | हालको क्षेत्रफल | | | | टावर फाउन्डेशनमा पर्ने अधिग्रहण गरिने क्षेत्रफल | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | रोपनी | आना | पैसा | दाम | रोपनी | आना | पैसा | दाम | |
| १ | च्यानडाडा | ३ | नेपाल सरकार | | | ५३७ | १२५/० | ४९२ | ६ | ३ | ३.४२ | | १२ | २ | १.२८ | |
| २ | च्यानडाडा | ३ | विक्रम राई | धपलमान | दलबहादुर | ३२० | १२६/० | ४६ | २ | ३ | ३.८८ | | १२ | २ | १.२८ | श्रे.का. छैन |
| ३ | च्यानडाडा | ५ | ईश्वरी माया भुजेल | कालु | सिंहमान | ९० | १२७/० | ६ | १० | १ | २.९९ | | | २ | २.०१ | पा.चा |
| ४ | च्यानडाडा | ५ | अनमाया गुरूङ | दिपबहादुर | नरबहादुर | ८९ | १२७/० | ५ | २ | ० | २.०२ | | ३ | ३ | ०.२८ | पा.चा |
| ५ | च्यानडाडा | ५ | धनकुमारी गुरूङ | तिलबहादुर | बृद्धिमान | ९१ | १२७/० | २ | १४ | २ | १.५ | | ८ | ० | २.९८ | पा.चा |
| ६ | च्यानडाडा | ५ | सिता गुरूङ | भक्तबहादुर | दलबहादुर | ५६ | १२८/० | १४ | १३ | ३ | १.८८ | | १० | ३ | ३.५२ | श्रे.का. छैन |
| ७ | च्यानडाडा | ५ | नेपाल सरकार | | | ३८ | १२८/० | ५ | ९ | ० | २.९९ | | १ | २ | १.७६ | |
| ८ | च्यानडाडा | ५ | नन्द बहादुर देउजा | चम्फासिंह | रामु | २९३ | १२९/० | ५ | ९ | २ | १.२८ | | १२ | २ | ०.१७ | श्रे.का. छैन |
| ९ | च्यानडाडा | ५ | कुल बहादुर देउजा | नन्दबहादुर | चम्फसिंह | २९२ | १२९/० | ७ | ८ | १ | ०.७६ | | | | १.११ | पा.चा |
| १० | च्यानडाडा | ६ | टिका बहादुर देउजा | सुरविर | रनध्वज | ३५२ | १३०/० | १ | १३ | ३ | २.३ | | ५ | १ | ०.३४ | श्रे.का. छैन |
| ११ | च्यानडाडा | ६ | ज्ञान बहादुर देउजा | टिकाबहादुर | सुरविर | ३५१ | १३०/० | १ | ४ | २ | ०.१४ | ० | ७ | ० | ०.८२ | पा.चा |
| १२ | च्यानडाडा | ६ | लोक बहादुर देउजा | दुर्गाबहादुर | नरबहादुर | ४१३ | १३०/० | ४ | ० | ० | ३.२९ | ० | ० | १ | ०.१३ | पा.चा |
| १३ | च्यानडाडा | ६ | महल खाली | | | ५१०३४२ | १३०/० | ४ | १ | २ | ३.५ | | | | | |
| १४ | च्यानडाडा | ६ | खड्ग बहादुर बस्नेत | धनमान | भक्तबिर | ६२ | १३१/० | १७ | ११ | ३ | ३.२८ | ० | १२ | २ | १.२८ | श्रे.का. छैन |
| १५ | च्यानडाडा | ६ | रत्न माया बस्नेत | कृष्णबहादुर | सनमान | १८० | १३२/० | २५ | ७ | ३ | ३.८६ | ० | १२ | २ | १.२८ | श्रे.का. छैन |
| १६ | च्यानडाडा | ९ | शान्ती बस्नेत (खत्री) | मानबहादुर | पदमबहादुर | ८६२ | १३३/० | ९ | ७ | २ | ०.०८ | ० | ४ | ० | ०.१३ | पा.चा |
| १७ | च्यानडाडा | ९ | हर्क ध्वज राई | बजिरमान | धौलबिर | १७८ | १३३/० | २ | १२ | ३ | १.०२ | ० | ४ | २ | ३.१८ | श्रे.का. छैन |
| १८ | च्यानडाडा | ९ | धन बहादुर राई | पदमलाल | सर्वजित | १७६ | १३३/० | २ | ७ | १ | ३.१२ | ० | २ | ३ | ०.४३ | श्रे.का. छैन |
| १९ | च्यानडाडा | ९ | कबिरमान बिष्ट | भवजित | अबसिंह | १७७ | १३३/० | ४ | १० | २ | ३.०१ | ० | १ | ० | १.३६ | श्रे.का. छैन |
| २० | च्यानडाडा | ९ | महल खाली | | | ९९७ | १३४/० | ९ | १५ | ३ | १.६९ | ० | ० | १ | २.९९ | कि.नं. नपुगेको |
पानी ओसार्ने काम तब मात्रै सकिन्छ, जब साँझको भान्छा सकिन्छ । उहाँलाई दिनमा चार खेप पानी बोक्नुपर्ने बाध्यता छ । 'पानीको लागि यही एउटा जरुवा छ, यसैमा पनि पालो लगाउनुपर्छ । त्यसैले बिहानैबाट नियमितरूपमा पानी ओसार्ने काम गर्छु' द्रोपदाले भन्नुभयो ।



कुवामा पालो पर्खिएर पानी भर्दै स्थानीय । तस्बिर : दिवाकर पोखेल

वसन्तपुर गाउँमा एक सय घरधुरी छन् । जसमध्ये ६७ घरधुरीले एउटै जरुवा पानीको भर पर्नु परेको छ । बस्तुभाउ र मान्छेले प्रयोग गर्ने पानीको स्रोत एउटै हो । खोचबाट बग्दै आएको पानी एउटा कुवामा जम्मा हुन्छ । त्यही जरुवाको पानीले सिङ्गो गाउँको प्यास मेटाउने गर्छ । त्यही पनि फागुनदेखि क्रमशः सुक्न थालेपछि पानीको हाहाकार हुन्छ । प्रशस्त पानी नभएका कारण चौपायाले खाने पानी मान्छेको लागि पनि प्रयोग गर्नुपरेको स्थानीय लीला नेपालीले बताउनुभयो ।

गाउँमा पानीको भरपर्दो स्रोत नभएको र भएको स्रोतको पनि संरक्षण हुन नसकेको स्थानीय मोहनलाल घर्तीले बताउनुभयो ।

विद्युत्को नियमित आपूर्ति भएमा खोलाबाट मोटरले पानी तान्न सकिने स्थानीयको भनाइ छ । लमही नगरपालिकाले विद्युत् विस्तारका लागि पोल र तार पुर्‍याए पनि विद्युत् प्रवाह हुनसकेको छैन । नगरप्रमुख कुलबहादुर केसीले बिजुली सञ्चालन भएपछि वसन्तपुर गाउँमा खानेपानी पुर्‍याउन सम्भव हुने भएकाले बिजुली सुचारु गर्नेतर्फ ध्यान दिएको बताउनुभयो ।


**त्रि.वि. शिक्षण अस्पताल**
महाराजगञ्ज

**बोलपत्र आह्वान गरिएको सूचना**

प्रकाशित मिति : २०७६।८।१०

यस अस्पतालको लागि निम्नानुसारका मालसामान खरिद गर्न निम्न सर्तहरूको अधीनमा रहने गरी बोलपत्र/दरभाउपत्र आह्वान गरिएको छ ।

| ठेक्का नं. | सामानको शीर्षक | बोलपत्र/ दरभाउपत्र | एकाई | फाराम खरिद गर्ने अन्तिम मिति र समय | फारामदर्ता गर्ने अन्तिम मिति र समय | फाराम खोल्ने मिति र समय | बोलपत्र जमानत | फाराम दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| J-21/076/077 | Consumables for Apheresis Machine | बोलपत्र | - | २०७६।९।९ गते ४:०० बजेसम्म | २०७६।९।१० गते १२:०० बजेसम्म | २०७६।९।१० गते १:०० बजे | रु.१,९०,००० | रु.३०००।०० |
| J-47/076/077 | Centrifuge Machine | दरभाउपत्र | 3 Unit | २०७६।८।२४ गते ४:०० बजेसम्म | २०७६।८।२५ गते १२:०० बजेसम्म | २०७६।८।२५ गते १:०० बजे | रु.३५,००० | रु.१०००।०० |
| J-66/076/077 | Dryer Machine | बोलपत्र | 1 Unit | २०७६।९।१० गते ४:०० बजेसम्म | २०७६।९।११ गते १२:०० बजेसम्म | २०७६।९।११ गते १:०० बजे | रु.६५,००० | रु.३०००।०० |
| J-67/076/077 | Fluid warmer, Patient Monitor & Syringe Pump | दरभाउपत्र | Each 1 item | २०७६।८।२५ गते ४:०० बजेसम्म | २०७६।८।२६ गते १२:०० बजेसम्म | २०७६।८।२६ गते १:०० बजे | रु.१५,००० | रु.१०००।०० |

मथि उल्लेखित उपकरणहरुको सिलबन्दी बोलपत्र फाराम खरिद गर्न इच्छुक इजाजतप्राप्त फर्मले हिमालयन बैङ्क लिमिटेड, महाराजगञ्ज शाखाको चल्ती खाता नं. ००२००५५३६५००१८ मा हरेक बोलपत्रको छुट्टाछुट्टै रकम जम्मा गरी (फिर्ता नहुने गरी) सोको सक्कल भौचर र लिखित निवेदनको साथ फर्म दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र र पछिल्लो आ.व.को करचुक्ता प्रमाणपत्रका प्रतिलिपिहरू पेस गर्नुपर्नेछ । बोलपत्रको साथमा बोलपत्रदाताले माथि उल्लिखित रकमबराबरको बोलपत्र जमानत (बिडबण्ड) पेस गर्नुपर्नेछ । बोलपत्र फाराम माथि उल्लिखित मिति र समयमा उपस्थित अधिकारप्राप्त प्रतिनिधिहरूको रोहबरमा (उपस्थित नभए पनि) यस अस्पतालको बैठक कक्षमा खोलिने छ । तोकिएको दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट खोलिने छ । म्याद नाघी आएका तथा रीतपूर्वक नआएका बोलपत्र माथि कुनै कारबाही गरिने छैन । विस्तृत जानकारीको लागि यस अस्पतालको सामान्य प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।




# जनसत्तामा पास गरिएका घरजग्गा मालपोतमा दर्ता

■ सुरेन्द्र खत्री

रुकुम (पश्चिम), मङ्सिर ९ गते। विगतको सशस्त्र द्वन्द्वकालमा तत्कालीन नेकपा (माओवादी)ले सञ्चालन गरेको जनसत्तामा घरजग्गामा रजिष्ट्रेसन पास गरेका व्यक्तिहरूका घरजग्गा लामो समयपछि मालपोत कार्यालयमा दर्ता गरिएको छ ।

जिल्लाको बाँफीकोट गाउँपालिकामा जग्गा किनबेच गरेका धेरै जनाले २०/२५ वर्षपछि वैधानिक रूपले सरकारी रूपमा दर्ता गरेका हुन् ।

जनसत्तामा पास गरेका घरजग्गाको वैधानिकताका लागि सरकारले माथिदेखि नै पहल गरे तापनि सम्भव नभएको अवस्थामा बाँफीकोट गाउँपालिकाले भने जग्गा किन्ने र बेच्ने दुवै पक्षलाई सहमतिमा ल्याएर मालपोतमा दर्ता गर्ने काम गरेको हो ।

दुवै पक्षलाई सहमतिमा ल्याएपछि जिल्ला प्रशासन कार्यालय रुकुम पश्चिमसँग समन्वय गरी गाउँपालिकाका तीन स्थानमा शिविर सञ्चालन गरी मालपोतमा जग्गा रजिष्ट्रेसन गरिएको हो ।

जनसत्तामा पास गरिएका व्यक्तिहरूका साथै केही थप नयाँ व्यक्तिसहित १४७ जनाको ३०१ वटा कित्ता जग्गा शिविरमार्फत पास भएको जग्गा बाँफीकोट गाउँपालिका अध्यक्ष धर्मबहादुर केसीले जानकारी दिनुभयो ।

जिल्ला प्रशासन कार्यालयले सञ्चालन गरेको एकीकृत शिविरमा गाउँपालिकाले पनि स्वास्थ्य, कृषि तथा भेटेरिनरीका सेवा प्रदान गरिएको अध्यक्ष केसीको भनाइ छ ।

गाउँपालिकामा भएको उक्त शिविरमा जग्गा रजिष्ट्रेसनका कामकारबाही जिल्ला समन्वय समितिका प्रमुख राजकुमार शर्मा, प्रमुख जिल्ला अधिकारी उपेन्द्रराज पौड्याल, मालपोत कार्यालयका प्रमुख मोहन गिरीलगायतको उपस्थितिमा भएको थियो ।

जिल्लाभरि नै यो समस्या रहेकामा बाँफीकोट गाउँपालिकाले पहिलो प्रयास गरेको हो । आफ्नो गाउँपालिकामा रहेको यो सङ्ख्या घटाइएको गाउँपालिकाले जनाएको छ ।

अझै करिब ६५ घरपरिवारका १२० कित्ता जग्गाको रजिष्ट्रेसन मालपोतमा बनाउन बाँकी रहेको अध्यक्ष केसीले बताउनुभयो । कारोबार गर्ने व्यक्तिहरू जिल्लाबाहिर रहेका र अन्य केही सहमति जुट्न बाँकीको काम हुन नसकेको र यसका लागि पहल भइरहेको उहाँले जानकारी दिनुभयो ।



**जनसत्तामा पास भएका घरजग्गाको मालपोतमा रजिष्ट्रेसनका लागि जिल्लाको बाँफीकोट गाउँपालिका–७ मा सञ्चालन भएको सेवा शिविर ।** तस्बिर : सुरेन्द्र

# सहकार्य भए विकास सम्भव

■ सल्यान समाचारदाता

सल्यान, मङ्सिर ९ गते। सल्यानका स्थानीय तहका प्रमुखसहित भएको कार्यक्रमका सहभागीले समन्वय, सहकार्य र सहअस्तित्व स्वीकार गर्न नसक्दा विकासले गति लिन नसकेको बताएका छन् ।

त्यस्तै उनीहरूले तीन तहका सरकार एक आपसमा एकीकृत भएर विकासमा सहभागी हुनुपर्नेमा पनि जोड दिएका छन् ।

जिल्ला समन्वय समिति सल्यानको आयोजनामा भएको विकास, शान्तिसुरक्षा र प्रशासनिक कामको सन्दर्भमा जनप्रतिनिधिहरूसँग अन्तर्क्रिया कार्यक्रममा बोल्ने वक्ताहरूले स्थानीय सरकार कार्यापालिका, व्यवस्थापिका र न्यायपालिकासहितको सरकार भए तापनि ऐन कानुन, कार्यविधिको अभावले विकास र सुशासनले प्रभावकारिता लिन नसकेको जनाएका छन् ।

उनीहरूले सल्यानलाई चिनाउने खालको विकास नभएको स्वीकार गर्दै अबका दिनमा आपसी सहकार्य गर्ने प्रतिबद्धता पनि जनाएका छन् ।

प्रतिनिधि सभा सदस्य टेकबहादुर बस्नेतले जनतालाई शान्ति, विकास र सुरक्षाको प्रत्याभूति दिन स्थानीय तहका सरकार बलियो हुनुपर्ने सुझाव दिनुभयो ।

विकासका लागि शान्तिसुरक्षा र स्थायित्व आवश्यक हुने बताउँदै प्रमुख जिल्ला अधिकारी चुडाराज न्यौपानेले पछिल्लो समयमा विप्लव समूहको गतिविधि न्यून भएको र शान्तिसुरक्षा चुस्त भएकाले अब विकास निर्माणले गति लिने दाबी गर्नुभयो ।

त्यस्तै सल्यान जिल्लाको समग्र विकासलाई अघि बढाउन १० वटै स्थानीय तहले साझा मुद्दाको पहिचान गरी प्राथमिकीकरण गर्नुपर्ने नेपाल बार एसोसियसनका अध्यक्ष लालबहादुर रावतले बताउनुभयो ।

थोरै कर्मचारीमा धेरै काम विधि र प्रक्रिया पुऱ्याएर गर्नुपर्ने भएकाले काम गर्न असहज भएको बागचौर नगरपालिका प्रमुख प्रशासकीय अधिकृत जगतबहादुर बस्नेतले गुनासो गर्नुभयो। उहाँले संरचना बने पनि आवश्यक कर्मचारी र कानुनको अभाव भएको जनाउनुभयो ।

कुमाख गाउँपालिका अध्यक्ष दिलमाया बुढामगरले कर्मचारी र जनप्रतिनिधिहरूको स्पष्ट भूमिका नभएको टिप्पणी गर्नुभयो ।

जिल्ला समन्वय समितिका उपप्रमुख हरिप्रकाश बुढाथोकीले स्थानीय निकायले ऐन, नियमावली बनाउँदा सङ्घ र प्रदेशको सिको गर्दा अहिले उक्त ऐन नियमावली जनप्रतिनिधिलाई नै घाँडो भएको बताउनुभयो। उहाँले जनप्रतिनिधिहरू जनताबीच परिचित हुन नसक्दा समस्या भएको जनाउनुभयो ।

# हिंसाविरुद्ध ऱ्याली प्रदर्शन

■ जाजरकोट समाचारदाता

खलङ्गा, मङ्सिर ९ गते। 'समानताको पुस्ता : बलात्कारविरुद्धको ऐक्यबद्धता' भन्ने राष्ट्रिय मूल नारासहित यहाँ ऱ्याली प्रदर्शन गरिएको छ ।

महिला हिंसाविरुद्धको १६ दिने अभियान सोमबारदेखि सुरु भएको छ। अभियानको पहिलो दिन जाजरकोटको सदरमुकाम खलङ्गामा ऱ्याली प्रदर्शन गर्नुका साथै कोण सभा पनि गरिएको छ ।

भेरी नगर कार्यपालिकाको कार्यालय तल्लो थाप्लेबाट निकालिएको ऱ्याली ठाँटीबजार राम मन्दिर हुँदै गैरीखालीमा पुगेर कोण सभामा परिणत भएको थियो। कोण सभालाई सम्बोधन गर्ने वक्ताहरूले महिलाविरुद्ध हुने घरेलु हिंसा र दुर्व्यवहारका विषयमा चर्चा गरेका थिए ।

भेरी नगरपालिकाका कावा प्रमुख भावना भण्डारीको अध्यक्षतामा भएको कोण सभालाई सहायक प्रमुख जिल्ला अधिकारी विष्णु सहनी, निमित्त जिल्ला न्यायाधिवक्ता रुकमेडा पोखरेल, नेपाल पत्रकार महासङ्घ, जाजरकोट अध्यक्ष भीमबहादुर सिंह, भेरी नगर पालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत दलबहादुर घर्ती, नागरिक समाज, जाजरकोटका अगुवा राजेन्द्रविक्रम शाहले सम्बोधन गर्नुभएको थियो ।

महिला हिंसाविरुद्धको १६ दिने राष्ट्रिय अभियानलाई प्रभावकारी बनाउन निरन्तर रूपमा १६ दिनसम्म विभिन्न कार्यक्रमको आयोजना गरेर मनाइने भेरी नगरपालिकाले जनाएको छ ।

# पार्टी समायोजन समिति निर्माण

■ दैलेख समाचारदाता

दैलेख, मङ्सिर ९ गते। मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्र व्यवस्थामा गएको दुई वर्षपछि नेपाली काँग्रेसले दैलेखले स्थानीय तहमा पार्टी समायोजन समिति निर्माण गर्न सुरु गरेको छ ।

नेपाली काँग्रेस स्थानीय तह समायोजन अन्तरिम निर्देशिका २०७६ अनुसार दैलेख जिल्लाका ११ स्थानीय तहमा पार्टी समायोजन समिति निर्माण गरेको हो ।

स्थानीय तहका सबै वडामा नयाँ संरचना र नेपाली काँग्रेसको विधानअनुसार जिल्लाका ११ वटै स्थानीय तहमा निर्विरोध समिति चयन गरेको नेपाली काँग्रेसका दैलेख सभापति कृष्णबहादुर बिसीले बताउनुभयो ।

उहाँले मुलुक सङ्घीयता जानुपूर्व बनेको समितिलाई नै यथावत् राख्ने र नयाँ नगरपालिका तथा गाउँपालिकामा मात्र समिति निर्माण गरेको जानकारी दिनुभयो ।

दैलेखको दुई स्थानीय तह नारायण नगरपालिका र दुल्लु नगरपालिकामा पार्टीको १३औँ महाधिवेशनमा नै पार्टीको नगर समिति निर्माण भएको छ ।

पार्टीले केन्द्रीय समितिको परिपत्रअनुसार अर्को व्यवस्था नहुन्जेलसम्मका लागि सम्बन्धित स्थानीय तहको केन्द्र रहेको वडा तथा सम्बन्धित साबिकको गाविसका पार्टी सभापतिलाई नै संयोजकको जिम्मेवारी दिएको थियो। हाल नेपाली काँग्रेस स्थानीय तह समायोजन अन्तरिम निर्देशिका २०७६ बमोजिम पार्टीको १४औँ महाधिवेशनसम्मका लागि पार्टी समितिको चयन गरिएको नेपाली काँग्रेस जिल्ला कार्य समिति दैलेखका सदस्य झलक भण्डारीले बताउनुभयो ।

जिल्लाका विभिन्न गाउँपालिका तथा नगरपालिकामा साबिकका गासिवलाई वडामा राखेको र अन्य वडा फुटाएर अर्को वडा बनाएका नयाँ वडाहरूमा समेत पार्टीको वडा समिति निर्माण गरेको उहाँले जनाउनुभयो ।

स्थानीय पार्टी समायोजनमा दैलेखका प्रदेशमा सभापतिहरू चयनसमेत गरेको छ। निर्वाचन क्षेत्र नं. १ को प्रदेश (क) मा पदम मल्ल र (ख) नवीन शर्मालाई जिम्मेवारी दिएको छ भने निर्वाचन क्षेत्र नं. २ को प्रदेश (क) लीलाराम लम्साल र प्रदेश (ख) मा नैनबहादुर शाहीलाई जिम्मेवारी तोकिएको बताइएको छ ।

# जोखिम यात्राको बाध्यता

■ राजन रावत

सिमकोट, मङ्सिर ९ गते। यहाँको एक झोलुङ्गे पुल जीर्ण भएपछि पुलमा परेका प्वाललाई ढुङ्गाले छोपेर जोखिमपूर्ण यात्रा गर्न यात्रु बाध्य भएका छन् ।

हुम्लाको खार्पुनाथ गाउँपालिकाको वडा नं. १ र २ को सिमानामा पर्ने कर्णाली नदीमाथि निर्माण गरिएको छारेको झोलुङ्गे पुल यस्तो अवस्थामा छ। पुलमा परेका प्वाललाई ढुङ्गाले छोपेर यात्रु तथा पशुले जोखिम मोलेर वारपार गर्नुपर्ने बाध्यता छ। मर्मत तथा नवनिर्माणको प्रतीक्षामा रहेको उक्त पुलमा तर्नुको अन्य विकल्प नभएपछि बाध्य भएरै पैदल यात्रुले आउजाउ गर्नुपरेको हो ।

जोखिम छ तर के गर्नु अन्य विकल्प नभएपछि दर्जनौं स्थानमा प्वाल परेको झोलुङ्गे पुलमाथि यात्रा गर्नु बाध्यता रहेको खच्चड व्यवसायी कालु सिंहले बताउनुभयो। छारेमा कर्णाली नदीमाथि निर्माण भएको उक्त पुल ४० वर्ष पुरानो हो। काठको फल्याकले छापेको पुलमा धेरैपटक मर्मत गरिए तापनि दिगो व्यवस्थापन नहुँदा बर्सेनि यो समस्या आउने गरेको छ। वर्षमा चार दर्जनपटक सो पुलमाथि यात्रा गर्ने सिंहले एकपटक भारी बोकेको खच्चडको खुट्टा प्वालमा छिर्दा खच्चड नै कर्णाली नदीमा परेको स्मरण गर्नुभयो। सो पुलमाथि यात्रा गर्ने खच्चड व्यवसायीले केही न केही क्षति प्रत्येक यात्रामा बेहोर्दै आएका छन्। मानिस र पशुबस्तु एउटै पुलमा यात्रा गर्दै आएका छन् ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**नेपाल इन्टरमोडल यातायात विकास समिति**
कुपण्डोल, ललितपुर

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना**

प्रकाशन मितिः २०७६/८/१०

यस कार्यालयबाट मिति २०७६/३/१९ गते प्रकाशित बोलपत्र Single Stage Two Envelope आव्हान सम्बन्धी सूचना अनुसार निर्धारित समयभित्र PPMO को E-Procurement Portal मा दर्ता हुन आएका बोलपत्रहरुमध्ये प्राविधिक प्रस्तावको मूल्यांकनमा निम्न अनुसारको बोलपत्रदाताहरुले प्राविधिक प्रस्तावको शर्तहरु पूरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०७६/८/१७ गते दिनको १ बजे यस कार्यालयमा खोल्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ) उपनियम (५) तथा (६) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसीलः**

| ठेक्का नं | कामको विवरण | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु |
|---|---|---|
| NIT-DB/NW/C-14 | Construction of Parking Yard in Kakarbhitta ICD | i. Bikash Nirman Sewa, Ramnagar, Siraha<br>ii. Kankai-LPS Jv, Surunga, Jhapa |



**मनमोहन स्मृति पोलिटेक्निक**
बुढीगंगा-४, मोरङ्ग

**भर्ना सम्वन्धि सार्वजनिक सूचना**

मितिः २०७६/०८/१०

यस मनमोहन स्मृति पोलिटेक्निक बुढीगंगा-४ मा डिप्लोमा इन आर्किटेक्चर इन्जिनियरिङ्ग तर्फ-५ र मेकानिकल इन्जिनियरिङ्ग तर्फ-१ सिट रिक्त रहेको हुँदा CTEVT ले शैक्षिक वर्ष २०७६/०७७ मा सञ्चालन गरेको प्रवेश परीक्षामा Pass List/ Cut off तथा अन्य विभागको प्रवेश परीक्षा उर्तीण गरी उपरोक्त विभागमा भर्ना हुन चाहने परीक्षार्थीहरुले यहि २०७६/०८/१६ गते सम्म भर्नाको लागि निवेदन दिनुहुन सूचित गरिन्छ। म्याद भित्र यस पोलिटेक्निकमा निवेदन दर्ता गर्ने परीक्षार्थीहरु मध्ये मेरिट लिष्टको आधारमा भर्ना गरिनेछ। म्याद नाघी आएका निवेदन मान्य हुने छैन। विस्तृत जानकारीको लागि यस पोलिटेक्निकको प्रशासन शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ। सम्पर्क फोन नं ०२१-६२२०५८



**Patan Academy of Health Sciences**
**Lagankhel, Lalitpur, Nepal**

**Notice of Intent of Acceptance**

**Date of Publication: November 26, 2019**

For the provision on sub clauses 27.2 and 27.3 of public procurement act 2063, This is notifying to all Bidders who submitted their bids for the contracts as per the IFB Notice published on October 25, 2019, that the following mentioned lowest evaluated substantial responsive bidders are intended to award the contract.

| SN | Name of Project | Contract Identification No. | Name of Successful Bidder | Bid Amount (NPR) |
|---|---|---|---|---|
| 1 | Renovation of PCR Laboratory | Contract ID IFB No: PAHS/ NCB/BL/13/076/077) | Laxmi Mata Construction Company Pvt. Ltd, Kankai, Jhapa | 1,757,816.72 |

**Registrar, PAHS**



**नेपाल खुला विश्वविद्यालय**
**केन्द्रीय कार्यालय**
**मानभवन, ललितपुर**
नेपाल खुला विश्वविद्यालय स्थाः २०७३

**फोनः ०१-५५२४१०८, ५००८०४७**
**Website: www.nou.edu.np**
**Email: info@nou.edu.np**

**भर्ना आवेदन सम्बन्धी सूचना**

(सूचना प्रकाशन मिति २०७६।०८।१०)

यस विश्वविद्यालयको सामाजिक शास्त्र तथा शिक्षा सङ्काय अन्तर्गत तपसिलका तह र विषयका कार्यक्रमहरुमा वि.सं. २०७६ हिउँदे सत्र प्रथम सेमेष्टरमा सेमेष्टर प्रणाली अर्न्तगत भर्ना आवेदन आव्हान सम्बन्धी यो सूचना सम्वन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ। भर्ना आवेदनका लागि विश्वविद्यालयको वेवसाइटमा रहेको Student Panel मार्फत Online भर्ना आवेदन फारम भर्नुपर्नेछ।

- **आवेदन शुल्क रु.१०००।– (एक हजार) नेपाल खुला विश्वविद्यालयको नाममा रहेको ग्लोबल आईएमई बैंक लिमिटेड कीर्तिपुर, शाखा स्थित चल्ती खाता नं. ०५०१०१००००५०२ मा जम्मा गरी सो बैंक भौचर Scan गरी आवेदन फारमका साथ Upload गर्नुपर्नेछ।**
- आवेदकले आवेदन फारमका साथ सम्बन्धित शैक्षिक तह र कार्यक्रमका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र र ट्रन्सक्रिप्टको Scan Copy Upload गर्नुपर्ने छ।
- **प्रवेश परीक्षाका केन्द्रहरु धनगढी, सुर्खेत, पोखरा, ललितपुर र ईटहरीमा रहनेछन्।**
- प्रवेश परीक्षा मिति २०७६ साल पौष १९ गते शनिबार दिउँसो ११:०० बजे संचालन हुनेछ।
- प्रवेश परीक्षाको पाठ्यक्रम विश्वद्यािलयको Website को सम्बन्धित सङ्कायको Menu मा प्रकाशन गरिनेछ।

(क) एक वर्षे स्नातक शिक्षक शिक्षा तालिम कार्यक्रम (One Year B.Ed) को लागि भर्ना आवेदन आव्हान गरिएका विषयहरू :
**१. अंग्रेजी** **२. नेपाली** **३. गणित** **४. विज्ञान**
**५. सामाजिक अध्ययन** **६. कम्प्युटर इन्जिनियरिङ** **७. बाली विज्ञान**

**(ख) भर्नाको लागि आवश्यक न्यूनतम योग्यताः**
१) सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।
२) अंग्रेजी, नेपाली, गणित, विज्ञान, कम्प्यूटर इन्जिनियरिङ र बाली विज्ञानहरुमा भर्ना हुन स्नातक तहमा सम्बन्धित मूल विषय लिई उत्तीर्ण गरेका ईच्छुक व्यक्तिहरुले आवेदन दिन पाउनेछन्।
३) सामाजिक अध्ययन विषयमा भर्ना हुन स्नातक तहमा सामाजिक विज्ञान अन्तर्गतका विषयहरू अर्थशास्त्र, इतिहास, भुगोल, समाजशास्त्र, मानवशास्त्र, जनसङ्ख्या अध्ययन, राजनीति शास्त्र, ग्रामीण विकास, सामाजिक कार्य, मनोविज्ञान, सँस्कृति, गृहविज्ञान र नागरिक शास्त्र मूल विषय लिई उत्तीर्ण गरेका ईच्छुक व्यक्तिहरुले आवेदन दिन पाउनेछन्।
४) सामाजिक अध्ययन विषयमा अध्ययन गर्ने विद्यार्थीहरुले ३ क्रेडिट बराबरको थप Non-credit को Enrichment कोर्स अध्ययन गर्नुपर्नेछ।

(ग) आवेदकसँग कम्प्युटरको आधारभूत ज्ञान तथा सिप हुनुपर्नेछ।
(घ) भर्ना आवेदकले सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आवेदन दिइसक्नु पर्नेछ।

**नोट :**
- हाल सामुदायिक विद्यालय माध्यमिक तह कक्षा ९–१२ मा अध्यापनरत/कार्यरत अध्यापन अनुमति पत्र प्राप्त नगरेका शिक्षा शास्त्र सङ्कायभन्दा अर्को सङ्कायबाट स्नातक वा स्नातकोत्तर गरी शिक्षण पेशामा प्रवेश गरेका अङ्ग्रेजी, विज्ञान, गणित र प्राविधिक धारका विषयहरुमा विश्वविद्यालयको प्रकृयाबाट छनौट हुन सफल शिक्षकहरूलाई केही सिटमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कार्यक्रम सहायता उपलब्ध गराउन सक्नेछ।
- प्रत्येक कार्यक्रममा न्यूनतम विद्यार्थी संख्या २० जना हुनुपर्ने छ।



**नेपाल विद्युत प्राधिकरण**
**प्रदेश नं. ३ प्रादेशिक कार्यालय**
**बालाजु वितरण केन्द्र**

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**मितिः २०७६/०८/१०**

नेपाल विद्युत प्राधिकरण बालाजु वितरण केन्द्रअन्तर्गत तारकेश्वर तथा नागार्जुन नगरपालिका का विभिन्न स्थानहरूमा LT लाइन विस्तार तथा सुधार गरी सञ्चालन गर्ने कार्य सिलबन्दी दरभाउपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित कार्यका लागि इजाजतप्राप्त मू.अ.कर (भ्याट) मा दर्ता भएका आयकर तिरेका रजिष्टर्ड फर्महरूबाट निम्न सर्तहरूका अधीनमा रही सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। उल्लेखित सिलबन्दी दरभाउपत्रसँग सम्बन्धित आवश्यक कुराहरू बुझ्नु परेमा कार्यालय समयभित्र सम्बन्धित कार्यालयबाट बुझ्न सकिनेछ।

| दरभाउपत्र/बोलपत्र नं. | कामको विवरण | दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दस्तुर रु. | बैंक तथा धरौटी खाता नं. ठेगाना | बिडबण्ड रकम रु. | लागत इष्टिमेट कुल अंक भ्याटसहित |
|---|---|---|---|---|---|---|---|
| NEA/ BJDC-076/077-06 (SQ) | तारकेश्वर तथा नागार्जुन नगरपालिकाका विभिन्न स्थानहरूमा LT लाइन विस्तार तथा सुधार गर्ने कार्य। | सूचना प्रकाशित भएको मितिले १५ औँ दिनसम्म काउन्टर समयभित्रमा ने.वि.प्रा. बालाजु वितरण केन्द्रबाट खरिद गर्न सकिनेछ। | सूचना प्रकाशित भएको मितिले १६औँ दिन दिनको १२:०० बजेसम्म सो दिन बिदा पर्न गएमा सोको भोलिपल्ट सोही समयमा | १०००।०० | ग्लोबल बैंक लि. वनस्थली धरौटी खाता नं. च.हि.नं. १००१०१००००५४३ | ५०,०००।– | रु.१९,९३,१२३।८३ |

**फोन नं.** ०१-४३९००६९, ४३९००४८


**युवामञ्च** मासिक खोजी खोजी पढौं ।

# साढे दुई वर्षपछि छ लेन सडक कालोपत्रे हुँदै

■ अविनाश चौधरी

धनगढी, मङ्सिर ९ गते । निर्माणको काम सुरु भएको साढे दुई वर्षपछि मोहनापुल–अत्तरिया छ लेन सडक कालोपत्रे गर्ने कार्यको थालनी गरिएको छ । तोकिएको समयमा छ लेन सडक निर्माण कार्य पूरा गर्न नसकेका निर्माण कम्पनीले म्याद सकिएपछि सडक कालोपत्रेको कार्य सुरु गरेका हुन् । तीनवटै खण्डमा कालोपत्रे गर्नका लागि ठाउँ तयार पार्ने (प्राइम कोड राख्ने) कार्य भइरहेको छ ।



तीनवटै खण्डको करिब सात/आठ सय मिटरमा तत्काल कालोपत्रे हुन्छ, छ लेन सडक निर्माण आयोजनाका प्रमुख होमबहादुर एमसीले भन्नुभयो, अहिले परीक्षणका लागि यति दूरीमा कालोपत्रे गर्न लागिएको हो ।

पहिलो खण्डको मिलनचोक क्षेत्र, दोस्रो खण्डको बोराडाँडी र तेस्रो एवं अन्तिम खण्डको अत्तरिया क्षेत्रमा कालोपत्रेका लागि 'प्राइम कोड' राख्ने कार्य भइरहेको छ । अहिले हुने कालोपत्रे आफूहरूका लागि 'ट्राइल' पनि रहेको आयोजना प्रमुख एमसीको भनाइ छ । कालोपत्रे गरेर गिट्टी मिले/नमिलेको, त्रुटि भए/नभएको जस्ता प्राविधिक पक्ष हेर्छौं, उहाँले भन्नुभयो, सफल देखिएमा त्यसैअनुसार थप कालोपत्रेको काम अगाडि बढ्छ ।

धनगढी–अत्तरियाको विकासको मेरुदण्डका रूपमा लिइएको छ लेन सडक निर्माणको कार्य २०७४ जेठ महिनाबाट सुरु गरिएको थियो तर सडक अधिकार क्षेत्रमा व्यक्तिगत घरजग्गा धेरै परेपछि काममा ढिलाइ भएको थियो । घरजग्गा क्षति भएका केही व्यक्तिले सर्वोच्च अदालतमा मुद्दा हालेपछि कुनै काम हुन सकेको थिएन ।

हुलाकी सडक निर्माणका लागि तोकिएको दुईवर्षे अवधि गएको जेठ मसान्तमा सकिएको थियो । सडक निर्माण अवधि सकिए पनि काम भने रोकिएको छैन । बढीमा एक वर्ष म्याद थपका लागि प्रक्रिया अगाडि बढाइएको छ तर म्याद अझै थप भई नसकेको आयोजनाको कार्यालयले जानकारी दिएको छ । सार्वजनिक खरिद नियमावलीको आठौँ संशोधनअनुसार योजनाको अघिल्लो समयावधिको आधा समय म्याद थप हुने व्यवस्था छ । छ लेन सडक निर्माणका लागि एक वर्षको म्याद मात्रै थप हुने भएकाले निर्माण कम्पनीहरूले आउँदो जेठ मसान्तसम्म काम सक्नुपर्ने आयोजना प्रमुख एमसीले बताउनुभयो । काम पहिलेको भन्दा अहिले सन्तोषजनक रूपमा अगाडि बढेको छ, उहाँले भन्नुभयो, तर निर्माण कम्पनीहरूले अझै गति बढाउन जरुरी देखिएको छ । त्रिनगर भन्सारको मोहनापुलदेखि अत्तरिया बजारसम्म १४.१९७ किलोमिटर दूरी रहेको छ लेन सडकलाई तीन खण्डमा विभाजन गरेर निर्माण गर्ने कार्य भइरहेको छ ।

मोहनापुलदेखि बोराडाँडीसम्म शर्मा/अम्बर/नागार्जुन, बोराडाँडीदेखि गेटासम्म लुम्बिनी/राजेन्द्र/डाँफे जेभीले निर्माण गरिरहेका छन् । दुवै खण्डको लम्बाइ ४.५ किलोमिटर रहेको छ । गेटादेखि अत्तरियासम्म ५.१९७ किलोमिटरको तेस्रो खण्डमा लामा/राजेन्द्र/डाँफे जेभीले काम गरिरहेका छन् । छ लेन सडक कालोपत्रेको कार्य सुरु भएपछि नगरवासीमा खुसी छाएको छ । विगत अढाइ वर्षदेखि निर्माणाधीन छ लेन सडकका कारण सास्ती भोग्दै आएकोमा अब छिट्टै सबै समस्या समाधान भएर राम्रो बाटोमा हिँड्न पाउने उनीहरू बताउँछन् । निर्माणाधीन सडकको धुलो उड्दा घरभित्र पनि बस्न गाह्रो हुन्छ, स्थानीय नारायण रानाले भन्नुभयो, अब यत्रो समस्या भोग्दै आएकाले छ लेन कालोपत्रे भएपछि खुसी नहुने त कुरै भएन । निर्माणाधीन सडकको धुलोकै कारण सडक आसपासको व्यापार प्रभावित भएको छ । छ लेन सडक निर्माणमा ढिलाइ भएपछि आपत्ति जनाउँदै आएका नगरवासीले कामलाई तदारुकताका साथ अगाडि बढाउन माग गर्दै आएका छन् ।

सडकको पहिलो खण्डबाहेक अरू खण्डमा साइड ड्रेन, कल्भर्टलगायतको संरचना निर्माण भइसकेको छ । पहिलो खण्डमा भने केही कल्भर्टको काम बाँकी छ । यसैगरी डिभाइडर निर्माण कार्य पनि जारी रहेको जनाइएको छ । छ लेन सडकअन्तर्गत नै निर्माण हुने तीनवटा पुल निर्माणको कार्य भने अगाडि बढ्न सकेको छैन । पुल डिजाइनको कार्य अन्तिम चरणमा पुगेको आयोजना कार्यालयले जानकारी दिएको छ । हालसम्म छ लेन सडकमा भौतिक प्रगति ५० देखि ५५ प्रतिशत र वित्तीय प्रगति ३३ प्रतिशत रहेको आयोजना प्रमुख एमसीले बताउनुभयो ।

कुल एक अर्ब ६५ करोड रुपियाँको लागतमा निर्माण भइरहेको मोहनापुल–अत्तरिया छ लेन सडकमा हालसम्म करिब ६१ करोड रुपियाँ खर्च भएको जनाइएको छ ।

### बन्द रहेको इलाका प्रशासन कार्यालय सुचारु

# आँगनमै नागरिकता पाउँदा पुरचौडीवासी हर्षित

■ गोकर्ण दयाल

बैतडी, मङ्सिर ९ गते । आठ महिनादेखि बन्द रहेको इलाका प्रशासन कार्यालयमा कर्मचारी आएपछि घरआँगनमै नागरिकता पाउँदा पुरचौडीवासी खुसी भएका छन् । कर्मचारी समायोजन भएर सरुवा भएपछि बन्द रहेको इलाका प्रशासन कार्यालय पुरचौडीका बारेमा गोरखापत्रमा समाचार प्रकाशित भएपछि इलाका प्रशासन कार्यालयमा कर्मचारी खटिएका छन् । इलाका प्रशासन कार्यालयको सेवा सुचारु हुँदा सर्वसाधारणले नागरिकता बनाउन सदरमुकाम धाउनुपर्ने बाध्यता हटेको छ ।

जिल्लाकै ठूलो भूगोल र करिब ५० हजारभन्दा बढी जनसङ्ख्या रहेको पुरचौडी नगरपालिका क्षेत्रका सर्वसाधारणलाई घरदैलोमै नागरिकता दिने उद्देश्यसहित नेपाल सरकारले २०७३ सालमा इलाका प्रशासन कार्यालय स्थापना गरेको थियो ।

कर्मचारी समायोजन भएर सरुवा भएपछि थप नयाँ कर्मचारी नआउँदा बन्द रहेको इलाका प्रशासन कार्यालय गत मङ्सिर २४ गतेबाट सुचारु भएको इलाका प्रशासन कार्यालयका प्रमुख गोविन्दप्रसाद भट्टले बताउनुभयो । भट्टले भन्नुभयो, दशैँ–तिहारलगत्तै इलाका प्रशासन कार्यालयमा कर्मचारी खटिएपछि एक महिनामा ७७ जनाले नयाँ नागरिकता बनाएका छन् । २० जनाले नागरिकताको प्रतिलिपि लिएका छन् । दैनिक २० जनाभन्दा बढी सेवाग्राही आइरहेका छन् ।

बन्द रहेको इलाका प्रशासन कार्यालयमा कर्मचारी आएपछि गाउँमै

## गोरखापत्र समाचार प्रभाव

नागरिकता पाउँदा खुसी लागेको नागरिकता बनाउन आएका पुरचौडी नगरपालिका–६, भूमिराजका सेवाग्राही सन्तोष साउदले बताउनुभयो ।

साउदले भन्नुभयो, जिल्ला सदरमुकाम जानु परेको भए दुई हजारभन्दा बढी खर्च लाग्थ्यो । गाउँमै रहेको नागरिकता दिने इलाका प्रशासन कार्यालयको सेवा सुचारु हुँदा निकै खुसी लागेको छ ।

नागरिकता हराएर प्रतिलिपि बनाउन आउनुभएका अर्का सेवाग्राही पुरचौडी नगरपालिका–५, कुवाकोटका ललीतबहादुर बोहराले गाउँमै नागरिकताको प्रतिलिपि पाउँदा नेपाल सरकारलाई धन्यवाद दिन चाहेको बताउनुभयो । बोहराले भन्नुभयो, दुर्गम गाउँमा सरकारले नागरिकता दिने व्यवस्था मिलाएकोमा पुरचौडीवासी निकै खुसी भएका छौँ ।

इलाका प्रशासन कार्यालय सञ्चालन गर्न गृह मन्त्रालयबाट एक जना अधिकृत, तीन जना नासु, एक जना सह–लेखापाल र एक जना सहायक कम्प्युटर अपरेटरको स्वीकृत दरबन्दी तोकिएको छ ।

दरबन्दीअनुसार पूरा कर्मचारी नभए पनि अहिले तत्काल कार्यालय प्रमुख, सुब्बा स्तरका एक कर्मचारी एक जना कम्प्युटर सहायक खटिएर इलाका प्रशासनको सेवा सुचारु भएको कार्यालय प्रमखु गोविन्दप्रसाद भट्टले बताउनुभयो ।

स्थापना कालमा अधिकृत स्तरका कर्मचारी बसेर नागरिकताको सेवा गाउँमै दिन थालिएको थियो । अहिलेसम्म करिब पाँच हजार जनाले नागरिकताको प्रमाण–पत्र गाउँमै पाइसकेको इलाका प्रशासन कार्यालयमा सुब्बा लीलाकृष्ण चौधरीले बताउनुभयो ।

## विद्यालयमा सेनेटरी प्याड मेसिन

■ लोकेन्द्र जोशी

दार्चुला, मङ्सिर ९ गते । मार्मा गाउँपालिका–३, लटिनाथ मावि रास्कोटमा सेनेटरी प्याड मेसिन (भेन्डिङ) जडान भएको छ ।

विद्यालयका छात्रा तथा शिक्षिकाहरूलाई महिनावारी भएको बेला सजिलो होस् भनेर भेन्डिङ मेसिन जडान गरिएको विद्यालयका शिक्षक दीनेशबहादुर सिंहले जानकारी दिनुभयो ।

# चुनावी अभियान तीव्र

■ शेरबहादुर सार्की

बाजुरा, मङ्सिर ९ गते । मङ्सिर १४ गते हुने उपनिर्वाचनका लागि जिल्लाका दुई ठूला राजनीतिक दलले चुनावी प्रचारप्रसार अभियानलाई तीव्र बनाएका छन् । चुनाव आउन करिब एक हप्ता बाँकी हरेको अवस्थामा सत्तारुढ दल नेकपा र प्रतिपक्षी नेपाली काँग्रेसले प्रचारप्रसार अभियानलाई तीव्रता दिएका हुन् ।

गत कात्तिक २७ गते मनोनयन दर्ताकै दिनदेखि उपनिर्वाचनको प्रचारप्रसार अभियानलाई बाजुरामा रहेका प्रमुख दुई राजनीतिक दल नेपाली काँग्रेस र नेकपाले प्रचारप्रसारलाई अझै तीव्र पार्दै आएका छन् ।

दुवै दलले मतदाता तान्न घरदैलो अभियान र भेटघाटलाई तीव्रता दिएका छन् । प्रतिपक्षीका रूपमा नेपाली काँग्रेस पार्टीका केन्द्रीय सदस्य तथा चुनावका लागि केन्द्रीय प्रतिनिधिका रूपमा खटिएका पूर्वमन्त्री एनपी साउदले जिल्लाको एक मात्र उपनिर्वाचन क्षेत्र त्रिवेणी नगरपालिका–१, छतारामा चुनावी प्रचारप्रसार सुरु गरेको काँग्रेस जिल्ला सभापति कविराज पण्डितले बताउनुभयो । हालसम्म सोही नगरपालिकाको–१, छतारामा काँग्रेसले चुनावी सभा तथा घरदैलो कार्यक्रम सम्पन्न गरेको छ । यस नगरपालिकामा काँग्रेसको बाहुल्य भएको र यसभन्दा पहिला दलित प्रतिनिधिले नै विजय प्राप्त गरेकाले यति बेलामा पनि स्वर्गीय खम्म नेपालीको सपना पूरा गर्न पार्टीले दलितकै प्रतिनिधित्व गरेको हुनाले आफूलाई यहाँका मतदाताले भारी मतले विजय गराउन आतुर रहेको प्रत्यासी खगेन्द्र चँदाराले बताउनुभयो ।

काँग्रेसको चुनावी अभियानमा प्रत्यासी खगेन्द्र चँदार, पूर्वमन्त्री एवं केन्द्रीय सदस्य एनपी साउद, केन्द्रीय सदस्य बद्री पाण्डे, पूर्वराज्यमन्त्री गोविन्द शाह, पूर्वभूमिसुधार सहायकमन्त्री जनकराज गिरीलगायत पूर्वसभासदहरू देवराज जोशी, बहादुर सिंह थापा, महा नेपाली, प्रदेश 'क'का संयोजक गोविन्दबहादुर मल्ल, पार्टी सचिव दीपकविक्रम शाहसहित सिङ्गो जिल्ला कार्य समिति र भ्रातृ सङ्गठन चुनाव प्रचारमा लागेका छन् । यता नेकपाले पनि आफ्नो चुनावी अभियानलाई तीव्र पारेको छ । रातदिन नभनी नेकपाका नेता तथा कार्यकर्ता पनि चुनावी प्रचारप्रसारमा लागिपरेका छन् ।

पार्टीका सचिव भरत बुढाको नेतृत्वमा नेकपाको टोलीले पनि चुनावी प्रचारप्रसार गरिरहेको नेकपा जिल्ला सचिव भरत बुढाले बताउनुभयो । आफ्नो अभियानको पहिलो कार्यक्रम त्रिवेणीको वडा नं. १ को छतारा विशाल, सल्लेरी टोल र बुढा टोलको सबै घरदैलोमा पुगेर कार्यक्रम सम्पन्न गरेको छ । चुनावी सभा गर्दै जनताको घरदैलो अभियानबाट आफू निकै आशावादी भएको नेकपाका तर्फबाट उम्मेदवार रहेका मनराजे बुढाले बताउनुभयो ।

नेकपाको चुनावी प्रचार अभियानमा अध्यक्षका उम्मेदवार बुढा, पार्टी सचिव भरतबहादुर बुढा, माननीय लालबहादुर थापा, पूर्वउद्योगमन्त्री तथा सुदूरपश्चिम प्रदेश अध्यक्ष कर्णबहादुर थापा, जिल्ला कमिटी सदस्य भरतबहादुर थापा, दीपककुमार डिसीलगायत नेता तथा कार्यकर्ताको उपस्थिति रहेको नेकपा पार्टी सचिव भरत बुढाले बताउनुभयो । त्यसैगरी राप्रपाले पनि भेटघाट कार्यक्रम सुरु गरेको छ । राप्रपाले मीनबहादुर ढोलीलाई उम्मेदवार बनाएको छ ।

# डोटीमा चुनावी सरगर्मी बढ्यो

■ डिलबहादुर सिंह

डोटी, मङ्सिर ९ गते । डोटीको आदर्श गाउँपालिका–२ निर्वाचनमय बनेको छ । मङ्सिर १४ गते हुन गइरहेको वडाध्यक्ष पदको उपनिर्वाचनका लागि मुख्य राजनीतिक दलका स्थानीयदेखि केन्द्रीय तहका नेताहरू आदर्श गाउँपालिकाको वडा नम्बर २ मा केन्द्रित भएका छन् ।

वडाध्यक्ष पदका लागि हुने उपनिर्वाचनमा नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का तर्फबाट रामबहादुर बोहरा, नेपाली काँग्रेसका तर्फबाट महादेव साउद, राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट काशिराम ओझा र स्वतन्त्र उम्मेदवारका रूपमा भूमिसिंह खड्का गरी चार जना चुनावी मैदानमा हुनुहुन्छ ।

उपनिर्वाचनलाई राजनीतिक दलहरूले लोकप्रियता मापनका रूपमा समेत लिएका छन् । पछिल्लो पटक स्थानीय तहका कामकारबाहीप्रति व्यापक जनगुनासो आइरहेको छ । नेकपा नेता हर्कबहादुर सिंहले भन्नुभयो, उपनिर्वाचन वडा स्तरको मात्र भए पनि यसबाट हाम्रो पार्टीप्रतिको जनधारणाको सन्देश देशभर जान्छ । यसैका लागि हामी घरदैलो अभियानका क्रममा छौँ ।



डोटीको आदर्श गाउँपालिकामा उपनिर्वाचनको चहलपहल ।

पछिल्लो पटक सङ्घीय सरकारका कामकारबाहीप्रति खरो रूपमा विरोध गरिरहनुभएका नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री वीरबहादुर बलायर चुनावी अभियानको क्रममै डोटीको आदर्श गाउँपालिकाका विभिन्न स्थानमा भएका कार्यक्रममा सहभागी हुनुभएको छ । पूर्वमन्त्री बलायरले भन्नुभयो, कम्युनिस्ट सरकारले जनताको हकअधिकार खोसेको छ,अबकोविकल्पभनेकोनेपालीकाँग्रेस मात्र हो । यसैका लागि हामीले मत माग्दै छौँ ।

निर्वाचनका लागि यही कात्तिक २७ गते मनोनयत दर्ता गराएका सबै उम्मेदवारले यतिबेला मतदाता रिझाउन घरदैलोमा जोड दिएका छन् । निर्वाचनमा मुख्यतया नेकपाका उम्मेदवार बोहरा र नेपाली काँग्रेसका उम्मेदवार साउदबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ । निर्वाचनका क्रममा मतदातालाई आ–आफ्ना उम्मेदवारका पक्षमा मतदान गर्न नेकपा र नेपाली काँग्रेसका केन्द्रीय, प्रदेश, जिल्ला र स्थानीय तहका नेताहरू लागिपरेका छन् ।

तत्कालीन नेकपा एमालेबाट निर्वाचित वडाध्यक्ष प्रेमबहादुर बोहराको २०७५ जेठ १४ मा सडक दुर्घटनामा परी निधन भएको थियो । जिल्ला निर्वाचन कार्यालय डोटीका निमित्त जिल्ला निर्वाचन अधिकारी दलबहादुर मलासीका अनुसार निर्वाचनमा दुई हजार ४५९ मतदाताले मतदान गर्न पाउने छन् ।


**Nepal Oil Corporation Limited**
Babarmahal, Kathmandu, Nepal
Date : 11/26/2019

**Query/ Clarification Notice**

This is to inform all the concerned bidders that query/ clarification have been mentioned on **"Detail Engineering, Supply, Fabrication, Installation, Erection, Testing and Commissioning of Vertical HSD Storage Tank for Extension of Pokhara Depot", Contract No.: NCB/NOC/ Engg/ Pokhara/ 4/ 2076-77** of **Tender Specifications.** Bidders are requested to visit **www.noc.org.np** for the detail information.

**Nepal Oil Corporation Limited**
Babarmahal, Kathmandu, Nepal
Tel:+977-1-4264974, Fax: +977-1- 4264975
Website: www.noc.org.np



**नेपाल संस्कृत विश्वविद्यालय**
**वाल्मीकि विद्यापीठ प्रदर्शनीमार्ग काठमाडौं**

**रासन टेण्डरको सूचना**

**प्रथमपटक प्रकाशित मिति २०७६।०८।१०**

तीनधारा संस्कृत छात्रावासका बढीमा १११ जना विद्यार्थीहरूका लागि २०७६ माघ १ गतेदेखि २०७७ साल पुष मसान्तसम्मका लागि चाहिने रासन ठेक्काबाट बन्दोबस्त गर्नुपर्ने भएकाले रासनको कारोबार गर्न इजाजत प्राप्त मू.अ.करमा दर्ता भएका फर्म वा व्यक्तिले रु.४०००।– (अक्षरेपी चार हजार) मात्रको फाराम दस्तुर (फिर्ता नहुने)तिरी यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले २९ औं दिनको २ बजेसम्म टेण्डर फाराम खरिद गरी ३० औं दिनको २ बजेभित्र खामबन्दी सिल्ड टेण्डर दर्ता गराउन सूचित गरिन्छ । आफूले कबोल गरेको जम्मा रकमको २.५ / प्रतिशत रकम बिडबण्ड धरौटी टेण्डरसाथ पेस गर्नुपर्नेछ । नियमानुसार दर्ता हुन आएका टेण्डरहरू ३० औं दिनको ३ बजे वाल्मीकि विद्यापीठमा खोलिनेछ । टेण्डर फाराम खरिद विक्री तथा दर्ता वाल्मीकि विद्यापीठ प्रदर्शनीमार्ग र तीनधारा संस्कृत छात्रावास दरबारमार्गबाट हुनेछ । अन्य विस्तृत जानकारी वाल्मीकि विद्यापीठ प्रदर्शनीमार्गबाट कार्यालय समयभित्र पाउन सकिनेछ ।



**एनसेल प्रा. लि. को रिचार्जमा चमत्कार योजना सम्बन्धी सूचना**

यस एनसेल प्रा.लि. (एनसेल) द्वारा रु. १०० वा सो भन्दा बढिको रिचार्ज गर्ने ग्राहकलाई प्रत्येक रु. १०० बराबर एउटा टिकट नम्बर उपलब्ध गराइनेछ । यसरी प्राप्त भएको टिकटलाई छनौट प्रक्रियामा समावेस गरी प्रत्येक हप्तामा २ लाखका दरले ५ जनालाई नगद पुरस्कार दिइनेछ र हरेक ४ हप्तामा एक जनालाई रु. १० लाख नगद प्रदान गरिनेछ ।

**एनसेल रिचार्जमा चमत्कार, क्यासै क्यासको वाहार "योजना" मा लागू हुने सामान्य शर्त तथा बन्देजहरु**

(क) योजना लागू गरेको मितिबाट प्रत्येक हप्तामा रु. २ लाखका दरले ५ जनालाई नगद पुरस्कार दिइनेछ र हरेक ४-४ हप्तामा एक जनालाई रु. १० लाख नगद दिइने छ ।

(ख) पुरस्कार जित्नका लागि योजना अवधिभर प्रत्येक हप्ता रु. १०० वा सो भन्दा बढीको एनसेलको रिचार्ज गर्नु पर्नेछ । यसरी रिचार्ज गर्ने ग्राहकलाई प्रत्येक रु. १०० बराबर एउटा टिकट नम्बर उपलब्ध गराइनेछ । यसरी उपलब्ध हुने टिकट नम्बर जुन हप्तामा उपलब्ध गराइएको छ सोही हप्ताका लागि छनौट हुने पुरस्कार योजनामा सहभागी गराइनेछ र हरेक ४ हप्तामा एकजना विजेताले रु. १० लाख जित्नुहुने छ ।

(ग) यस योजनामा एनसेल प्रा. लि.का सम्पूर्ण प्रिपेड तथा पोष्टपेड ग्राहकहरु (नेपाली नागरिकहरु मात्र) सहभागी हुन सक्नेछन् ।

(घ) यस योजनामा सहभागी हुने प्रिपेड तथा पोष्टपेड ग्राहकले आफ्नो नाममा दर्ता गरेको सीम तथा नम्बर प्रयोग गरेको हुनु पर्नेछ ।

(ङ) यो योजना एनसेलले पूर्व सार्वजनिक सूचना प्रकाशन गरी कुनै पनि समयमा योजनाको अवधि बढाउन घटाउन, संशोधन गर्न, परिवर्तन गर्न वा रद्द गर्न सक्नेछ ।

(च) यो योजनासँग सम्बन्धित सम्पूर्ण अधिकारहरु एनसेल आफैंमा सुरक्षित रहनेछ ।

(छ) यस योजना अन्तर्गत विजेता टिकट नम्बरहरुको छनौट प्रक्रियाको प्रत्यक्ष प्रसारण प्रत्येक सोमवार AP1 HD टेलिभिजनमा साँझ ६:३० बजे प्रसारण गरिने छ र विजयी टिकट नम्बरहरु प्रत्येक मंगलवारको नयाँ पत्रिका दैनिकमा समेत प्रकाशित गरिनेछ ।

(ज) यो योजना अन्तर्गत घोषणा गरेको पुरस्कार बैध (घोषित सिम प्रमाणीकरण कार्यविधि पूरा गरी आफ्नो नाममा दर्ता गरेको ग्राहकहरुलाई समेत जनाइने छ) रुपमा दर्ता रहेको ग्राहकलाई मात्र प्रदान गरिनेछ । पुरस्कार संकलनको वखत विजेता बैध रुपमा दर्ता भएको एनसेलको ग्राहक हुनुपर्नेछ । कथंकदाचित् यस योजनामा अरुको नाममा दर्ता रहेको सीम तथा नम्बर प्रयोग भएको पाइएमा एनसेलले उक्त छनौट प्रक्रिया रद्द गरी पुरस्कार दिइने छैन ।

(झ) प्रचलित नेपाल कानूनको अधीनमा रही उक्त योजना अन्तर्गतको पुरस्कार विजेतालाई हस्तान्तरण गरिनेछ । विजेतालाई एनसेलको प्राङ्गणमा पुरस्कार वितरण गरिनेछ। पुरस्कार बितरण गरिने दिन सार्वजानिक विदा परेमा अर्को हप्ताको बिजेतासँगै पुरस्कार वितरण गरिनेछ ।

(ञ) यस योजना अन्तर्गत प्राप्त हुने पुरस्कारको दाबी एनसेलले विजेताको टिकट नम्बर सार्वजनिक रुपमा घोषणा गरेको मितिले ३० (तीस) दिन भित्र गरीसक्नु पर्नेछ । यस्तो अवधि पछि गरिने पुरस्कारको दाबी उपर पुरस्कार वितरण गर्न एनसेल बाध्य हुने छैन । विजेताहरुलाई एनसेलले १० दिनसम्म लगातार सम्पर्क गर्ने छ । यदि १० दिन पछि पनि विजेताहरु सम्पर्कमा आउन सक्नुभएन भने विजेता घोषणा गरेको ३० दिन पछि विजेता खारेज गरिनेछ ।

(ट) ग्राहकले पुरस्कारको माग गर्दा टिकट नम्बरहरु समावेश गर्नुपर्नेछ । यो योजना अन्तर्गत एनसेलबाट उपलब्ध गराईएको एस्.एम्.एस्. टिकट नम्बर डिलिट गरेमा वा देखाउन नसकेमा विजेता पहिचानको लागि अन्य कुनै थप जानकारी माग गर्ने दायित्व एनसेलमा रहने छैन र सम्बन्धित व्यक्तिलाई पुरस्कार दिइने छैन ।

(ठ) यदि कुनै संस्थागत ग्राहक विजेताको रुपमा छनौट भएमा उक्त संस्थागत ग्राहकको अख्तियार प्राप्त प्रतिनिधिले मात्र घोषित पुरस्कारमा दाबी गर्न सक्नेछ । पुरस्कार संकलन गर्नका लागि त्यस्तो अख्तियार प्राप्त प्रतिनिधिलाई संस्थागत ग्राहकको अधिकार प्राप्त व्यक्तिले हस्ताक्षर गरी अधिकार दिएको हुनु पर्नेछ ।

(ड) यो योजना प्रचलित ऐन, कानून र एनसेलको आन्तरिक नियमहरु अनुसार निर्णयको अधीनमा रहेर गरिनेछ । यो योजना अन्तर्गतका पुरस्कार तथा उक्त पुरस्कार वितरण सम्बन्धमा एनसेलले गरेको निर्णय अन्तिम हुनेछ र यस्तो निर्णय सम्बन्धित सहभागी सबैका लागि बन्धनकारी हुनेछ ।

(ढ) माथि जुनसुकै कुरा लेखिएको भए तापनि एनसेलमा सेवारत कर्मचारीहरु, तथा नीजहरुका परिवारका सदस्यहरु एवं नजिकका नातेदार, एनसेलका परामर्शदाता, एनसेलका विज्ञापन एवं प्रबर्द्धन गर्ने एजेन्सीहरु, एनसेलका डिष्ट्रिब्युटरहरु यस योजनामा सहभागी हुन अयोग्य हुनेछन् । कथंकदाचित् यस योजनामा यस्ता अयोग्य व्यक्ति विजेताको रुपमा छनौट भएको पाइएमा एनसेलले पुन: अर्को छनौट प्रक्रिया गर्न वा उक्त छनौट प्रक्रिया रद्द गर्न सक्नेछ ।

यस योजनामा विजेता छनौट भई पुरस्कार लिने व्यक्तिको नाम तथा व्यक्तिगत विवरणहरु विज्ञापन प्रयोजनका लागि एनसेलले राख्नेछ । यसका लागि विजेताले कुनै पारिश्रमिक वा अन्य कुनै सुविधा पाउने छैन ।

एनसेल प्रा. लि.
नख्खु, ललितपुर

Ncell
an axiata company




नेपाली क्रिकेट टिमका लेग स्पीनर सन्दीप लामिछानेले १३औँ दक्षिण एसियाली खेलकुदमा नखेल्ने भएका छन् ।

# साग फुटबलमा भारतले नखेल्ने



नेपालको यू–२३ फुटबल टिम सोमबार दशरथ रङ्गशालामा अभ्यास गर्दै । तस्बिर : विकास द्वारे

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । १३औँ दक्षिण एसियाली खेलकुदमा सबभन्दा बढी चासोको खेलका रूपमा रहेको फुटबलमा भारतको सहभागिता अन्योलमा परेको छ ।

भारतले फुटबल खेल दर्ता गरे पनि खेलाडीको नाम दर्ता भने गरेको छैन । भारतले महिला फुटबल टिमका सदस्यको नाम मात्र पठाएको छ । अखिल नेपाल फुटबल सङ्घका अध्यक्ष कर्मा छिरिङले साग फुटबल फिफाको क्यालेन्डरमा नपरेको हुँदा क्लबहरूले खेलाडी छोड्न नमानेपछि भारतले साग फुटबलबाट पछि सरेको बताउनुभयो । पछिल्लो संस्करणमा भारत आफ्नै भूमिमा भएको फाइनलमा नेपालसँग २–१ ले पराजित भएपछि रजत पदकमै सीमित भएको थियो ।

आयोजकले फुटबलको खेल तालिका सार्वजनिक गरिसकेको छ । जसअनुसार नेपालको समूह एमा बङ्गलादेश र भुटान तथा भारत रहेको समूह बीमा माल्दिभ्स र श्रीलङ्का छन् । भारतले नखेलेमा प्रतियोगिता राउन्डरोबिनको आधारमा हुने सम्भावना छ ।

### ◆ विमल, अञ्जन र दिनेश टिम बाहिर

भारतको उपस्थिति नभएमा नेपाल फुटबल स्वर्ण उपाधि रक्षा गर्ने सम्भावना अझ बढ्नेछ । यद्यपि नेपाली साग फुटबल टिममा पनि आफ्नै समस्यामा छ । विश्वकप छनोटअन्तर्गत कुवेतसँगको खेलअघि रातभरि डिस्कोमा गएर अनुशासनहीन काम गरेपछि कारबाहीमा परेका स्ट्राइकर विमल घर्तीमगर, मिडफिल्डर अञ्जन विष्ट र डिफेन्डर दिनेश राजवंशीलाई सागको टिमबाट पनि निकालिएको छ । यी तीनै खेलाडी पछिल्लो संस्करणमा स्वर्ण पदक जित्दा नेपाली टिममा थिए । यी खेलाडीको स्थानमा प्रिजेन तामाङ, राजीव लोप्चन र राजेश परियारलाई टिममा बोलाइएको छ ।

### ◆ दशरथ रङ्गशालामा अभ्यास

यसबीच, नेपालको साग फुटबल टिमले सोमबार दशरथ रङ्गशालामा अभ्यास गरेको छ । नेपालको राष्ट्रिय टिमले चार वर्षपछि दशरथ रङ्गशालामा अभ्यास गरेको हो । २०७२ सालको महाभूकम्पले असर गरेपछि दशरथ रङ्गशालामा खेल हुन सकेको थिएन । नेपाल सरकारलाई दशरथ रङ्गशालाको पुनर्निर्माण गर्न झन्डै चार वर्ष लागेको छ ।

## ब्याडमिन्टन हलको काम अन्तिम चरणमा

■ कास्की समाचारदाता

कास्की, मङ्सिर ९ गते । १३औँ दक्षिण एसियाली खेलकुदअन्तर्गत पोखरामा आयोजना हुने आठ खेलमध्ये ब्याडमिन्टन हुने हलको काम अन्तिम चरणमा पुगेको छ ।

ब्याडमिन्टन सङ्घ कास्कीका अध्यक्ष डम्बरसिंह गुरुङले हलमा अब म्याट बिछ्याउने र सरसफाइ गर्ने र सामान्य रङरोगनका काम मात्र बाँकी छ भन्नुभयो । ब्याडमिन्टन हलमा अफिस, सूचना कक्ष, प्राविधिक कक्ष, स्टोर रुम, वार्मअप साथै चार कोर्ट रहेको छ । तर प्रतियोगिताका लागि भने तीन कोर्ट मात्र प्रयोग गरिने छ । ब्याडमिन्टनका लागि म्याट भन्सारबाट हिँडिसकेको गुरुङले बताउनुभयो । ब्याडमिन्टन हल निर्माणका लागि करिब साढे चार करोड रुपियाँ खर्च लागेको उहाँले जानकारी दिनुभयो ।

पोखरामा हुने ब्याडमिन्टन मङ्सिर १५ गतेदेखि २० गतेसम्म सञ्चालन हुनेछ । ब्याड्मिन्टनमा सार्क राष्ट्रका सातै देशले भाग लिँदैछन् । यस खेलमा सात स्वर्ण, सात रजत र १४ काँस्य गरी २८ पदकका लागि प्रतिस्पर्धा हुनेछ ।

# सेफिल्डसँग म्यान्चेस्टरको बराबरी



सेफिल्ड युनाइटेडका ओली म्याकबर्नी प्रिमियर लिगमा म्यान्चेस्टर युनाइटेडविरुद्ध गोल गरेपछि । तस्बिर : एपी

लन्डन, मङ्सिर ९ गते । खेलको ९०औँ मिनेटमा गोल बेहोरेपछि म्यान्चेटर युनाइटेड आइतबार राति इङ्लिस प्रिमियर लिगमा सेफिल्ड युनाइटेडसँग ३–३ ले बराबरीमा रोकिएको छ । ओली म्याकबर्नीले गरेको सो गोललाई मान्यता दिन भिडियो रिप्लेको सहायता चाहिएको थियो । यद्यपि प्रविधिको प्रयोगपछि रेफ्रीले गोलको सङ्केत गरे र म्यान्चेस्टर युनाइटेड तीन अङ्क हासिल गर्नबाट वञ्चित भयो ।

म्यान्चेस्टर युनाइटेड दुई गोलले पछाडि परेर पनि खेल जित्ने स्थितिमा पुगेको हो । खेलको ५२औँ मिनेटसम्म म्यान्चेस्टर युनाइटेड २–० ले पछाडि थियो । तर म्यान्चेस्टर युनाइटेडले सात मिनेटको अन्तरालमा तीन गोल गरेर शानदार पुनरागमन गऱ्यो । युनाइटेडका लागि १९ वर्षीय ब्रेन्डन विलियम्स, १८ वर्षीय मासन ग्रिनउड र मार्कस र्‍यासफर्डले गर्नुभयो । यसअघि खेलको १९औँ मिनेटमा जोन फ्लेक र लेस माउसेटको गोलबाट सेफिल्ड दुई गोलले अगाडि भएको थियो ।

पूर्वार्द्धमा निकै कमजोर प्रदर्शन गरेको म्यान्चेस्टर युनाइटेडले उत्तरार्द्धमा सुधारिएको खेल देखाएको थियो तर यस खेलमा जित हासिल गर्न नसकेपछि म्यान्चेस्टर युनाइटेडका प्रशिक्षक ओले गुनार सोल्सायरको भविष्य पनि खतरामा परेको छ । युरोपेली फुटबलमा अहिले टोटेनहामबाट बाहिरिएका प्रशिक्षक माउरिसियो पोचिटिनो खाली हुँदा सोल्सायरको पद धरापमा छ ।

### ◆ चुनौती दिँदै सेभिया

बार्सिलोना । स्पेनी लिगमा सेभियाले आइतबार राति भालाडोलिडमा १–० ले जित हात पारेको छ । यस नतिजासँगै सेभियाले शीर्ष दुई स्थानमा रहेका बार्सिलोना र रियल म्याड्रिडसँगको अङ्क दूरी एकमा झारेको छ । एट्लेटिको म्याड्रिडलाई एक अङ्कले पछाडि पारेको सेभियाका लागि इभर बेनेगाले पेनाल्टीमा गरेको गोल निर्णायक बनेको थियो ।

ब्राजिलका महान् फुटबल खेलाडी रोनाल्डोको स्वामित्वमा रहेको भालाडोलिड घरेलु मैदानमा पहिलो हार बेहोरेपछि १४औँ स्थानमा झरेको छ ।

### ◆ रोमा विजयी

रोम । इङ्ल्यान्डमा पूर्वमिडफिल्डर क्रिस स्मलिङले एक गोल गर्नुका साथै अन्य दुई गोलमा सहयोगीको भूमिका निर्वाह गरेपछि इटालियन सिरि एमा आइतबार राति रोमाले अन्तिम स्थानमा रहेको ब्रेसियालाई ३–० ले हराएको छ ।

स्मलिङ भाडामा म्यान्चेस्टर युनाइटेडबाट रोमा पुग्नुभएको हो । रोमाका लागि गियान्लुका म्यान्सिनी र फरवार्ड इडेन हजार्डले पनि गोल गर्नुभयो । सिरि एको अङ्क तालिकामा रोमा चौथो स्थानमा उक्लेको छ । एपी

# आईएमईले विदेशी खेलाडीको बीमा गर्ने




■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । १३औँ दक्षिण एसियाली खेलकुद (साग)मा सहभागी हुने विभिन्न देशका खेलाडी, प्रशिक्षक, निर्णायक, अफिसियललगायतको दुर्घटना बीमा आईएमई जनरल इन्स्योरेन्स लिमिडेटले गर्नेभएको छ ।

राष्ट्रिय खेलकुद परिषद्का सदस्य–सचिव रमेशकुमार सिलवाल र आईएमईका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठले सोमबार सो सम्बन्धमा सम्झौतापत्र आदानप्रदान गर्नुभयो । सागमा सहभागी हुने करिब सात हजार पाँच सय विदेशी खेलकर्मीको पाँच लाखका दरले दुर्घटना बीमा गरिएको स्वास्थ्य समितिका सचिव तिलक नेपालीले जनाएका छन् । नेपाली खेलाडीलगायतको बीमा भने यसअघि नै भइसकेको छ ।

सदस्यसचिव सिलवालले यस प्रकारको बीमाले खेलाडी मात्र होइन खेल संस्थालाई पनि राहत महसुस हुन्छ भन्नुभयो । यसैगरी, उहाँले बीमा प्रायोजक आईएमईलाई धन्यवाद दिँदै आगामी दिनमा पनि आईएमईसँग सेवा विस्तार गरी अगाडि बढ्ने जानकारी दिनुभयो । यसैगरी, आईएमईका प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले आगामी दिनमा राखेपलाई आवश्यक पर्ने सबै प्रकारका निर्जीवन बीमा सेवा आईएमई जनरल इन्स्योरेन्सबाट प्राप्त गर्न सक्ने हुनाले ढुक्क भएर सेवा लिन आग्रह गर्नुभयो ।




# जगत मन्दिर र सेन्ट जोसेफको जित

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । जगत मन्दिर र सेन्ट जोसेफले १२औँ ओडीसी कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर ब्वाइजमा सोमबार जित हात पारेका छन् । जगत मन्दिरले बालविकासलाई १९–१० ले पराजित गऱ्यो । अन्य खेलमा सेन्ट जोसेफले नेपाल मोडेललाई १८–१०, स्किब्सले स्काइलार्कलाई २४–१३, नवजीवनले पारामाउन्टलाई २६–१७, गोल्डेनपिकले प्राञ्जलीलाई १७–८, बीएनएले ग्रिनल्यान्डलाई २७–२३, सेबले हिमालयलाई २८–१५ र कौशलले हिमरश्मिलाई १०–७ ले पाखा लगाए ।

# न्युजिल्यान्ड पालिको अन्तरले विजयी

माउन्ट माउगानुई (न्युजिल्यान्ड), मङ्सिर ९ गते । न्युजिल्यान्डले आफ्नो नयाँ टेस्ट मैदानमा सोमबार इङ्ल्यान्डलाई एक पालि र ६५ रनले हराएको छ । पहिलो टेस्टमा जित हात पारेर घरेलु टिम न्युजिल्यान्डले दुई खेलको शृङ्खलामा १–० ले अग्रता बनायो ।

इङ्ल्यान्डको दोस्रो पालि अन्तिम दिन १९७ रनमा अलआउट भयो । इङ्ल्यानड पहिलो पालिमा २६२ रनले पछाडि परेको थियो । न्युजिल्यान्डका तेज बलर निल वाग्नरले ४४ रनमा पाँच विकेट लिएर इङ्ल्यान्डको पालि धराशयी पार्नुभयो । वाग्नगरले इङ्ल्यान्डका अन्तिम पाँच विकेट लिनुभएको हो ।

इङ्यान्डका जोय डेनी (३५), रोरी बर्न्स (३१), जोफ्रा आर्चर (३) र साम कुरान (अविजित २९)ले मात्र न्युजिल्यान्डको बलिङ आक्रमणको केही प्रतिरोध गर्न सक्नुभयो । कुरान र आर्चले मिलेर नवौँ विकेटका लागि ५९ रनको साझेदारी गरेपछि न्युजिल्यान्डलाई जित ढिला प्राप्त भयो ।

यसअघि इङ्ल्यानडले पहिलो पालिमा बनाएको ३५३ रनको जवाफमा न्युजिल्यान्डले पहिलो पालि नौ विकेटको क्षतिमा ६१५ रन बनाएर घोषित गरेको थियो । न्युजिल्यान्डका लागि बिजे वाट्लिङले २०५ रनको दोहोरो शतकीय पालि खेल्नुभयो । मिचेल सान्तनरले पनि १२६ रन बनाउनुभएको थियो । एपी

# आयोजक त्रियोगलाई चेस उपाधि

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । क्युकेस अन्तरविद्यालय चेस प्रतियोगितामा सोमबार आयोजक त्रियोग हाईस्कुलले पहिलो स्थान हात पारेको छ ।

त्रियोगले आठमध्ये छ स्पर्धामा पहिलो स्थान हात पार्न सफल भयो । अन्य दुई स्पर्धामा निसर्ग वाटिका र ब्रिटिस स्कुल पहिलो भए ।

छात्राको कक्षा चारसम्मको प्रतिस्पर्धामा त्रियोगकी कृपा बेल्बासे पहिलो, एलआरआईकी चिरायु जीसी दोस्रो तथा त्रियोगकी आश्रिका आचार्य तेस्रो हुनुभयो । यसैगरी, ५ र ६ कक्षा समूहमा त्रियोगकी रिया श्रेष्ठ पहिलो, संस्कृति स्कुलकी स्नेहा नेपाल दोस्रो तथा जेम्सकी सलिन राईले तेस्रो स्थान हासिल गर्नुभयो ।

कक्षा सात र आठ समूहको स्पर्धामा त्रियोगकी मार्सल तामाङ, जेम्सकी चेतना शर्मा तथा जेम्सकी सिलु रञ्जितले क्रमशः पहिलो, दोस्रो र तेस्रो स्थान हासिल गर्नुभयो । कक्षा ९ र १० समूहमा त्रियोगकी उन्नति सिलवाल पहिलो, रिजुला श्रेष्ठ दोस्रो र सिलु पँगेनी तेस्रो बन्नुभयो ।

छात्रको कक्षा १ देखि चारसम्मको समूहमा ब्रिटिस स्कुलका तारुस मोर पहिलो, निसर्ग वाटिकाका अरभ गौतम दोस्रो तथा जेम्सका अविज्ञ डङ्गोल तेस्रो हुनुभयो । यसैगरी, कक्षा ५ र ६ को समूहमा निसर्ग वाटिकाका अनुष्ण गौतम, कक्षा सात र आठको समूहमा कुशल बेल्बासे र कक्षा ९ र १० समूहमा त्रियोगका कपिल घिमिरे च्याम्पियन बन्नुभयो ।

## नेपाल राष्ट्र बैङ्क

**केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग**

**नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर**

**२०७६ साल मङ्सिर १० गते (नोभेम्बर २६, २०१९) मङ्गलबारको विनिमय दर**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु. १६०।०० | रु. १६०।१५ |


**खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को | रु. ११४।४७ | रु. ११५।०७ |
| युरो | १ को | रु. १२६।०८ | रु. १२६।७४ |
| पाउन्ड स्टर्लिङ | १ को | रु. १४७।४३ | रु. १४८।२० |
| स्विस फ्रैङ्क | १ को | रु. ११४।७४ | रु. ११५।३४ |
| अस्ट्रेलियन डलर | १ को | रु. ७७।६८ | रु. ७८।०९ |
| क्यानेडियन डलर | १ को | रु. ८६।०९ | रु. ८६।५४ |
| सिङ्गापुर डलर | १ को | रु. ८३।८६ | रु. ८४।३० |
| जापानी येन | १० को | रु. १०।५२ | रु. १०।५७ |
| चिनियाँ युआन | १ को | रु. १६।२७ | रु. १६।३६ |
| साउदी अरब रियाल | १ को | रु. ३०।५२ | रु. ३०।६८ |
| कतारी रियाल | १ को | रु. ३१।४४ | रु. ३१।६० |
| थाई भाट | १ को | रु. ३।७९ | रु. ३।८१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | रु. ३१।१६ | रु. ३१।३३ |
| मलेसियन रिङ्गिट | १ को | रु. २७।३९ | रु. २७।५४ |
| दक्षिण कोरियन वन | १०० को | रु. ९।७३ | रु. ९।७८ |
| स्विडिस क्रोनर | १ को | रु. ११।८९ | रु. ११।९५ |
| डेनिस क्रोनर | १ को | रु. १६।८७ | रु. १६।९६ |
| हङ्कङ डलर | १ को | रु. १४।६२ | रु. १४।७० |
| कुवेती दिनार | १ को | रु. ३७६।६० | रु. ३७८।५८ |
| बहराइन दिनार | १ को | रु. ३०३।५९ | रु. ३०५।१८ |

**नोट:** यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ ।

* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ ।

* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।




गोरखापत्र संस्थानका लागि **कार्यकारी अध्यक्ष** कृष्णमुरारी भण्डारीद्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित । पो.ब.नं. २३, काठमाडौँ, नेपाल । द.नं. ०२ । म.क्षे.हु.नि.द.नं. २९ । **निमित्त प्रधान सम्पादक** श्रीओम श्रेष्ठ

सम्पादकीय : फोन नं. ४२२२९२१, ४२४४४२९, फ्याक्स नं. ४२२४३८१, **E-mail: news@gorkhapatradaily.com,** विज्ञापन शाखा : फोन नं. ४२२७४९३, फ्याक्स नं. ४२२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ४२२०६३८, टोल फ्रि नं. १६६०–०१–९४४४४

गाउँभरि
किबी खेती | पृष्ठ ख



गोरखापत्र
# अर्थ बजार
२०७६ साल मङ्सिर १० गते मङ्गलबार 2019 November 26 Tuesday | www.gorkhapatraonline.com

बुद्धले प्रदेश १ बाट
अन्तरप्रदेश उडान गर्ने | पृष्ठ घ



## डलर सटहीमा कडाइ

▪ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । विदेश भ्रमणमा जाने नेपालीले सुविधाअन्तर्गत साट्ने गरेको एक हजार पाँच सय डलर भित्रबाटै अब ट्राभल एजेन्सीलाई तिर्ने रकमसमेत बेहोनुपर्ने भएको छ ।

यसअघि ट्राभल एजेन्सीलाई तिर्ने रकमबाहेक पनि विदेश भ्रमणमा जाने नेपालीले एक हजार पाँच सय डलरसम्म लैजान पाउने व्यवस्था गरिएको थियो ।



विदेश घुम्न जानका लागि डलर साट्ने र खर्चने प्रवृत्ति बढेपछि राष्ट्र बैङ्कले यस्तो निर्देशन जारी गर्नुपरेको राष्ट्र बैङ्कका प्रवक्ता लक्ष्मीप्रपन्न निरौलाले बताउनुभयो । उहाँले सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२० सुरु हुन लाग्दा विदेशभन्दा स्वदेश भ्रमणलाई बढी प्राथमिकता दिउन् भन्ने उद्देश्यले पनि यस्तो व्यवस्था गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, हाल विदेशी मुद्रा सञ्चयको स्थितिमा थप सुधार गर्ने उद्देश्यले पनि यस्तो निर्देशन जारी गर्नुपरेको हो । राष्ट्र बैङ्कको पछिल्लो निर्देशन व्यावहारिक नभएको पर्यटन व्यवसायीको भनाइ छ । एस ट्राभल निर्देशक मधुसुदन उपाध्याय राष्ट्र बैङ्कको यस्तो निर्देशन अव्यावहारिक भएको बताउनुहुन्छ ।

उहाँको अनुसार पछिल्लो समयमा नेपालीको विदेश भ्रमण केही बढ्न थालेको अवस्थामा यस्तो निर्देशनले भ्रमणमा जानेलाई निरुत्साहित गर्ने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, वैधानिक सटहीमा बढी कडाइ गर्दा अवैधानिक कारोबार हाबी हुने खतरा रहन्छ । यति मात्र होइन किनमेलका लागि बैङ्कक, मलेसिया, दुबई वा कतार पुग्ने नेपालीको सोख पनि राष्ट्र बैङ्कको यस्तो निर्देशनले अपूरो नै रहने भएको छ । पछिल्लो समय विभिन्न कम्पनी वा सङ्घसंस्थाले पनि आफ्ना कर्मचारीलाई यस्ता भ्रमणको अवसर उपलब्ध गराउन थालेका थिए । यसरी भ्रमणमा जाँदा वार्षिक औसतमा ४५ अर्ब रुपियाँ बाहिरिने र त्यसको करिब आधा बराबरको रकम मात्र भित्रिने गरेको व्यवसायीको अनुमान छ । नेपाल राष्ट्र बैङ्कको पछिल्लो तथ्याङ्क अनुसार हाल करिब साढे आठ महिनाको आयात धान्न सक्ने विदेशी विनिमय सञ्चिति रहेको छ ।

## निजी नम्बर राखेर यात्रु बोक्न नपाइने

▪ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । निजी नम्बर प्लेटको सवारीसाधनले भाडा लिएर यात्रु ओसार्न नपाउने व्यवस्थाबमोजिम ट्राफिक प्रहरीले टुटल र पठाओलाई कारबाही थालेको छ । टुटल र पठाओले नियम उल्लङ्घन गरेको यातायात व्यवस्था विभागले जनाएको छ ।

महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रमुख भीमप्रसाद ढकालले भन्नुभयो, हामीले ट्राफिक नियम र कानुन उल्लङ्घन गर्नेलाई कारबाही गरेको हो, गर्छौं । विभागले ट्याक्सी सेवालाई व्यवस्थित बनाउन नयाँ ट्याक्सीका लागि नयाँ मापदण्ड लागू गरेको छ । नयाँ मापदण्डअनुसार नयाँ ट्याक्सी एक हजार दुई सय सीसी क्षमताभन्दामाथिको हुनुपर्ने छ । हाल चलिरहेका ट्याक्सी आठ सय सीसीसम्मका छन् । चार स्ट्रोक सेडान कार हुनुपर्ने छ मापदण्ड छ । ट्याक्सी तीन वा सोभन्दा धेरै सिलिन्डर हुनुपर्ने विभागले जनाएको छ ।

नयाँ ट्याक्सीमा सेन्ट्रल लकिङ, एसी हिटर, प्रिन्टरसहितको डिजिटल मिटर र एलईडी स्क्रिनसहितको जीपीएस नेभिगेटर सिस्टम अनिवार्य हुनुपर्ने मापदण्ड छ । नयाँ मापदण्ड कार्यान्वयन गर्न मातहतका यातायात व्यवस्था कार्यालयलाई पत्र पठाइसकिएको विभागका महानिर्देशक गोगनबहादुर हमालले जानकारी दिनुभयो । उहाँका अनुसार २० वर्ष चलाएपछि त्यसलाई हटाएर त्यही नम्बरमा अर्को नयाँ ट्याक्सी ल्याउने गरिन्छ । मापदण्ड नयाँ ट्याक्सीमा लागू हुने छन् । महानिर्देशक हमालले भन्नुभयो, नयाँ ट्याक्सी दर्ता खोल्नेबारे सङ्ख्या निर्धारण भएको छैन, यात्रुको सुविधा र सुरक्षालाई ध्यानमा राखेर ट्याक्सीको मापदण्ड हेरफेर गरिएको हो ।

विभागले गत चैतमै ट्याक्सीको नयाँ मापदण्डको मस्यौदा तयार गरेको थियो । विभागका अनुसार हाल उपत्यकामा करिब नौ हजार पाँच सय ट्याक्सी सञ्चालनमा छन् ।

# बढ्यो लगानी आकर्षण

▪ एक खर्ब ३९ अर्ब आन्तरिक लगानी ▪ १५ अर्ब ७७ करोड वैदेशिक लगानी

> "अटोमेसन तथा डिजिटलाइजेसन, प्रक्रियागत सरलीकरण र उत्पादन, उत्पादकत्व व्यापारबीच परिणाममुखी अन्तरसम्बन्धको विकास, सार्वजनिक निजी साझेदारी र विश्वासको वातावरण अभिवृद्धिलाई पनि हामीले सुधारका एजेँडा बनाएका छौँ ।"



▪ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । लगानी वातावरण सुधार गर्नका लागि नीतिगत तथा व्यावहारिक सुधारमा सरकारले तीव्रता दिएसँगै नयाँ उद्योग दर्ता र वैदेशिक लगानी प्रतिबद्धता पनि बढेको छ ।

चालू आर्थिक वर्ष २०७६/०७७ को पहिलो चार महिनामा मात्रै नेपालमा एक खर्ब ३९ अर्ब १९ करोड रुपियाँ लगानीका १३ हजार ११६ उद्योग दर्ता भएको उद्योग विभागको तथ्याङ्कले देखाउँछ । गत वर्षको सोही अवधिमा एक खर्ब नौ अर्ब ४३ करोड रुपियाँ लगानी थपिएको थियो । यसअनुसार चार महिनामा गत वर्षभन्दा ३० अर्ब रुपियाँ बढी लगानी भएको हो ।

गत चौमासिकमा औद्योगिक क्षेत्रमा विदेशी लगानी पनि उच्चदरले बढेको देखिएको छ । गत वर्ष पहिलो चौमासिकमा विभागले आठ अर्ब ४८ करोड रुपियाँको लगानी स्वीकृति दिइएकामा यो वर्ष करिब दोब्बर हुँदै १५ अर्ब ७७ करोड पुगेको देखिएको छ । लगानी बोर्डले गत आर्थिक वर्षको पहिलो चार महिनामा ३८ अर्ब ६४ करोडको स्वीकृति दिएको थियो तर अहिले यो परिमाण बढेर ६६ अर्ब ८० करोड पुगेको हो । यो अवधिमा १०४ उद्योगमा वैदेशिक लगानीका लागि स्वीकृति दिइएको थियो ।

विभागका महानिर्देशक जीवनप्रकाश सिटौलाका अनुसार उद्योग दर्ता तथा लगानीमा उल्लेख्य प्रगति देखिनुमा राजनीतिक स्थिरता र त्यसले लगानीकर्तामा बढाएको मनोबल पहिलो कारण हो । "राजनीतिक स्थिरता र सरकारको स्थायित्व, लगानीमैत्री ऐन, नियम र ऊर्जाको पर्याप्तताले गर्दा समग्र उद्योग क्षेत्रमा प्रगति देखिएको हो," उहाँले भन्नुभयो, "औद्योगिक पूर्वाधारमा सरकारले लगानी बढाउनु र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जालबाट सुविधा तथा छुट प्राप्त हुनु पनि औद्योगिक लगानीका लागि सबल पक्षका रूपमा स्थापित भएका छन् ।"यो वर्ष थपिएका उद्योगमा ठूला उद्योग २८, मझौला उद्योग ४९ र लघु घरेलु तथा साना उद्योगको सङ्ख्या १३ हजार ३८ छन् । लगानी बोर्ड मातहत एउटा उद्योग दर्ता भएको छ । उद्योग विभागले विदेशी लगानी स्वीकृति दिएका १०३ उद्योगमध्ये साना उद्योगतर्फ ५७ उद्योगमा पाँच अर्ब ७८ करोड, मझौलातर्फ ४४ उद्योगका लागि नौ अर्ब २४ करोड र ठूला दुई उद्योगमा ७५ करोड रुपियाँबराबरको विदेशी लगानीको स्वीकृति दिएको छ । उत्पादन, सेवामूलक र पर्यटन नेपालमा लगानी आकर्षित गर्ने क्षेत्र हुन् । गत असार मसान्तसम्म उद्योग विभागमा उत्पादनमूलक तीन हजार ७०, सेवामूलक दुई हजार १८७, पर्यटनमा एक हजार ७३२, कृषि तथा वन पैदावारमा ४६९, ऊर्जामूलकमा ३७६ उद्योग दर्ता भएको तथ्याङ्क छ । यीमध्ये विदेशी लगानीसमेत भएका सेवामूलक एक हजार ६१०, पर्यटनका एक हजार ५०३ र उत्पादनमूलक एक हजार १६७ उद्योग रहेका छन् ।

उद्योग क्षेत्रको यो प्रगति हुँदाहुँदै पनि विभिन्न सुधार अझै बाँकी रहेको र ती पूरा गर्नेतर्फ विभाग केन्द्रित रहेको महानिर्देशक सिटौला बताउनुहुन्छ । "लगानीमैत्री ऐन, नियम एवं नीतिगत सुधारको प्रभावकारी कार्यान्वयन, एकलबिन्दु सेवा केन्द्रको प्रभावकारिता विस्तारमा हामीले ध्यान दिनुपर्नेछ," उहाँले भन्नुभयो, "अटोमेसन तथा डिजिटलाइजेसन, प्रक्रियागत सरलीकरण र उत्पादन, उत्पादकत्व व्यापारबीच परिणाममुखी अन्तरसम्बन्धको विकास, सार्वजनिक निजी साझेदारी र विश्वासको वातावरण अभिवृद्धिलाई पनि हामीले सुधारका एजेँडा बनाएका छौँ ।"

### 'भवन र जमिन ओगट्नेलाई हटाउँछौँ'

उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले वर्तमान सरकार ध्वंशपछिको पुनः निर्माणमा सक्रिय भएर लागेको बताउनुभएको छ । पाँचौँ उद्योग दिवसका अवसरमा राजधानीमा उद्योग विभागले आयोजना गरेको अन्तर्क्रियामा मन्त्री भट्टले समृद्ध नेपाल सुखी नेपालको अभिभारा पूरा गर्ने दिशामा सरकार अग्रसर रहेको बताउनुभएको हो । मन्त्री भट्टले तीन तहका सरकार बनेको भन्दै ती सरकारलाई पुरानै संरचनाको रूपमा व्यवहार गर्न नहुने बताउनुभयो । "पुराना संरचना ध्वस्त भएका छन् तर नयाँ संरचनालाई पुनः पुरानै चस्माले हेर्ने प्रवृत्ति अझै देखिन्छ । त्यसलाई तत्काल अन्त्य गर्नुपर्छ, उहाँले भन्नुभयो । समृद्ध नेपाल सुखी नेपालीको आकाङ्क्षा आमजनताको जीवनस्तर सुधारमा केन्द्रित रहने स्पष्ट पार्नुहुँदै केही व्यक्ति समृद्ध हुँदैमा त्यो जनमानसमा पुगेको नमानिने बताउनुभयो ।

केही दिन पहिले मात्र आफूले मन्त्रालय सम्हालेकाले आफू अवस्था बुझ्ने प्रक्रियामै रहेको भन्दै उहाँले कुनै गलत काम नगर्ने र हुन नदिने स्पष्ट पार्नुभयो । उद्योगी व्यवसायी तथा कर्मचारीलाई लक्षित गर्दै मन्त्री भट्टले भन्नुभयो, "तपाईंहरू दायाँबाँया नगर्नु होस् । हामीलाई पनि दायाँबायाँ गराउने साहस नगर्नुहोला ।"

कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मोतिलाल दुगडले उद्योग मन्त्रालयलाई सबैभन्दा प्रभावकारी र शक्तिशाली मन्त्रालय बनाउने प्रतिबद्धता जनाउनुभयो । कतिपय औद्योगिक क्षेत्रमा उद्योग व्यवसायका नाममा जमिन तथा भवन ओगट्ने नियत देखिएको भन्दै उहाँले त्यस्तो छुट अब नदिइने उहाँले चेतावनी दिनुभयो । औद्योगिक क्षेत्रमा सस्तोमा भवन र जग्गा ओगटेर बसेको पाइएको छ, त्यसलाई अब हटाउँछौँ, उहाँले भन्नुभयो, "सरकारी लगानीका उद्योगहरू पनि नाफामै लैजाने गरी काम गर्नुपर्छ, खेलमैदान बनाउन दिँदैनौँ ।"

आफू उद्योग व्यवसाय क्षेत्रको जानकार भएकाले ती समस्या समाधान गर्न दत्तचित्त भएर लाग्ने जनाउनुभयो । मन्त्रालयका कर्मचारीहरू उच्च मनोबल र उत्कृष्ट कार्यदक्षताका रहेको भन्दै उहाँले आफूले त्यसमा मनोबल र आँट थपेर काम गर्ने भनाइ राख्नुभयो ।

अन्तरक्रियामा नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष किशोर प्रधानले उद्योग व्यवसाय स्थापना तथा सञ्चालनका क्षेत्रका समस्या समेटेर कार्यपत्र पेस गर्नुभएको थियो । कार्यपत्रमा औद्योगिक व्यवसाय ऐनले उपलब्ध गराउने भनेका सुविधा पाउन वर्षौं लाग्ने गरेको, स्वदेशी वस्तु उपयोगमा सरकारी निकायले नै उपेक्षा गरेको, दिगो ऊर्जाको उपलब्धता अझै सुनिश्चित नभएको लगायतका समस्या औँल्याउँदै समाधानका उपायसमेत प्रस्तुत गर्नुभएको थियो ।

## रोल्वालिङ जलविद्युत् निर्माण हुने

▪ दोलखा समामचारदाता

चरीकोट, मङ्सिर ९ गते । राष्ट्रिय गौरवका रूपमा रहेको दोलखाको बिगु गाउँपालिका लामाबगरमा निर्माणाधीन माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाले २२ मेगावाट क्षमताको रोल्वालिङ जलविद्युत् आयोजना पनि निर्माण गर्नेभएको छ ।

आयोजनाले रोल्वालिङ जलविद्युत् आयोजनाको पूर्वतयारीका लागि हिमाल कन्स्ट्रक्सनसँग ठेक्का सम्झौता गरिसकेको आयोजना प्रवक्ता डा. गणेश न्यौपानेले जानकारी दिनुभयो । पूर्वतयारीको काम १८० मिटर अडिट टेस्ट र करिब चार सय मिटरको सडक निर्माण रहेको छ । उहाँले यो काम सकिएपछि आयोजना निर्माणको ठेक्का सम्झौता हुने बताउनुभयो ।

रोल्वालिङ जलविद्युत् आयोजना निर्माणका लागि माथिल्लो तामाकोसी जलविद्युत् आयोजनामा ऋण लगानी गरिहेका कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोषलगायतले लगानी गर्ने पनि उहाँले बताउनुभयो ।

साढे छ किलोमिटर सुरुङबाट विद्युत् गृहसम्म पानी खसालेर विद्युत् उत्पादन गरिने छ । विद्युत् गृह तामाकोसीको बाँधभन्दा केही माथि निर्माण हुने आयोजनाले जनाएको छ । यसअघि यो खोलाबाट ल्याइएको पानी तामाकोसीको जलाशयमा मिसाएर १७ करोड युनिट थप विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको थियो । पछिल्लो योजना अनुसार पहिला २२ मेगावाटको छुट्टै विद्युत् गृह बनाउने र त्यसबाट निस्केको पानी तामाकोसीको जलाशयमा मिसाइने छ ।

यसो हुँदा तामाकोसीको ऊर्जा उत्पादन पनि बढ्ने छ । आयोजनाको लागत करिब चार अर्ब रुपियाँ अनुमान गरिएको छ ।

## प्याजको मूल्य घट्ने सम्भावना छैन

▪ सीता शर्मा

काठमाडौँ, मङ्सिर ९ गते । हरेक तरकारीमा स्वादका लागि प्रयोग गरिने प्याजको भाउ एक वर्षमा झन्डै पाँच सय प्रतिशतले महँगो भएको छ । भारतबाट वैधानिक रूपमा प्याज आउन छोडेसँगै यसको भाउ बढेको हो ।

कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका अनुसार गएको वर्षको मङ्सिरमा प्रतिकेजी ३१ रुपियाँ थोक किनबेच भएको प्याज अहिले बढेर १७७ रुपियाँ थोकमै पुगेको छ । खुद्रा बजारमा प्याजको भाउ २०० देखि २२० रुपियाँसम्म कारोबार भइरहेको छ ।

उपत्यकावासी प्याजका लागि भारतमै परनिर्भर हुनुपर्ने र भारतले नेपाल प्याज पठाउन रोक लगाएपछि व्यापारीले अवैधानिक बाटोबाट ल्याएको प्याज झन् महँगो भएको हो । समितिका अनुसार अघिल्लो वर्ष यो बेलामा कालीमाटीमा मात्रै भारतबाट दैनिक ९५ देखि १०० टन प्याज आयात हुने गरेकोमा अहिले औसतमा ५० टन मात्रै आएको छ । मागको आधा मात्रै प्याज आपूर्ति भएकाले मूल्य बढेको समितिका कार्यकारी निर्देशक तेजेन्द्र पौडेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, यो पटक भारतमै भाउ बढेको प्याज अवैधानिक बाटोबाट ल्याउँदा झन् बढेको हुनसक्छ । भारत सरकारले भारतको प्याज अन्य देशमा निर्यात गर्दा भारतमै महँगो भएको भन्दै भारतीय नागरिकबाट चर्को विरोध भएपछि गएको असोजदेखि प्याज निर्यातमा रोक छ । यसको प्रत्यक्ष असर नेपाललाई परेको छ ।

नेपालमा खपत हुनेमध्ये जम्मा दुई प्रतिशत मात्रै प्याज आन्तरिक उत्पादन हुन्छ, बाँकी ९८ प्रतिशत भारतबाटै आयात हुन्छ । अहिले भारतबाटै प्याज महँगो भएर आएको छ, त्यसमाथि यहाँ व्यापारीले यसको मौका छोपेर मनपरी भाउमा बिक्री गर्ने गरेका छन् तर तरकारी बजारमा व्यापार गर्दै आएका ठूला व्यापारीले नै प्याजको भाउ कसले बढायो भन्ने बारेमा आफूहरू बेखबर रहेको बताउँछन् ।

### ▪ भाउ अझै चर्को हुनसक्ने

नेपालमा प्याज उत्पादनको मौसम भर्खर सुरु भएको छ । भारतले प्याज निर्यातमा प्रतिबन्ध लगाएको छ । हाम्रोमा आठ/दस दिनभन्दा धेरै प्याज भण्डारण गर्न पनि सकिन्न । त्यसैले अहिले खुद्रा २०० देखि २२० रुपियाँसम्म पुगेको प्याजको भाउ थप बढ्न सक्ने व्यापारी बताउँछन् ।



उपभोक्ता अधिकारकर्मीहरू सरकारको अनुगमन नै नभएकाले प्याज व्यापारीले मनपरी भाउमा बिक्री गर्ने गरेको आरोप लगाउँछन् । उपभोक्ता हित अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमिल्सिनाले बजारमा प्याजको कम आएर भन्दा पनि व्यापारीको मनपरीका कारण भाउ महँगो भएको बताउनुभयो । बजारमा प्याज आएर पनि किन महँगो भएको हो बजार अनुगमन गर्ने नियमनकारी निकाय जिम्मेवार बन्नुपर्दैन ? उहाँले प्रश्न गर्नुभयो ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागका बजार निरीक्षक अधिकृत दीपक पोखरेलले प्याज महँगो भएको भनेर धेरै गुनासो आएकाले एक/दुई दिनमा अनुगमन गरिने बताउनुभयो । नेपालमा खपत हुने परिमाणमध्ये झन्डै ९८ प्रतिशत भारतका नासिक, कानपुर, इन्दौर, लखनऊ र सिमलालगायत स्थानबाट आयात हुन्छ । भन्सार विभागको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७५/७६ मा पाँच अर्ब ६२ करोड २५ लाख रुपियाँको प्याज आयात भएको थियो । काठमाडौँ उपत्यकामा मात्रै दैनिक २७० टन खपत हुन्छ ।

### ▪ बङ्गलादेशमा झनै महँगो

भारतले दोस्रो देशमा निर्यात रोकेपछि बङ्गलादेशमा पनि यसको भाउ महँगो भएको छ । बङ्गलादेशमा प्याजको भाउ एक वर्षको बीचमा ८०० प्रतिशतसम्म बढेको समाचार सार्वजनिक भएको थियो । भारतमा प्याजको उत्पादनमा कमी आएपछि गएको असोजदेखि भारतले नेपाल र बङ्गलादेशमा प्याज निर्यात प्रतिबन्ध गरेको थियो । प्याजको मूल्य अत्यधिक बढेपछि बङ्गलादेशकी प्रधानमन्त्री सेख हसिनाले प्याज खान छाडेको पनि समाचार सार्वजनिक भएको थियो । उहाँले सार्वजनिक रूपमै प्याज नखाने घोषणा पनि गर्नुभएको समाचारमा उल्लेख गरिएको थियो ।

## राजस्व छलेको अभियोगमा मुद्दा

▪ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । राजस्व अनुसन्धान विभागले नक्कली बिल प्रयोग गरी एक अर्ब रुपियाँभन्दा धेरै राजस्व चुहावट गरेको अभियोगमा आइतबार काठमाडौँ जिल्ला अदालतमा २१ जना विरुद्ध मुद्दा दायर गरेको छ । विभागले कसुरमा संलग्न रहेको भन्दै दुई मुख्य व्यक्तिसहित, चार्टर्ड एकाउन्टेन्ट, लेखापरीक्षक र कर सहयोगीसमेतलाई प्रतिवादी बनाएको छ ।

विभागले एक अर्ब उनान्तीस करोड छत्तीस लाख रुपियाँ राजस्व चुहावट गरेको मुद्दामा ललितपुरको धोबिघाट बस्ने विनोद अग्रवाल र ललितपुरको हात्तीवन बस्ने विकास अग्रवाललाई मुख्य योजनाकार भएको दाबी गरिएको छ । विभागको अनुसन्धानमा उनीहरूले निम्न आर्थिक अवस्था भएका मजदुरको नाममा फर्म दर्ता गर्ने र ती फर्ममार्फत नक्कली भ्याट बिल प्रयोग गर्ने गरेको खुलेको जनाइएको छ । उनीहरूले विभिन्न व्यक्तिका नाममा १३ वटा फर्म तथा कम्पनी दर्ता गरेको पाइएको छ । त्यस्ता फर्म तथा कम्पनीमा आर्यन ट्रेडिङ कन्सर्न, अनामिका ट्रेडर्स, अमिशा ट्रेडिङ कन्सर्न, प्रसुमा सप्लायर्स प्रा.लि., स्मारिका जनरल सप्लायर्स, नाइस ट्रेडिङ, जेनिशा ट्रेड एन्ड सप्लायर्स, सुशीम ट्रेड इन्टरप्राइजेज प्रा.लि., सीमस ट्रेड इन्टरनेसनल, निशिला ट्रेडिङ, अविन ट्रेडिङ, किशा ट्रेड इन्टरप्राईजेज, श्रीअन्तु जनरल सप्लायर्स छन् ।

मुद्दा दायर गरिएकामा चार्टर्ड एकाउन्टेट भुवन पाण्डे, लेखापरीक्षकहरू कृष्णहरि मरहट्टा, देवराज उपाध्याय र सञ्जयराज पाण्डे गुरुघराना छन् । त्यस्तै गरी व्यवसायी शिव मन्दिल श्रेष्ठ, बालनकुमार श्रेष्ठ र कर सहयोगी निरोज केसी र गोपालप्रसाद भट्टराईलाई पनि प्रतिवादी बनाइएको छ ।

विभागका अनुसार यी फर्म तथा कम्पनीमार्फत विभिन्न व्यक्ति र फर्मका नाममा वास्तविक रूपमा मालवस्तु खरिद बिक्री नै नगर्ने तर झुट्टा तथा नक्कली भ्याट बिल मात्र बिक्री गर्ने गरेको पाइएको थियो । त्यस्ता फर्मबाट जारी भएका मूअकर बिजकमा उल्लेखित मूअकर रकम सरकारको राजस्व खातामा नबुझाई राजस्व छली गरेको समेत अभियोग पत्रमा उल्लेख छ ।

> एक अर्ब उनान्तीस करोड छत्तीस लाख रुपियाँ राजस्व चुहावट गरेको मुद्दामा ललितपुरका विनोद अग्रवाल र विकास अग्रवाललाई मुख्य योजनाकार भएको दाबी ।

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा ३ र दफा ४ को उपदफा (क) र (ख) बमोजिम यस्तो कार्य कसुरजन्य रहेको भन्दै सो रकमलाई बिगो कायम गरिएको छ । मुख्य अभियुक्तसहित २१ जनालाई कसुरको मात्रा अनुसार बिगोबमोजिमको दोब्बरसम्म सजाय र तीन वर्षसम्मको कैद माग गरिएको छ । को कसुरजन्य कार्य भएकाले हुँदा निज प्रतिवादी विनोदकुमार अग्रवालसमेत २१ (एक्काइस) जना विरुद्ध निजहरूले गरेको झुट्टा तथा नक्कली मूअकर बिजकको प्रयोगबाट चुहावट भएको राजस्व रकमबमोजिम अक्षरेपी एक अर्ब उनान्तीस करोड छत्तीस लाख एक हजार पाँच सय बैसठ्ठी मात्र)लाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा २(छ१) बमोजिम बिगो कायम गरी निज प्रतिवादीबाट असुलउपर गर्न र निजहरूलाई कसुरको मात्रा हेरी अदालतमा मुद्दा दायर गरेको हो ।

# फट्याङ्ग्राले गहुँ बाली नष्ट

■ लक्ष्मीराज पाध्याय

मार्तडी, मङ्सिर ९ गते । बाजुरा जिल्लामा गहुँबालीलाई फट्याङ्ग्राले नष्ट गर्न थालेपछि किसान चिन्तित हुन थालेका छन् ।

गहुँ खेतीमा फटयाङ्ग्राको प्रकोप धेरै रहेको कृषि ज्ञान केन्द्र बाजुराका प्रमुख गोविन्द्र सिजापतिले स्वीकार गर्नुभयो । उहाँले भन्नुभयो, फट्याङ्ग्राको प्रकोप बढ्दै गएकोले किसान चिन्तित हुन थालेका छन् । उहाँले भन्नुभयो, खेतमा गहुँ बाली पूरै सखाप हुने गरी नष्ट भएको छ, बेलैमा नियन्त्रण गर्न नसकिए यस पटक जिल्लामा गहुँ उत्पादनमा ह्रास आउने देखिएको छ ।

हलक्क बढ्दै गएको गहुँ खेतमै सखाप हुन थालेपछि चिन्तित भएका छौं, बूढीगङ्गा नगरपालिका–९ का कृषक ध्वज थापाले बताउनुभयो । उहाँका अनुसार अघिल्ला वर्षमा पनि अलिअलि त फट्याङ्ग्रा लाग्ने गर्थे, यस पटक त निकै बढी मात्रामा प्रकोप देखिन थालेको छ ।

स्थलगत अध्ययन गर्दा कसरी नियन्त्रण गर्ने विषादी कसरी प्रयोग गर्ने भन्ने बारे किसानलाई जानकारी गराएको छ तर पनि इमिडाकोलोरोफिड र कोलोरोफाइलिप नामक विषादी छर्किदा पनि नियन्त्रणमा आउन नसकेको केन्द्रका सूचना अधिकारी मिनप्रसाद जैशीले बताउनुभयो । कीराको प्रकोप नियन्त्रणका लागि बाली संरक्षण प्रयोगशाला सुन्दरपुर कञ्चनपुरमा खबर गरिसकेको र केही दिनमा टोली बाजुरा पुग्ने उहाँले बताउनुभयो । फट्याङ्ग्रा कात्तिक, मङ्सिर, चैत, वैशाखमा बढी देखा पर्ने गरेको ज्ञान केन्द्रका प्रमुख सिजापतिले बताउनुभयो । कात्तिक, मङ्सिरमा भखर उम्रिन लागेको गहुँ बाली र चैत वैशाखमा उम्रन लागेका मकै, धानको बीउ बढी मात्रामा चर्ने गरेको उहाँले बताउनुभयो ।

# गाउँभरि किवी खेती



सल्यानको छत्रेश्वरी गाउँपालिका गुराँसेमा टलरम्म फलेको किवी । तस्बिर : प्रतीक इच्छुक शर्मा

■ सल्यान समाचारदाता

सल्यान, मङ्सिर ९ गते । सल्यानको छत्रेश्वरी गाउँपालिकाअन्तर्गत गुराँसेका कृषकहरू व्यावसायिक किवी खेतीप्रति आकर्षित हुन थालेका छन् । यहाँ कृषकहरूले मकै, आलुलगायतका खाद्यान्न बाली लगाउन छाडेर किवी खेतीतर्फ आकर्षित हुन थालेका हुन् । परम्परागत खेतीमा मिहिनेत धेरै भए पनि आम्दानी कम हुने भएपछि किवी खेती सुरु गरेको ढाकबहादुर योगीले बताउनुभयो । उहाँका अनुसार यहाँका किसानहरूले परीक्षणको रूपमा सुरुमा थोरै किवीको बोट रोपेका भए पनि पछिल्ला समयमा भने गाउँभरि किवीका बोट देखिन थालेका छन् ।

उहाँले वार्षिक रूपमा आठ लाख रुपियाँ कमाउन थाल्नुभएको छ । अरू बाली लगाएको भए त्यति कमाइ हुन्थेन, उहाँले भन्नुभयो । यहाँका दुई दर्जन किसानले व्यावसायिक किवी खेती सुरु गरेका छन् । गुराँसेको गाउँमा अहिले सबै घरआँगन बारी र काल्नामा किवी लटरम्म फलेका देखिन्छन् ।

गाउँमा अहिले केहीमा किवी टिपीसके केहीले टिप्न सुरु गर्दै छन् । माग आएअनुसार किवी टिप्ने गरेको किसान चित्रबहादुर केसीले बताउनुभयो । उहाँका अनुसार कृषकहरूले आफ्नो बारीमा चार हजार २०० किवीका बिरुवा लगाइएको छ । यो वर्षभित्रै झन्डै १५ हजार किवीको बिरुवा रोप्ने गरी तयारी भएको छ ।

गुराँसे गाउँमा अहिले किवी किनेर लैजान व्यापारीहरू गाउँमै पुग्ने गरेका छन् । अघिल्लो वर्षभन्दा यो वर्ष किवीको माग बढेको छ । राम्रो उत्पादन भएपछि बजारको समस्या नहुने हीरालाल योगीले बताउनुभयो । उहाँले २० रोपनी क्षेत्रफलमा किवी खेती गर्नुभएको छ । किवी प्रतिबोट ५० केजीसम्म फल फल्ने गरेको छ । किवीको फल र बिरुवाबाट वार्षिक २० देखि २५ लाख बढी आम्दानी गर्ने गरिएको कृषकहरू बताउँछन् ।

किवीको बिरुवा प्रतिगोटा ३०० र फल प्रतिकिलो ४०० रुपियाँका दरले बिक्री भइरहेको कृषक जलेश्वर बस्नेतले जानकारी दिनुभयो । उहाँका अनुसार चितवन, दाङ, नेपालगञ्ज र बुटवलबाट किवीको माग आइरहेको छ । गुराँसेलाई किवीको पकेट क्षेत्रका रूपमा विकास गर्न कृषि मन्त्रालय र कृषि विकास कार्यालयसँग छलफल भइरहेको तेजबहादुर योगीको भनाइ छ ।

# बिक्री हुन छोड्यो दालचिनी

■ उदयपुर समाचारदाता

उदयपुर, मङ्सिर ९ गते । उदयपुरको पहाडी भेगको (दालचिनी) सिन्कौली बिक्री हुन छाडेपछि स्थानीयवासीको आयस्रोतमा कमी आउन थालेको छ ।

जिल्लाको घोद्रे, खानीडाँडा, दुकुर्चुङ, मझौले, बाछाला, मलबासेलगायतका पहाडी क्षेत्रको सिन्कौली बिक्री नभएको स्थानीयले बताएका छन् । सिन्कौली अर्थात् दालचिनी भनेर चिनिएको पहाडमा पाइने एक जडीबुटी तथा विशेष मसलाका रूपमा माग हुँदै आएको बिक्री हुन छाडेको स्थानीय निरबहादुर राईले बताउनुभयो । उहाँले भन्नुभयो, सिन्कौलीलाई जडीबुटी र विशेष मसलाका रूपमा पनि प्रयोग गरिन्छ ।पहाडी भेगमा पाइने एक प्रकारको रुख सिन्कौलीको पात र बोक्रा बिक्री हुन्छ । देश विकाससँगै सडकको पहुँचले करिब १२ वर्षदेखि सिन्कौलीले राम्रो भाउ पाउँदै आएको थियो तर गत वर्ष अलिअलि बिक्री भएको सिन्कौली यसपालि निकै कम भएको स्थानीय राईले बताउनुभयो । सिन्कौली बिक्री हुन छाडेपछि चामल खाने बाटो नै बन्द भएको उहाँले बताउनुभयो ।

सिन्कौली बेचेर चामल किनेर खाने गाउँलेलाई आर्थिक समस्या परेको स्थानीय राईले बताउनुभयो । राम्रो बिक्री हुन थालेपछि अन्न लगाउने बारीमा सिन्कौली लगाएको उहाँले बताउनुभयो तर बजारमा बिक्री हुन छाडेपछि मनमा चिन्ता बढेको छ, उहाँले भन्नुभयो । बाँदरले बारीमा लगाएको अन्नबाली खाएर नष्ट गर्ने गरेपछि गाउँलेले बारीमा सिन्कौली लगाउने गरेका छन् । त्यही बिक्री नहुँदा सिन्कौली कृषकलाई चिन्ता छाएको स्थानीय राईले बताउनुभयो ।

गत वर्षसम्म सिन्कौलीको सुकेको पात प्रतिकेजी ४० रुपियाँले बिक्री हुने गर्दथ्यो । सिन्कौलीको स–सानो हाँगा भाँचेर सुकाएर पात चुँडेर बोरामा हालेर तराजुमा तौलेर बच्ने गरेको स्थानीय कमलबहादुर राईले बताउनुभयो ।

# तरकारी सस्तियो

■ सर्लाही समाचारदाता

सर्लाही, मङ्सिर ९ गते । सर्लाहीका बजारमा हरियो तरकारीको मूल्य घटेको छ । स्थानीय उत्पादन बजारमा प्रशस्त भित्रिन थालेपछि मूल्य घटेको हो ।

तरकारी उत्पादनमा राम्रो ख्याति पाएको लालबन्दी बजारमा अहिले सबैजसो हरियो तरकारी सस्तिएको छ । लालबन्दीस्थित खुद्रा तरकारी बजारमा काउली प्रतिकिलो ८० रुपियाँ, बन्दा र परबर एउटै मूल्य प्रतिकिलो ७० रुपियाँमा बिक्री भइरहेको व्यापारीले बताएका छन् । स्थानीय किसानले उत्पादन गरेको काउली, बन्दा र परबर नै अहिले बजारमा बिक्री भइरहेको छ ।

यसैगरी यहीँ उत्पादन भएको नयाँ आलु प्रतिकिलो ६० रुपियाँ, मूला प्रतिकिलो २० रुपियाँ, बोडी प्रतिकिलो ४० रुपियाँ, भ्यान्टा प्रतिकिलो ३० रुपियाँमा बिक्री भइरहेको छ । यस्तै प्याजको पत्ता २० रुपियाँ मुठा र धनीयाँको पात खुद्रा बजारमा दुई मुठाको १५ रुपियाँमा बिक्री भइरहेको छ । असार अन्तिमको भीषण वर्षापछि सर्लाहीमा पहिलो पटक तरकारीको मूल्य घटेको हो । लामो समयपछि तरकारीको मूल्य थोरै भए पनि सस्तो हुँदा उपभोक्ताले राहत महसुस गरेका छन् ।

# किसानलाई अनुदानमा बीउ

■ भैरहवा समाचारदाता



भैरहवा, मङ्सिर ९ गते । रोहिणी गाउँपालिकाका किसानलाई गहुँको बीउ अनुदानमा वितरण गरिएको छ । कृषकलाई राहत दिने उद्देश्यले ५० प्रतिशत अनुदानमा गाउँपालिकाले अनुदानमा गहुँको बीउ वितरण गरेको हो । गाउँ कार्यपालिका बैठकको निर्णयअनुसार किसानलाई बीउ वितरण गरिएको गाउँपालिकाका अध्यक्ष सनोजकुमार यादवले जानकारी दिनुभयो ।

गाउँपालिकाको कृषि शाखामार्फत गाउँपालिकाभित्रका कृषकलाई बीउ वितरण गरिएको हो । गाउँपालिकाको ५० प्रतिशत अनुदान रहेको गहुँको उन्नत जातका बीउहरू एनएल ९७१, अदित्य, भृकुटीलगायतका जातहरू वितरण गरिएको अध्यक्ष यादवले बताउनुभयो । गाउँपालिकाबाट १० लाख बजेट विनियोजन गरिएको र १० लाख रुपियाँ कृषकहरूबाट लिएर २० लाख मूल्य बराबरको ७५० बोरा गहुँको बीउ वितरण गरिएको उहाँले बताउनुभयो ।

अघिल्लो वर्ष पनि सोही परिमाणमा बीउ वितरण गरेको कार्यालयले आगामी वर्षदेखि बजेट बढाएर बढी बीउ वितरण गर्ने अध्यक्ष यादवले बताउनुभयो । “अहिले पनि यो बीउ पर्याप्त हैन तर कृषकलाई थोरै भए पनि राहत दिने उद्देश्यले वितरण गरेका छौं । आगामी वर्षदेखि बजेट बढाएर अलि धेरै वितरण गर्ने तयारी गर्दैछौं,” यादवले भन्नुभयो ।

गाउँपालिकाको कार्यालयले गहुँको बीउ मात्र नभई बरसीन, च्याउलगायतको बीउ पनि मौसमअनुसार वितरण गर्ने गरेको छ । कृषि शाखाले दिएको जानकारी अनुसार कृषकहरूलाई बीउबिजन मात्र नभई समय समयमा आधुनिक कृषि, बेमौसमी तरकारी खेतीलगायतका बारेमा तालिमसमेत प्रदान गरिँदै आएको छ ।

# चौँरी बथान झरे औलतिर

■ हुम्ला समाचारदाता

सिमकोट, मङ्सिर ९ गते । गत जेठमा पाँच हजार मिटर अग्ला पाटन लेकमा लगिएका चौँरीगाईका बथान चिसो बढेसँगै औलतिर झर्न थालेका छन् ।

औल झर्ने क्रममा चौँरीगाईका बथान लेक धिङ्गामा आइपुगेका छन् । चिसो बढ्न थालेपछि बिस्तारै उच्च हिमाली पाटनमा लगिएका चौरीहरू तीन हजार ४०० मिटर अग्लो लेक धिङ्गामा ल्याइएका हुन् । ४५ वटा चौँरीगाईको बथान ल्याएर तीन दिनअगाडि लेक धिङ्गामा आइपुग्नु भएका नाम्खा गाउँपालिका धिङ्गाका तन्जन लामाले चिसोले गर्दा तीन हजार ४०० मिटर अग्लो लेक धिङ्गामा ल्याएको बताउनुभयो । सो ठाउँमा दर्जनौँ चौरीका बथान राखिएको पनि उहाँले बताउनुभयो ।

H PPC L
**जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड**
(नेपाल सरकारको स्वामित्व भएको)

**शिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७६।८।१०)

यस कम्पनीको लागी आवश्यक १०० केभिएको NS Certificate प्रमाणित १ थान ट्रान्सफमर खरिद तथा जडान कार्य गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । दरभाउपत्र सम्बन्धी विस्तृत जानकारी दरभाउपत्रमा नै उल्लेख गरिएको छ । साथै अन्य जानकारीको लागि यस कम्पनीको तलको ठेगानामा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**सम्पर्क ठेगाना**
जडीबुटी उत्पादन तथा प्रशोधन कं.ल.
कोटेश्वर, काठमाडौं
फोन नं.: ०१४९९२१५२, ४९९२१६७
वेभसाइट : www.hppcl.com.np

**सञ्चय कोष कट्टीको फाँटवारी पठाउने सम्बन्धी कर्मचारी सञ्चय कोषको अत्यन्त जरूरी सूचना**

सञ्चय कोष कट्टी गर्ने कार्यालयहरूले आफ्ना कर्मचारीहरूको सञ्चय कोष कट्टी तथा सापटी कट्टीको फाँटवारी प्रत्येक महिना समाप्त भएको ७ (सात) दिन भित्र कोषमा पठाई सक्नुपर्नेमा कतिपय कार्यालयहरूबाट समयमा नै फाँटवारी प्राप्त हुन नसक्दा सञ्चय कोष मौज्दातको लेखाङ्कन कार्य ढिला हुन गई सञ्चयकर्ताको खातामा समयमा नै कोषकट्टी रकम खातामा प्रविष्ट हुन नसक्ने भएकोले चालु आर्थिक बर्ष २०७६/०७७ को हाल कोषमा पठाउँन बाँकी सञ्चय कोष कट्टी तथा सापटी कट्टीको फाँटवारी र पुरानो पठाउँन बाँकी फाँटवारी भए सो समेत सम्पूर्ण फाँटवारीहरू यथाशक्य छिटो कोषको ठमेलस्थित कार्यालय वा शाखा कार्यालयहरू वा सेवा केन्द्रहरूमा प्राप्त हुने गरी पठाउन हुन अनुरोध गरिन्छ । साथै कतिपय फाँटवारीमा कर्मचारीको कोष परिचयपत्र उल्लेख नहुने, गलत नम्वर उल्लेख हुने आदि कारणले सञ्चयकर्ताको हिसाव लेखाङ्कनमा कठिनाई उत्पन्न हुने हुँदा फाँटवारीहरु पठाउँदा सम्वन्धित कर्मचारीहरुको कोष परिचयपत्र नम्वर रुजु गर्न हुन र फाँटवारीमा कार्यालय कोड समेत उल्लेख गरी पठाई दिनु हुन समेत अनुरोध छ ।

**कर्मचारी सञ्चय कोष**
**कोष व्यवस्थापन विभाग**
त्रीदेवी मार्ग, ठमेल, काठमाण्डौ ।
टोल फ्रि नं. १६६००१-२५३९६/२५३९७
*Website : www.epfnepal.com.np*

**Nepal Electricity Authority**
**Transmission Directorate**
**Grid Operation Department**

**INVITATION FOR BIDS**

**(First Date of publication 2076/08/10)**

Grid Operation Department invites following sealed quotations for following works. Eligible Bidders may obtain further information and inspect these Documents at the office of Pokhara Grid Division, Pokhara, Phone No.: 061-560577.

| S. N. | Contract No: | Contract Name | Cost of Bid Document | Last date of Bid Purchase | Last date of Bid Submission | Bid Opening Date & Time | Bid Bond | Bank Acc. No. |
|---|---|---|---|---|---|---|---|---|
| | A | B | D | E | F | C | | |
| 1 | Sealed Quotation No.: Re-SQ PGB/2076/077-01 | Improvement of Tower Footing Resistance of at various Towers of 132kV Middle Marsyangdi – Marsyangdi Transmission Line Sector (Electrical Works) | NRs 1000 | 15th day from the date of Publication till till 16 Hours | 16th day from the date of publication till 12:00 Hours Opening Place: Pokhara Grid Branch | 16th day from the date of publication at 14:00 Hours Opening Place: Pokhara Grid Branch | As per Bid Documents | Everest Bank Ltd, Pokhara Branch NEA Pokhara Grid Security A/C No. 01600105200660 |
| 2 | Sealed Quotation No.: SQ PGB/2076/077-04 | Improvement of Footing Resistance of 132kV LA , 132kV PT & Station Transformer, & 132/33kV ,33/11 kV Power Transformers & 132kV LA of Syanjha Substation. (Electrical Works) | NRs 1000 | | | | | |

## तरकारी तथा फलफूलको थोक मूल्य

मिति : २०७६ मङ्सिर ९ गते, सोमबार समय : बिहान ७ बजे



| कृषि उपज | एकाइ | न्यूनतम | अधिकतम | औसत |
|---|---|---|---|---|
| गोलभेडा ठूलो(नेपाली) | के.जी. | ५० | ६० | ५५ |
| ठूलो गोलभेडा(भारतीय) | केजी | ५० | ६० | ५५ |
| गोलभेडा सानो | के.जी. | २५ | ३५ | ३० |
| गोलभेडा सानो(टनेल) | के जी | ३० | ४० | ३५ |
| आलु रातो | के.जी. | ४३ | ४५ | ४४ |
| आलु रातो(भारतीय) | के जी | ३० | ३२ | ३१ |
| आलु सेतो | के.जी. | ३३ | ३५ | ३४ |
| प्याज सुकेको | के.जी. | १७५ | १८० | १७७ |
| गाजर(लोकल) | के.जी. | ९५ | १०० | ९८ |
| गाजर(तराई) | केजी | ८० | ८५ | ८२ |
| बन्दा(लोकल) | के.जी. | ५५ | ६० | ५८ |
| बन्दा(नरिवल) | केजी | ७५ | ८० | ७८ |
| काउली स्थानिय | के.जी. | ८५ | ९० | ८८ |
| काउली तराई | के.जी. | ७५ | ८० | ७८ |
| मूला सेतो(लोकल) | के.जी. | ४५ | ५० | ४८ |
| सेतो मूला(हाइब्रीड) | केजी | ४५ | ५० | ४८ |
| भन्टा लाम्चो | के.जी. | ३० | ४० | ३५ |
| भन्टा डल्लो | के.जी. | ३० | ४० | ३५ |
| बोडी(तने) | के.जी. | ५० | ६० | ५५ |
| मकै बोडी | केजी | ५० | ६० | ५५ |
| मटरकोशा | के.जी. | १०० | ११० | १०५ |
| घिउ सिमी(लोकल) | के.जी. | ११० | १२० | ११५ |
| घिउ सिमी(हाइब्रीड) | केजी | ११० | १२० | ११५ |
| घिउ सिमी(राजमा) | केजी | ९० | १०० | ९५ |
| टाटे सिमी | के.जी. | ९५ | १०० | ९८ |
| तितो करेला | के.जी. | ६० | ७० | ६५ |
| लौका | के.जी. | ४५ | ५० | ४८ |
| परवर(लोकल) | के.जी. | ७५ | ८० | ७८ |
| फर्सी पाकेको | के.जी. | ४० | ४५ | ४२ |
| हरियो फर्सी(डल्लो) | केजी | ५० | ६० | ५५ |
| भिण्डी | के.जी. | ९५ | १०० | ९८ |
| बरेला | के.जी. | ३५ | ४० | ३८ |
| पिंडालू | के.जी. | ४५ | ५० | ४८ |
| स्कूस | के.जी. | १५ | २० | १८ |
| रायो साग | के.जी. | ४० | ५० | ४५ |
| पालूगो साग | के.जी. | ९० | १०० | ९५ |
| चमसूरको साग | के.जी. | ९० | १०० | ९५ |
| तोरीको साग | के.जी. | ४० | ५० | ४५ |
| मेथीको साग | के.जी. | ९० | १०० | ९५ |
| प्याज हरियो | के.जी. | ९० | १०० | ९५ |
| बकूला | के.जी. | ९५ | १०० | ९८ |
| तरुल | के.जी. | ४५ | ५० | ४८ |
| च्याउ(कन्य) | के.जी. | १७० | १८० | १७५ |
| च्याउ(डल्ले) | के जी | ३९० | ४०० | ३९५ |
| ब्रोकाउली | के.जी. | ८० | ९० | ८५ |
| चुकुन्दर | के.जी. | ८० | ९० | ८५ |
| जिरीको साग | के.जी. | ५० | ६० | ५५ |
| सेलरी | के.जी. | २४० | २५० | २४५ |
| पार्सले | के.जी. | २४० | २५० | २४५ |
| सौफको साग | के.जी. | ९० | १०० | ९५ |
| पुदीना | के.जी. | २४० | २५० | २४५ |
| गान्टे मूला | के.जी. | ५० | ६० | ५५ |
| इमली | के.जी. | १३० | १४० | १३५ |
| तामा | के.जी. | ११० | १२० | ११५ |
| तोफु | के.जी. | ९० | १०० | ९५ |
| गुन्दुक | के.जी. | २३० | २४० | २३५ |
| स्याउ(झोले) | के.जी. | ९० | १०० | ९५ |
| केरा | दर्जन | ८० | ९० | ८५ |
| कागती | के.जी. | १२० | १३० | १२५ |
| अनार | के.जी. | १२० | १३० | १२५ |
| सुन्तला(नेपाली) | के.जी. | ९० | १०० | ९५ |
| सुन्तला(भारतीय) | केजी | १०० | ११० | १०५ |
| तरबुजा(हरियो) | के.जी. | ५५ | ६० | ५८ |
| मौसम | के.जी. | १४० | १५० | १४५ |
| भुई कटहर | प्रति गोटा | ११० | १२० | ११५ |
| काक्रो(लोकल) | के.जी. | १०० | ११० | १०५ |
| काक्रो(हाइब्रीड) | के जी | ५० | ६० | ५५ |
| नासपाती(चाइनिज) | केजी | १२० | १३० | १२५ |
| मेवा(भारतीय) | केजी | १०० | ११० | १०५ |
| लप्सी | के.जी. | ४५ | ५० | ४८ |

*स्रोतः कालिमाटी फलफूल तथा तरकारी बजार विकास व्यवस्थापन समिति, काठमाडौं ।*

## सूचना

उद्योग, व्यापार, बैङ्क तथा वित्तीय, श्रम, रोजगार, पर्यटन लगायत अर्थजगत्सँग सम्बन्धित तमाम क्षेत्रका सूचना, सन्देश, प्रेस विज्ञप्ति तथा अन्य आवश्यक जानकारी प्रवाहका निम्ति ‘अर्थ बजार’लाई सम्झनुहोस् । सामग्री पठाउने ठेगाना यस प्रकार छ :

**आर्थिक समाचार ब्युरो**
**गोरखापत्र दैनिक**
गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं
इमेल ठेगाना : gpbiznews@gmail.com

## वृद्धवृद्धालाई कुमारीको कम्बल

▪ तानसेन समाचारदाता

पाल्पा, मङ्सिर ९ गते। कुमारी बैङ्क रिडी शाखाले रुद्रवेनी राम मन्दिर सन्यास आश्रममा आश्रित ५० जना वृद्धवृद्धा तथा साधुसन्तलाई कम्बल वितरण गरेको छ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

पाल्पा, गुल्मी र स्याङ्जाको सङ्गमस्थल रिडीमा स्थापना भएको बैङ्कले जाडो मौसममा वृद्धवृद्धा र साधुसन्तलाई न्यानो कपडा वितरण गरेको हो।

कुमारी बैङ्क रिडी शाखाका प्रबन्धक भीष्म ज्ञवालीले बैङ्कको सामाजिक दायित्वअन्तर्गत न्यानो कपडा वितरण गरेको बताउनुभयो। बैङ्कले भण्डारा सञ्चालनका लागिसमेत सहयोग गरेको छ।

न्यानो कपडा वितरण गर्नुहुँदै समाजसेवी पदमप्रसाद पाण्डेले समाजमा रहेका अशक्त व्यक्तिलाई सहयोग गरेर बैङ्कले नमुना काम गरेको बताउनुभयो।

मन्दिरका प्रमुख गुरु नारायणनन्द सरस्वतीले न्यानो कपडा र भण्डाराको लागि सहयोग गरेकामा बैङ्कलाई धन्यवाद दिनुभयो। मन्दिरमा हाल ५० जनाले दैनिक एकै स्थानमा बसेर भण्डारमा भोजन गर्दै आएका छन्। बास बस्नका लागि विभिन्न क्षेत्रको सहयोगबाट आधुनिक भवनसमेत बनेको छ।

## सनराइजको शाखा भृकुटीमा

▪ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते। सनराइज बैङ्क लिमिटेडले मेचीनगर नगरपालिकाअन्तर्गत भृकुटीमा शाखारहित बैङ्किङ सेवा सुरुवात गरेको छ।

सनराइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED

बैङ्किङ सेवा नपुगेका स्थानमा बैङ्किङ सेवा पुऱ्याउँदै जाने उद्देश्यले सेवा सुरुवात गरेको बैङ्कले जनाएको छ। योसहित बैङ्कको शाखारहित सेवाको सङ्ख्या ३९औँ पुगेको छ। उक्त शाखाको स्थानीय ज्येष्ठ नागरिक सेवा समितिको अध्यक्ष ठाकुरप्रसाद शिवाकोटी र बैङ्कको प्रादेशिक कार्यालय १ का सदस्य पूर्णबहादुर थापाले उद्घाटन गर्नुभयो।

## एनएमबीको घर कर्जा

▪ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते। एनएमबी बैङ्कले घर कर्जा सुविधाअन्तर्गत एक नयाँ योजना सुरु गरेको छ। एनएमबी ब्लुनिङ एन्ड रिभर्स ब्लुनिङ नामक यो योजनामा घर कर्जा सुविधा लिन चाहने ग्राहकले आफ्नो आवश्यकता अनुसार सम-मासिक किस्ता (ईएमआई) बुझाउने विधि चयन गर्नसक्ने बैङ्कले जनाइको छ।

NMB

ब्लुनिङ सुविधाले घर कर्जा लिने ग्राहकलाई लिएको सम्पूर्ण कर्जाको साँवा पुनः भुक्तानी गर्नलाई छनोट गर्ने अवसर प्रदान गर्दछ। यसमा तिर्नुपर्ने किस्ताको केही अंश सम-मासिक किस्ताबन्दीका दरले तिर्दै जाने र बाँकी हिस्सा वार्षिक रूपमा एकमुष्ट दरले तिर्न पाउने सुविधा रहेको बैङ्कले जनाएको छ।

वैकल्पिक रिभर्स ब्लुनिङ सुविधाले घर कर्जा लिने ग्राहकलाई लिएको सम्पूर्ण कर्जाको साँवा पुनः भुक्तानीमा छनोट गर्ने मौका दिन्छ। जसअनुसार ग्राहकको रोजाइ र आवश्यकताबमोजिम प्रत्येक पाँचदेखि १० वर्षको अवधिमा मासिक किस्ता कम गर्दै लान सकिने बैङ्कको विज्ञप्तिमा उल्लेख छ।

## सिद्धार्थको शाखा हेम्जामा

▪ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते। सिद्धार्थ बैङ्कले कास्कीको हेम्जामा शाखा सञ्चालनमा ल्याएको छ।

Siddhartha Bank
Bank for Your Prosperity

बैङ्कले सर्वसाधारण तथा उद्यमीमाझ सबै प्रकारका निक्षेप तथा कर्जा कारोबार सुविधा रकम भुक्तानीलगायत सम्पूर्ण बैङ्किङ सेवा पुऱ्याउने उद्देश्यले शाखा सञ्चालनमा ल्याएको जनाएको छ। योसहित बैङ्कका शाखा सङ्ख्या १७३ पुगेका छन्।

## विन्ध्यवासिनीलाई गरिमाको सहयोग

▪ कास्की समाचारदाता

कास्की, मङ्सिर ९ गते। गरिमा विकास बैङ्क लिमिटेडले पोखराको बाटुलेचौरस्थित विन्ध्यवासिनी

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited

माविलाई विद्युतीय पुस्तकालय सञ्चालनका लागि छ थान कम्प्युटर प्रदान गरेको छ।

बैङ्कका अध्यक्ष चन्द्रकान्त बरालले विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद आचार्यलाई ती कम्प्युटर हस्तान्तरण गर्नुभएको हो। बैङ्कको १३औँ वार्षिकोत्सवको उपलक्ष्यमा विद्यालयलाई उक्त सहयोग गरेको बैङ्कको विज्ञप्तिमा उल्लेख छ।

कार्यक्रमका अध्यक्ष तथा विद्यालय व्यवस्थापन समितिका वरिष्ठ सदस्य गुरुदत्त भट्टराईले बैङ्कले आगामी वार्षिकोत्सवमा पनि यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिई अन्य विद्यालयलाई समेत सहयोग गर्न अनुरोध गर्नुभयो।

## ग्लोबलले तीन दिनमै कर्जा दिने

▪ कास्की समाचारदाता

कास्की, मङ्सिर ९ गते। ग्लोबल आईएमई बैङ्कले जन्मभूमि घर कर्जा ल्याएको छ। वैदेशिक रोजगारमा गएका तथा विदेशमा बस्ने नेपालीलाई लक्षित गरी यस्तो योजना ल्याएको बैङ्कले जनाएको छ।

यस योजनाअन्तर्गत वैदेशिक रोजगारमा गएका कामदार तथा विदेशमा बस्ने नेपाली र तिनका परिवारका सदस्यले आवश्यक कागजात पेस गरेको तीन दिनभित्रमा घर कर्जा उपलब्ध गराइने बैङ्कले जानकारी दिएको छ।

# दोस्रो दिन सेयर बजार स्थिर, कारोबार घट्यो




▪ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते। साताको दोस्रो दिनको सेयर बजार स्थिर भएको छ। पछिल्लो समय निरन्तर ओरालो लागिरहेको सेयर बजारले एक हजारको बिन्दु पछ्याउन थालेको थियो। सोमबार भने सेयर बजार मापक नेप्से परिसूचक स्थिर बनेको छ। यस दिनको कारोबार रकम भने घटेको छ।

सोमबारको नेप्से परिसूचक थामिएर अघिल्लै दिनको कायम भएको छ। 'क' वर्गका कम्पनी मापक सेन्सेटिभ इन्डेक्स पनि ०.५२ अङ्कले उकालो लागेर २४५.३८ अङ्कमा पुगेको छ। समग्रमा दोस्रो दिनको सेन्सेटिभ इन्डेक्स पनि ०.२१ प्रतिशतले उकालो लागेको छ। पछिल्लो समय निरन्तर ओरालो लागिरहेको सेयर बजारले एक हजारको बिन्दु पछ्याउन थालेको थियो। अघिल्लो साताको सबै कारोबार ओरालै लागेर बन्द भएको बजार यो साताको सुरुवात ओरालै लागेर भएको थियो। आइतबार नेप्से परिसूचक साढे १० अंकले ओरालो लागेको थियो। मनोवैज्ञानिक बिन्दुको पनि तल्लो बिन्दुतर्फ लम्केको बजारबाट लगानीकर्ता निराश बन्न थालेका छन्।

आइतबारको नेप्से परिसूचक १०.५४ अङ्कले ओरालो लागेर १११०.०८ अङ्कमा पुगेर रोकिएको थियो। त्यसैगरी 'क' वर्गका कम्पनी मापक सेन्सेटिभ इन्डेक्स पनि २.०३ अङ्कले ओरालो लागेर २४४.८६ अङ्कमा पुगेको थियो। समग्रमा पहिलो दिनको नेप्से ०.९४ प्रतिशतले ओरालो लागेको थियो भने सेन्सेटिभ इन्डेक्स पनि ०.८२ प्रतिशतले घटेको थियो।

आइतबार दिनभर १६२ कम्पनीको नौ लाख २९ हजार ७४४ कित्ता सेयर ५० हजार २९ पटक खरिद बिक्री हुँदा २८ करोड पाँच लाख ३४ हजार ४१५ रुपियाँभन्दा बढीको सेयर कारोबार भएको छ। जुन अघिल्लो दिनको तुलनामा झण्डै दुई करोड रुपियाँले कमी हो। बिहीबार १६७ कम्पनीको १० लाख ५० हजार ४१२२ कित्ता सेयर कारोबार भई कुल २९ करोड ७७ लाख ९७ हजार ७१ रुपियाँको कारोबार भएको थियो।

सोमबार दिनभर १६८ कम्पनीको १० लाख ७८ हजार १६ कित्ता सेयर पाँच हजार १६५ पटक खरिद बिक्री हुँदा २८ करोड ८८ लाख ५८ हजार ४८४ रुपियाँभन्दा बढीको सेयर कारोबार भएको छ। जुन अघिल्लो दिनको तुलनामा झण्डै दुई करोडले कमी हो।

आइतबार दिनभर १६२ कम्पनीको नौ लाख २९ हजार ७४४ कित्ता सेयर ५० हजार २९ पटक खरिद बिक्री हुँदा २८ करोड पाँच लाख ३४ हजार ४१५ रुपियाँभन्दा बढीको सेयर कारोबार भएको थियो ।

दोस्रो दिन कारोबार भएका समूहको सूचकमध्ये होटल, हाइड्रोपावर, फाइनान्स, उत्पादन र प्रशोधन, अन्य र माइक्रोफाइनान्सबाहेक सबै सूचक ओरालो लागेका छन्। पहिलो दिन कारोबार भएका सबै समूहको सूचक ओरालो झरेको थियो। निर्जीवन बीमाको सूचक सबैभन्दा बढी ५७.१५ अङ्कले ओरालो लागेको यस दिन वाणिज्य बैङ्क समूह १०.४७ अङ्कले ओरालो लागेको थियो भने ट्रेडिङ ३९.८६, होटल १०.८३, विकास बैङ्क १०.३९, हाइड्रोपावर ७.६, फाइनान्स ५.४१, उत्पादन र प्रशोधन २०.५१, अन्य ४.६६, माइक्रोफाइनान्स ६.३४, जीवन बीमा ४८.०८ र म्युचुअल फन्ड ०.०९ अङ्कले ओरालो लागेका थिए।

सोमबार कारोबारमा आएका कम्पनीहरूमध्ये तीनवटा कम्पनीको मात्र करोडमाथिको सेयर कारोबार भएको छ। नेपाल इन्भेस्टमेन्ट बैङ्कको संस्थापक सेयरको सबैभन्दा धेरै तीन करोड ६० लाख रुपियाँ बराबरको सेयर कारोबार भएको छ भने नेपाल बैङ्कको पनि तीन करोड ५२ लाख रुपियाँ बराबरको सेयर कारोबार भएको छ। त्यस्तै एनएमबी बैङ्कको पनि दुई करोड छ लाख रुपियाँ बराबरको सेयर कारोबार भएको छ। प्राइम कमर्सियल बैङ्कको ९९ लाख २५ हजार, एनसीसी बैङ्कको ७९ लाख ६७ हजार, नबिल बैङ्कको ७६ लाख ९८ हजार र सिटिजन्स बैङ्कको ६२ लाख रुपियाँ बराबरको सेयर कारोबार भएको छ भने मिथिला लघुवित्तको सेयरमूल्य सबैभन्दा धेरै ५.५४ प्रतिशतले उकालो लागेको छ। महिला सहयात्रा माइक्रोफाइनान्सको पनि ३.८३ प्रतिशतले उकालो लागेको छ।

अरुण काबेलीपावरको सेयरमूल्य ३.६७ प्रतिशत, एनएमबी माइक्रोफाइनान्सको २.९४ प्रतिशत, ग्रामीण विकास लघुवित्तको, २.७९ प्रतिशत, नेपाल इन्स्योरेन्सको २.५१ प्रतिशत, स्वाभिमान लघुवित्तको २.१७ प्रतिशत र घोडीघोडा लघुवित्तको २.०७ प्रतिशतले उकालो लागेको छ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान
रवि भवन, कालिमाटी, काठमाण्डौ, फोन नं. ४२७०६०५ र ४२७००७३
NATHM centre of excellence

व्यवहारीक कक्षा भवनमा तला थप गर्ने

सूचना प्रकाशन मिति २०७६।८।१०

यस प्रतिष्ठानमा व्यवहारीक कक्षा भवनमा तला थप गर्ने कार्य गर्नु पर्ने भएकोले फर्म दर्ता तथा इजाजत प्रमाणपत्र एवं मूल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्र भएका सम्बन्धित फर्म वा कम्पनीबाट यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजे भित्र यस प्रतिष्ठानमा पेश गर्ने गरी सिलबन्दी बोलपत्र आव्हान गरिन्छ। बोलपत्र फारम आ.व.०७५।७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गरी बोलपत्र दस्तुर वापत रु ३,०००।- (फिर्ता नहुने गरी) तिरी यस प्रतिष्ठानबाट खरिद गर्न सकिनेछ। यस सम्बन्धी विस्तृत विवरण प्रतिष्ठानको सूचना पाटीमा र प्रतिष्ठानको वेबसाइट www.nathm.edu.np मा हेर्न सकिने छ।

| खण्ड | कामको विवरण | लागत अनुमान रकम (मु.अ.क.बाहेक) |
|---|---|---|
| (क) | व्यवहारीक कक्षा भवनमा तला थप गर्ने कार्य (Floor extension work of Annex building) | रु.४०,१०,७७९।२४ |

नेपाल सरकार
कृषि सूचना तथा प्रशिक्षण केन्द्र,
हरिहरभवन, ललितपुर

सूचना

यस केन्द्रमा विभिन्न प्रयोजनका लागि राखिएको आ.व.२०७५/७६ भन्दा अगाडीको प्रयोजन समाप्त भएका तपशिल बमोजिमको धरौटी रकम आर्थिक कार्यविधी ऐन २०५५ तथा नियमावलि २०६४ बमोजिम धरौटी रकम फिर्ता पाउनको लागि आफ्नो सबूत प्रमाण सहित यस केन्द्रमा सूचना प्रकाशित मितिले पन्ध्र(१५) दिन भित्र सम्पर्क राखु हुन अनुरोध छ। उक्त समय भित्र धरौटी रकम फिर्ता लिन नआएमा उक्त रकम सदर स्याहा गरी राजस्वमा दाखिला गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

तपशिल

| क्र.सं. | धरौटी मिति | धरौटी राख्ने संस्थाको नाम | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | नखुलेको | कागजन प्रा.लि.खिचापोखरी | रु.१,०३,०३९।३२ | |
| २ | नखुलेको | मुक्तिनाथ ट्रेड कन्सर्न | रु.१२,९७०।०० | |
| ३ | नखुलेको | बागेश्वरी ट्रेड कन्सर्न | रु.१३,३९४।०० | |
| ४ | नखुलेको | बिजलिङ्क कामाण्डौं | रु.१६,५६९।१२ | |
| ५ | नखुलेको | कागज कोठी | रु.३३,२५८।४८ | |
| ६ | नखुलेको | प्रोप्रिन्टर्स प्रा.लि. | रु.२,५००।०० | |
| ७ | २०६९।०३।१९ | टि.भि.लाईभ मिडीया | रु.११,०६१।५९ | |
| ८ | २०७३।०४।०७ | रोशन अफसेट प्रेस | रु.५१,६७५।०० | |
| ९ | २०७४।०१।३० | स्मार्ट इन्टरप्राईजेज | रु.४५,३५०।०० | |
| १० | २०७४।०४।३१ | राघब ट्रेर्ड लिङ्क | रु.३८,६५०।०० | |
| ११ | २०७४।०६।३१ | अनिता महर्जन | रु.९४५।०० | |
| १२ | २०७५।०३।२० | एस.एन.एस.अफसेट प्रेस | रु.४९,०००।०० | |
| | | कूल रकम रु. | रु.३,७८,४११।५१ | |

नेपालको पहिलो बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
ज.चु.का.क.शाखा (०४१)

निक्षेपउपर हकदाबीसम्बन्धी ३५ दिने सूचना

धनुषा जिल्ला नौवाखोर प्रसाही वडा नं. ०७ हाल हंसपुर न.पा.-७ बस्ने श्री शिवदत्त मंडल केवटको बुहारी, श्री रामबिलास मंडल केवटको श्रीमती, सीतादेवी मंडलको मिति २०७६।०२।१८ मा मृत्यु भएकोले यस बैकमा रहेको बचत हिसाव नं ०४१०१००१००१६३८००००००१ मा रहेको रकम भुक्तानी पाउँ भनि निज मृतकको श्रीमान रामबिलास मंडल केवटले यस बैंकमा मिति २०७६।०६।१२ मा निवेदन दिएको हुनाले निज खातावालाको यस बैंकमा रहेको रकममा अन्य कसैको हकदाबी लाग्ने भए बैक तथा वित्तिय संस्थासम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अधिकारवाला हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आ-आफ्नो सबुद प्रमाणसहित यस बैकको **ज.चु.का.क.शाखा**मा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्नेसमेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
राष्ट्रिय वाणिज्य बैंक लि.
शाखा कार्यालय, नक्साल

निक्षेपउपर हकदाबीसम्बन्धी ३५ दिने सूचना

प्रकाशित मिति: २०७६।०८।१०

३ नं. प्रदेश काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ४ बालुवाटार बस्ने श्री रुद्रप्रसाद पन्तको छोरी, श्री दुर्गाराज पाण्डेको पत्नी श्रीमती दयाकुमारी पाण्डेयको मिति २०७१।०९।२४ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको बचत खाता नं. ११६००१६२०५१० तथा मुद्दती खाताको रकम भुक्तानी पाउँ भनी निजको छोरा नाता पर्ने श्री खिलराज पाण्डे र पोषराज पाण्डेले यस बैंकमा निवेदन पेस गरेको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारले यो सूचना गोरखापत्रमा प्रकाशित भएको मितिले बाटाको म्यादबाहेक ३५ दिनभित्र आफ्नो सबुद प्रमाणसहित यस कार्यालयमा हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम कारबाही भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र दाबी गर्न नआएमा पछि कुनै उजुर बाजुर नलाग्ने व्यहोरासमेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिएको छ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
राष्ट्रिय वाणिज्य बैंक
मुख्य शाखा कार्यालय, दार्चुला(४०९)को

निक्षेपउपर हकदाबीसम्बन्धी ३५ दिने सूचना

दार्चुला जिल्ला लेकम गाउँपालिका ४(साबिक खरकडा १) बस्ने लक्ष्मण सिंह धामीको नाति, उजल सिंह धामीको छोरा, श्री परम सिंह धामीको मिति २०७६।७।४ मा मृत्यु भएकोले निजको यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाउँ भनी निज खातावालाको छोरा नातापर्ने लेकम गा.पा. ४ दार्जुला बस्ने बिषन सिंह धामीले यस बैंकमा मिति २०७६।७।२९ मा निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले बाटोको म्यादबाहेक ३५ (पैंतीस) दिनभित्र आ-आफ्नो सबुद प्रमाणसहित राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय दार्चुलामा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ८१ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

औषधालय अध्ययन सम्बन्धी सूचना

तेह्रथुम जिल्ला आठराई संक्रान्तीमा अवस्थित जगदम्बा दातब्य औषधालयलाई पुन संचालनमा ल्याउने सम्बन्धमा अध्ययनको निमित्त यो सूचना गरिन्छ। इच्छुक विज्ञ व्यक्ति वा संस्थाले निम्न इमेलबाट अध्ययनको TOR माग गरी यो सूचना प्रकाशित मितिबाट २१ दिनमा शिल प्रपोजल निम्न ठेगानामा बुझाउन हुन अनुरोध छ।

इमेल: omsitoula@gmail.com

श्री जगदम्बा दातब्य औषधालय
६३, किर्तन मार्ग
चण्डोल, विशालनगर, काठमाण्डौ

सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथमपटक सूचना प्रकाशित मिति: २०७६/०८/१०)

यस बुटवल वितरण केन्द्रअन्तर्गत तपसिलअनुसारको कार्य गर्न नेपाल सरकारबाट सम्बन्धित कार्यको इजाजतप्राप्त मुल्य अभिवृद्धि करमा दर्ता भएका आयकर तिरेको, नवीकरण तथा अद्यावधिक भएका फर्म कम्पनीहरूबाट निम्नलिखित सर्तहरूमा रही कार्य गर्न सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। साथै सोसँग सम्बन्धित अन्य जानकारीका लागि कार्यालय समयभित्र यस बुटवल वितरण केन्द्र, गोलपार्कमा सम्पर्क राखी बुझ्न सकिने छ।

| सि. नं. | सिलबन्दी दरभाउपत्र नं. | कार्य विवरण | सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति समय र स्थान | सिलबन्दी दरभाउपत्र दाखिला गर्ने र खोलिने अन्तिम मिति समय स्थान | सिलबन्दी दरभाउपत्र फारूम दस्तुर तथा खरिद गर्ने सम्बन्धित कार्यालय | बिडबण्ड जम्मा गर्ने सम्बन्धित कार्यालयको बैंक खाता नं. र म्याद | विडबण्ड रकम रु. | लागत अनुमान (भ्याटसहित रु.) |
|---|---|---|---|---|---|---|---|---|
| १. | NEA/BDC: २०७६/०७७ -SQ ७ | बुटवल वितरण केन्द्रअन्तर्गत देवदह नगरपालिका ५, ७, ८ का विभिन्न स्थानमा एच.टी./एल.टी. लाइन निर्माण तथा सुदृढीकरण गर्ने कार्य। | प्रथमपटक सूचना प्रकाशित मितिले १५औँ दिनको कार्यालय समयभित्र | प्रथमपटक सूचना प्रकाशित मितिले १६औँ दिनको १२:०० बजेभित्र र खोलिने सोही दिनको २:०० बजे बुटवल वितरण केन्द्र, गोलपार्क बुटवल | रु.१०००।०० बुटवल वितरण केन्द्रको विविध काउन्टर (कार्यालय समयभित्र) | ज्योति विकास बैंक लि. बुटवल शाखाको धरौटी खाता नं. ००२००१०००१०९२४००००००१ मा जम्मा गरेको सक्कल भौचर वा नेपालस्थित कुनै वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरिएको जमानीपत्र ७५ दिन। | ३८,१००।०० | १४४१२१७।०० |
| २. | NEA/BDC: २०७६/०७७ -SQ ८ | बुटवल वितरण केन्द्रअन्तर्गत देवदह नगरपालिका ९ का विभिन्न स्थानमा एच.टी./एल.टी. लाइन निर्माण तथा सुदृढीकरण गर्ने कार्य। | प्रथमपटक सूचना प्रकाशित मितिले १५औँ दिनको कार्यालय समयभित्र | प्रथमपटक सूचना प्रकाशित मितिले १६औँ दिनको १२:०० बजेभित्र र खोलिने सोही दिनको २:०० बजे बुटवल वितरण केन्द्र, गोलपार्क बुटवल | रु.१०००।०० बुटवल वितरण केन्द्रको विविध काउन्टर (कार्यालय समयभित्र) | ज्योति विकास बैंक लि. बुटवल शाखाको धरौटी खाता नं. ००२००१०००१०९२४००००००१ मा जम्मा गरेको सक्कल भौचर वा नेपालस्थित कुनै वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरिएको जमानीपत्र ७५ दिन। | ३०,८००।०० | ११६४५४८।७७ |
| ३. | NEA/BDC: २०७६/०७७ -SQ ९ | लाइन मेटेरियल तथा हार्डवेयरहरू सप्लाई गर्ने कार्य। | प्रथमपटक सूचना प्रकाशित मितिले १५औँ दिनको कार्यालय समयभित्र | प्रथमपटक सूचना प्रकाशित मितिले १६औँ दिनको १२:०० बजेभित्र र खोलिने सोही दिनको २:०० बजे बुटवल वितरण केन्द्र, गोलपार्क बुटवल | रु.१०००।०० बुटवल वितरण केन्द्रको विविध काउन्टर (कार्यालय समयभित्र) | ज्योति विकास बैंक लि. बुटवल शाखाको धरौटी खाता नं. ००२००१०००१०९२४००००००१ मा जम्मा गरेको सक्कल भौचर वा नेपालस्थित कुनै वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरिएको जमानीपत्र ७५ दिन। | ५२,७७५।०० | |
| ४. | NEA/BDC: २०७६/०७७ -SQ १० | मसलन्द छपाई तथा स्टेसनरी सामानहरू सप्लाई गर्ने कार्य | प्रथमपटक सूचना प्रकाशित मितिले १५औँ दिनको कार्यालय समयभित्र | प्रथमपटक सूचना प्रकाशित मितिले १६औँ दिनको १२:०० बजेभित्र र खोलिने सोही दिनको २:०० बजे बुटवल वितरण केन्द्र, गोलपार्क बुटवल | रु.१,०००।०० बुटवल वितरण केन्द्रको विविध काउन्टर (कार्यालय समय भित्र) | ज्योति विकास बैंक लि. बुटवल शाखाको धरौटी खाता नं. ००२००१०००१०९२४००००००१ मा जम्मा गरेको सक्कल भौचर वा नेपालस्थित कुनै वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरिएको जमानीपत्र ७५ दिन। | ४८,५००।०० | |

नोट : सिलबन्दी दरभाउपत्र बिक्री गर्ने अन्तिम मिति तथा दाखिला गर्ने र खोल्ने मितिमा सार्वजनिक बिदा पर्न गएमा बिदा समाप्त भएको भोलिपल्टको मितिमा उक्त कार्य हुनेछ।

नेपाल विद्युत प्राधिकरण
बुटवल वितरण केन्द्र, बुटवल
फोन नं. ०७१- ५४१०३५

गोरखापत्र
www.gorkhapatraonline.com





# तिब्बत-नेपाल आर्थिक र व्यापार मेला सुरु

▪ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते। तिब्बत-नेपाल आर्थिक तथा व्यापार मेला सुरु भएको छ।

चीनको वाणिज्य मन्त्रालयअन्तर्गतको ट्रेड डेभलपमेन्ट ब्युरो र चीनको स्वशासित क्षेत्र तिब्बतको ल्हासास्थित तिब्बत बोर्डर ट्रेड चेम्बरको आयोजना तथा नेपाल-चीन उद्योग वाणिज्य सङ्घको सहकार्यमा मेला सुरु भएको हो।

आयोजक तिब्बत बोर्डर ट्रेड चेम्बरका अध्यक्ष लावा छिलेका अनुसार मेलामा चीनका ५० भन्दा बढी प्रदर्शकले स्टल राखेका छन्।

मङ्सिर १२ गतेसम्म चल्ने मेलामा जौबाट बनेका खाद्य सामग्री, दुग्ध पदार्थ, मदिरा, वाइन, तिब्बती औषधि, हस्तकला, स्किन केयरसम्बन्धी उत्पादन, खेलकुद, कपडा, भवनका सामग्री, साइकललगायतको स्टल राखिएको छ।

नेपाल-चीन उद्योग वाणिज्य सङ्घका अध्यक्ष त्रिभुवनधर तुलाधरले मेलामा व्यवसायी-व्यवसायीबीच (बीटूबी) छलफल, समझदारी पत्रमा हस्ताक्षरलगायत कार्यक्रम रहेको छ।

# व्यापार मेलाको तयारी पूरा

▪ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते। १७औँ हस्तकला व्यापार मेला तथा १५औँ हस्तकला प्रतियोगिताको तयारी पूरा भएको छ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, काठमाडौँ महानगरपालिका, ललितपुर महानगरपालिका, नेपाल पर्यटन बोर्ड, नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नबिल बैङ्क, नेपाल चेम्बर अफ कमर्स, ललितपुर उद्योग वाणिज्य महासङ्घलगायतको संयोजन तथा नेपाल हस्तकला महासङ्घको आयोजनामा मङ्सिर १२ देखि १६ गतेसम्म मेला हुने भएको छ।

महासङ्घले आज पत्रकार सम्मेलन गरी नेपालका हस्तकला उद्यमीबाट उत्पादित सामानलाई देश तथा विदेशमा प्रवर्द्धन गर्ने उद्देश्यका साथ मेला आयोजना गर्न लागेको मेलाको तयारी पूरा भएको जनाएको छ।

मेलामा नेपाली उद्यमी व्यवसायी, निर्यातकर्ता र आयातकर्ताका बीचमा व्यावसायिक सम्बन्ध विकास गर्नु, नेपाली उद्यमीलाई कम खर्चमा अन्तर्राष्ट्रियस्तरको व्यापार मेलामा सहभागिता गर्ने, व्यापार मेलाको माध्यमबाट नेपाली कला संस्कृतिको प्रचारप्रसार गर्न मेला आयोजना गरिएको मेलाका महासङ्घका निवर्तमान अध्यक्ष एवं संयोजक धर्मराज शाक्यले जानकारी दिनुभयो।

# महासचिवमा आचार्य

▪ गोरखापत्र समाचारदाता



काठमाडौँ, मङ्सिर ९ गते। सेवा क्षेत्रको अन्तर्राष्ट्रिय ट्रेड युनियन महासङ्घ ग्लोबल युनियन फेडेरेसन (यूएनआई)को एसिया प्रशान्त क्षेत्रको महासचिवमा राजेन्द्र आचार्य निर्वाचित हुनुभएको छ। हालै काठमाडौँमा सम्पन्न महाधिवेशनमा उहाँ महासचिवमा निर्वाचित हुनुभएको हो।

बैङ्किङ क्षेत्रमा कार्यरत आचार्य सन् २००४ देखि यूएनआईमा आबद्ध हुनुहुन्छ। उहाँ कार्यक्रम संयोजक, उपनिर्देशक हुँदै हाल महासचिवमा निर्वाचित हुनुभएको हो। उहाँको कार्यकाल पाँच वर्षको हुने छ।

# बुद्धले प्रदेश १ बाट अन्तरप्रदेश उडान गर्ने



प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले बुद्ध एयरका निर्देशक वीरेन्द्र बस्नेतलाई बधाई तथा शुभकामना दिँदै। तस्बिर : नवराज कट्टेल

▪ रङ्गेली समाचारदाता

विराटनगर, मङ्सिर ९ गते। बुद्ध एयरले काठमाडौँलाई ट्रान्जिट बनाएर अन्तरप्रादेशिक उडान भर्ने भएको छ। प्रदेश १ को विराटनगर र भद्रपुरबाट गण्डकी प्रदेशको पोखराका लागि उडान भर्ने जानकारी दिइएको हो।

बुद्ध एयरका प्रबन्ध निर्देशक वीरेन्द्रकुमार बस्नेतले मङ्सिर १५ देखि विराटनगर-पोखरा र भद्रपुर-पोखरा उडान सुरु गरिने जानकारी दिनुभयो। बुद्ध एयरले यसको पूर्वतयारीका लागि विराटनगरमा आइतबार सरोकारवाला निकायसहित प्रदेश सरकारसँग अन्तर्क्रिया गर्दै अन्तरप्रादेशिक उडानका लागि सहयोग गरिदिन आग्रहसमेत गरेको छ।

निर्देशक बस्नेतका अनुसार हाल काठमाडौँबाट पोखरा दैनिक १०, विराटनगर आठ र भद्रपुर तीनवटा उडान गरिँदै आएको छ। पर्यटन वर्षलाई लक्षित गर्दै काठमाडौँ ट्रान्जिट बनाएर विराटनगर, पोखरा र भद्रपुरका लागि उडान सुरु गर्ने योजना राखिएको छ।

कम्तीमा छ महिनाका लागि परीक्षण उडान गरिने र सफल भए निरन्तरता दिने उहाँले बताउनुभयो। अहिले विराटनगर-काठमाडौँ हुँदै पोखरा जाने यात्रुको सङ्ख्या दैनिक ३० जना रहेको त्यस अवसरमा बताइयो।

पोखरा घुम्न आउने विदेशी र विराटनगरमा भित्रिने भारतीय पर्यटकलाई पोखरा र विराटनगरसम्म आउन पर्दै आएको हैरानी सीधा उडानले सहज बनाउने दाबी गरिएको छ। आन्तरिक तथा बाह्य पर्यटकको सुविधालाई ध्यानमा राख्दै सुरु गरिने उडानमा कुनै पनि समस्या हुन नदिने प्रतिबद्धता निर्देशक बस्नेतको छ।

ट्रान्जिट काठमाडौँ पुगेपछि पोखराको उडान रद्द भए यात्रुको इच्छाअनुसार विराटनगर वा भद्रपुर फर्काउने वा भोलिपल्ट पोखराको उडान भराउने दाबी गरिएको छ। त्यस्ता यात्रुले काठमाडौँमा रहँदा लाग्ने खर्च कम्पनीले बेहोर्ने छ। यात्रुले एक मात्रै ट्रान्जिटको चार्ज तिरेर विराटनगर-पोखरा र भद्रपुर-पोखरा पुग्ने वातावरण तयार गरिने निर्देशक बस्नेतले बताउनुभयो।

कम्पनीले हप्तामा प्रदेश १ का दुई विमानस्थलबाट दुई सय यात्रुको गन्तव्य पोखरा भए तीनवटा उडान सञ्चालन लक्ष्य राखेको छ। त्यसका लागि रुट मिलाएर टिकट बुकिङ गरिने भएको छ। पोखरा-विराटनगर र पोखरा-भद्रपुर उडान सफल भए नेपालगञ्ज, धनगढी, भैरहवा र जनकपुरलाई समेत सीधै हवाईयात्रामा जोडिने निर्देशक बस्नेतले बताउनुभयो।

अन्तर्क्रिया कार्यक्रममा मुख्यमन्त्री शेरधन राईले सरकारको योजनाअनुसार अन्तरप्रादेशिक उडान भर्ने निजी कम्पनीको तयारीलाई सार्थक बनाइने बताउनुभयो। उहाँले प्रदेश सरकारले बोकेको सपनालाई बुद्ध एयरले सार्थक बनाउन लागेको भन्दै त्यसका लागि प्रदेश सरकारले आवश्यक प्रचारप्रसार र अभिप्रेरणा कायम गराउने बताउनुभयो।

## कर्पोरेट अर्थ

# थपियो पर्यटकीय होटल

▪ भैरहवा समाचारदाता

भैरहवा, मङ्सिर ९ गते। रुपन्देही सदरमुकाम भैरहवामा अर्को पर्यटकीय होटल थपिएको छ। भैरहवाको देवकोटा चोकमा ५० करोड रुपियाँको लगानीमा मौर्या होटल प्रालि सञ्चालनमा आएको हो। बेलहिया-बुटवल छ लेन सडकअन्तर्गत देवकोटा चोकमा उद्योगी रामबहादुर कोइरी परिवारले होटल सञ्चालनमा ल्याएको हो। उद्योग व्यवसाय क्षेत्रमा लामो अनुभव सँगालेका रामबहादुर र उहाँकी श्रीमती निर्मला मुरावले सञ्चालनमा ल्याएको यो होटल पर्यटकलाई लक्षित गर्दै स्थापना गरिएको हो।

खासगरी भारतीय पर्यटकलाई लक्षित गरिएको होटलमा सुविधासम्पन्न ५३ वटा कोठा छन्। पाँच तले होटलमा पार्किङको पर्याप्त सुविधा रहेको जनाउँदै सञ्चालक कोइरीले आवश्यक मापदण्ड पूरा गरेर होटललाई चारतारे बनाउने योजना रहेको बताउनुभयो।

होटल निर्माणका लागि करिब २८ महिना लागेको र २०७७ जेठसम्म स्विमिङ पुल र क्यासिनो चलाउने लक्ष्य रहेको उहाँले जानकारी दिनुभयो। निकट भविष्यमा लुम्बिनी रोडमा पनि होटल सञ्चालन गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो।

होटलमा अनुभवी व्यवस्थापकीय टिम भएकाले स्तरीय सेवासुविधा प्रदान गरिने होटलका व्यवस्थापक अमृत खनालले बताउनुभयो।





# डेढ वर्षे बालकलाई मोटरसाइकल

▪ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते। कान्तिपुर मलले दशैँ, तिहार तथा छठ पर्वको अवसरमा सञ्चालन गरेको उपहार योजनाका विजेतालाई उपहार हस्तान्तरण गरेको छ। विजेतालाई सोमबार उपहार हस्तान्तरण गरिएको छ।





जसअनुसार प्रथम उपहार सर्लाहीका १८ महिनाका बालक दिप्शन बस्नेतले १५० सीसीको यामाहा एफजेडएफआईभीथ्री मोटरसाइकल पाउनुभएको छ। उहाँका अभिभावकले किनमेल गर्दा उनले मोटरसाइकल जित्नुभएको हो। यसैगरी द्वितीय पुरस्कार काठमाडौँका अनुराधा ज्ञवालीले यामाहाकै १५० सीसीको एफजेडएफआईभीटु मोटरसाइकल जित्नुभएको छ।

यस्तै तेस्रो पुरस्कार काठमाडौँका अनिरुद्रजङ्ग केसीले यामाहाको १३३ सीसीको एफजेडएफआईभीटु स्कुटर जित्नुभएको छ भने चौथो पुरस्कार बुटवल सुक्खानगरका प्रमिरा बस्नेतले एलजीको ४३ इनचको टीभी, पाँचौँ पुरस्कार नुवाकोटका टीकाराम विश्वकर्माले ३२ इन्चको एलईडी टीभी, छैटौँ उपहारमा माछापोखरी काठमाडौँका रन्जित कार्कीले एलजीको १९० लिटरको फ्रिज र बूढानीलकण्ठकी लोनिभा खड्काले सामसुङको मोबाइल जित्नुभएको जनाइएको छ।

# तीन उद्यमी पुरस्कृत

▪ ताप्लेजुङ समाचारदाता

ताप्लेजुङ, मङ्सिर ९ गते। ताप्लेजुङमा तीन जना उद्यमीलाई घरेलु तथा साना उद्योग कार्यालयले पुरस्कृत गरेको छ। पाँचौँ उद्योग दिवसका अवसरमा उद्योग कार्यालयले तीन जना सक्रिय उद्यमी छनोट गरी पुरस्कृत गरेको हो।

पुरस्कृत हुनेमा फुङलिङ नगरपालिकाका आरपी आर्टस् तथा फ्रेमिङ सेन्टरका प्रोपाइटर राजेन्द्र भारती, मैवाखोला गाउँपालिकाका सोनी ढाका उद्योगका प्रोपाइटर वचनकुमारी लिम्बू र आठराई त्रिवेणी गाउँपालिकाकास्थित प्रोमिस सिलाइकटाइ उद्योगका प्रोप्राइटर कल्पना कार्की (चौहान) रहनुभएको छ। पुरस्कृत तीनै जनालाई जनही नगद तीन हजार रुपियाँ नगद पुरस्कार र सम्मानपत्र प्रदान गरिएको उद्योग अधिकृत देउप्रकाश तामाङले जानकारी दिनुभयो।

वर्षभर उद्योग सञ्चालन गर्नेमध्ये उत्कृष्ट काम गर्ने उद्यमीलाई छनोट गरी पुरस्कृत गरिएको तामाङले बताउनुभयो। पुरस्कृत उद्यमीलाई जिल्ला समन्वय समिति प्रमुख घनेन्द्र मादेनले नगद पुरस्कार तथा सम्मानपत्र वितरण गर्नुभएको थियो।



उद्योग दिवसमा पुरस्कृत उद्यमी। तस्बिर : चन्द्र पन्दाक

उद्यमी सम्मान कार्यक्रममा जिल्ला समन्वय समिति उपप्रमुख देवीमाया नेपाली, सहायक प्रमुख जिल्ला अधिकारी केशव खतिवडा, निमित्त जिल्ला समन्वय अधिकारी गणेश अधिकारीलगायतको सहभागिता रहेको थियो।

# पाठ्यक्रम निर्माण सम्झौता

▪ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते। लघु, घरेलु तथा साना उद्योगमा आवश्यक सीपमूलक तालिम सञ्चालन गर्ने पाठ्यक्रम तथा सीप प्रमाणीकरण गर्नेसम्बन्धी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र नेपाल घरेलु तथा साना उद्योग महासङ्घबीच सम्झौता भएको छ।


सीपयुक्त प्राविधिक जनशक्तिको माग प्रक्षेपण, उत्पादन तथा रोजगारीसम्बन्धमा गरिएको सहमतिका लागि महासङ्घका तर्फबाट अध्यक्ष श्यामप्रसाद गिरी र सीटीईभीटीका तर्फबाट सदस्यसचिव डा. पुष्परमण वाग्लेले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो।

सङ्घ/प्रदेश/स्थानीय तहस्तरीय जनशक्ति प्रक्षेपण कार्यक्रम सञ्चालन गर्ने, कार्यस्थलमा आधारित सीप विकास तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न परिषद् केन्द्रीय/प्रदेश कार्यालय तथा महासङ्घको पालिका/जिल्ला/प्रदेश/केन्द्रीयस्तरमा आवश्यकतानुसार समन्वय हुने गरी गर्ने व्यवस्था मिलाउने सम्झौतापत्रमा उल्लेख छ।

तालिम प्रदायक शिक्षण संस्थाहरू/शिक्षालयहरूमार्फत सञ्चालित कार्यस्थलमा आधारित सीपमूलक तालिम कार्यक्रमका प्रशिक्षार्थीलाई महासङ्घका सदस्य उद्योग/व्यवसायहरूमा कार्यस्थल प्रशिक्षणको अवसर प्रदान गर्नुका साथै कार्यस्थलमा आधारित सीपमूलक तालिम कार्यक्रम सञ्चालनमा सहयोग गर्ने सदस्य उद्योगलाई कार्यस्थलमा आधारित सीप प्रशिक्षण प्रक्रिया, दायित्व, जिम्मेवारीबारे अभिमुखीकरण प्रदान गर्ने पनि सम्झौतामा उल्लेख छ।

औद्योगिक प्रशिक्षार्थी तालिमका लागि उद्योग पहिचान, औद्योगिक प्रशिक्षण र आवश्यक सहकार्यका लागि महासङ्घले सहयोग गर्ने भएको छ। कार्यस्थलमा आधारित तालिम कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक देखिएका नीतिगत सुधारका लागि सम्बन्धित निकायमा संयुक्त पहल गर्ने पनि सम्झौतामा उल्लेख छ।

# आहा ! महाबु



दैलेख र कालीकोट जिल्लाको सङ्गमस्थलमा रहेको महाबुधाममा पूजा गर्न गएका भक्तजन र सूर्यास्तका बेला देखिएका टल्किएका डाँडा। तस्बिर : कमल शर्मा

▪ कमल शर्मा

दैलेख, मङ्सिर ९ गते। महाबुधामको चारैतिर अग्ला लेक, बीचमा आँखाले नभ्याउने पाटन। पाटन नजिकैको थुम्कोमाथि विशाल ढुङ्गा। ढुङ्गामाथि पूजा आराधनाका लागि शिवलिङ्ग। वर्षामा झमझम पानी पर्ने, एकैछिनमा बादल फाट्ने र ढाकेपछि लेकमै हराएझैँ हुने पाटनमा फुलेका बुकीझारको सौन्दर्यले कठिन उकालो चढेर थाकेका मन प्रफुल्ल हुन्छ। अनि मुखबाट निस्कन्छ, आहा ! क्या राम्रो महाबु।

सुन्दर पाटन हेर्न चाहने र धार्मिक पर्यटकको धरोहरका रूपमा रहेको महाबु पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकका लागि केन्द्रका रूपमा विकास हुँदै गएको छ। प्रत्येक वर्ष जनैपूर्णिमाको दिनमा भव्य मेला लाग्दछ।

जनैपूर्णिमाको दिनमा मुख्य पूजा गरिने भएकाले यो स्थानमा भगवान शिवको दर्शन गर्न दैलेख, कालीकोट, जाजरकोट, सुर्खेत, बाँके, बर्दिया, कैलाली, काठमाडौँ र भारतबाट समेत भक्तजन आउँछन्। दैलेख सदरमुकामको दुई दिनको पैदल यात्रा र छ घण्टाको गाडी यात्रापछि महाबु लेकको सौन्दर्यले मन नै प्रफुल्ल हुन्छ।

महावुको शिव भगवान्को मन्दिरबाट जुम्ला, कालीकोट, दैलेख, जाजरकोट र बर्दिया, टीकापुर, कैलाली, नेपालगञ्जसम्म झिलिमिली देख्न सकिने त्यहाँ जाने बूढापाका बताउँछन्।

केही दिनअघि त्रिदेशीय सडकको अवलोकन गर्न पुग्नुभएका कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाही, आन्तरिक मामिलामन्त्री प्रकाश ज्वालासहितको टोलीले महाबुको सौन्दर्य देखेर दङ्ग परेको थियो।

मुख्यमन्त्री शाहीले कर्णाली प्रदेशको महत्त्वपूर्ण पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। उहाँले कालीकोट र दैलेखको जिल्लाको सङ्गममा रहेको महाबुलाई पर्यटन हबको विकास गर्ने बताउनुभयो।

पछिल्लो समय जिल्लाका आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा महाबु पर्ने गरेको छ। विभिन्न जिल्लाबाट दैलेखलाई कर्मथलो बनाएर बसेका कर्मचारीसमेत महाबु जाने गरेका छन्। केही दिनअघि मात्र महाबु पुग्नुभएकी नेपालगञ्जकी शिल्पा कुँवरले महाबुमा जाँदा छुट्टै प्रकारको आनन्द प्राप्त भएको बताउनुभयो।

कर्णाली प्रदेश सभाका सदस्य अम्बरबहादुर थापाले महाबुमा ठूलो भ्यूटावर निर्माण गर्ने तयारीमा रहेको र भ्यूटावर निर्माण भएपछि आन्तरिक तथा बाह्य पर्यटक आउने बताउनुभयो। उहाँले संविधान सभाको सदस्य हुँदा निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट महाबु जाने धार्मिक पर्यटकका लागि धर्मशाला निर्माण गरेको र यसपटक भ्यूटावर बनाउने तयारी रहेको बताउनुभयो।

महाबुमा रहेको महाबुधाम गएर आफूले मागेको वर पाउने धार्मिक विश्वासका कारण पनि पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटक महाबुमा आउने महाबुका पुजारी नगेन्द्र उपाध्यायले बताउनुभयो।

नेपालको पहिलो बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय
सामान्य सेवा विभाग
भूलसुधार गरिएको बारे
उपरोक्त विषयमा यस बैंकको प्रधान कार्यालय, पाल्पा र चन्द्रनिगाहपुर शाखामा सिभिल र इलेक्ट्रिकल कार्य गर्नको लागि मिति २०७६/०८/०९ मा प्रकाशित सूचनामा **दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति र दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति/खोल्ने मिति** क्रमशः **मिति २०७६/०८/२३ र २४** हुनुपर्नेमा अन्यथा भएको हुँदा सच्याइएको व्यहोरा जानकारी गराउँदछौँ।

नागरिक लगानी कोषको मुद्दती निक्षेप लगानीसम्बन्धी सूचना
(मितिः २०७६/०८/१० गतेको गोरखापत्रमा प्रकाशित)
यस कोषले रु.१०,८५,७८,००,०००।०० (अक्षरेपी दश अर्ब पचासी करोड अठहत्तर लाख मात्र) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क" वर्गका बैंकमा १ (एक) वर्षे मुद्दती निक्षेपमा लगानी गर्न इच्छुक भएकोले उक्त बैंक तथा वित्तीय संस्थाहरूबाट आफूले लिन चाहेको रकम, ब्याजदर र ब्याज भुक्तानी गर्ने समयावधि उल्लेख गरी मिति २०७६/०८/१३ गते दिउँसो १२:०० बजेभित्र सिलबन्दी प्रस्ताव बुझाउन आह्वान गरिएको छ। विस्तृत विवरण कोषको वेबसाइट www.nlk.org.np मा उपलब्ध रहेको व्यहोरा अनुरोध छ।
नागरिक लगानी कोष
लगानी महाशाखा
नयाँ बानेश्वर, काठमाडौँ।






▸ वि.सं. १९५८ देखि निरन्तर प्रकाशित, गणतन्त्र नेपालको बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।।

निरोगी सबै हुन् सबै हुन् सुखीया ।
सबै वेस देखुन् नहुन् क्वै दुखीया ।।

GORKHAPATRA DAILY

विराटनगर संस्करण








| वर्ष ११९ | अङ्क १९६ | २०७६ साल मङ्सिर १० गते मङ्गलबार | मार्ग कृष्ण औंसी | नेपाल संवत् ११४० कछलागाः १५ | 2019 November 26 Tuesday | Website : www.gorkhapatraonline.com | पृष्ठ : १६+४ | मूल्य : दस रुपियाँ


प्रधानमन्त्रीको निर्देशन

# काम नसक्ने ठेकेदारलाई हटाऊ



प्रधानमन्त्री केपी शर्मा ओली चौमासिक समीक्षा बैठकलाई सोमबार सम्बोधन गर्नुहुँदै ।

तस्बिर : विकास द्वारे

▪ प्रकृति अधिकारी

काठमाडौँ, मङ्सिर ९ गते । प्रधानमन्त्री केपी शर्मा ओलीले निर्धारित समयमा भौतिक संरचना निर्माण गर्न नसक्ने ठेकेदारलाई तत्काल हटाउन मन्त्री तथा सचिवहरूलाई निर्देशन दिनुभएको छ ।

चालू आर्थिक वर्ष २०७६/७७ को चौमासिक समीक्षा बैठकलाई सोमबार सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री ओलीले स्पष्ट शब्दमा भन्नुभयो, "आगामी बैठकमा पनि तिनै ठेकेदारले जिम्मा लिएका आयोजना पूरा नभएको विवरण सुन्नु नपरोस् । विकास खर्च २० प्रतिशत मात्र हुनु विकासका नाममा तमासा हो ।"

उहाँले तीन वटासम्म ठेक्काको जिम्मेवारी दिन सामर्थ्य भएका ठेकेदारहरूलाई ५० भन्दा बढी ठेक्का दिने प्रवृत्ति रहेको उल्लेख गर्दै त्यस्तो प्रवृत्तिलाई अन्त्य गर्नुपर्ने बताउनुभयो । "कुन ठेक्काको

**आगामी बैठकमा पनि तिनै ठेकेदारले जिम्मा लिएका आयोजना पूरा नभएको विवरण सुन्नु नपरोस् । विकास खर्च २० प्रतिशत मात्र हुनु विकासका नाममा तमासा हो ।**

अवधि कति छ ? रकम कति खर्च भएको छ ? अब सम्पन्न गर्न कति समय लाग्छ ? लगायतका विवरण आगामी १५ दिनभित्र तयार गर्नुहोस्," उहाँले भन्नुभयो, "धेरै ठेक्का लिएर काम अलपत्र पार्नेलाई योग्य ठहऱ्याउन मिल्दैन । त्यस्तालाई हटाई अर्को सक्षमलाई सो ठेक्काको जिम्मेवारी दिनुहोस् ।" उहाँले कानुनअनुरूप ठेक्का पाए/नपाएका बारेमा पुनरवलोकन गर्न नेपाल सरकारका सचिवहरूको ध्यानाकर्षण गराउनुभयो ।

प्रधानमन्त्री ओलीले नीति एकातर्फ, बजेट र कार्यक्रम अर्कोतर्फ रहेको प्रवृत्ति औँल्याउँदै स्रोत निश्चित नभएका, नीति तथा कार्यक्रम र बजेटमा नपरेका परियोजनामा खर्च गर्ने तथा बजेट विनियोजन भएका कार्यक्रमका रकम अलपत्र पार्ने प्रवृत्ति दोहोरिन नदिन सचेत गराउनुभयो । उहाँले स्रोतको सुनिश्चित नभएका कार्यक्रमहरूमा खर्च गर्दा वित्तीय समस्या झेलिरहनु परेको तितो पोख्नुभयो ।

प्रधानमन्त्री ओलीले सुशासन र विकासमार्फत मुलुकमा आएको राजनीतिक परिवर्तनको अनुभूति जनतामा गराउनु सक्नुपर्छ भन्नुहुँदै सामाजिक, आर्थिक लगायतका सम्पूर्ण क्षेत्रमा देखिने गरी सुधार गर्नुपर्ने बताउनुभयो । उहाँले सुधार गर्दा कसैलाई पनि कुनै कानुनले नरोक्ने प्रस्ट गर्नुभयो ।

प्रधानमन्त्री ओलीले अनुदानको सदुपयोग भए/नभएको यकिन गर्न निर्देशन दिँदै भन्नुभयो, "जसले पाउनुपर्ने हो, उसले अनुदान प्राप्त गरून् । दिइएको अनुदानका कारण रोजगारी सिर्जना र उत्पादकत्व बढ्नुपर्दछ । धान वा उखुमा मात्र नभई उत्पादन बढाउने सबै कृषिबालीमा समान रूपमा अनुदान दिनुपर्दछ ।" उहाँले कृषि उत्पादनमा मूल्य समायोजन पनि आवश्यक रहेको बताउनुभयो ।

सो कार्यक्रममा चालू आर्थिक वर्षमा नीति, कार्यक्रम तथा बजेटले अगाडि सारेका योजनाको उपलब्धिका बारेमा सम्बन्धित मन्त्रालयका सचिवहरूले प्रस्तुति दिनुभएको थियो । बितेको चार महिनामा लक्ष्य प्राप्ति र बजेट खर्च कति भएको र त्यसबाट उपलब्धि कति हासिल भएको विवरण सचिवहरूले प्रस्तुत गर्नुभएको थियो । उहाँहरूले आगामी दिनमा कार्यान्वयन गरिने योजनाको प्रतिबद्धता पनि सुनाउनुभएको थियो ।

# उत्तरतिरबाट पनि पेट्रोलियम पाइपलाइन

▪ भउचप्रसाद यादव

काठमाडौँ, मङ्सिर ९ गते । जनस्तरमा उत्तरतिरको छिमेकी मित्रराष्ट्र चीनबाट नेपालमा पेट्रोलियम पाइपलाइन विस्तार गरिनुपर्ने माग भइरहेको छ तर समयमै ठोस नीति बनाउन नसक्दा चीनबाट सहज किसिमले पेट्रोलियम पदार्थ आयात गर्ने केरुङदेखि काठमाडौँसम्म पाइपलाइन विछ्याउने योजना अगाडि बढ्न सकेको छैन ।

केरुङदेखि काठमाडौँसम्म प्रस्तावित पाइपलाइन विछ्याउने योजना अगाडि बढ्दा भारतसँगको निर्भरतामा सन्तुलन आउन सक्नेछ । प्रधानमन्त्री केपी शर्मा ओलीको पहिलो कार्यकालमा भएको चीन भ्रमणको क्रममा समेत पेट्रोलियम आपूर्तिबारे छलफल र सहमति भएको थियो ।

**केरुङदेखि काठमाडौँसम्म प्रस्तावित पाइप लाइन विछ्याउने योजना अगाडि बढ्दा भारतसँगको निर्भरतामा सन्तुलन आउन सक्नेछ ।**

चार वर्षअघि २०७२ सालको भूकम्पसँगैको भारतीय नाकाबन्दीपछि पाइप लाइनमार्फत चीनबाट पेट्रोलियम पदार्थ ल्याउनका लागि अध्ययनसमेत भएको थियो । भूकम्पसँगै भारतको नाकाबन्दीका बेला भारतको विकल्पमा करिब ३३ प्रतिशत इन्धन अन्य मुलुकबाट ल्याउन सक्ने निर्णयसमेत सरकारले गरेको थियो ।

नेपाल आयल निगमका नायब कार्यकारी निर्देशक सुशील भट्टराईले निगमको नीति तथा कार्यक्रममा पाइपलाइन विछ्याउने कार्य समावेश गरिए पनि निगमको तालुक मन्त्रालयबाट यसबारे अहिलेसम्म कुनै कार्यक्रम अगाडि बढ्न नसकेको बताउनुभयो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले नीति र निर्देशनबिना निगमले दीर्घकालीन रणनीतिक महत्त्वको कार्यक्रम अगाडि बढाउन नसक्ने उहाँले स्पष्ट पार्नुभयो ।


उहाँले भन्नुभयो, "यस कार्यका लागि दुई मुलुकबीच सरकारी तहमा नै गहन छलफल र संवादको आवश्यकता छ, संस्थागत प्रयासले यो कार्य अगाडि बढ्न सक्दैन ।" पेट्रोलियम पाइपलाइन निर्माणबारे अध्ययन गर्नका लागि नेपाल आयल निगमले समेत चालू आर्थिक वर्षको नीति तथा कार्यक्रममा राखेको छ । सोका लागि बजेटसमेत छुट्याइएको उहाँले बताउनुभयो ।

चीनको केरुङदेखि रसुवागढी, नुवाकोट हुँदै काठमाडौँसम्म पाइपलाइन विस्तारको योजना रहेको निगमले जनाएको छ । राष्ट्रिय महत्त्वको यस कार्यका लागि स्पष्ट 'फ्रेमवर्क' आवश्यक रहेको निगमका नायब कार्यकारी निर्देशक भट्टराईको धारणा छ ।

नेपाल आयल निगम, इन्जिनियरिङ विभागका उपनिर्देशक मनोज ठाकुरले चीनबाट नेपालमा सहज किसिमले पेट्रोलियम पदार्थ आयात गर्न चीनको केरुङदेखि काठमाडौँसम्म पाइपलाइन विछ्याउन सकिने बताउनुभयो । उहाँले भन्नुभयो, "पाइपलाइन विछ्याउने योजनालाई अगाडि बढाउन निगम तयार छ, यस सम्बन्धमा निगमको तालुक मन्त्रालयले अहिलेसम्म कुनै पनि ठोस नीति तथा कार्यक्रम अगाडि ल्याउन सकेको छैन, मन्त्रालयको निर्देशन नआएसम्म निगम एक्लै यस दिशामा अगाडि बढ्न सक्दैन ।"

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता दिनेश भट्टराईले चीनबाट पेट्रोलियम पदार्थको सहज आपूर्तिका लागि चीनको केरुङदेखि काठमाडौँसम्म पाइपलाइन विछ्याउने मन्त्रालयको नीति तथा कार्यक्रम रहे पनि अहिले यस सम्बन्धमा कुनै पनि तयारी नरहेको जानकारी दिनुभयो ।

चीनबाट पेट्रोलियम पदार्थको सहज आपूर्तिका लागि थप अध्ययन गर्ने विषयमा समेत दुई मुलुकका प्रधानमन्त्रीबीच सहमति नै भएको थियो भने नेपाल आयल निगम र चीन सरकारले तोकेको चिनियाँ पेट्रोलियम कम्पनीबीच समझदारीपत्र (एमओयू) मा हस्ताक्षरसमेत भइसकेको छ । सो सहमतिपछि नेपाल आयल निगमले चीनबाट एक हजार टन पेट्रोलसमेत आयात गरेको थियो । सन् २०१६ मार्चमा भएको प्रधानमन्त्री ओलीको चीन भ्रमणका क्रममा चीन र नेपाल इन्धन व्यापार सहमति हुनुका साथै भ्रमणका क्रममा नेपाल र चीनले जारी गरेको १५ बुँदे संयुक्त वक्तव्यमा दुई मुलुकबीच इन्धन व्यापार गर्नेबारे उल्लेख गरिएको थियो ।




यसभित्र

बढ्यो लगानी आकर्षण



» अर्थबजार



# रुसका राष्ट्रपतिलाई नेपाल भ्रमणको निम्ता

▪ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । नेपाल सरकारले रुसका राष्ट्रपति भ्लादिमिर पुटिनलाई नेपाल भ्रमणको औपचारिक निम्ता पठाएको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले रुसका राष्ट्रपति पुटिनलाई नेपाल भ्रमणको औपचारिक निमन्त्रणा गर्नुभएको हो ।

रुस भ्रमणमा रहनुभएका परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले सो निमन्त्रणापत्र रुसी विदेशमन्त्री सर्गेइ लाभ्रोभलाई सोमबार हस्तान्तरण गर्नुभयो । त्यस्तै प्रधानमन्त्री केपी शर्मा ओलीले रुसका प्रधानमन्त्री दिमित्री मेडभेदेभलाई नेपाल भ्रमणको निम्ता गर्नुभएको छ । औपचारिक निमन्त्रणापत्र मन्त्री ज्ञवालीले विदेशमन्त्री लाभ्रोभलाई सोमबार नै हस्तान्तरण गर्नुभयो ।

नेपालमा रुसी राष्ट्रपति पुटिनको उच्चस्तरीय भ्रमणको चर्चा चल्दै गर्दा यसरी औपचारिक निम्ता पठाइएको हो । दुई देशबीचको उच्चस्तरीय भ्रमणको आदानप्रदानले आपसी सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउन सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । परराष्ट्रमन्त्री ज्ञवालीसहितको उच्च प्रतिनिधि मण्डलले सोमबार रुसका विदेशमन्त्री सेर्गेइ लाभ्रोभसँग भेटवार्ता गर्नुभएको छ । उहाँ नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै शनिबार रुस र सर्बियाको भ्रमणका लागि त्यसतर्फ प्रस्थान गर्नुभएको थियो ।



"रुसी विदेशमन्त्री लाभ्रोभसँग निकै नै फलदायी भेटवार्ता भयो," उहाँले भेटका बारेमा भन्नुभयो, "लामो समयपछि भएको द्विपक्षीय बैठकमा धेरै क्षेत्रमा आपसी सहयोग विस्तारसहित मैत्रीपूर्ण सम्बन्धका बारेमा ठोस विचार आदानप्रदान भयो ।" भेटवार्तालगत्तै भएको संयुक्त पत्रकार सम्मेलनमा उहाँले नेपालले आफ्नो पुरानो मित्रसँगको सम्बन्ध थप घनिष्ट बनाउन चाहेको उद्घोष गर्नुभयो । "एक स्थिर सरकार जुन दुई दशकपछि बनेको छ, वर्तमान सरकार समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न प्रतिबद्ध छ," मन्त्री ज्ञवालीले थप्नुभयो । यो समय रुस र नेपालका लागि जनताको हितमा सँगै काम गर्न उपयुक्त समय भएको उहाँले बताउनुभयो ।

# चौबीस घन्टाभित्र अतिरिक्त शुल्क फिर्ता गर्न निर्देशन

**सरकारले तोकेकोभन्दा बढी रकम विद्यार्थीलाई फिर्ता गर्न पुनः निर्देशन**




▪ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । गृह मन्त्रालयले चिकित्साशास्त्र सङ्कायमा अध्ययनरत विद्यार्थीबाट उठाइएको अतिरिक्त शुल्क २४ घन्टाभित्र फिर्ता गर्न निर्देशन दिएको छ । फिर्ता नदिने मेडिकल कलेजलाई कारबाहीको चेतावनी दिइएको छ ।

गृहमन्त्री रामबहादुर थापा, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेल, महान्यायाधिवक्ता अग्नि खरेल र प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाललगायत सम्बद्ध अधिकारी उपस्थित बैठकले रकम फिर्ता नगर्ने कलेजलाई कारबाहीको निर्णय गरेको हो । "सरकारले तोकेकोभन्दा बढी रकम विद्यार्थीलाई फिर्ता गर्न पुनः निर्देशन भएको छ," गृहमन्त्री थापाका प्रेस संयोजक किरण भट्टराईले भन्नुभयो, "फिर्ता नगर्नेलाई बैठकले नै कारबाही गर्ने निर्णय गरेको छ ।"

यसअघि असोज र कात्तिकमा गृह मन्त्रालयमा बसेको बैठकले सुरुमा एक महिना, त्यसपछि थप १५ दिनको समयसीमा तोकी बढी लिएको रकम फिर्ता गर्न वा समायोजन गर्न पत्राचार गरेको थियो । सरकारले दिएको १५ दिनको समयसीमा सोमबार सकिएको छ ।

त्यस्तै मन्त्रिपरिषद् बैठकले बढी शुल्क लिएका मेडिकल कलेजविरुद्ध सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन सकिने निर्णय गरेको छ । पीडितले दिएको उजुरीमाथि आवश्यक कानुनी कारबाही गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई मन्त्रालयले निर्देशन दिएको छ ।

भ्रमण वर्ष २०२० को योजना

# रङ्गशालाबाट शुभारम्भ, पर्यटकलाई 'सरप्राइज'

▪ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । भ्रमण वर्ष २०२० सुरु हुन एक महिना बाँकी रहँदा यसको औपचारिक उद्घाटन स्थलको टुङ्गो लागेको छ । सोमबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा बसेको भ्रमण वर्षको मूल आयोजक समितिको बैठकले राजधानीको दशरथ रङ्गशालामा जनवरी १ मा औपचारिक उद्घाटन गर्ने निर्णय गरेको हो ।

राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गर्नुहुने उक्त कार्यक्रममा ४० भन्दा बढी देशका पर्यटन मन्त्रीलाई समेत अतिथिका रूपमा आमन्त्रण गर्ने तयारी गरिएको छ । काठमाडौँका विभिन्न स्थानबाट एकैपटक झाँकी प्रदर्शनी पनि हुने योजना बनाइएको छ । कार्यक्रममा विभिन्न देशका मेयरलाई पनि अतिथिका रूपमा निम्तो दिइनेछ ।

राजधानीबाहेक देशैभर प्रदेश र स्थानीय तहमा पनि औपचारिक उद्घाटन कार्यक्रम गर्ने निर्णय समितिले गरेको छ । भ्रमण वर्षका अवसरमा नेपाल भित्रिने पर्यटकलाई अलि फरक तरिकाबाट स्वागत गर्ने निर्णय पनि समितिले गरेको छ । खासगरी काठमाडौँको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भित्रिने पर्यटकलाई हात्ती प्रयोग गरेर स्वागत गर्ने योजना बनाइएको छ ।

**विश्वकै अग्लो बुर्ज खालिफा टावरमा भ्रमण वर्षको प्रस्तुति राख्ने योजना पनि तयार भएको छ । विदेशका औपचारिक कार्यक्रममा सरकारको तर्फबाट जाँदा अनिवार्य रूपमा कोसेली लिएर जानुपर्ने निर्णय पनि समितिले गरेको छ ।**

समितिको बैठकले भ्रमण वर्षको तयारी स्वरूप केही योजनाहरूमा पनि निर्णय गरेको छ । बैठकले विदेश जाने नेपालीलाई प्रचारप्रसार सामग्री वितरण गर्ने, नेपालभित्र उत्पादन हुने वस्तु र सार्वजनिक यातायातमा भ्रमण वर्षको लोगो प्रयोग गर्ने, सार्वजनिक स्थलमा पुरातात्त्विक महत्त्व नबिग्रने गरी 'लाइटिङ' गर्ने निर्णय गरेको छ ।




भ्रमण वर्षसँग सम्बन्धित गीत तयार गर्ने, नेपाल भित्रिने जहाजमा नेपालबारे जानकारी दिने अडियो प्रस्तुत गर्ने, बाह्रै महिना सरसफाइ कार्यक्रम चलाउने, सम्भव भए विश्वकै अग्लो बुर्ज खालिफा टावरमा भ्रमण वर्षको प्रस्तुति राख्ने योजना पनि तयार भएको छ । त्यस्तै विदेशका औपचारिक कार्यक्रममा सरकारको तर्फबाट जाँदा अनिवार्य रूपमा कोसेली लिएर जानुपर्ने निर्णय पनि समितिले गरेको छ ।

यस्तै विदेशमा नेपालको कूटनीतिक उपस्थिति रहेका ठाउँमा जनवरी ७ मा औपचारिक रूपमा भ्रमण वर्षको उद्घाटन कार्यक्रम राखिने भएको छ । भ्रमण वर्षका लागि तयार गरिएका योजनाका विषयमा सम्बन्धित निकायले सक्रिय रूपमा काम गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले जानकारी दिनुभएको छ ।

सबैलाई आफ्नो जिम्मेवारीअनुसार काम गरेर भ्रमण वर्ष सफल बनाउन मन्त्री भट्टराईले आग्रह गर्नुभयो । सरकारले २० लाख पर्यटक भित्र्याउने लक्ष्यसहित सन् २०२० लाई भ्रमण वर्ष घोषणा गरेको छ ।

# चिसो भुइँमा पढ्नुपर्ने बाध्यता



**चिसो भुइँमा बसेर पढ्दै गरेका जनता आधारभूत विद्यालय भवानीपुरका विद्यार्थी ।** तस्बिर : जनार्जन खत्री

■ **सर्लाही समाचारदाता**

बसबरिया (सर्लाही), मङ्सिर ९ गते । सर्लाहीको बसबरिया गाउँपालिका-३, भवानीपुरमा रहेको जनता आधार भूत विद्यालयका विद्यार्थी भुइँमा बसेर पढ्न बाध्य छन् ।

विद्यालयमा पर्याप्त डेस्क बेन्च नभएका कारण तल्लो कक्षाका बालबालिका भुइँमा बोरा ओछ्याएर पढ्ने गर्छन् । माथिल्लो कक्षाका विद्यार्थीले डेस्क बेन्च पाए पनि तल्लो कक्षाले भने पाएका छैनन् ।

विद्यालयमा शिक्षकको पनि समस्या छ । विद्यालयमा बाल विकासदेखि कक्षा १० सम्म झण्डै साँढे पाँच सय विद्यार्थी अध्ययनरत रहेकामा आठ जना मात्रै शिक्षक कार्यरत छन् ।

विद्यालयका प्रधानाध्यापक रामबाबु यादवले डेस्क, बेन्च र शिक्षकको समस्याबारे गाउँपालिकामा पटक-पटक लिखित र मौखिक जानकारी गराउँदा पनि सुनुवाइ नभएको गुनासो गर्नुभयो । आँखाकै सामुन्नेमा रहेको विद्यालयलाई जनप्रतिनिधिले पाँच पैसा पनि सहयोग नगरेका प्रधानाध्यापक यादवको भनाइ छ ।

विद्यालयको समस्याबारे आफू जानकार रहेको बताउँदै बसबरिया गाउँपालिकाका अध्यक्ष रामअयोध्या राय यादवले यो समस्या चाँडै समाधान हुने आश्वासन दिनुभयो ।

२०२१ सालमा स्थापना भएको सो विद्यालयले आफ्नो नाममा रहेको छ बिघा जग्गा भाडामा लगाएर बर्सेनि दुई लाख रुपियाँ आम्दानी गर्दै आएको छ । भवानीपुरका नागरिक अगुवा गजेन्द्र साहले जनप्रतिनिधिको बेवास्ताले गाउँको सरकारी विद्यालय दयनीय अवस्थाबाट गुज्रिरहेको बताउनुभयो ।

# सुधार गृहबाट दुई बालक भागे

■ **विराटनगर समाचारदाता**

विराटनगर, मङ्सिर ९ गते । विराटनगरको बाल सुधार गृहमा रहेका दुई बालक भागेका छन् ।

पूर्पक्षका लागि सुधार गृहमा राखिएका दुवै जना सोमबार बिहान ४ बजेतिर भागेको सुरक्षाकर्मीले जनाएका छन् । 'बाल बिझ्याँइकर्ता' झ्यालको ग्रिल झिकेर भागेका पूर्वाञ्चल बाल सुधार गृह मोरङका प्रमुख मिलन चौहानले जानकारी दिनुभयो ।

बाल सुधार गृहका प्रमुख चौहानले भन्नुभयो "तीन तला माथिबाट हाम फालेको डोब अहिले पनि देखिन्छ ।"

ती बालक विराटनगर ३ स्थित बाल सुधार गृह भवनको तीन तलामाथि रहेको झ्याल फुटाएर भागेका हुन् । दुवैजना ज्यान मार्ने उद्योग र जबरजस्ती करणी मुद्दामा अदालतको आदेशपछि पुर्पक्षका लागि थुनामा थिए ।

ज्यान मार्ने उद्योग मुद्दामा झापा गौरादह नगरपालिका ११ का १६ वर्षीय बालकलाई झापा अदालतको गत साउन १६ गतेको आदेशपछि पुर्पक्षका लागि बाल सुधार गृहमा ल्याइएको थियो । त्यस्तै जबरजस्ती करणी मुद्दामा मोरङ सुन्दरहरैंचा नगरपालिका ७, गोठगाउँका १७ वर्षीय अर्का बालकलाई मोरङ अदालतले गत असार ५ गते पुर्पक्षका लागि बाल सुधार गृहमा राख्न आदेश दिएको थियो । सुधार गृहबाट फरार भएका दुवै जनाको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख एसपी विश्व अधिकारीले जानकारी दिनुभयो ।

विराटनगरमा रहेको बाल सुधार गृहमा प्रदेश नं. १ का १४ जिल्लाका १४८ जना बालबालिका छन् । विराटनगरको बाल सुधार गृहमा ५० जना अटाउने भए पनि तीन गुणा बढी बालबालिका राखिएका छन् ।

# मदरसामा अनियमितताको आशङ्का

■ **सञ्जयकुमार मिश्र**

गौर, मङ्सिर ९ गते । रौतहटको गौर नगरपालिका-६, सपगढामा रहेको दारुल सलाम समसिया मदरसामा अनियमितता भएको आशङ्का गरिएको छ ।

लामो समयदेखि सार्वजनिक नभएको मदरसाको आम्दानी र खर्च स्थानीयवासीको दबाबमा हिसाबकिताब गर्दा लाखौँ रकम अनियमितता भएको देखिएको छ । करिब साढे १७ लाख रुपियाँ खर्चको हिसाब नदेखिएपछि भ्रष्टाचार भएको दाबी गरिएको हो ।

मदरसा व्यवस्थापन समितिका अध्यक्ष शेख मैनुद्दिनले लामो समयदेखि मदरसाको आयव्ययसहितको प्रतिवेदन सार्वजनिक नगरेको स्थानीयको आरोप छ । विभिन्न सहयोग, चन्दा र अनुदानको रकमबाट मदरसा सञ्चालनमा आइरहेको भए पनि सरकारी अनुदानको रकम अध्यक्ष मैनुद्दिनले हिनामिना गरेको आरोप स्थानीयले लगाएका छन् ।

तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट आएको छात्रवृत्ति, दिवा खाजा, भौतिक पूर्वाधार निर्माणलगायतका शीर्षकमा मदरसालाई प्राप्त भएको रकम तोकिएको शीर्षकमा खर्च नगरी खर्च गरिएको दाबी स्थानीयवासीको छ ।

# शिक्षक तथा कर्मचारी तलबबाट वञ्चित

■ **गरुडा समाचारदाता**

गरुडा, मङ्सिर ९ गते । रौतहट जिल्लाको विकट नगरपालिकाको रूपमा रहेका फतुवा विजयपुर नगरपालिकाको नगरसभा नहुँदा शिक्षक र कर्मचारीले साउनदेखि नै तलब भत्ता खान पाएका छैनन् ।

नगरप्रमुख तथा उपप्रमुखबीच विवाद हुँदा रोकिएको नगरसभाको प्रत्यक्ष मारमा नगरपालिकाभित्र रहेका विद्यालयका शिक्षक र नगरपालिका कार्यालयमा कार्यरत कर्मचारी, स्वास्थ्यका कर्मचारी र कृषि तथा पशुका कर्मचारीहरू परेका हुन् ।

नगरपालिकाभित्र रहेका करिब १९० शिक्षक, ५० स्वास्थ्यकर्मी र १० कृषि तथा पशु कर्मचारी तथा नगरपालिकामा कार्यरत ४० कर्मचारी गरी २९० जनाले हालसम्म तलब, भत्ता खान पाएका छैनन् ।

दोस्रो चौमासिक निकासाको प्रक्रिया अगाडि बढेका बेला दशैँ, तिहार र छठजस्ता महत्त्वपूर्ण पर्वमा पनि नगरभित्रका शिक्षक तथा कर्मचारीले विरोधसमेत गरेका थिए । दशैँअघि शिक्षकले नगरपालिकामा धर्ना दिनुका साथै विद्यालय बन्दसमेत गरेका बेला नगरपालिकाले तत्काल तलब, भत्ता निकासा गर्ने भन्दै गरेको सम्झौता अहिलेसम्म पनि लागू हुनसकेको छैन ।

नगरप्रमुख गोपाल राय यादव र उपप्रमुख कान्तिदेवीबीचको यो विवादका कारण शिक्षक कर्मचारीको तलब मात्रै रोकिएको होइन, नगरपालिका भित्रको विकास निर्माण पनि रोकिएको छ ।

नगरप्रमुख गोपाल यादवले अबको दुई/चार दिनभित्रै नगरसभा गरी कर्मचारी र शिक्षकको तलब निकासा गर्ने प्रतिबद्धता जनाउनुभयो ।



**पितृमोक्षका लागि छरियो सतबीज** : पूर्वको पशुपतिनाथ नामले परिचित झापा शनिश्चरे बजारमा रहेको अर्जुनधाराधाममा सोमबार बिहानैदेखि सतबीज छर्नेको घुइँचो लागेको थियो । भारतलगायत विभिन्न स्थानबाट आएका भक्तजनले आफ्ना पितृको नाममा रातभर दीप प्रज्ज्वलन गरेर बिहान सतबीज छरेका थिए । यस क्षेत्रकै महत्त्वपूर्ण धार्मिक मेला भएकाले बालाचतुर्दशीको अवसर पारेर झापाको अर्जुनधारा नगरपालिकाले सार्वजनिक बिदासमेत दिएको थियो । तस्बिर : लीलाराज झापाली

# पठनपाठन प्रभावित

■ **कल्याणपुर समाचारदाता**

सप्तरी, मङ्सिर ९ गते । सप्तरीको कञ्चनरूप नगरपालिका ८ मा रहेको भगवती राष्ट्रिय प्राथमिक विद्यालयमा कक्षाकोठा र शिक्षक अभावले पठनपाठन प्रभावित भएको छ ।

कक्षाकोठा र शिक्षक अभावले दुई/तीनवटा कक्षाका विद्यार्थीलाई एउटै कक्षामा राखेर पढाउनुपर्ने बाध्यता छ । यसो गर्दा पनि कक्षाकोठा नपुगेपछि कार्यालयमा समेत राखेर पढाउँदा सिकाइ प्रक्रियामा प्रभावित भएको सो विद्यालयका सहायक प्रधानाध्यापक रेणु भट्टराईले बताउनुभयो । पर्याप्त शिक्षक नहुँदा कार्यालय सहयोगीले समेत पढाउनु परेको उहाँले बताउनुभयो ।

विद्यालयमा बाल विकास कक्षामा ३९, कक्षा १ मा १६, कक्षा २ मा १४, कक्षा ३ मा १५, कक्षा ४ मा १५ र कक्षा ५ मा १८ गरी विद्यालयमा कुल ११७ विद्यार्थी अध्ययनरत छन् । विद्यालयमा शिक्षक दरबन्दी दुई, बाल विकासतर्फ एक जना, कार्यालय सहयोगी एक जना र स्वयंसेवी शिक्षिका एक जना गरी पाँच जना कार्यरत छन् ।

# धुलोले ओहोरदोहोर गर्न समस्या

■ **सर्लाही समाचारदाता**

सर्लाही, मङ्सिर ९ गते । सर्लाहीको दक्षिणी भेगका नागरिकलाई सडक धूलाम्मे हुँदा सदरमुकाम मलङ्गवासम्म ओहोरदोहोर गर्न मुस्किल परेको छ ।

सदरमुकाम मलङ्गवासँग जोडिने पूर्व-पश्चिम हुलाकीमार्गसहित दक्षिणी भेगका अधिकांश भित्रि सडक अहिले धुलाम्मे छन् । गैर बजार आसपासबाहेक नवलपुर-मलङ्गवा सडक कालोपत्रे भएपछि उत्तरी भेगका बासिन्दालाई राहत मिले पनि दक्षिणी भेगका सडकको स्तरोन्नति हुन सकेको छैन ।

जिल्लाको दक्षिण-पूर्वी भेगमा पर्ने चन्द्रनगर, पर्सा, ब्रह्मपुरी गाउँपालिका र हरिपूर्वा नगरपालिकाका बासिन्दा भने सदरमुकाम मलङ्गवा पुगेर फर्किंदा सडकको धुलोका कारण बिरामी पर्ने अवस्था छ । चन्द्रनगर गाउँपालिकाकी लक्ष्मी सिंहले धुलोका कारण चन्द्रनगरदेखि मलङ्गवासम्मको यात्रा कष्टपूर्ण रहेको गुनासो गर्नुभयो ।

यस्तै बलरा, गोडैता, कौडेना हुँदै सदरमुकाम मलङ्गवा आउने हुलाकी सडकमा पनि हिजोआज कुहिरो लागेझैँ धुलो उड्दा स्थानीय बासिन्दा आजित भएका छन् ।

## रानी-धरान सडक

# समान मापदण्ड कायम गराउन ज्ञापनपत्र



**मुख्यमन्त्री शेरधन राईलाई ज्ञापनपत्र बुझाउँदै इटहरीका युवा ।** तस्बिर : नवराज कट्टेल/रङ्गेली

■ **रङ्गेली समाचारदाता**

विराटनगर, मङ्सिर ९ गते । प्रदेश १ का मुख्यमन्त्री शेरधन राईलाई विराटनगरको रानीदेखि सुनसरीको धरानसम्मको छ लेन सडक विस्तारमा समान मापदण्ड कायम गर्नुपर्ने माग गर्दै इटहरीका युवाले ज्ञापनपत्र बुझाएका छन् ।

रानी-धरान सडक छ लेनमा विस्तार गर्ने योजना रहे पनि इटहरी खण्डमा भने मापदण्डविपरीत सडक विस्तार गर्ने तयारी गरिएको भन्दै युवाले सोमबार मुख्यमन्त्रीलाई ध्यानाकर्षण गराएका हुन् ।

युवाले भारत-नेपाल-चीन जोड्ने व्यापारिक मार्ग सडक ऐनले निर्धारण गरेको मापदण्ड अनुसार नै निर्माण गर्नुपर्ने माग गरेका हुन् । उनीहरूले सडक विस्तार सङ्घर्ष समिति गठन गरेर इटहरी बजार क्षेत्रमा विस्तार गरिरहेको अवरोध तत्काल हटाउनुपर्ने माग समेत गर्दै आएका छन् ।

स्थानीय, प्रदेश र सङ्घीय सरकारले प्राथमिकतामा राखेको र दीर्घकालीन महत्त्व बोकेको यो राजमार्ग विस्तारमा कसैसँग सम्झौता गर्न र प्रभावमा पर्न नहुने सङ्घर्ष समितिका संयोजक मदन चुँडालले बताउनुभयो । आम नागरिकको माग सडक मापदण्डअनुसार विस्तार हुनुपर्ने भए पनि केही व्यापारीको प्रभावमा परेर सडक मापदण्ड परिवर्तन गर्ने तयारी गरिएको भन्दै आफूहरूले विरोध जनाएको चुँडालको भनाइ छ ।

ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री राईले छ लेन सडकको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर)मा केही समस्या देखिएकाले त्यसलाई सच्याउँदै नियमअनुसार विस्तार गरिने बताउनुभयो । उहाँले सडकको मापदण्ड बजारअनुसार फरक-फरक कायम गरिएका कारण त्यसका आधारमा केही समस्या उत्पन्न भएको बताउनुभयो ।

इटहरीको मुख्य चोकदेखि आर्मी क्याम्पसम्म ६५ फुट मात्र सडक निर्माण गर्ने तयारी गरिएको छ । इटहरीदेखि तरहरासम्म ६५ देखि ८२ फिट चौडा सडक मापदण्ड रहेको बताउँदै समान गर्न सम्बन्धित आयोजनासँग छलफल गरिने मुख्यमन्त्री राईले आश्वासन दिनुभयो ।

रानी-धरान छ लेन सडकको ४९ किलोमिटर सडकमध्ये अहिले रानी-तरहरा ३४ किलोमिटर खण्डमा काम भइरहेको छ । त्रिदेशीय महत्त्वको सडक विस्तारमा दुहबी र इटहरी बजार क्षेत्रमा फरक-फरक मापदण्ड कायम गरिएको छ । छ लेन सडकको चौडाइ भने ९८.४ मिटर हुनुपर्ने तोकिएको छ ।

**GOVERNMENT OF NEPAL (GoN)**
**MASTER GENERAL OF ORDNANCE (PROVISION)**
**NEPALI ARMY HEADQUARTERS, BHADRAKALI, KATHMANDU, NEPAL**

**Re-Invitation for Bids for Mattress**

First Date of Publication: 16 July 2019
Second Date of Publication: 26 November 2019

1. The Master General of Ordnance (MGO) (Provision), Nepali Army Headquarters invites electronic bids from eligible bidders for the procurement of the following items required for the Nepali Army under International Competitive Bidding (ICB) procedures specified in Public Procurement Act and Regulations:

| S.N. | Description of Item | Quantity | Price of Bid Document NRs | Bid Bond Amount NRs | Bid Validity | Pre-bid Meeting | Last date of Bid submission | Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Mattress | 20,000 Pcs | 3,000.00 | 1,85,000.00 | 90 Days | 1100 hours NST of 02 December 2019 | 1200 hours NST of 17 December, 2019 | 1300 hours NST of 17 December, 2019 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the Office of MGO (Provision), Nepali Army Headquarters, Bhadrakali, Kathmandu, Nepal (Tel. +977-1-4244059) during office hours or, may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.
3. Fee of bidding document must be deposited in Account Name Master General of Ordnance (Provision.), Name of the Bank: Nepal Bank Ltd., Bhugol Park Kathmandu, Office Code No: 345013563, Revenue Account No: 00101000000001001001 & Revenue Title (Rajaswa Shirshak) no: 14229

**बोलपत्र आब्हानको सूचना**

**श्री स्वदेश उपशारवा, सैनिक सामाग्री प्राप्ती निर्देशनालय, संभाररथी विभाग, जंगी अड्डा**
**सैनिक अस्पताल, ईटहरीको लागी आवश्यक मेडिकल सामग्रीहरू रवरिदको लागी बोलपत्र आव्हान सुचना**
(General Medicine (Nursing) Items दोश्रो पटक प्रकाशित मिति २०७६/०५/१७ गते)
(प्रकाशित मिति २०७६/०८/१० गते)

१. सैनिक अस्पताल, ईटहरीको लागी आवश्यक मेडिकल सामग्रीहरु शिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्न आवश्यक भएको हुंदा ईच्छुक योग्य बोलपत्रदाताहरुको लागी यसै सुचनाद्धारा यो बोलपत्र आव्हान गरिएको छ ।

| ठेक्का नं. | सामानको विवरण | परिमाण | बैक जमानि पेश गर्नुपर्ने अंक नें.रु. | बोलपत्र दस्तुर नें.रु. | बोलपत्र मान्य हुने अवधि | बोलपत्र खरिद्द गर्ने अन्तिम मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| २१२ | General Medicine (Nursing Items) | विभिन्न | ३,००,०००।- | ३,०००।- | ९० दिन | २०७६।०८।१६ गतेको कार्यालय समयभित्र | २०७६।०८।१७ गतेको १२:०० बजेभित्र | २०७६।०८।१७ गतेको १३:०० बजे | |

२. वोलपत्रदाताहरुले यस सम्बन्धि थप जानकारीको लागि यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन् ।
खरिदकर्ताको नाम : श्री स्वदेश उपशाखा, सैनिक सामाग्री प्राप्ती निर्देशनालय, संभाररथी विभाग, जंगी अड्डा, काठमाण्डौ ।
फोन नं. : ०१-४२४१७१९, फ्याक्स नं. : ०१-४२२६०३९, इमेल : mgo-swodesh@nepalarmy.mil.np
३. माथी उल्लेखित ठेक्का गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट विड गर्नु पर्ने ।
४. योग्य बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरु यस बिभागबाट रितपूर्वकको लिखित निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन् । निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि र बोलपत्र सम्बन्धी कागजातको दस्तुर पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी गरिएको बोलपत्र श्री स्वदेश उपशाखा, सैनिक सामाग्री प्राप्ती निर्देशनालय, संभाररथी विभाग, जंगी अड्डा, काठमाण्डौमा खोलुवा हुने दिनको १२०० बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त बोलपत्र स्वीकार गरिने छैन ।
६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट पेश गर्ने तथा खोल्ने अन्तिम मिति कायम हुनेछ ।
७. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने अधिकार खरिदकर्तामा निहित रहने छ ।
८. टेण्डर खरिद गरे वापतको रकम तपशिलमा उल्लेख भएनुसारको खातामा बुझाउन सकिने छ ।
(क) बैंकको नाम : नेपाल ईन्भेष्टमेण्ट बैंक लिमिटेड, काठमाण्डौ ।
(ख) खातावालाको नाम : नेपाली सेना कल्याणकारी कोष, जंगी अड्डा ।
(ग) खाता नं. : ००१०१०१०२६४१८१
९. धरौटी खातामा जम्मा गर्नु पर्ने रकम राजश्व खातामा जम्मा भएमा कार्यालयबाट कुनै कारवाही नहुने ।

गोरखापत्र
# खेलकुद


नेपाली क्रिकेट टिमका लेग स्पीनर सन्दीप लामिछानेले १३औँ दक्षिण एसियाली खेलकुदमा नखेल्ने भएका छन् ।

# साग फुटबलमा भारतले नखेल्ने


नेपालको यू–२३ फुटबल टिम सोमबार दशरथ रङ्गशालामा अभ्यास गर्दै । तस्बिर : विकास द्वारे

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । १३औँ दक्षिण एसियाली खेलकुदमा सबभन्दा बढी चासोको खेलका रूपमा रहेको फुटबलमा भारतको सहभागिता अन्योलमा परेको छ ।

भारतले फुटबल खेल दर्ता गरे पनि खेलाडीको नाम दर्ता भने गरेको छैन । भारतले महिला फुटबल टिमका सदस्यको नाम मात्र पठाएको छ । अखिल नेपाल फुटबल सङ्घका अध्यक्ष कर्मा छिरिङले साग फुटबल फिफाको क्यालेन्डरमा नपरेको हुँदा क्लबहरूले खेलाडी छोड्न नमानेपछि भारतले साग फुटबलबाट पछि सरेको बताउनुभयो । पछिल्लो संस्करणमा भारत आफ्नै भूमिमा भएको फाइनलमा नेपालसँग २–१ ले पराजित भएपछि रजत पदकमै सीमित भएको थियो ।

आयोजकले फुटबलको खेल तालिका सार्वजनिक गरिसकेको छ । जसअनुसार नेपालको समूह एमा बङ्गलादेश र भुटान तथा भारत रहेको समूह बीमा माल्दिभ्स र श्रीलङ्का छन् । भारतले नखेलेमा प्रतियोगिता राउन्डरोबिनको आधारमा हुने सम्भावना छ ।

### ◆ विमल, अञ्जन र दिनेश टिम बाहिर

भारतको उपस्थिति नभएमा नेपाल फुटबल स्वर्ण उपाधि रक्षा गर्ने सम्भावना अझ बढ्नेछ । यद्यपि नेपाली साग फुटबल टिममा पनि आफ्नै समस्यामा छ । विश्वकप छनोटअन्तर्गत कुवेतसँगको खेलअघि रातभरि डिस्कोमा गएर अनुशासनहीन काम गरेपछि कारबाहीमा परेका स्ट्राइकर विमल घर्तीमगर, मिडफिल्डर अञ्जन विष्ट र डिफेन्डर दिनेश राजवंशीलाई सागको टिमबाट पनि निकालिएको छ । यी तीनै खेलाडी पछिल्लो संस्करणमा स्वर्ण पदक जित्दा नेपाली टिममा थिए । यी खेलाडीको स्थानमा प्रिजेन तामाङ, राजीव लोप्चन र राजेश परियारलाई टिममा बोलाइएको छ ।

### ◆ दशरथ रङ्गशालामा अभ्यास

यसबीच, नेपालको साग फुटबल टिमले सोमबार दशरथ रङ्गशालामा अभ्यास गरेको छ । नेपालको राष्ट्रिय टिमले चार वर्षपछि दशरथ रङ्गशालामा अभ्यास गरेको हो । २०७२ सालको महाभूकम्पले असर गरेपछि दशरथ रङ्गशालामा खेल हुन सकेको थिएन । नेपाल सरकारलाई दशरथ रङ्गशालाको पुनर्निर्माण गर्न झन्डै चार वर्ष लागेको छ ।

## ब्याडमिन्टन हलको काम अन्तिम चरणमा

■ कास्की समाचारदाता

कास्की, मङ्सिर ९ गते । १३औँ दक्षिण एसियाली खेलकुदअन्तर्गत पोखरामा आयोजना हुने आठ खेलमध्ये ब्याडमिन्टन हुने हलको काम अन्तिम चरणमा पुगेको छ ।

ब्याडमिन्टन सङ्घ कास्कीका अध्यक्ष डम्बरसिंह गुरुङले हलमा अब म्याट बिछ्याउने र सरसफाइ गर्ने र सामान्य रङरोगनका काम मात्र बाँकी छ भन्नुभयो । ब्याडमिन्टन हलमा अफिस, सूचना कक्ष, प्राविधिक कक्ष, स्टोर रुम, वार्मअप साथै चार कोर्ट रहेको छ । तर प्रतियोगिताका लागि भने तीन कोर्ट मात्र प्रयोग गरिने छ । ब्याडमिन्टनका लागि म्याट भन्सारबाट हिँडिसकेको गुरुङले बताउनुभयो । ब्याडमिन्टन हल निमार्णका लागि करिब साढे चार करोड रुपियाँ खर्च लागेको उहाँले जानकारी दिनुभयो ।

पोखरामा हुने ब्याडमिन्टन मङ्सिर १५ गतेदेखि २० गतेसम्म सञ्चालन हुनेछ । ब्याड्मिन्टनमा सार्क राष्ट्का सातै देशले भाग लिँदैछन् । यस खेलमा सात स्वर्ण, सात रजत र १४ काँस्य गरी २८ पदकका लागि प्रतिस्पर्धा हुनेछ ।

# आईएमईले विदेशी खेलाडीको बीमा गर्ने




■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । १३औँ दक्षिण एसियाली खेलकुद (साग)मा सहभागी हुने विभिन्न देशका खेलाडी, प्रशिक्षक, निर्णायक, अफिसियललगायतको दुर्घटना बीमा आईएमई जनरल इन्स्योरेन्स लिमिडेटले गर्नेभएको छ ।

राष्ट्रिय खेलकुद परिषद्का सदस्य–सचिव रमेशकुमार सिलवाल र आईएमईका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठले सोमबार सो सम्बन्धमा सम्झौतापत्र आदानप्रदान गर्नुभयो । सागमा सहभागी हुने करिब सात हजार पाँच सय विदेशी खेलकर्मीको पाँच लाखका दरले दुर्घटना बीमा गरिएको स्वास्थ्य समितिका सचिव तिलक नेपालीले जनाएका छन् । नेपाली खेलाडीलगायतको बीमा भने यसअघि नै भइसकेको छ ।

सदस्यसचिव सिलवालले यस प्रकारको बीमाले खेलाडी मात्र होइन खेल संस्थालाई पनि राहत महसुस हुन्छ भन्नुभयो । यसैगरी, उहाँले बीमा प्रायोजक आईएमईलाई धन्यवाद दिँदै आगामी दिनमा पनि आईएमईसँग सेवा विस्तार गरी अगाडि बढ्ने जानकारी दिनुभयो । यसैगरी, आईएमईका प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले आगामी दिनमा राखेपलाई आवश्यक पर्ने सबै प्रकारका निर्जीवन बीमा सेवा आईएमई जनरल इन्स्योरेन्सबाट प्राप्त गर्न सक्ने हुनाले ढुक्क भएर सेवा लिन आग्रह गर्नुभयो ।




# सेफिल्डसँग म्यान्चेस्टरको बराबरी


सेफिल्ड युनाइटेडका ओली म्याकबर्नी प्रिमियर लिगमा म्यान्चेस्टर युनाइटेडविरुद्ध गोल गरेपछि । तस्बिर : एपी

लन्डन, मङ्सिर ९ गते । खेलको ९०औँ मिनेटमा गोल बेहोरेपछि म्यान्चेटर युनाइटेड आइतबार राति इङ्लिस प्रिमियर लिगमा सेफिल्ड युनाइटेडसँग ३–३ ले बराबरीमा रोकिएको छ । ओली म्याकबर्नीले गरेको सो गोललाई मान्यता दिन भिडियो रिप्लेको सहायता चाहिएको थियो । यद्यपि प्रविधिको प्रयोगपछि रेफ्रीले गोलको सङ्केत गरे र म्यान्चेस्टर युनाइटेड तीन अङ्क हासिल गर्नबाट वञ्चित भयो ।

म्यान्चेस्टर युनाइटेड दुई गोलले पछाडि परेर पनि खेल जित्ने स्थितिमा पुगेको हो । खेलको ५२औँ मिनेटसम्म म्यान्चेस्टर युनाइटेड २–० ले पछाडि थियो । तर म्यान्चेस्टर युनाइटेडले सात मिनेटको अन्तरालमा तीन गोल गरेर शानदार पुनरागमन गऱ्यो । युनाइटेडका लागि १९ वर्षीय ब्रेन्डन विलियम्स, १८ वर्षीय मासन ग्रिनउड र मार्कस ज्यासफर्डले गर्नुभयो । यसअघि खेलको १९औँ मिनेटमा जोन फ्लेक र लेस माउसेटको गोलबाट सेफिल्ड दुई गोलले अगाडि भएको थियो ।

पूर्वार्द्धमा निकै कमजोर प्रदर्शन गरेको म्यान्चेस्टर युनाइटेडले उत्तरार्द्धमा सुधारिएको खेल देखाएको थियो तर यस खेलमा जित हासिल गर्न नसकेपछि म्यान्चेस्टर युनाइटेडका प्रशिक्षक ओले गुनार सोल्सायरको भविष्य पनि खतरामा परेको छ । युरोपेली फुटबलमा अहिले टोटेनहामबाट बाहिरिएका प्रशिक्षक माउरिसियो पोचिटिनो खाली हुँदा सोल्सायरको पद धरापमा छ ।

### ◆ चुनौती दिँदै सेभिया

बार्सिलोना । स्पेनी लिगमा सेभियाले आइतबार राति भालाडोलिडमा १–० ले जित हात पारेको छ । यस नतिजासँगै सेभियाले शीर्ष दुई स्थानमा रहेका बार्सिलोना र रियल म्याड्रिडसँगको अङ्क दूरी एकमा झारेको छ । एट्लेटिको म्याड्रिडलाई एक अङ्कले पछाडि पारेको सेभियाका लागि इभर बेनेगाले पेनाल्टीमा गरेको गोल निर्णायक बनेको थियो ।

ब्राजिलका महान् फुटबल खेलाडी रोनाल्डोको स्वामित्वमा रहेको भालाडोलिड घरेलु मैदानमा पहिलो हार बेहोरेपछि १४औँ स्थानमा झरेको छ ।

### ◆ रोमा विजयी

रोम । इङ्ल्यान्डमा पूर्वमिडफिल्डर क्रिस स्मलिङले एक गोल गर्नुका साथै अन्य दुई गोलमा सहयोगीको भूमिका निर्वाह गरेपछि इटालियन सिरि एमा आइतबार राति रोमाले अन्तिम स्थानमा रहेको ब्रेसियालाई ३–० ले हराएको छ ।

स्मलिङ भाडामा म्यान्चेस्टर युनाइटेडबाट रोमा पुग्नुभएको हो । रोमाका लागि गियान्लुका म्यान्सिनी र फरवार्ड इडेन हजार्डले पनि गोल गर्नुभयो । सिरि एको अङ्क तालिकामा रोमा चौथो स्थानमा उक्लेको छ । एपी

# जगत मन्दिर र सेन्ट जोसेफको जित

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । जगत मन्दिर र सेन्ट जोसेफले १२औँ ओडीसी कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर ब्वाइजमा सोमबार जित हात पारेका छन् । जगत मन्दिरले बालविकासलाई १९–१० ले पराजित गऱ्यो । अन्य खेलमा सेन्ट जोसेफले नेपाल मोडेललाई १८–१०, स्किब्सले स्काइलार्कलाई २४–१३, नवजीवनले पारामाउन्टलाई २६–१७, गोल्डेनपिकले प्राञ्जलीलाई १७–८, बीएनएले ग्रिनल्यान्डलाई २७–२३, सेबले हिमालयलाई २८–१५ र कौशलले हिमरश्मिलाई १०–७ ले पाखा लगाए ।




# न्युजिल्यान्ड पालिको अन्तरले विजयी

माउन्ट माउगानुई (न्युजिल्यान्ड), मङ्सिर ९ गते । न्युजिल्यान्डले आफ्नो नयाँ टेस्ट मैदानमा सोमबार इङ्ल्यान्डलाई एक पालि र ६५ रनले हराएको छ । पहिलो टेस्टमा जित हात पारेर घरेलु टिम न्युजिल्यान्डले दुई खेलको शृङ्खलामा १–० ले अग्रता बनायो ।

इङ्ल्यान्डको दोस्रो पालि अन्तिम दिन १९७ रनमा अलआउट भयो । इङ्ल्यानड पहिलो पालिमा २६२ रनले पछाडि परेको थियो । न्युजिल्यान्डका तेज बलर निल वाग्नरले ४४ रनमा पाँच विकेट लिएर इङ्ल्यान्डको पालि धराशयी पार्नुभयो । वाग्नगरले इङ्ल्यान्डका अन्तिम पाँच विकेट लिनुभएको हो ।

इङ्यान्डका जोय डेनी (३५), रोरी बर्न्स (३१), जोफ्रा आर्चर (३) र साम कुरान (अविजित २९)ले मात्र न्युजिल्यान्डको बलिङ आक्रमणको केही प्रतिरोध गर्न सक्नुभयो । कुरान र आर्चले मिलेर नवौँ विकेटका लागि ५९ रनको साझेदारी गरेपछि न्युजिल्यान्डलाई जित ढिला प्राप्त भयो ।

यसअघि इङ्ल्यानडले पहिलो पालिमा बनाएको ३५३ रनको जवाफमा न्युजिल्यान्डले पहिलो पालि नौ विकेटको क्षतिमा ६१५ रन बनाएर घोषित गरेको थियो । न्युजिल्यान्डका लागि बिजे वाट्लिङले २०५ रनको दोहोरो शतकीय पालि खेल्नुभयो । मिचेल सान्तनरले पनि १२६ रन बनाउनुभएको थियो । एपी

# आयोजक त्रियोगलाई चेस उपाधि

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ९ गते । क्युकेस अन्तरविद्यालय चेस प्रतियोगितामा सोमबार आयोजक त्रियोग हाईस्कुलले पहिलो स्थान हात पारेको छ ।

त्रियोगले आठमध्ये छ स्पर्धामा पहिलो स्थान हात पार्न सफल भयो । अन्य दुई स्पर्धामा निसर्ग वाटिका र ब्रिटिस स्कुल पहिलो भए ।

छात्राको कक्षा चारसम्मको प्रतिस्पर्धामा त्रियोगकी कृपा बेल्बासे पहिलो, एलआरआईकी चिरायु जीसी दोस्रो तथा त्रियोगकी आश्रिका आचार्य तेस्रो हुनुभयो । यसैगरी, ५ र ६ कक्षा समूहमा त्रियोगकी रिया श्रेष्ठ पहिलो, संस्कृति स्कुलकी स्नेहा नेपाल दोस्रो तथा जेम्सकी सलिन राईले तेस्रो स्थान हासिल गर्नुभयो ।

कक्षा सात र आठ समूहको स्पर्धामा त्रियोगकी मार्सल तामाङ, जेम्सकी चेतना शर्मा तथा जेम्सकी सिलु रञ्जितले क्रमशः पहिलो, दोस्रो र तेस्रो स्थान हासिल गर्नुभयो । कक्षा ९ र १० समूहमा त्रियोगकी उन्नति सिलवाल पहिलो, रिजुला श्रेष्ठ दोस्रो र सिलु पँगेनी तेस्रो बन्नुभयो ।

छात्रको कक्षा १ देखि चारसम्मको समूहमा ब्रिटिस स्कुलका तारुस मोर पहिलो, निसर्ग वाटिकाका अरभ गौतम दोस्रो तथा जेम्सका अविज्ञ डङ्गोल तेस्रो हुनुभयो । यसैगरी, कक्षा ५ र ६ को समूहमा निसर्ग वाटिकाका अनुष्ण गौतम, कक्षा सात र आठको समूहमा कुशल बेल्बासे र कक्षा ९ र १० समूहमा त्रियोगका कपिल घिमिरे च्याम्पियन बन्नुभयो ।

## नेपाल राष्ट्र बैङ्क

**केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग**

**नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर**

**२०७६ साल मङ्सिर १० गते (नोभेम्बर २६, २०१९) मङ्गलबारको विनिमय दर**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु. १६०।०० | रु. १६०।१५ |

**खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को | रु. ११४।४७ | रु. ११५।०७ |
| युरो | १ को | रु. १२६।०८ | रु. १२६।७४ |
| पाउन्ड स्टर्लिङ | १ को | रु. १४७।४३ | रु. १४८।२० |
| स्विस फ्रैङ्क | १ को | रु. ११४।७४ | रु. ११५।३४ |
| अस्ट्रेलियन डलर | १ को | रु. ७७।६८ | रु. ७८।०९ |
| क्यानेडियन डलर | १ को | रु. ८६।०९ | रु. ८६।५४ |
| सिङ्गापुर डलर | १ को | रु. ८३।८६ | रु. ८४।३० |
| जापानी येन | १० को | रु. १०।५२ | रु. १०।५७ |
| चिनियाँ युआन | १ को | रु. १६।२७ | रु. १६।३६ |
| साउदी अरब रियाल | १ को | रु. ३०।५२ | रु. ३०।६८ |
| कतारी रियाल | १ को | रु. ३१।४४ | रु. ३१।६० |
| थाई भाट | १ को | रु. ३।७९ | रु. ३।८१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | रु. ३१।१६ | रु. ३१।३३ |
| मलेसियन रिङ्गिट | १ को | रु. २७।३९ | रु. २७।५४ |
| दक्षिण कोरियन वन | १०० को | रु. ९।७३ | रु. ९।७८ |
| स्विडिस क्रोनर | १ को | रु. ११।८९ | रु. ११।९५ |
| डेनिस क्रोनर | १ को | रु. १६।८७ | रु. १६।९६ |
| हङ्कङ डलर | १ को | रु. १४।६२ | रु. १४।७० |
| कुवेती दिनार | १ को | रु. ३७६।६० | रु. ३७८।५८ |
| बहराइन दिनार | १ को | रु. ३०३।५९ | रु. ३०५।१८ |

नोट: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ ।

* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ ।

* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

गोरखापत्र संस्थानका लागि **कार्यकारी अध्यक्ष** कृष्णमुरारी भण्डारीद्वारा गोरखापत्रको छापाखाना, वैजनाथपुर, विराटनगरमा मुद्रित तथा प्रकाशित । पो.ब.नं. २३, काठमाडौँ, नेपाल । द.नं. ०२ । म.क्षे.हु.नि.द.नं. २९ । **निमित्त प्रधान सम्पादक** श्रीओम श्रेष्ठ

सम्पादकीय : फोन नं. ४२२२९२१, ४२४४४२९, फ्याक्स नं. ४२२४३८१, **E-mail: news@gorkhapatradaily.com,** विज्ञापन शाखा : फोन नं. ४२२७४९३, फ्याक्स नं. ४२२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ४२२०६३८, टोल फ्रि नं. १६६०–०१–९४४४४